
# सामाजिक तथा आर्थिक रुपान्तरण

# प्रदेश नं. १

## (SOCIO-ECONOMIC TRANSFORMATION PROVINCE NO. 1)




प्रदेश सरकार

**प्रदेश योजना आयोग**

प्रदेश नं. १, विराटनगर, नेपाल

**कृतिः** सामाजिक तथा आर्थिक रुपान्तरण प्रदेश नं. १

(Socio-economic Transformation Province No. 1)

**लेखकः** डा. ज्ञानेन्द्र बहादुर कार्की

(सदस्य, प्रदेश योजना आयोग)

**प्रकाशकः** प्रदेश योजना आयोग, प्रदेश नं. १, विराटनगर

**संस्करणः** पहिलो २०७९

**प्रदेश नं. १, विराटनगर**

**मुख्यमन्त्री**

# शुभकामना

प्रदेश नं. १ को सामाजिक तथा आर्थिक रुपान्तरणका बारेमा गहिरो अध्ययन अनुसन्धान गरी अत्यन्त महत्वपूर्ण विषयहरूलाई समेटी पुस्तक तयार गर्नुभएकोमा प्रदेश योजना आयोगका माननीय सदस्य डा. ज्ञानेन्द्रबहादुर कार्कीज्यूलाई विशेष धन्यवाद दिन चाहान्छु । यस प्रदेशको भौगोलिक, प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक विषयमा महत्वपूर्ण जानकारी दिँदै प्रदेशको आर्थिक विकास र समृद्धिका लागि नीतिगत रुपमा धेरै सुझावहरू समेटिएको यो पुस्तक राजनीतिक, आर्थिक, सामाजिकलगायत नीति निर्माताको क्षेत्रमा काम गर्ने सबैका लागि अत्यन्त उपयोगी हुने मैले विश्वास गरेको छु ।

नेपालको संविधानमा समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य रहेको हुँदा लेखकले समाजवादउन्मुख अर्थतन्त्रको विकासका लागि नीतिगत रुपमा महत्वपूर्ण सुझावहरू दिनुभएको छ । साथै गरिबी निवारण, भ्रष्टाचार नियन्त्रण र सुशासनलगायत संघीयता कार्यान्वयनमा लिनुपर्ने रणनीतिका बारेमा पनि धेरै विषय अगाडि सारिएको हुँदा पुस्तक निकै उपयोगी हुने ठानेको छु । विकास, समृद्धि र सुशासन जनताको चाहना भएको हुँदा सबैले लोकतान्त्रिक मूल्य-मान्यता, संस्कार र संस्कृतिलाई आत्मसात गर्दै सामाजिक तथा आर्थिक विकासको अभियानमा लाग्नुको विकल्प हुँदैन । स्वच्छ, खुसी र समुन्नत प्रदेशको मूल नारालाई साकार बनाउन आर्थिक वृद्धिका संवाहक क्षेत्रहरू कृषि, पर्यटन, ऊर्जा र औद्योगीकरणलाई आर्थिक विकास र समृद्धिको विशेष आधार बनाउन सक्नुपर्छ ।

अन्त्यमा, प्रदेशका लागि अत्यन्त उपयोगी पुस्तक प्रकाशन गरेकोमा प्रदेश योजना आयोगलाई धन्यवाद दिन चाहान्छु । पुस्तक तयार गर्न लेखकज्यूले गर्नुभएको मेहनतको उच्च सम्मान गर्दै भविष्यमा पनि यस्तै महत्वपूर्ण सामाग्रीहरू प्रकाशित हुने छन् भन्ने विश्वास गर्दछु ।

राजेन्द्र कुमार राई
मुख्यमन्त्री

२०७९ पुस २१ गते, बिहीबार

प्रदेश योजना आयोग, प्रदेश नं. १

उपाध्यक्ष

# मन्तव्य

समाजवाद उन्मुख अर्थ-राजनीतिक समाजको निर्माण गरिने कुरा संविधानमा उल्लेख गरिएको छ । तथापि, समाजवाद उन्मुखताको स्पष्ट मार्गचित्र तय गर्न सकिएको छैन । मुख्यगरी गाँस, वास र कपास जस्ता आधारभूत आवश्यकताको विषय तथा गरिबी र असमानता लगायत सामाजिक न्यायको मुद्दामा सम्बन्धित निकायमा पर्याप्त स्पष्टता पाइन्न । तसर्थ, संविधानको मर्म र जनअपेक्षा बमोजिम प्रदेश नं. १ को समाजवादी अर्थ-राजनीतिक मोडेलको आधारशिलाको रूपमा प्रदेश नं. १ योजना आयोगका माननीय सदस्य डा. ज्ञानेन्द्र बहादुर कार्कीले कार्यदलको सुझाव र सल्लाह अनुसार लेखन तथा सम्पादन गरी तयार गर्नुभएको यो दस्तावेज अत्यन्त महत्वपूर्ण र व्यवहारिक रहेको छ ।

प्रस्तुत दस्तावेजको उच्च सफलताको कामना गर्दछु । अन्त्यमा लेखक तथा कार्यदललाई विशेष धन्यवाद दिँदै भविष्यमा पनि यस्तै महत्वपूर्ण दस्तावेजहरु आउने नै छन् भन्ने अपेक्षा गरेको छु ।

डा. पूर्ण कुमार लोक्सोम
उपाध्यक्ष

२०७९ पुस २१ गते, बिहीबार

# लेखकको मन्तव्य

यो पुस्तक प्रदेश नं. १ को सामाजिक तथा आर्थिक रुपान्तरणमा केन्द्रित भएर विभिन्न शिर्षकमा बुँदागत रुपमा प्रस्तुत गर्ने प्रयास गरेको छु । यो क्षेत्र आफैमा जटिल भएको कारण विषय विज्ञहरुको टिमले तयार गर्न सकेको भए धेरै विषय वस्तु र क्षेत्रलाई समेट्न सकिने थियो तर समय अभावका कारण विज्ञहरुलाई जिम्मेवारी दिन सकिएन । प्रदेश योजना आयोगले आर्थिक वर्ष २०७९/०८० को वार्षिक कार्यक्रम अन्तर्गत यो विषयमा अध्ययन गर्ने योजना सार्दै त्यसको नेतृत्व गर्ने जिम्मेवारी मलाई दिइएको थियो । योजना आयोगका पदाधिकारीहरुको कार्यकाल अत्यन्त छोटो भएको कारण अध्ययनलाई लामो समय दिन सकिएन तर पनि विषय वस्तुमा केन्द्रित भई केही नीतिगत सोचहरु अगाडि सार्ने प्रयास गरेको छु । यस पुस्तकमा जति विषय वस्तु र क्षेत्रलाई समेट्नु पर्ने थियो त्यति समेट्न नसके पनि भविष्यमा थप अध्ययन गर्नको लागि सहयोग पुग्नेछ भन्ने आशा एवम् विश्वास लिएको छु ।

यस पुस्तकमा प्रदेशको भौगोगिक स्थिति, प्राकृतिक तथा जैविक विविधता, हावापानी, जनसंख्याबारे संक्षिप्त जानकारी सहित प्रदेशको ऐतिहासिक महत्व, धार्मिक र सांस्कृतिक महत्वको विषयमा पनि उठान गर्ने प्रयास गरेको छु । आर्थिक क्षेत्रमा समष्टिगत आर्थिक विकास, कृषि, पर्यटन, ऊर्जा र औद्योगीकरणलाई विशेष जोड दिएको छु । सामाजिक क्षेत्रमा शिक्षा, स्वास्थ्य, खाद्यसुरक्षा, युवा तथा महिला सशक्तिकरण र रोजगार लगायतका विषयलाई छोटो रुपमा भए पनि समेटेको छु । अन्तरसम्बन्धित क्षेत्रको रुपमा समाजवाद उन्मुख अर्थतन्त्र, गरिबी निवारण, भ्रष्टाचार नियन्त्रण र सुशासन आदि विषयलाई समेट्दै विविध विषयमा प्रादेशिक अधिकार, संघीयता कार्यान्वयनमा लिनुपर्ने रणनीति र दिगो विकास लक्ष्यको बारे छोटो जानकारी दिने प्रयास गरेको छु ।

समयको पावन्दीले गर्दा प्रदेशका मन्त्रालय तथा निकायहरु, निजी क्षेत्र, विभिन्न संघ संस्था तथा विषय विज्ञहरुसँग समन्वय गरेर गहिरो अध्ययन गर्न सकिएन तर पनि म सहभागी भएका विभिन्न क्षेत्रका विचार गोष्टी, छलफलमा सहभागीहरुले उठाएका महत्वपूर्ण विचार तथा सुझावलाई समेट्ने कुरामा भने कुनै कन्जुस्याइँ गरेको छैन । सन्दर्भ सामाग्रीमा समेटिएका लेखक, समाचारदाता तथा अन्तरक्रियाको आयोजना गर्ने विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाप्रति आभार व्यक्त गर्दछु । यस पुस्तकमा रहेका कमी कमजोरीप्रति क्षमा याचना गर्दै महत्वपूर्ण सल्लाह तथा सुझावको अपेक्षा गरेको छु ।

पुस्तकलाई परिष्कृत बनाउन प्रदेश योजना आयोगका माननीय उपाध्यक्ष डा. पूर्ण कुमार लोक्सोम र तीर्थ प्रसाद अधिकारीज्यूले मसिनो गरी अध्ययन गरेर दिनु भएको सुझावप्रति सधैँ म ऋणी रहेको छु । पुस्तकलाई थप परिष्कृत बनाउन प्रदेश योजना आयोगद्धारा गठित कार्यदलले प्रत्येक परिच्छेदमा दिनु भएको सुझावप्रति कृतज्ञता व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा यो पुस्तकलाई प्रकाशनको अवस्थामा ल्याउन र प्रकाशन गर्न महत्वपूर्ण भूमिका निभाउने प्रदेश योजना आयोगका पदाधिकारी तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरुप्रति म निकै आभारी छु । भविष्यमा पाठकज्यूहरुबाट प्राप्त सुझावले आउँदा संस्करणहरु थप परिष्कृत बनाउन सहयोग मिल्नेछ भन्ने आशा राखेको छु ।

डा. ज्ञानेन्द्रबहादुर कार्की

सदस्य, प्रदेश योजना आयोग

प्रदेश नं. १, विराटनगर

# प्रदेश योजना आयोग

| | |
|---|---|
| माननीय मुख्यमन्त्री राजेन्द्र कुमार राई | अध्यक्ष |
| माननीय डा. पूर्ण कुमार लोक्सोम | उपाध्यक्ष |
| माननीय डा. ज्ञानेन्द्र बहादुर कार्की | सदस्य |
| माननीय नारायण कोइराला | सदस्य |
| माननीय प्रकाश राई | सदस्य |
| माननीय अन्जु खड्का | सदस्य |
| श्री किशोर कुमार चौधरी, नि. प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | सदस्य |
| श्री शिव कुमार कार्की, सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| श्री जय कुमार घिमिरे, सचिव, प्रदेश योजना आयोग | सदस्य-सचिव |

# कार्यदल

| | |
|---|---|
| माननीय डा. ज्ञानेन्द्र बहादुर कार्की, सदस्य, प्रदेश योजना आयोग | संयोजक |
| माननीय नारायण कोइराला, सदस्य, प्रदेश योजना आयोग | सदस्य |
| माननीय प्रकाश राई, सदस्य, प्रदेश योजना आयोग | सदस्य |
| माननीय अन्जु खड्का, सदस्य, प्रदेश योजना आयोग | सदस्य |
| श्री जय कुमार घिमिरे, सचिव, प्रदेश योजना आयोग | सदस्य |
| अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| अधिकृत प्रतनिधि, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| श्री अम्बिका रेग्मी, तथ्यांक अधिकृत, प्रदेश योजना आयोग | सदस्य-सचिव |

# विषयसूची


**परिच्छेद एक सामाजिक तथा आर्थिक रुपान्तरण** (Socio-economic Transformation) **१**

१. पृष्ठभूमि (Background) १

२. भौगोलिक अवस्थिति  तथा राजनीतिक विभाजन (Geographical Location and Political Division) १

३. प्राकृतिक तथा जैविक विविधता (Natural and Biological Diversity) ३

४. राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्र (National Parks and Conservation Areas) ४

५. हावापानी (Climate) ६

६. ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक (Historical, Religious and Cultural) ७

७. जनसंख्या (Population) ८

८. जातजाति तथा भाषाभाषी (Ethnic and Linguistic) ९

**परिच्छेद दुई आर्थिक रुपान्तरण** (Economic Transformation) **१०**

१. समष्टिगत आर्थिक विकास (Macro Economic Development) १०

२. कृषि तथा पशुपालन (Agriculture and Animal Husbandry) १७

३. पर्यटन र पर्वतारोहण (Tourism and Mountaineering) २४

४. ऊर्जा (Energy) २९

५. औद्योगिकरण (Industrialization) ३१

६. बजारीकरण (Marketing) ३५

७. खानी तथा खनिज सम्पदा (Mines and Mineral Resources) ३७

८. वन तथा जैविक विविधता (Forests and Biodiversity) ३८

९. पूर्वाधार तथा विकास व्यवस्थापन (Infrastructure and Development Management) ३९

१०. भूमि व्यवस्थापन (Land Management) ४२

**परिच्छेद तीन सामाजिक रुपान्तरण** (Social Transformation) **४४**

१. शिक्षा (Education) ४५

२. स्वास्थ्य (Health) ४७

३. खाद्य सुरक्षा तथा पोषण र खानेपानी तथा सरसफाइ (Food Security & Nutrition and Drinking Water & Sanitation) ४९

४. युवा तथा श्रम र रोजगार (Youth and Labour & Employment) ५२

५. महिला तथा महिला सशक्तिकरण (Women and Women Empowerment) ५५

६. बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता (Children, Senior Citizens and Persons with Disabilities) ५७

७. सामाजिक समावेशीकरण, सुरक्षा र संरक्षण (Social Inclusion, Security and Protection) ५९

८. जनसंख्या, बसाइँसराइ तथा आवास (Population, Migration and Housing) ६१

९. भाषा, कला, संस्कृति तथा सम्पदा र साहित्य (Language, Art, Culture and Heritage and Literature) ६२

१०. खेलकुद (Sports) ६३

११. गैर सरकारी संघ संस्थाहरु (Non-governmental organizations) ६४

**परिच्छेद चार अन्तरसम्बन्धित क्षेत्र** (Inter-related Area) **६५**

१. समाजवाद उन्मुख अर्थतन्त्र (Socialism-oriented Economy) ६५

२. गरिबी निवारण (Poverty Allivation) ६७

३. भ्रष्टाचार नियन्त्रण र सुशासन (Corruption Control and Good Governance) ७१

४. स्थानीय तहको दायित्व र भूमिका (Responsibilities and Role of the Local Level) ७५

३. बजेट र पुँजीगत खर्च (Budget and Capital Expenditure) ७८

**परिच्छेद पाँच विविध** (Miscellaneous) **८०**

१. प्रादेशिक अधिकार (Provincial Rights) ८०

२. संघीयता कार्यान्वयनमामा लिनुपर्ने रणनीति (Strategy to be Taken in the Implementation of Federalism) ८५

३. दीर्घकालीन सोच तथा लक्ष्य (Long-Term Thinking and Goals) ८९

४. दिगो विकास लक्ष्य (Sustainable Development Goals) ९०

सन्दर्भ सामाग्री (Reference Material) i

# परिच्छेद एक
# सामाजिक तथा आर्थिक रुपान्तरण
# (Socio-economic Transformation)

## १. पृष्ठभूमि (Background)

नेपालमा भएको २०६२/०६३ को जनआन्दोलनले राजतन्त्रको अन्त्य गर्दै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा जाने निर्णय गरे सँगै नेपालको संविधान २०७२ ले मुलुकलाई सात प्रदेशमा विभाजन गरेको छ। पूर्वी नेपालका १४ वटा जिल्लाहरुलाई मिलाएर यो प्रदेश बनाइएको छ। यो प्रदेश हिमाल, पहाड र तराई मिलेर बन्नुका साथै यहाँ सबै किसिमको हावापानी पाउने भएकोले जैविक विविधताको खानीको रुपमा रहेको छ। भौगोलिक र प्राकृतिक रुपमा अत्यन्त रमणीय र विविधता भएको यो प्रदेश उत्पादनको दृष्टिकोणले पनि उर्वर भूमिको रुपमा रहेको छ। जलस्रोतमा अग्रस्थान ओगट्न सफल हुनुको साथै औद्योगिक विकास र औद्योगिकरणको अभियानमा अगाडि रहनु, विश्वका सर्वोच्च हिमालहरुको राजधानीको रुपमा विश्वलाई आकर्षित गर्न सफल हुनु जस्ता विविध विशेषताले मुलुकको आर्थिक विकास र समृद्धिको लागि नै अत्यन्त महत्वपूर्ण आधारहरु यस प्रदेशमा रहेका छन्।

विश्वको सर्वोच्च स्थानमा रहेको सगरमाथा राष्ट्रिय निकुञ्ज लगायत मकालु बरुण राष्ट्रिय निकुञ्ज, कन्चनजंघा संरक्षण क्षेत्र कोसी टप्पु वन्यजन्तु आरक्षले प्राकृतिक सम्पदा, वनस्पती, वन्यजन्तु तथा पशुपंक्षी संरक्षण गर्न सफल हुनुको साथै अध्ययन अनुसन्धानकर्ताको लागि एक खुल्ला विश्वविद्यालयको रुपमा काम गरिरहेकोले यस प्रदेशको सामाजिक तथा आर्थिक रुपान्तरणमा पनि महत्वपूर्ण भूमिका लेख्नेछ। गुराँसको राजधानी तीनजुरे-मिल्के जलजले क्षेत्र, नेपालको दोस्रो अग्लो ह्यातुङ झरना र तेस्रो अग्लो पोकली झरना यही प्रदेशमा हुनु, रमणीय पोखरी, डाँडा, गुफा, सिमसार लगायत धेरै सानातिना र आश्चर्य लाग्दा प्रकृतिक सम्पदाहरुमा पनि यो प्रदेश निकै अगाडि रहेको छ। ऐतिहासिक, सांस्कृति तथा धार्मिक दृष्टिकोणले पनि यो प्रदेश अत्यन्त महत्वपूर्ण प्रदेशको रुपमा रहेको छ।

प्रदेशको दिगो तथा आत्मा-निर्भर अर्थतन्त्रको विकास नै समृद्धिको एक आधार भएको हुँदा त्यसको लागि नवीनतम प्रविधिमा जोड दिने, वातावरणीय संरक्षणमा जोड दिने, उत्पादनशील क्षेत्रमा लगानी बढाउन प्रोत्साहन गर्ने, प्राकृतिक स्रोत र साधनको मानवीय क्रियाकलापबाट हुने क्षतिलाई न्यूनिकरण गर्दै उच्चतम प्रयोग गर्ने रणनीति लिन सकेको खण्डमा प्रदेशको विकासले चाडो गति लिनेछ। प्रदेशको आर्थिक विकास र समृद्धिको लागि आत्मनिर्भर र स्वाधीन अर्थतन्त्रको विकास गर्दै समृद्धशाली प्रदेश बनाउने अभियानमा सरकार तथा सरोकारवाला सबै निकायहरु क्रियाशील बन्दै अगाडि बढ्न सक्नुपर्छ।

## २. भौगोलिक अवस्थिति तथा राजनीतिक विभाजन (Geographical Location and Political Division)

यो प्रदेश भौगोलिक विविधताको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण प्रदेशको रुपमा रहेको छ। विश्वमा नै कीर्तिमान राख्न सफल यो प्रदेश हिमाल, पहाड र तराई मिलेर बन्नुको साथै उत्तरमा चीन र दक्षिण तथा पूर्वमा भारतसँग जोडिएको छ। सामाजिक तथा आर्थिक रुपमा समृद्ध बन्न भौगोलिक अवस्थितिले प्रदेशलाई अत्यन्त अनूकुल बनाएको छ। यस प्रदेशबाट चीनतर्फ किमाथान्का र ओलङजुङ गोला व्यापारिक नाका दुई देश बिचको व्यापारमा लामो इतिहास बोकेको छ। यी दुवै नाकाहरुमा सडकको पूर्वाधार निर्माणको कार्य तीव्र रुपमा अगाडि बढिरहेको छ। भविष्यमा चीनसँग यी नाकाबाट नेपालले मात्र हैन, भारत र बंगलादेशले पनि व्यापारिक दृष्टिकोणले ठूलो लाभ लिन सहज हुनेछ।

## क. भौगोगिक अवस्थिति (Geographical Location)

- यो प्रदेशको भौगोलिक धरातल हिमाल, पहाड र तराई मिलेर बनेको छ। यस प्रदेशमा तराईले ४७१८ वर्ग किलोमिटर (१८.२१ प्रतिशत), भित्री मधेशले २०६३ वर्ग किलोमिटर (७.९६ प्रतिशत), पहाडले ८६८६ वर्ग किलोमिटर (३३.५३ प्रतिशत) र हिमालले १०४३८ वर्ग किलोमिटर (४०.२९ प्रतिशत) क्षेत्रफल ओगटेको छ। यस प्रदेशले २५ हजार ९ सय ५ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ, जुन नेपालको भौगोगिक क्षेत्रफलको १७.६० प्रतिशत हो।
- यो प्रदेश २६° २७' १५" अक्षांशमा र ८७° १६' ४७" देशान्तरमा पर्छ । यो प्रदेशको पूर्वी सीमा भारतको पश्चिम बंगाल राज्य र दक्षिणतर्फ भारतको बिहार राज्य र मधेस प्रदेश पर्छ। उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिमतर्फ मधेस प्रदेश र बाग्मती प्रदेश पर्छ।
- यस प्रदेशको पूर्वी नाका काँकडभिट्टाबाट भुटान ३२ किलोमिटर र बंगलादेश २७ किलोमिटर दुरीमा पर्छ भने नजिकको समुद्र बंगालको खाडी ११२६ किलोमिटर दुरीमा रहेको छ।
- विश्वमा ८ हजार मिटरभन्दा अग्ला १४ वटा हिमालमध्ये ८ वटा नेपालमा पर्छन्, तीमध्ये ५ वटा हिमाल प्रदेश नं. १ मा रहेका छन् । यस प्रदेशमा विश्वको सर्वोच्च शिखर सगरमाथा ८८४८.८६ मिटर सोलुखम्बु जिल्लामा, विश्वको तेस्रो अग्लो हिमाल कन्चनजंगा ८,५८६ मिटर ताप्लेजुङ्ग जिल्लामा, चौथो अग्लो हिमाल लोत्से ८,५१६ मिटर सोलुखुम्बु जिल्लाको महालंगुर हिमश्रृंखलामा, पाँचौं अग्लो हिमाल मकालु ८,४६३ मिटर संखुवासभा जिल्लामा र छैटौं अग्लो हिमाल चोयु ८,२०१ मिटर सोलुखम्बु जिल्लामा पर्छ। यस प्रदेशमा यालुङ काङ, कुम्भकर्ण, आमा दब्लम लगायत साना ठुला गरी ६० भन्दा बढी हिमालहरु पर्छन्। (प्रदेश सरकार, २०७९)
- पर्यटन विभागले आठ हजार मिटरभन्दा अग्ला हिमालको संख्या थप ६ वटालाई सूचीकृत गरी १४ वटा पुऱ्याएको छ, ती ६ वटै हिमाल यस प्रदेशमा पर्छन्। थप भएका आठ हजारभन्दा अग्ला हिमालमा सोलुखुम्बुको ल्होत्सेसार ८४०४ मिटर, ताप्लेजुङमा पर्ने यालुङ काङ ८५०५ मिटर, कञ्चनजंघा साउथ ८४७६ मिटर, कन्चनजंगा सेन्ट्रल ८४७३ मिटर, ल्होत्से मिडिल ८४१० मिटर र यालुङ काङ बेस्ट ८०७७ मिटर छन्। (शेर्पा, २०७४)
- यो प्रदेशमा नेपालको सबैभन्दा होचो कचनकवल समुन्द्र सतहबाट ५८ मिटर उचाइमा रहेको छ । त्यस्तै विश्वकै सर्वोच्च शिखर सगरमाथा (८८४८.८६ मिटर) र संसारकै होचो अरुण उपत्यका (४५७ मिटर) पनि यही प्रदेशमा पर्छन्।
- यस प्रदेशमा धनकुटाको त्रिवेणीबाट सुरु भएर चीनको तिब्बतसम्म पुगेको एसियाकै लामो अविच्छेदित पर्वत पनि रहेको छ। (नवोदित,२०७४)
- विश्वको र्स्वोच्च स्थानबाट उत्पति भएको अरुण नदी, विश्वको र्स्वोच्च स्थानमा रहेको राष्ट्रिय निकुञ्ज सगरमाथा राष्ट्रिय निकुञ्ज यही प्रदेशमा पर्छ। कोसी नदी नेपालको सबैभन्दा ठुलो नदी हो भने चीन हुँदै ओलाङचुङगोला घाँटीबाट नेपाल प्रवेश गर्ने सप्तकोसीको एक सहायक नदी तमोर पनि यही प्रदेशमा रहेका छन्।
- सगरमाथा र लोत्से नुप्त्से हिमालको बिचमा अवस्थित, सरगमाथाको नजिक मुहान रहेको खुम्बु हिमनदी सबैभन्दा लामो हिमनदी (३२ किलोमिटर) पनि यही प्रदेशमा पर्छ। विश्वकै सबैभन्दा उचाइमा रहेको यो हिमनदी ४,९०० मिटर ( १६,१०० फिट) उचाइबाट सुरू भएर ७,६०० मिटर (२४,९०० फिट) उचाइमा आएर टुङ्गिएको छ ।
- भारत र चीन दुवै देशलाई छुने नेपालका दुई जिल्लामध्ये ताप्लेजुङ एउटा जिल्ला हो। नेपालको सबैभन्दा दक्षिणी विन्दु झापाको लोदावारीमा पर्छ भने नेपालको सबैभन्दा पूर्वी विन्दु ताप्लेजुङमा पर्छ।

## ख. राजनीतिक विभाजन (Political Division)

राजनीतिक विभाजनको दृष्टिकोणबाट हेर्दा सबैभन्दा बढी जिल्लालाई समेटेर यो प्रदेश बनाइएको छ। प्रजातन्त्र पछि नेपालमा सबैभन्दा बढी प्रधानमन्त्री जन्माउने प्रदेशको रुपमा पनि यस प्रदेशलाई लिन सकिन्छ । प्रजातान्त्रिक आन्दोलनको इतिहासमा यो प्रदेश अग्रेणी प्रदेशको रुपमा रहेको छ । मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा गए पश्चात यो प्रदेशको राजनीतिक विभाजनले समेटेका महत्वपूर्ण बुँदाहरु यस प्रकार रहेका छन्।

- यस प्रदेशमा रहेका १४ जिल्लामध्ये ताप्लेजुङ, संखुवासभा र सोलुखुम्बुसहित तीन जिल्ला हिमाली, उदयपुर, खोटाङ, ओखलढुंगा, भोजपुर, धनकुटा, तेह्रथुम, पाँचथर, इलामसहित आठ जिल्ला पहाड तथा झापा, मोरङ र सुनसरी तराईका तीन जिल्ला रहेका छन् ।
- यस प्रदेशका १४ जिल्लामा १३७ वटा स्थानीय तह रहेका छन्, तीमध्ये एक महानगरपालिका (विराटनगर), दुई उपमहानगरपालिका(धरान र इटहरी), ४६ वटा नगरपालिका र ८८ वटा गाउँपालिका रहेका छन् । तीन हिमाली जिल्लामा २७ स्थानीय तह, तीन तराईका जिल्लामा ४४ स्थानीय तह र ८ पहाडी जिल्लामा ६६ स्थानीय तह गरी १३७ पालिका छन् भने ती पालिकामा जम्मा ११५७ वटा वडा रहेका छन् ।
- यस प्रदेशमा संघीय निर्वाचन क्षेत्र २८ र प्रादेशिक निर्वाचन क्षेत्र ५६ वटा रहेको छन् । संघीय निर्वाचन क्षेत्र सबैभन्दा बढी मोरङमा ६ क्षेत्र, दोस्रो झापामा ५, सुनसरीमा ४,  उदयपुरमा २, इलाममा २, बाँकी ९ जिल्लामा एउटा एउटा निर्वाचन क्षेत्र रहेका छन् । यो प्रदेश सबैभन्दा बढी जिल्ला भएको प्रदेश पनि हो ।
- यस प्रदेशको प्रदेश सभामा प्रत्यक्ष निर्वाचन पद्धतिबाट ५६ जना र सामानुपातिक निर्वाचन पद्धतिबाट ३७ जना गरी ९३ जना रहेका छन् ।
- मन्त्रीपरिषदको २०७४ माघ ३ गते (१७ जनवरी २०१८) को बैठकको निर्णयअनुसार विराटनगरलाई प्रदेशको अस्थायी राजधानी तोकिएको हो भने २०७६ वैशाख २३ गतेको प्रदेशसभाको वैठकले विराटनगरलाई स्थायी राजधानी तोकेको हो ।
- क्षेत्रफलको आधारमा यो प्रदेशको ताप्लेजुङ्ग (३,६४६ वर्ग किलोमिटर) सबैभन्दा ठुलो जिल्ला र तेह्रथुम (६७९ वर्ग किलोमिटर) सबैभन्दा सानो जिल्लाको रुपमा रहेको छ ।
- यो प्रदेश भौगोगिक विविधताले गर्दा पर्यटकको रोजाइ र मुख्य गन्तव्य स्थल बनेको छ । भौगोगिक विविधताको साथै प्राकृतिक र जैविक विविधताले गर्दा यो प्रदेशलाई विश्वको नै ध्यान आकर्षण गर्न सक्ने गरी विकास गर्न सकिने आधारहरु प्रशस्त रहेका छन् ।

## ३. प्राकृतिक तथा जैविक विविधता (Natural and Biological Diversity)

यो प्रदेशमा हिमाल, पहाड र तराईको भूभाग भएको हुँदा जैविक विविधताको राजधानीको रूपमा यस प्रदेशले आफ्नो स्थान ओगट्न सफल भएको छ । सामुद्रिक निकटता र उत्तरमा अग्लाअग्ला हिमालहरूको उपस्थितिले गर्दा यस क्षेत्रमा औसत वार्षिक ३,५०० मिलिलिटर भन्दा बढी वर्षात् हुने गर्दछ, जसले गर्दा कृषि र जैविक विविधताका लागि अत्यन्तै फलदायी प्रदेशको रुपमा रहेको छ । प्राकृतिक र जैविक विविधताको कारण पर्यटन प्रवर्द्धन गर्न अत्यन्त सहज बनेको छ । यस प्रदेशले गुरासको राजधानीको रुपमा पहिचान बनाउनु, विश्व प्रसिद्ध हिम श्रृंखलाहरु हुनु, जडिबुटीको प्रचुर सम्भावना हुनु, अत्यन्त रमणीय ताल तलैया, डाँडा, झरना, गुफा, सिमसार आदि हुनुले सामाजिक तथा आर्थिक विकासमा ठूलो योगदान पुऱ्याउन सफल भएको छ । प्राकृतिक र जैविक विविधताका दृष्टिकोणले यो प्रदेशका केही महत्वपूर्ण पक्षहरु संक्षिप्त रुपमा यस प्रकार रहेका छन् ।

- गुराँसको राजधानी तीनजुरे-मिल्के जलजले क्षेत्र तथा जैविक विविधताले भरिपूर्ण वन जंगल यही पर्छन् । विश्वमा ३४ प्रजातिका गुरासहरु पहिचान भएका छन् । तीमध्ये यस क्षेत्रमा नेपालमा पाइने ३२ प्रजातिका गुरासमध्ये २८ प्रजातिका गुरासहरु पाइन्छ । तीनजुरे मिल्के जलजले तीन जिल्लाको संगम स्थलको रुपमा तेह्रथुमको तीनजुरे, संखुवासभाको जलजले र ताप्लेजुङको मिल्के क्षेत्र मिलाएर (टिएमजे) संरक्षित क्षेत्र बनाइएको छ । यो टिएमजे क्षेत्र समुद्री सतहदेखि एक हजार सात मिटरदेखि पाँच हजार मिटरसम्मको उचाइमा फैलिएको छ । २८ प्रजातिका गुराँसको अध्ययन तथा अवलोकन गर्न त्यहाँ स्थानमा वर्षेनी हजारौं आन्तरिक तथा बाह्य पर्यटकहरु आउने गर्दछन् ।
- यस प्रदेशको हिमाली तथा पहाडी भेगमा पाइने प्रमुख जडीबुटीहरूमा चिराइतो, जटामसी, पाँचऔंले, विष, विख्मा, पाखनवेत, सर्मागुरु, पदमचाल, कुड्की, खोकिम, टिमुर, खानक्पा, चिम्फीङ, सिन्कौली, विष्णुजटा, पिप्ला, यार्सागुम्बा, अलैची आदि पाइन्छ । जडीबुटी, नगदेबाली, खाद्यान्न तथा जलस्रोतको उर्वर थलोको रुपमा रहेको यो प्रदेश आर्थिक रुपमा सम्पन्न प्रदेश मानिन्छ ।

- नेपालको पहिलो अग्लो झरना कालीकोट जिल्लाको पचाल झरना (३८१ मिटर) छ भने दोस्रो अग्लो झरना तेह्रथुमको ह्यातुङ झरना (३६५ मिटर) र तेस्रो अग्लो पोकली झरना(करिब १३१ मिटर) यसै प्रदेशमा पर्छन् । त्यस्तै यस प्रदेशमा मुख्य झरनाहरुमा ताप्लेजुङ्गको मेरिङदेन झरना, पुङफुङ्गे झरना, इलामको टोडके झरना, धनकुटाको नमस्ते झरना, संखुवासभाको वलिङ्ग झरना, खोटाङ्गको दिप्लुङ्ग झरना, भोजपुरको चिर्खुवा खोलाको झरना आदि रहेका छन् भने सानातिना धेरै झरनाहरु छन् । यस प्रदेशमा पर्यटन प्रवर्द्धन गर्न यी झरनाहरुले महत्वपूर्ण भूमिका खेल्नेछ ।
- यस प्रदेशमा रहेका मुख्य पोखरी तथा तालहरुमा ताप्लेजुङ्गको तिम्बङ्गपोखरी, धापपोखरी, छाँयापोखरी, सोधोपोखरी, पाँचथरको जोरपोखरी, तिम्बुङ्गपोखरी, सुकेपोखरी, लामपोखरी, इलामको माइपोखरी, धापपोखरी, हाँगेथाम तालतलैया, सुनसरीको बर्जुताल, राष्ट्रिय सम्पदा ताल, धनकुटाको राजारानी ताल, भोजपुरको साल्पापोखरी, संखुवासभाको सभापोखरी, गुफापोखरी, तेह्रथुमको मार्गापोखरी, पाँचपोखरी, सोलुखम्बुको पाँचपोखरी, दुधकुण्ड र उदयपुरको रौतापोखरी, ताप्लीपोखरी खोटाङ्गको बराहपोखरी आदि रहेका छन् ।
- यस प्रदेशका अत्यन्त रमणीय डाँडाहरु धेरै छन्, तीमध्ये ताप्लेजुङ्गको सिद्धडाँडा, इलामको कन्याम श्रीअन्तुडाँडा, तीनथुम्की डाँडा, धनकुटाको हलदे पकटेडाँडा, ध्वजेडाँडा, भोजपुरको ट्याम्केडाँडा, मैयुमडाँडा, सिलिचोङडाँडा, खोटाङ्गको रुपाकोटडाँडा, ओदलढुङ्गाको देम्बाडाँडा, मोरङको जेफलेडाँडा आदिले भने आफ्नो पहिचान बनाइसकेका छन् ।
- यस प्रदेशमा महत्वपूर्ण गुफाहरु धेरै रहेका छन्, तीमध्ये संखुवासभाको वालेश्वर गुफा ओखलढुङ्गाको चंडीथान गुफा, खोटाङ्गको धोद्रेश्वर गुफा, उदयपुरको महादेव गुफा प्राकृतिक र धार्मिक रुपले पहिचानमा आएका महत्वपूर्ण गुफाहरु हुन ।
- यस प्रदेशका महत्वपूर्ण सिमसार क्षेत्रको रुपमा झापाको जमुनखाडी सिमसार, शहिद नेत्र सिमसार, बाँसबारी सिमसार, मोरङको हसिना सिमसार, वेतिनी सिमसार रहेका छन् भने सानातिना सिमसार क्षेत्रहरु प्रसस्त रहेका छन् ।
- यस प्रदेशमा पहिचान बनाएका झरना, पोखरी, रमाइला डाँडा, गुफा, सिमसार वाहेक अन्य पनि धेरै सानातिना र आश्चर्य लाग्दा प्रकृतिक सम्पदाहरु धेरै छन् । प्राकृतिक रुपमा अति नै महत्वपूर्ण सम्पदाहरु प्रत्येक पालिकामा धेरै छन्, ती सम्पदाहरुको खोजी गर्ने र पर्यटन प्रवर्द्धनको लागि आवश्यक रुटको विकास गर्ने नीतिमा तीनै तहका सरकारले जिम्मेवार भएर काम गर्नुपर्छ । सम्पदाहरुको विकास र संवर्द्धनले यस प्रदेशको आर्थिक क्षेत्रमा कृषि पछि दोस्रो महत्वपूर्ण आम्दानीको स्रोत पर्यटनलाई बनाउँदै रोजगारी सिर्जना गर्ने रणनीति लिनुपर्छ ।
- जैविक विविधताको दृष्टिकोणबाट पनि यो प्रदेश अति नै महत्वपूर्ण रहेको छ । विश्वमा नै दुर्लभ जनवारको रुपमा रहेको रेडपाण्डा, हिम चितुवा र विश्वमा नै नपाइने नेपालमा मात्र पाइने काँडे भ्याकुर (स्पाइनी ब्याब्लर) पनि यस प्रदेशमा पाइन्छ । विविध किसिमका वनस्पती, जडिबुटी, जीवजन्तु, पशुपंक्षी पाइने यो प्रदेश जैविक विविधाको खानी नै हो ।
- हिमाल, पहाड र तराईले समेटिएको यो प्रदेशलाई जैविक विविधताको अध्ययन केन्द्र बनाउँदै खुल्ला प्राकृतिक विश्वविद्यालयको रुपमा विकास गर्ने रणनीतिक योजना बनाएर अगाडि बढ्नुपर्छ । त्यसमा पनि यस प्रदेशमा रहेका राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रले जैविक विविधता संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको छ ।

## ४. राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्र (National Parks and Conservation Areas)

यस प्रदेशमा जैविक विविधताको संरक्षणको लागि विश्व सम्पदा सूचीमा परेको सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु बरुण राष्ट्रिय निकुञ्ज, कन्चनजंघा संरक्षण क्षेत्र र कोसी टप्पु वन्यजन्तु आरक्ष रहेका छन् । प्राकृतिक सम्पदा, वनस्पती, वन्यजन्तु तथा पशुपंक्षीको दृष्टिकाणले यी निकुञ्जहरु, संरक्षण र आरक्ष क्षेत्र अत्यन्त महत्वपूर्ण रहेका छन् ।

### क. सगरमाथा राष्ट्रिय निकुञ्ज (Sagarmatha National Park)

- यो राष्ट्रिय निकुञ्ज २०३२ साल (सन् १९७६) मा स्थापना भएको हो, यसको क्षेत्रफल १,१४८ वर्ग किलोमिटर रहेको छ । वि. स. २०५८ साल (सन् २००२) मा निकुञ्ज वरपरको २७५ वर्ग किलोमिटर क्षेत्रफल समेटी मध्यवर्ती क्षेत्रको घोषणा गरिएको छ । सन् १९७९ देखि यस राष्ट्रिय निकुञ्जलाई विश्व सम्पदा सूचीमा समावेश गरिएको छ ।

- यस प्रदेशको सोलुखुम्बु जिल्लामा रहेको यो राष्ट्रिय निकुञ्जले विश्वको सर्वोच्च शिखर सगरमाथा, ६,००० मिटरभन्दा अग्ला ल्होत्से, नुप्से, चोयू, ल्होत्सेसार, पुमोरी, आमादब्लम, थामसेर्कु जस्ता हिमचुचुराहरूलाई ओगटेको छ।
- यहाँ गोक्यो, खुम्बु, छुकुम र नाङ्गपा गरी चारवटा उपत्यकाहरू पनि रहेका छन् । यस निकुञ्ज भित्र तालहरु, जैविक विविधता, विभिन्न प्रजातिका करिब १९३ चराहरु, उच्च पर्वतीय वातावरण, सांस्कृतिक महत्वका तेङ्वोचे, पाङ्वोचे तथा थामे गुम्बाहरू रहेका छन् ।
- यहाँ हिमाल र यस क्षेत्रको मनोरम दृश्य हेर्न, पर्वतारोहण गर्न, शेर्पा संस्कृति तथा वन्यजन्तु अवलोकन गर्न महत्वपूर्ण स्थानको रुपमा लिइन्छ । पर्यटनको विकासबाट यहाँका बासिन्दाहरूको आर्थिक विकासमा ठुलो टेवा पुगेको छ भने २०५८ सालमा मध्यवर्ती क्षेत्रको घोषणापछि निकुञ्ज भित्र र वरपरका जनताले प्रत्यक्ष रूपमा लाभ लिन सफल भएका छन् ।

### ख. मकालु बरुण राष्ट्रिय निकुञ्ज (Makalu Barun National Park)

- यो राष्ट्रिय निकुञ्ज २०४९ साल (सन् १९९१) मा स्थापना भएको हो, यसको क्षेत्रफल १,५०० वर्ग कि.मिटर रहेको छ । वि. स. २०५५ (सन् १९९९) मा निकुञ्ज वरपरको ८५० वर्ग किलो मिटर क्षेत्रफल ओगटेर मध्यवर्ती क्षेत्रको घोषणा गरिएको छ। यो राष्ट्रिय निकुञ्ज समुद्री सतहबाट ४३५ मिटर उँचाइदेखि ४० मिटर उत्तर दक्षिण दुरीभित्रै ८,४६३ मिटर अग्लो विश्वको पाँचौं अग्लो हिमाल मकालु हिमशिखरसम्म फैलिएको छ।
- यसले पश्चिममा सगरमाथा राष्ट्रिय निकुञ्ज र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बतको चोमोलोङ्मा प्रकृति संरक्षण क्षेत्रसम्म जोडिएको छ भने पूर्वमा कंचनजंघा संरक्षण क्षेत्र र गुराँसको राजधानी मिल्के जलजले क्षेत्रसँग जोडिएको छ। यो राष्ट्रिय निकुञ्ज संखुवासभा जिल्लमा रहेको छ।
- भिरालो भू-बनोट र राम्रो मनसुनी वर्षको कारणले यो निकुञ्ज जैविक विविधता तथा जडिबुटी र वनस्पतिहरूको भण्डारको रूपमा रहेको छ। यस निकुञ्जमा कस्तुरी मृग, हिमाली कालो भालु, हिउँ चितुवा, रातो पाण्डा लगायत ४३१ प्रकारका चराचुरुङ्गीहरू पाइन्छन् । उचाइ र हावापानीको विविधताको संयोगले गर्दा यो निकुञ्ज विविध किसिमका वनस्पति र वन्यजन्तुको लागि धनी छ।
- पर्या-पर्यटनको लागि यो निकुञ्ज अत्यन्त महत्वपूर्ण मानिन्छ । यस राष्ट्रिय निकुञ्जले भोटे, राई, शेर्पा लगायतका जातिहरूको सांस्कृतिक र धार्मिक सम्पदाको संरक्षणमा पनि ठुलो योगदान पुऱ्याएको छ।

### ग. कंचनजङ्घा संरक्षण क्षेत्र (Kanchangangha Conservation Area)

- अद्वितीय भू-प्राकृतिक बनोट तथा जैविक विविधतायुक्त क्षेत्र भएकोले २०५४ साल (सन् १९९७) मा सरकारले यो संरक्षण क्षेत्रको स्थापना गरेको हो। यसले २,०३५ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ।
- यो संरक्षण क्षेत्र ताप्लेजुङ्ग जिल्लाको उत्तरी भेगमा पर्छ। यो संरक्षण क्षेत्र दक्षिणमा भारत र उत्तरमा चीनसँग जोडिएको छ। प्रकृति संरक्षणको दृष्टिले निकै महत्वपूर्ण रहेको यस भू-भागमा विशिष्ट पारिस्थितिकीय प्रणालीको कारण दुर्लभ वन्यजन्तु हिउँ चितुवा, कस्तूरी मृग, रेडपान्डाका साथै कुट्की, बिख्मा जस्ता सयौं जडीबुटी र वनस्पतिहरु पाइन्छ। यस क्षेत्रको संरक्षणमा विश्वमा नै नमुनाको रुपमा स्थानीय उपभोक्ता समूह र स्थानीय जनसमुदायलाई सक्रिय बनाइएको छ।
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, डब्लु. डब्लु. एफ. नेपाल, स्थानीय सरकारी एवं गैरसरकारी संस्था तथा स्थानीय बासिन्दाहरूको संयुक्त प्रयासमा कञ्चनजङ्घा संरक्षण क्षेत्रको जैविक विविधता संरक्षणका विविध कार्यक्रमहरू संचालन गरिएको छ।

### घ. कोसी टप्पु वन्यजन्तु आरक्ष (Koshi Tappu Wildlife Reserve)

- २०३२ साल (सन् १९७६) मा स्थापना भएको हो, यसको क्षेत्रफल १७५ वर्ग किलामिटर रहेको छ। वि. स. २०६१ सालमा आरक्षण वरपरको १७३ वर्ग किलोमिटर क्षेत्रफल समेटी मध्यवर्ती क्षेत्रको घोषणा गरिएको छ।
- यो आरक्षण सुनसरी र सप्तरी जिल्लामा सप्तकोसी नदीले बनाएको टापूमा रहेको छ। यस आरक्ष क्षेत्रमा अति दुर्लभ मानिएको अर्ना अर्थात् जंगली भैंसीको संरक्षण गरी अर्नाको संख्या वृद्धि गराउने काम भइरहेको छ। यो आरक्ष चराहरूको

मुख्य बासस्थानका रूपमा पनि रहेको छ, यहाँ करिब ४९० प्रजातिका चराहरू पाइन्छन् । यिनै कारणबाट यस आरक्षलाई सन् १९८७ मा रामसार सूचीमा समावेश गरिएको छ ।

- जलचरहरूमा घडियाल तथा मगरगोही, सोंस (Stork) र विभिन्न किसिमका माछाहरू यस आरक्षको विशेषताको रुपमा रहेको छ । पूर्वपश्चिम राजमार्गको नजिक रहेको हुँदा विभिन्न प्रजातिका चरा, जंगली भैसी, प्राकृतिक सौन्दर्यको अवलोकन, अध्ययनको लागि पर्यटकहरुको आकर्षणको केन्द्र बनेको छ ।

## ५. हावापानी (Climate)

यो प्रदेश जैविक विविधताको धनी प्रदेश मात्र हैन, विश्वमा पाइने प्रायः सबै किसिमका हावापानी पाइने हुँदा कृषि, पशुपालन लगायत विविध क्षेत्रको दृष्टिकोणबाट अत्यन्त उर्वर भूमिको रुपमा रहेको छ । यो प्रदेश हिमालदेखि तराईसम्म फैलिएको र विभिन्न धरातलीय स्वरुपमा रहेकोले हावापानीमा विविधता पाइन्छ । यस प्रदेशमा पाँच किसिममा हावापानी पाइन्छ ।

### क. उपोष्ण हावापानी वा उष्ण मनसुनी हावापानी (Subtropical Climate or Hot Monsoon Climate)

- १२०० मिटरसम्मको होचो समथर भूभागमा यो हावापानी पाइन्छ । गर्मीमा सरदर तापक्रम १५ डिग्री सेन्टिग्रेड देखि ४० डिग्री सेन्टिग्रेडसम्म हुन्छ भने औसत वर्षा २०० सेन्टिमिटर सम्म हुन्छ । जाडोमा शीत लहरले गर्दा अति जाडो र गर्मीमा तातो हावा (लु) सम्म चल्ने हुँदा अति गर्मी हुने गर्दछ ।
- यो हावापानी ज्यादै उष्ण र शुष्क हुने हुँदा स्वास्थ्यको लागि उपयोगी नभए पनि कृषि कार्यको लागि उपयोगी रहेको छ । यो हावापानी यस प्रदेशको तराई, भावर, भित्री मधेश, पहाडका गहिरा उपत्यका टार, बैंसी, खोचहरुमा पाइन्छ ।

### ख. न्यायो समशितोष्ण हावापानी वा उष्ण प्रदेशीय हावापानी (Fair Temperate Climate or Tropical Climate)

- यो हावापानी चुरे तथा मध्य भूमिको माथिल्लो भागमा १२०० देखि २१०० मिटर सम्मको भागमा पाइन्छ । यहाँको तापक्रम जाडो समयमा शून्य डिग्री सेन्टिग्रेडदेखि गर्मीमा २४-३० डिग्री सेन्टिग्रेडसम्म हुन्छ भने गर्मीको समयमा सरदर वर्षा १२५ सेन्टिमिटर हुन्छ ।
- यो हावापानी पहाडी भेगमा पाइने भएकोले मनोरम र स्वास्थ्यको दृष्टिकोणबाट अत्यन्त उपयोगी मानिन्छ ।

### ग. शितोष्ण हावापानी वा ठण्डा समशितोष्ण हावापानी (Temperate Climate or Cold Temperate Climate)

- महाभारत लेकको माथिल्लो भाग तथा हिमालय श्रृंखलाभन्दा मुनिको क्षेत्रमा २१०० देखि ३३०० मिटर सम्मको क्षेत्रमा यो हावापानी पाइन्छ । गर्मीमा १५ देखि २० डिग्री सेन्टिग्रेड र जाडोमा शून्य डिग्री सेन्टिग्रेडभन्दा तल तापक्रम हुन्छ । गर्मीमा सरदर १०० सेन्टिमिटरसम्म वर्षा हुन्छ ।
- जीवन कष्ठकर भए पनि स्वास्थको दृष्टिकोणले यो हावापानीलाई राम्रो मानिन्छ ।

### घ. लेकाली हावापानी (Lekhali Climate)

- यो हावापानी ३३०० मिटर देखि ५००० मिटरसम्मको उचाइमा पाइन्छ । गर्मीमा १० देखि १५ डिग्री सेन्टिग्रेड तापक्रम हुने र जाडोमा शून्यभन्दा तल तापक्रम पुग्नुको साथै जाडोमा ठण्डा धेरै समयसम्म रहने गर्दछ । वर्षको झण्डै आठ नौ महिना हिउँदले ढाक्ने र वर्षा ४० सेन्टिमिटरसम्म हुने गर्दछ ।
- यो भू-भाग खेतीको लागि अनुपयुक्त भए पनि भेडा तथा चौरी लगायतका पशुपालनको लागि उपयुक्त रहेको छ ।
- विशेषत सोलुखम्बु, संखुवासभा र ताप्लेजुङ्गको उत्तरी खण्डको हिमरेखाभन्दा तल्लो भू-भागमा यो हावापानी पाइन्छ ।

### ङ. टुण्ड्रा हावापानी (Tundra Climate)

- यो हावापानी ५००० मिटरभन्दा माथिको क्षेत्रमा पाइन्छ। सधैँ हिउँ परिरहने र जमिरहने हुँदा शून्य डिग्री सेन्टिग्रेडभन्दा तल तापक्रम रहन्छ।
- वर्षा नगन्य हुने भएपनि हिउँवर्षा हुने गर्दछ। यो हावापानी बसोबासको दृष्टिकोणले अयोग्य मानिन्छ।
- यति धेरै किसिमका हावापानी पाइने यो प्रदेशको विशेषतालाई ध्यानमा राखेर हरित क्रान्तिको साथै पशुपालन, जडिबुटी, वनजन्य उत्पादनमा जोड दिन सकियो भने प्रदेशको आर्थिक विकास र समृद्धिको ढोका सहजै खोल्न सकिन्छ। यो प्रदेश ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक रुपले पनि अत्यन्त धनी भएकोले पर्यटन प्रवर्द्धन गर्न अनुकूल पनि बनेको छ।

## ६. ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक (Historical, Religious and Cultural)

ऐतिहासिक रुपमा माझकिरात, पल्लो किराँत र कोच क्षेत्रलाई समेटिएको यो प्रदेशको भूगोलमा सबै जाति र धार्मिक समुदायको बसोबास रहेको छ। ऐतिहासिक जातजाति तथा २२ से २४ से राज्यको इतिहास रहेको यस प्रदेशका सानातिना ऐतिहासिक गढी तथा दरबारहरु पनि धेरै छन्। एकातिर यो प्रदेश महाभारतकालीन विराटराजा, किरात राजा लगायतले राज्य गरेको ठाउँ हो भने अर्कातिर बालागुरु षडानन्द, योगमाया, स्वामी प्रपन्नाचार्य र किरात धर्मगुरु फाल्गुनन्द, किरात लिम्बु सिरिजङ्गा लिपीका आविष्कारक सिरिजङ्गा (नवौं शताब्दी) आदि विद्वान विदुषीले जन्म लिएको ठाउँ पनि हो। नवौँ शताब्दीमा निर्माण र प्रयोग भएका लिपि पछि सत्रौँ शताब्दीतिर हराइसकेको अवस्थामा सिरिजङ्गा लिपीलाई पुनरुत्थान र प्रचार गर्ने त्येअङ्सी सिरिजङ्गाको भूमि पनि हो। ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक रुपमा यो प्रदेश निकै अगाडि रहेको छ, केही तथ्यहरुलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ।

- यस प्रदेशमा ऐतिहासिक दरवार रहेको क्षेत्रको रुपमा पाँचथरको हिलिहाङ्ग दरवार, मोरङ्गको विराटराजाको दरवार र सुनसरीको विजयपुर डाँडामा रहेको भताभुङ्गे राजाको दरवार क्षेत्रहरु महत्वपूर्ण पर्यटकीय स्थलको रुपमा विकास गर्नुपर्ने देखिन्छ।
- यस प्रदेशका महत्वपूर्ण ऐतिहासिक गढीहरुमा भोजपुरको हतुवागढी, उदयपुरको उदयपुरगढी, चौदण्डीगढी, ओखलढुङ्गाको कोटगढी, संखुवासभाको हेदाङ्गनागढी, मोरङको धनपालगढी आदि प्रमुख गढीका रुपमा रहेका छन्।
- वि. सं. १८७२ मा नेपाल सरकारबाट डोली पैसा काट्ने टक्सार भोजपुरमा खोलेर पैसा बनाउने काम हुन्थ्यो, त्यसैले भोजपुरको टक्सर एक ऐतिहासिक ठाउँको रुपमा रहेको छ। भोजपुरमा बनेको भोजपुरे खुकुरी र संखुवासभाको चैनपुरमा बनेको करुवाले स्वदेशमा मात्र नभई विदेशमा समेत प्रसिद्धि कमाएको हुँदा प्रदेशको गौरव बढाएको छ।
- यस प्रदेशलाई धार्मिक तथा सांस्कृतिक हिसाबले निकै महत्वपूर्ण प्रदेश मानिन्छ। यस प्रदेशका प्रमुख धार्मिक पर्यटकीय स्थलहरुमा ताप्लेजुङको पाथीभरा देवी मन्दिर, तिम्बुङ पोखरी, डिकी छ्योलिङ्ग गुम्बा, पाँचथरको महाफाल्गुनन्द मन्दिर, कुम्यायक कुस्सायक धार्मिक क्षेत्र, सिद्ध देवीस्थान र इलामको माइपोखरी, गजुरमुखी देवी मन्दिर, सानो पाथिभरा, माङसेबुङ आदि पर्छन्।
- झापाको कन्काईधाम, शिव सतासीधाम, अर्जुनधारा, किचकबध, धनुषकोटीधाम, पाउ पाथिभरा, मोरङको सुनवर्षी, विराटराजाको दरवार, काली मन्दिर रंगेली, संसारी माईस्थान विराटनगर र सुनसरीको बराहक्षेत्रधाम, चतराधाम, बुढासुब्बा, पिण्डेश्वर, दन्तकाली, रामधुनी विष्णुपादुका आदि धार्मिक स्थलहरु रहेका छन्।
- यस्तै, संखुवासभाको सभापोखरी, शिवधारा, मनकामना मन्दिर, सिद्धकाली मन्दिर, धर्मदेवी मन्दिर, सानो पाथिभरा, जौवारी महादेव गुफा, गुफापोखरी, भोजपुरको बेहेरेश्वर महादेव मन्दिर, साल्पापोखरी र दिङला, धनकुटाको छिन्ताङदेवी मन्दिर, जल्पादेवी, निशान भगवती मन्दिर, मधुगंगा महादेवस्थान, पाथीभरा, तेह्रथुमको सिंहवाहिनी मन्दिर, शिवालय मन्दिर, संक्रान्तिबजार भगवती मन्दिर, गौखुरीधाम आदि स्थान धार्मिक तथा पर्यटकीय दृष्टिकोणले अत्यन्त महत्वपूर्ण रहेका छन्,
- उदयपुरको रैता भगवती, चौदण्डी शिवालय, जलपादेवी, महादेव गुफा, यलम्बर पार्क, खोटाङको हलेसी महादेव, बराह पोखरी, धोद्रेश्वर महादेव गुफा, कालिका भगवती गुफा, ओखलढुङ्गाको चम्पादेवी मन्दिर, कुन्तादेवी मन्दिर, सपनावती मन्दिर, चंडीथान गुफा, टोलु गुम्बा, सोलुखम्बुको तेङबोचे गुम्बा, पाङ्त्रोचे खुम्बु, ज्वालामाई, बुढा सिद्ध मन्दिर, लौरेश्वर

शिव मन्दिर, दुधकुण्ड, कालिका देवी आदि धार्मिक तथा सांस्कृतिक पर्यटनको दृष्टिकोणबाट यी क्षेत्रहरु अत्यन्त महत्वपूर्ण स्थानहरु हुन ।

- हिन्दु तथा किरात धर्मलम्बीका लागि धार्मिक महत्व बोकेको यो प्रदेशमा बौद्ध धर्मलम्बीको प्रसिद्ध तीर्थस्थाल सांग्रिला अर्थात् स्वर्ग भनिएको खेम्पालुङ तथा तेङ्बोचे यसै प्रदेशमा रहेका छन् । यस प्रदेशमा किरातकालीन इतिहास र संस्कृतिसँग जोडिएका धेरै महत्वपूर्ण स्थलहरु रहेका छन् ।
- अरुण, तमोर र दुधकोसीको संगमस्थलमा रहेको ढुङ्गालाई किरात समुदायको आस्थाको केन्द्रको रुपमा खुवालुङलाई मानिन्छ । खुवालुङ किरात संस्कार, संस्कृति र सभ्यतासँग जोडिएको छ । खुवालुङलाई किरात सभ्यताको एउटा प्रतिकको रुपमा संरक्षित छ ।
- यस प्रदेशमा रहेको मुन्धुम ट्रेल पदमार्ग नेपालको घुम्नैपर्ने पर्यटकीय गन्तव्यभित्रको सूचीमा छनोट भएको नयाँ पर्यटकीय गन्तव्य पनि हो । किराँती संस्कार, संस्कृति र जीवनशैलीमा आधारित मुन्धुमलाई आधार बनाएर खोटाङ, सोलुखुम्बु, भोजपुर र संखुवासभालाई मुन्धुम ट्रेल पदमार्गको अवलोकन क्षेत्र बनाइएको छ । यो पदमार्ग डाँडैडाँडा भएर अगाडि बढ्ने भएकोले सगरमाथा, कञ्चनजंघा, मकालु, ल्होत्से, लगायतका ८ हजार मिटर अग्ला ६ वटा हिमाल देखिनुको साथै ३३ वटा हिमश्रृंखला र तराईको भूभाग पनि अवलोकन गर्न सकिन्छ । यसको दुरी करिब १०७ किलोमिटर छ भने यस ट्रेलको सबैभन्दा उचाइ ४ हजार १ सय ५३ मिटर छ । यो पदमार्ग मध्यपहाडी लोकमार्ग आसपासमा पर्छ । यो ट्रेल पदमार्ग खोटाङको दिक्तेल, रुपाकोट, टेम्केडाँडा, धोद्रे देउराली, मैयुडाँडाको हाँसपोखरी, रावाढाप, सालपा बेसक्याम्प, सिलिचुङ डाँडा, ह्याकुले डाँडा, भोजपुरको सावागाउँ तिम्मा, टक्सार, भोजपुर बजार, सुन्तलेडाँडा पुगेर पदयात्रा समापन हुन्छ ।
- यो प्रदेश ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक रुपमा पनि सम्पन्न प्रदेश हो । यस प्रदेशमा जनसंख्याको हिसावले नेपालको कुल जनसंख्याको १७ प्रतिशतभन्दा बढी जनसंख्या बसोवास गर्ने गर्छन् ।

## ७. **जनसंख्या** (Population)

यो प्रदेश जनसंख्याको दृष्टिकोणबाट नेपालको दोस्रो ठूलो प्रदेश हो । वि. सं. २०७८ को राष्ट्रिय जनगणनाअनुसार यस प्रदेशमा कुल जनसंख्याको १७.०३ प्रतिशत जनसंख्याले बसोबास गर्दै आएका छन् । नेपालका सबैभन्दा बढी जनसंख्या भएका पाँच जिल्लाहरु मध्ये यस प्रदेशमा तीन जिल्ला मोरङ, झापा र सुनसरी पर्छन् । त्यस्तै सबैभन्दा बढी जनसंख्या वृद्धिदर ऋणात्मक भएका नेपालका पाँच जिल्लामध्ये यस प्रदेशका तीन जिल्ला खोटाङ, भोजपुर र तेह्रथुम पर्छन् भने सबैभन्दा बढी जनसंख्या वृद्धिदर भएका नेपालका पाँच जिल्लामध्ये यस प्रदेशको सुनसरी जिल्ला रहेको छ । यस प्रदेशका ५ जिल्ला सुनसरी, झापा, मोरङ, उदयपुर र संखुवासभामा जनसंख्या वृद्धिदर धनात्मक रहेको छ भने बाँकी ९ जिल्लामा जनसंख्या वृद्धिदर ऋणात्मक रहेको छ । यस प्रदेशको जनसंख्यासम्बन्धी केही तथ्यहरु यस प्रकार रहेका छन् ।

- वि. सं. २०७८ को राष्ट्रिय जनगणनाअनुसार नेपालको जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४८० रहेको छ । यस प्रदेशको जनसंख्या ४९ लाख ७२ हजार २१ छ, त्यसमध्ये पुरुष २४ लाख २५ हजार २६६ र महिला २५ लाख ४६ हजार ७५५ रहेका छन् । यस प्रदेशको लैगिंक अनुपात ९५.२३ र घर परिवार संख्या १२ लाख ३ हजार ९३० रहेको छ ।
- राष्ट्रिय जनगणना २०६८ भन्दा राष्ट्रिय जनगणना २०७८ मा यस प्रदेशमा १७.६१ प्रतिशत परिवार संख्या बढेको छ भने परिवारको आकार (औसत परिवार संख्या) राष्ट्रिय जनगणना २०६८ मा ४.५७ रहेकामा परिवार संख्या ९.६३ प्रतिशतले घटेर राष्ट्रिय जनगणना २०७८ मा ४.१३ रहेको छ ।
- परिवारमा अनुपस्थिति (विदेशमा अक्सर बसोबास गर्ने) जनसंख्या ३ लाख ३७ हजार ९०५ मध्ये पुरुष २ लाख ७९ हजार ९५३ र महिला ५७ हजार ९५२ रहेका छन् । यस प्रदेशको ग्रामीण क्षेत्रमा १८ लाख ७३ हजार ५९२ अर्थात् ३७.६८ प्रतिशत र शहरी भेगमा ३० लाख ९८ हजार ४२९ अर्थात् ६२.३२ प्रतिशत जनसंख्या बसोबास गर्छन् ।
- यस प्रदेशको वार्षिक जनसंख्या वृद्धिदर ०.८८ प्रतिशत रहेको छ भने दश वर्षको अन्तरालमा ४ लाख ३७ हजार ७८ अर्थात् ९.६४ प्रतिशत जनसंख्या वृद्धि भएको छ । जनघनत्व १९२ प्रति वर्ग किलोमिटर रहेको छ । सबैभन्दा बढी

जनघनत्व भएका नेपालका पाँच जिल्लामध्ये यस प्रदेशको सुनसरी जिल्ला पनि पर्छ। यस प्रदेशमा घर संख्या १० लाख ८२ हजार ४६२ भए पनि परिवारको संख्या १२ लाख ३ हजार ९३० रहेको छ।

- यो प्रदेशले ५६ औं अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा २०७९ भाद्र २३ गते साक्षर प्रदेश घोषणा गर्दै साक्षरता घोषणा गर्ने वागमती र गण्डकी प्रदेश पछि तेस्रो प्रदेशको रुपमा रहेको छ। यो प्रदेश धेरै जातजाति तथा भाषाभाषी बसोवास गरेको प्रदेश पनि हो।

## ८. जातजाति तथा भाषाभाषी (Ethnic and Linguistic)

यो प्रदेशमा रहेका जाति, जनजाति, समुदायका आ-आफ्नै संस्कृति र परम्परा छन्। हिमाल, पहाड र तराईमा फैलिएको बहुसंस्कृतिक परम्परा र सांस्कृतिक स्थलहरुको दृष्य अवलोकन गर्न, अध्ययन अनुसन्धान गर्न यो प्रदेश अत्यन्त महत्वपूर्ण रहेको छ। भाषिक दृष्टिकोणले पनि यो प्रदेशमा विविधता रहेको छ। जातजाति र भाषाभाषीको दृष्टिकोणबाट केही तथ्य अगाडि सारिएको छ।

- जातीय तथा भाषिक विविधता रहेको यस प्रदेशमा मुख्य रुपमा ब्राम्हण, क्षेत्री, राई, लिम्बु, तामाङ्ग, मगर, गुरुङ्ग, नेवार, शेर्पा, थारु, लेप्चा, मेचे, कोचे, यादव, राजवंशी, ल्होमी, सिङ्सा, दलित जाति (विश्वकर्मा, दर्जी, सार्की ) लगायतका जातिहरु यस प्रदेशमा बसोबास गर्दै आएका छन्।
- यस प्रदेशमा नेपाली, मैथिली, किराती (वान्तवा, चाम्लिङ, कुलुङ, थुलुङ, याक्खा, याम्फू, सुनुवार, लोहरुङ आदि), तामाङ्ग, लिम्बु, गुरुङ्ग, लेप्चा, मगर, शेर्पा ल्होमी, सिङ्सा, थारु लगायतका १०० भन्दा बढी भाषा बोलिन्छ। (प्रदेश सरकार, २०७९)
- यस प्रदेशमा हिन्दू, बौद्ध, किरात, मुस्लिम, इसाई लगायतका धर्मलम्बीहरू रहेका छन्।
- लोपोन्मुख जाति, भाषा, कला र संस्कृतिको संरक्षण गर्न सबै तहका सरकारले आ-आफ्नो क्षेत्रबाट संरक्षणको नीति अगाडि सार्नुपर्छ। त्यसले जातीय सहिष्णुता कायम गर्दै पर्यटकीय विकासमा पनि सहयोग पुऱ्याउँछ।
- भौगोगिक, प्राकृतिक, सांस्कृतिक, मानव विकास लगायतको दृष्टिकोणबाट अब्बल रहेको यो प्रदेश आर्थिक क्षेत्रमा अब्बल नै रहेको छ।

# परिच्छेद दुई
# आर्थिक रुपान्तरण
# (Economic Transformation)

मुलुकको समष्टिगत आर्थिक विकासको लागि राजनीतिक स्थिरता, शान्ति, सुशासन, पारदर्शिता, विधिको शासन, नीति निर्माण र निर्णय प्रक्रियामा उत्साहजनक जनसहभागिता र आर्थिक अनुशासन न्यूनतम आधारका रुपमा रहेका छन् । नीति निर्माता, सरकार, उद्योग व्यवसायी, अर्थशास्त्री, बैंक तथा वित्तीय संस्था लगायत अर्थतन्त्रका प्रत्येक सरोकारवालाहरुले समष्टिगत आर्थिक क्षेत्रहरूको विकासको लागि वित्तीय क्षेत्रको महत्व र भूमिकालाई ध्यान दिँदै अर्थतन्त्रलाई गतिशील बनाउने रणनीति लिन सक्नुपर्छ । समष्टिगत आर्थिक क्षेत्रहरू अन्तर्गत मौद्रिक क्षेत्र, वास्तविक क्षेत्र, सरकारी क्षेत्र र बाह्य क्षेत्र पर्ने भएकाले यी सबै क्षेत्र एकापसमा अन्तरसम्बन्धित रहेका छन् । यी कुनै पनि क्षेत्रमा प्रतिकूल प्रभाव नपर्ने गरी राज्यले प्रभावकारी नीति तथा योजनाहरु अगाडि ल्याई आर्थिक स्थिरता र आर्थिक विकास हासिल गर्ने रणनीति लिनुपर्छ । साथै राजनीतिक पार्टीहरु तथा सरकारले प्रतिबद्धताका साथ राष्ट्र निर्माणको अभियानलाई गति दिँदै दूरदर्शी दृष्टिकोण राखी जिम्मेवार भई काम गर्न सक्नुपर्छ ।

## १. समष्टिगत आर्थिक विकास (Macro Economic Development)

समष्टिगत आर्थिक विकासले धेरै क्षेत्र र विषयवस्तुलाई समेट्ने भएको हुँदा अर्थतन्त्रलाई बलियो र गतिशील बनाउन राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरुले लिएको आर्थिक उद्देश्यलाई आधार बनाई अर्थतन्त्रका समग्र क्षेत्रको विकासमा जोड दिनुपर्छ । राष्ट्रको आर्थिक विकास र समृद्धिमा योगदान दिने महत्वपूर्ण विषयहरूमा व्यापक अनुसन्धान गर्दै, नविनतम उच्च प्रविधिको प्रयोग गरी सिर्जनशील, उद्यमशील र नैतिक आचारणयुक्त नेतृत्व तथा मानवीय स्रोतको विकासमा जोड दिने नीति अवलम्बन गर्दै अर्थतन्त्रको जग बलियो बनाउन सबै क्षेत्र जिम्मेवार बनेर काम गर्नुको विकल्प हुँदैन । तसर्थ समष्टिगत आर्थिक विकासको लागि केही बुँदाहरुलाई अगाडि सारिएको छ ।

- संविधानको धारा ५० को निर्देशक सिद्धान्तहरु अन्तर्गत उपधारा (३) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ भन्ने व्यवस्था गरिएको हुँदा प्रदेश सरकारले पनि अर्थतन्त्रका तीन वटै खम्बाको विकासमा जोड दिँदै प्रादेशिक अर्थतन्त्रलाई दिगो तथा बलियो बनाउन जिम्मेवार भएर काम गर्नुपर्छ ।
- संविधानको धारा ५१ राज्यका नीतिहरु अन्तर्गत अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिमा (१) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, (२) अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने, (३) सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने, (४) आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वांगीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने, (५) उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने, (६) तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने, (७) कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने, (८) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, (९) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने, (१०) राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने, (११) वैदेशिक सहायता लिंदा राष्ट्रिय

आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने, (१२) गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पुँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने, (१३) औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र संघ बिच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने नीतिहरु रहेका छन् । प्रदेश सरकारले पनि राष्ट्रिय नीतिलाई आत्मसात गरेर प्रादेशिक अर्थ, उद्योग र बाणिज्य नीतिलाई बलियो बनाउँदै आर्थिक विकासमा जोड दिनुपर्छ ।

- आर्थिक विकासले आर्थिक उत्पादकत्वमा वृद्धि र मुलुकमा समृद्धि ल्याउने काम गर्दछ । साथै त्यसले सम्पूर्ण अर्थ व्यवस्थाको सकारात्मक परिवर्तन, परिमाणात्मक वृद्धि, उत्पादन तथा वितरणमा व्यापकता तथा  सकारात्मक अभिवृद्धि र कुल राष्ट्रिय आयमा पनि वृद्धि ल्याउँछ । त्यसैले सबै तहका सरकारले आर्थिक वृद्धि, समाजिक सुरक्षा, भौतिक उपभोग, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, संस्कृति लगायत मानवीय जीवनस्तरमा दिगो विकास अभिवृद्धिलाई जोड दिने नीति तथा कार्यक्रमहरु ल्याउनुपर्छ ।
- आर्थिक विकासका परिसूचकका रुपमा आम्दानीमा वृद्धि, कुल राष्ट्रिय आयमा अभिवृद्धि, नयाँ उत्पादन व्यवस्था, शिक्षा, स्वास्थ्य, जनसंख्या, आधारभूत आवश्यकताको परिपूर्ति तथा सामाजिक समानतातर्फ सकारात्मक अवस्था, मानिसको उच्च जीवनस्तर, विकास प्रक्रियामा दिगोपन, उत्पादन क्षमता र सामाजिक जनजीवनको स्तरमा वृद्धि, नागरिक बचत तथा लगानीमा अभिवृद्धि पर्छन् । त्यस्तै उत्पादन व्यवस्थामा दीर्घकालीनता, निरन्तरता र गुणात्मक सुधार, उत्पादन संरचनामा विशिष्टीकरण, कृषि, व्यापार, सहरीबस्ती लगायत सामाजिक पद्धतिका क्षेत्रमा आधुनिकतातर्फ उन्मुख, समुन्नत समाजको सिर्जना, समाजको संरचनागत परिवर्तन, गुणस्तरयुक्त समाज आदि परिसूचकहरुलाई सकारात्मक प्रभाव पर्ने गरी नीति तथा कार्यक्रमहरु केन्द्रित गर्नुपर्छ ।
- विकास, समृद्धि र सुशासन जनताको चाहना भएको हुँदा सबैले लोकतान्त्रिक मूल्य, मान्यता, संस्कार र संस्कृतिलाई आत्मसात् गर्दै आर्थिक विकासको अभियानमा लाग्नुको कुनै विकल्प हुँदैन, त्यसैले सबै तहका सरकारहरु जनआकांक्षा पूरा गर्न इमानदारका साथ आपसमा समन्वय र सहकार्य गर्दै अगाडि बढ्नुपर्छ ।
- आर्थिक विकासको गति बढाउन मानव विकासमा पनि जोड दिनुपर्छ । आर्थिक विकासमा दिगोपन ल्याउन मानवीय विकाससँग सम्बन्धित समान रुपमा बाँच्न पाउने अधिकार, मानव अधिकारको पूर्ण प्रत्यभूति, न्याय र समानता, शान्ति र स्वतन्त्रता, सहज किसिमले आधारभूत आवश्यकताको पूर्ति, स्वस्थ्य र दीर्घ जीवन, मौलिक हक र अधिकारको पूर्ण प्रत्यभूति हुने गरी सबै तहका सरकारले मिहेनतका साथ काम गर्नुपर्छ ।
- आर्थिक विकासमा सामाजिक विकासलाई विशेष ध्यान दिनुपर्छ, साथै सामाजिक अन्तर विरोधहरु, शोषण, सांस्कृतिक अतिक्रमण, धार्मिक विवाद, लैङ्गिक असमानता, जातीय विभेद आदि सामाजिक कुरीतिलाई अन्त्य गर्दै समृद्ध समाजको मार्गमा अगाडि बढाउनुपर्छ ।
- राज्यले विशेष आर्थिक क्षेत्रहरु निर्माण गरी आर्थिक विकासलाई तीव्रता दिनुपर्छ । विद्यमान स्रोत, साधन, श्रम र पुँजीको व्यवस्थित परिचालन गरी आर्थिक विकासको गतिमा तीव्रता ल्याउनुपर्छ । राजनीतिक दलहरुले आर्थिक विकासको मुद्दालाई मुख्य विषय बनाएर आर्थिक विकासको लागि प्रतिस्पर्धात्मक रुपमा काम गर्नुपर्छ । साथै दिगो आर्थिक विकासको लागि न्यूनतम साझा आर्थिक कार्यक्रम बनाउनुपर्छ र इमानदारिताको साथ सबै दलहरु प्रतिबद्ध भई कार्यान्वयनमा जोड दिनुपर्छ
- आर्थिक विकासको दिगोपनको लागि वातावरणीय सन्तुलनमा विशेष ध्यान केन्द्रित गर्दै विकास निर्माणको क्रियाकलापलाई वातावरण अनुकूल बनाई विकासका संभावनाहरुलाई फराकिलो बनाउने रणनीति लिनुपर्छ । विकासले कुनै पनि किसिमको अभाव, असुरक्षा, विनास तथा समस्याहरु निम्त्याउने काम गर्नुहुँदैन, दिगो विकास र पर्यावरणलाई पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्छ ।
- राष्ट्रको आर्थिक विकासलाई आर्थिक वृद्धिले, आर्थिक वृद्धिलाई प्रतिस्पर्धाले, प्रतिस्पर्धालाई ज्ञानशक्तिले र ज्ञानशक्तिलाई प्रविधि तथा अनुसन्धानले बल दिने भएकोले सबै तहका सरकारले यी कुरालाई ध्यानमा राखेर आर्थिक विकासको प्रक्रियामा सबै नागरिकहरूलाई क्रियाशील बनाउनुपर्छ ।

- सबै तहका सरकारले दिगो आर्थिक विकासलाई प्रोत्साहित गर्न मानव समुदायले आविष्कार गरेका सबै प्रकारका ज्ञान, प्रविधि र सूचनाहरूको व्यवस्थापन गर्दै मानवीय स्रोतलाई जीवनभर सिकिरहने ज्ञानका क्षेत्रमा क्रियाशील गराई जाँगरिला र क्षमतावान मानवीय स्रोतको विकास गर्नुपर्छ।
- आर्थिक विकास र समृद्धिका नीति तथा सिद्धान्तलाई राजनीतिक तथा प्रशासनिक क्षेत्रले इमानदारिताको साथ पालना गर्दै नैतिकता, उत्तरदायित्व, आनीबानी, मानसिकता आदिमा सकारात्मक परिवर्तन ल्याएर आर्थिक विकास र समृद्धिमा देखा परेका समस्याहरुको समाधान गर्नुपर्छ।
- आर्थिक समृद्धिको लागि अर्थतन्त्र दिगो र गतिशील हुनुपर्छ। अर्थतन्त्रलाई दिगो र गतिशील बनाउने ठुलो भूमिका र जिम्मा नीति निर्माता, नीति कार्यान्वयनकर्ता, सरकारी निकाय, निजी क्षेत्र र उद्योग व्यवसायमा लागेका व्यक्तित्वहरूको भएको हुँदा सबैले आ-आफ्नो क्षेत्रमा जिम्मेवार र जवाफदेही भएर सोच्ने र काम गर्ने परिपाटीको विकास गर्नुपर्छ।
- समृद्धिको लागि प्रदेश सरकारले लगानीकर्तालाई सुरक्षाको अनुभूति गराउँदै पुँजी प्रवाह बढाएर उत्पादनमा जोड दिने, बजार बलियो बनाउने, व्यापारलाई दिगो बनाउने, रोजगारी सिर्जना गर्ने र गरिबी क्रमिक रुपमा घटाउँदै लैजाने काममा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ।
- उच्च आर्थिक वृद्धिदरका आधार निर्माण गर्न सरकारले राजनीतिक स्थिरता र शान्तिको बाटोमा अवरोध पर्‍याउने संवैधानिक जटिलता तथा ऐन कानुनमा परिमार्जन गरी राजनीतिक स्थिरता र शान्तिको मार्ग प्रसस्त गरी मुलुकलाई दिगो आर्थिक विकास तथा समृद्धिमा अगाडि बढाउने नीति तथा कार्यक्रमहरु ल्याउनुपर्छ।
- राज्यले आन्तरिक स्रोत र साधन परिचालनको विश्वासिलो नीति लिएर जनतालाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरी छरिएर रहेको पुँजीलाई एकीकृत गरी पुँजी परिचालन गर्ने नीति लिई राष्ट्रिय पुँजी र श्रम बजारको विकास र विस्तारमा जोड दिनुपर्छ।
- पहिलो चरणमा आत्मनिर्भर अर्थतन्त्रलाई आधार बनाउने र दोस्रो चरणमा निर्यातमुखी अर्थतन्त्रलाई आधार बनाएर उत्पादनमा जोड दिँदै राज्यले सरकारी, निजी र सहकारीलाई एकीकृत रुपमा अगाडि बढाउनुपर्छ। निकासीजन्य वस्तुहरु तथा त्यसको बजार क्षेत्र पहिचान गरी आन्तरिक उत्पादन बढाएर निकासी वृद्धि गर्न पहिलो प्राथमिकता दिनुपर्छ।
- योजनाबद्ध अर्थव्यवस्थाको अभ्यास गर्दै नगर तथा ग्रामीण उद्यमीहरूलाई सरकारले प्रोत्साहन गर्ने नीति लिँदै देशमा ठुला पूर्वाधारहरु निर्माणमा राज्य स्वयंले लगानी गर्नुपर्छ। पुँजी तथा मानवीय स्रोत पलायनलाई रोकी लगानी मैत्री वातावरण बनाएर सरकारी, सहकारी तथा निजी क्षेत्रलाई लगानी बढाउन प्रोत्साहन गर्नुपर्छ।
- राज्यले लगानीको सुरक्षा गरी वैदेशिक लगानीको ढोका खोल्ने वातावरण बनाउनुपर्छ। त्यस्तै राज्यले रेमिट्यान्सलाई पुँजी निर्माणमा आकर्षित गरी सही ढङ्गले उत्पादनमूलक क्षेत्रमा सदुपयोग गरी अर्थतन्त्रलाई सबल र सुदृढ बनाउनुपर्छ।
- मुलुकमा भएका प्राकृतिक स्रोत र साधनलाई कच्चा पदार्थको रुपमा निर्यात गर्ने परिपाटीको अन्त्य गरी मुलुकमा नै औधोगिकरणको क्रान्तिलाई गति प्रदान गरी तयारी वस्तु तथा सेवा निर्यात गर्ने रणनीति बनाउनुपर्छ। त्यस्तो नीति अवलम्बन गर्दा मुलुक औधोगिकरणतर्फ अगाडि बढ्ने, रोजगारी सिर्जना हुने, कच्चा पदार्थभन्दा तयारी वस्तुको निर्याततले गुणात्मक रुपमा आयमा वृद्धि हुने गर्दछ। सकेसम्म कच्चा पदार्थबाट बढीभन्दा बढी आम्दानी दिने गुणस्तरीय मूल्य वृद्धि गर्ने वस्तुको उत्पादन गरी निर्यात गर्ने रणनीति लिनुपर्छ।
- आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न मुलुकको लागि आवश्यक औद्योगिक उत्पादनको विकास गरी आयात प्रतिस्थापन गर्दै निर्यात केन्द्रित भएर उत्पादन गर्न राज्यले औद्योगिक क्षेत्रको विकासमा जोड दिनुपर्छ। निर्यात केन्द्रित भएर उत्पादनमा जोड दिन सकिएन भने व्यापार घाटालाई सन्तुलनमा ल्याउन कठिन हुन्छ। राज्यले राष्ट्रिय पुँजीको विकासका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने, राज्य नियन्त्रित उद्योगहरुको विकासमा तीनै तहका सरकारले लगानी बढाउँदै उत्पादनमा वृद्धि गरेर रोजगारी सिर्जना गर्ने नीति लिनुपर्छ।
- राज्यले आर्थिक कूटनीतिलाई प्रभावकारी रूपमा अघि बढाउँदै वैदेशिक लगानी भित्रियाएर विदेश पलायन हुन बाध्य भएका युवालाई देशभित्रै रोजगारीका अवसर उपलब्ध गराउनुपर्छ। आन्तरिक रूपमा रोजगारीका अवसरहरू उपलब्ध गराउन सरकारी, सहकारी र निजी क्षेत्र सबैले प्रतिस्पर्धात्मक रुपमा काम गर्नुपर्छ।
- मौद्रिक नीतिमा सुधार गरी नेपाल राष्ट्र बैंकले विनिमय दर भारतको विनिमय दरको आधारमा नगरी स्वतन्त्र, सार्वभौम मुलुकको हैसियातले आफ्नै विनिमय दर तोकेर अगाडि बढ्नुपर्छ। त्यसले मौद्रिक नीतिको परनिर्भरताको अन्त्य हुने र

नेपालको अर्थतन्त्रले नयाँ गति लिनेछ । भारतीय विनिमय दरसँग स्थिर राख्ने परिपाटीले नेपाली अर्थतन्त्रमाथि भारतीय परनिर्भरता कायम रहिरहने हुँदा मुलुकको हितमा छैन, जतिसक्दो चाडो त्यसको अन्त्य गर्नुपर्छ ।

- आर्थिक क्षेत्रमा देखापरेका असहज वातावरणको अन्त्य गर्दै, आर्थिक मुद्दामा राजनीतिक सहमति जुटाएर राज्यलाई सहज निकास दिन सक्नुपर्छ ।
- संघ, प्रदेश र स्थानीय तहमा लगानीका स्रोत, साधनको पहिचान, बाँडफाँट र परिचालनका आधार तयार गरी सबै तहका सरकारले समन्वयात्मक रुपमा सहकार्य गरी समृद्धिको लक्ष्य पूरा गर्ने अभियानको नेतृत्व गर्नुपर्छ । बजेटलाई विकास र उत्पादनमा केन्द्रित गरी आर्थिक वृद्धिदर दिगो बनाउने रणनीतिमा सरकारहरु सक्रिय हुनुपर्छ ।
- राजस्व संकलन प्रणाली सेवाग्राहीमैत्री बनाई राजस्वको आन्तरिक स्रोतको दायरा बढाउँदै प्रभावकारी राजस्व परिचालन गर्ने नीति लिई प्रदेशको आय व्यवस्थित बनाउनुपर्छ । प्रादेशिक विद्युतीय कर अभिलेख प्रणाली स्थापना गरेर वित्तीय तथ्याङ्कलाई एकीकृत सूचना प्रणालीमा आबद्ध गर्नुपर्छ ।
- सार्वजनिक खर्चको मापदण्ड र कार्यविधिअनुसार वित्तीय सुशासन र सार्वजनिक उत्तरदायित्व बहन गर्दै सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी र विश्वासनीय बनाउनुपर्छ । साथै सबै वित्तीय कारोवार बैंकिङ्ग प्रणालीमा आबद्ध गरी वित्तीय सुशासन कायम गर्नुपर्छ ।
- स्रोत बाँडफाँट अन्तर्गत प्रदेश सरकारले स्थानीय तहमा अनुदानको रुपमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको अनुगमन, सुपरीवेक्षण तथा सहजीकरण कार्य जिम्मेवार भएर गर्नुपर्छ ।
- प्रदेश सरकारले आन्तरिक तथा वैदेशिक लगानी भित्राउन लगानीमैत्री वातावरण बनाई निजी क्षेत्रलाई आकर्षित गर्दै औद्योगिकरणमा जोड दिनुपर्छ । गैरआवासीय नेपालीलाई विशेष सुविधा दिएर पुँजी र सिप भित्राई प्रदेशको आर्थिक विकास र औद्योगीकरणमा आकर्षित गर्ने नीति लिनुपर्छ । साथै विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी बढाउने विश्वासिलो वातावरण बनाउनुपर्छ ।
- विकास साझेदारी संस्था तथा मुलुकहरुबाट संघीय सरकारले प्राप्त गरेको विकास सहायताको रकममध्ये प्रदेशले पाएको रकम तथा अन्य दातृनिकाय र संघसंस्थाबाट प्राप्त सहायता प्रदेश सरकारले बजेट प्रणालीमार्फत प्राथमिकताका क्षेत्रमा परिचालन गर्ने नीति लिनुपर्छ । साथै प्रदेश सरकारले दातृनिकायहरुसँग समन्वय गरी विकास सहायता जुटाउँदै संघीय सरकारको सहमतिमा प्रादेशिक विकासमा परिचालन गर्नुपर्छ ।
- प्रदेशको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको लागि आवश्यक पर्ने सार्वजनिक संस्थानहरु स्थापना गर्ने र स्थापना भएका संस्थानहरुको सञ्चालन, व्यवस्थापन, सुधार र नियमनको लागि प्रदेश सरकारले महत्वपूर्ण भूमिका खेल्नुपर्छ ।
- परियोजना बैंकको स्थापना गरी प्राथमिकता, औचित्यता र समानताको आधारमा आवधिक योजनाको प्राथमिकता अनुसार स्रोत र साधनको सुनिश्चिता गरेर पारदर्शी योजना छनोट विधिको विकास गर्दै प्रदेशको आर्थिक विकास र समृद्धिको अभियानलाई अगाडि बढाउनुपर्छ ।
- यस प्रदेशको सरकारले प्रदेश गौरवका आयोजनाहरूको बारेमा निर्णय गरिसकेको नभए तापनि प्रदेश सरकारको मध्यावधि समीक्षा २०७४/७५-२०७६/७७ मा आयोजना बैंकमा राख्न ६४ वटा आयोजनाहरूको प्रस्ताव गरिएको छ । तीमध्ये प्रमुख १० वटा आयोजनाहरूमा (१) केचना-सगरमाथा फास्ट ट्रयाक रोड, (२) सगरमाथा केबलकार (चौंरीखर्क-नाम्चे-दूधकुण्ड), (३) धरान-भेडेटार-नाम्जे केबलकार, (४) पाथीभरा केबलकार, (५) हलेसी केबलकार, (६) मधुमल्ला-मिक्लाजुङ केबलकार, (७) लेटाङ-राजारानी केबलकार, (८) धरान-मूलघाट सुरुङमार्ग, (९) बृहत् बिराटक्षेत्र चक्रपथ निर्माण र (१०) विराटनगर क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल रहेका छन् । आयोजना बैंकको अवधारणालाई जतिसक्दो चाडो कार्यान्वयनमा ल्याई प्रदेशको सामाजिक तथा आर्थिक रुपान्तरणलाई बलियो बनाउनुपर्छ ।
- दिगो तथा आत्मा-निर्भर अर्थतन्त्रको विकासमा संघीय, प्रादेशिक र स्थानीय सरकारबिच आपसी समन्वय गरी आवश्यक सहयोग आदन प्रदान गर्दै लक्ष्य अनुसार उपलब्धी हासिल गरेर राष्ट्रलाई आत्मा-निर्भर बनाउँदै परनिर्भरताको अन्त्य गर्नुपर्छ । स्वाधीन र आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि व्यापक रुपमा राष्ट्रिय पुँजीको परिचालन गरी उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्ने नीति अवलम्बन गर्नुपर्छ ।

- तीनै तहका सरकारले स्वदेशी तथा विदेशी लगानी आकर्षण गर्न नीतिगत सुनिश्चिता र सुरक्षाको प्रत्यभूति गर्नुपर्छ । राज्यले विकासको आधार तयार गरी समृद्धिमा अगाडि बढ्न स्वदेशी, प्रवासी तथा विदेशी लगानीकर्ताहरुलाई आकर्षित गर्न सक्नुपर्छ ।
- नीतिगत अस्थिरताले लगानीलाई वेफाइदा पुऱ्याउने भएको हुँदा राज्यले स्थिर लगानी नीति अगाडि ल्याई वैदेशिक लगानी आकर्षित गर्न संस्थागत तथा नीतिगत सुधार र स्थायित्वको विश्वास लगानीकर्तालाई दिलाउन सक्नुपर्छ ।
- कुशल कूटनीतिक रणनीति अपनाएर अन्तर्राष्ट्रिय जगतमा नेपालको पहिचान मजबुत बनाउँदै मुलुकलाई समृद्धिमा अगाडि बढाउन वैदेशिक सहयोग बढाउने, प्रत्यक्ष वैदेशिक लगानी भित्रियाउने, पर्यटन प्रवर्द्धन गर्ने, व्यापार विस्तार गर्ने कार्यमा कूटनीतिज्ञहरुले विशेष पहल गर्नुपर्छ ।
- मुलुकमा उत्पादित मानवीय स्रोतलाई जागिर र वैदेशिक रोजगारमा मात्र केन्द्रित नगरी स्वदेशमा नै उद्यमशील बनाएर देशलाई परनिर्भरताबाट आत्मनिर्भरताको बाटोमा अगाडि बढाउने संस्कृतिको विकासमा राज्यले जोड दिनुपर्छ । औद्योगिक क्षेत्रको विकासको लागि औद्योगिक पूर्वाधार, सुमधुर श्रम सम्बन्ध, ऊर्जा तथा औद्योगिक कच्चा पदार्थको नियमित आपूर्ति र बजारको व्यवस्थापनको लागि राज्य र निजी क्षेत्र मिली स्वःस्फूर्त रुपमा मुलुकलाई औधोगीकरणको बाटोमा अगाडि बढाउनुपर्छ
- ग्रामिण क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण गरी औद्योगिकरण गर्ने र कृषिको आधुनिकीकरण र व्यवसायिकरण गर्दै सहरलाई ग्रामिण भेगतिर आकर्षित गर्ने रणनीतिक योजना बनाउनुपर्छ । कृषि क्षेत्रको विकास गर्न ठुला कृषि फर्महरु सञ्चालनको लागि प्रोत्साहन गर्दै साना कृषकहरुलाई समूहमा र सहकारीमा आबद्ध गरी क्रमिक रुपमा आधुनिक ठुला कृषि फर्म सञ्चालन गर्न राज्यले सहयोग र प्रोत्साहन गर्नुपर्छ ।
- नेपाली नियोगहरूमार्फत् विभिन्न मुलुकमा पर्यटन प्रदर्शनी, व्यापार मेला, एक्स्पो, व्यापारीहरूबिच द्विपक्षीय प्रतिनिधिमण्डलहरूबिच भेटघाट, छलफल तथा संस्थागत सम्बन्ध स्थापना गराउन आर्थिक कूटनीति सबल बनाउनुपर्छ ।
- राज्यको स्रोत-साधन कसरी सही ढङ्गले सदुपयोग गर्ने, निजी तथा सहकारीको लगानी कसरी आकर्षित गर्ने र आर्थिक चक्रमा उनीहरूको भूमिकालाई कसरी बढाउने भन्ने नीति राज्यले अगाडि ल्याउनुपर्छ ।
- राज्यद्वारा संचालित अर्थात् नियन्त्रित उद्योग तथा कलकारखाना, व्यवसायिक फर्मलाई निजीसँग प्रतिस्पर्धी गर्ने, लक्ष्यअनुसार प्रतिफल दिन सक्ने र जनतालाई सेवा प्रदान गर्ने गरी विकास गर्नुपर्छ । राज्य नियन्त्रित उद्योग तथा कलकारखाना, व्यवसायिक फर्मले पहिलो प्राथमिकता राष्ट्रिय आवश्यकतामा जोड दिँदै अर्थतन्त्रलाई सबल, स्वाधीन र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नुपर्छ ।
- वित्तीय सुशासन कायम गर्न राज्यका सबै अंगहरु पारदर्शी, जवाफदेही, मितव्ययी हुनु अनिवार्य छ, वित्तीय सुशासनलाई राज्यको मेरुदण्डको रुपमा लिएर सबैले आ-आफ्नो क्षेत्रबाट सुशासन कायम गर्न इमानदारिताको साथ काम गर्नुपर्छ । वित्तीय सुशासन कायम गर्न सबै तहका सरकारले कडाइका साथ काम गर्नुपर्छ ।
- आर्थिक समृद्धिको लागि पूर्व सर्तको रुपमा राज्यले आर्थिक लगानीको वातावरण बनाउनुपर्छ, उद्योगी व्यवसायीहरु पारदर्शी र इमानदार हुनुपर्छ, साथै औद्योगीकरणलाई प्राथमिकतामा राखेर निजी क्षेत्रलाई आकर्षित गरी आर्थिक समृद्धि र दिगो विकासमा अगाडि बढाउने नीति राज्यले लिनुपर्छ ।
- स्वदेशी लगानीकर्तालाई लगानीको लागि तयार गरी राष्ट्रिय पुँजी निर्माणमा जोड दिनुपर्छ, साथै प्रत्यक्ष वैदेशिक लगानी तथा प्रवासी नेपालीको पुँजीलाई पनि एकीकृत गरी अन्तर्राष्ट्रिय पुँजी भित्राउन पनि राज्यले मिहेनतका साथ काम गर्नुपर्छ । सरकारले वाह्य र आन्तरिक दुवै लगानीलाई समान अवसर र वातावरणको सुनिश्चितता गर्नुपर्छ ।
- दिगो तथा आत्मा-निर्भर अर्थतन्त्रको विकास नभएसम्म वैदेशिक हस्तक्षेत्र विभिन्न बहानामा हुने हुँदा दिगो तथा आत्मा-निर्भर अर्थतन्त्रको विकास गरी स्वाधीन राष्ट्रको रुपमा पहिचान बनाउन सक्नुपर्छ ।
- दिगो तथा आत्मा-निर्भर अर्थतन्त्रको विकासमा संघीय, प्रादेशिक र स्थानीय सरकारबिच आपसी समन्वय गरी आवश्यक सहयोग आदन प्रदान गर्दै लक्ष्य अनुसार उपलब्धी हासिल गरेर राष्ट्रलाई आत्मा-निर्भर बनाउँदै परनिर्भरताको अन्त्य गर्नुपर्छ ।

- समृद्धिको लागि चाहिने सबभन्दा ठुलो आधार भनेको अर्थ अर्थात् पुँजी हो, पुँजी निर्माणको लागि प्राकृतिक र मानवीय संसाधन महत्वपूर्ण साधन भएको हुँदा ती साधनको व्यवस्थापन तथा परिचालनमा राज्यले विशेष रुपमा ध्यान दिनुपर्छ।
- नेपाली जनतामा छरिएर रहेको पुँजीलाई एकीकृत गर्दै पुँजी लगानीमा राज्यले लगानीमैत्री वातावरण बनाउने, राज्यले लगानी गर्ने ठुला आयोजना तथा उद्योगमा सर्वसाधारणको लगानी बढाउने वातावरण तयार गरी पुँजीको परिचालन गरी अधिकतम प्रतिफल निकाल्न सक्नुपर्छ।
- देशभित्रका उद्योगी तथा व्यापारीहरूलाई मुलुक बनाउने आर्थिक समृद्धिको अभियानलाई सघाउन राज्यले उनीहरुको मनोबल उच्च बनाउँदै सबैले आ-आफ्ना ठाउँमा इमानदार भएर काम गर्ने वातावरण निर्माण गर्नुपर्छ।
- लीजमा सञ्चालन भएका कृषि फर्मलाई बैंकहरुले धितोको कारण लगानी नगर्ने समस्या भएकोले समाधानको वैकल्पिक व्यवस्था गरी लगानी गर्ने वातावरण मिलाउन सरकारको तर्फबाट नीतिगत सुधारमा पहल गर्नुपर्छ।
- प्रदेशको अधिकारको सूचीमा नेपाल राष्ट्र बैंकको नीति अनुरुप वित्तीय संस्थाहरुको सञ्चालन गर्न पाउने अधिकार भएको हुँदा प्रदेशस्तरका वित्तीय संस्थाहरुको व्यवस्थापन, सुधार र नियमन गरी प्रदेशको वित्तीय क्षेत्रलाई सुदृढ गर्दै समृद्ध प्रदेश बनाउने नीति अवलम्बन गर्नुपर्छ। प्रादेशिक बैंकको सम्भाव्यता अध्ययन गरी स्थापना गरेर सञ्चालन गर्दै प्रदेशको वित्तीय व्यवस्थापनलाई बलियो बनाउनुपर्छ।
- प्रदेश सरकारले अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा व्यवस्था भएअनुसार संघीय सरकारसँग स्वीकृति लिएर आन्तरिक ऋण लिन सक्ने भएकोले विशेषत उच्च प्रतिफल दिने प्रादेशिक गौरवका आयोजनाहरु सञ्चालन गर्न उक्त ऋण लिई आयोजनाहरु कार्यान्वयन गर्नुपर्छ। संघीय सरकारको सहमतिमा वैदेशिक अनुदान र सहयोग जुटाई लगानी अभिवृद्धि गर्नुपर्छ।
- कर प्रणालीलाई स्वच्छ, तटस्थ एवं पारदर्शी रुपमा विकास गर्दै बोझिलो करका दर घटाउने, कर योग्य क्षेत्रमा करको दायरा बढाउने, करको दर लगानीमैत्री बनाउने, कर प्रशासनलाई सुदृढीकरण गर्ने र कर चुहावट नियन्त्रण गर्नुपर्छ। त्यस्तै कर नीति, कर कानुन र कर प्रशासनलाई सकेसम्म स्थिर, पारदर्शी, सहज र अनुमानयोग्य बनाउनुपर्छ।
- बैंकिङ्ग कारोवार गर्दा आयस्रोत खुलाउने पर्ने रकमको सिलिङ्ग समयसापेक्ष बढाउँदै लैजानुपर्छ। बैंकमा रकम जम्मा गर्न सहज बनाई बजारमा तरलताको अभाव हुन नदिने वातावरण बनाउनुपर्छ। साथै व्यवसाय सञ्चालकलाई व्यवसाय सञ्चालनमा पारदर्शिता अपनाउन व्यवसायिक सुशासन र सामाजिक उत्तरदायित्व वहन गर्ने नीति तथा कार्यक्रम ल्याउनुपर्छ।
- अवैध रुपमा सञ्चालनमा आएको क्रिप्टोकरेन्सीमा यो प्रदेशका नागरिकले पनि ठुलो लगानी गरेको अनुमान गरिएको छ, क्रिप्टो मुद्रा प्रचलनमा ल्याउने नीति तथा कानुन बनाउने सम्बन्धमा बहस गर्दै संघीय सरकारलाई आवश्यक सुझाव दिने र ठोस नीति तथा कानुन बनाएर लागु गर्नुपर्छ।
- सहकारी अर्थतन्त्रको महत्वपूर्ण खम्ब भएको हुँदा महिलाहरुलाई सहकारीमा सहभागिता गराउन सरकारी तहबाट प्रोत्साहन गर्नुपर्छ। समग्रमा महिलाहरु क्रियाशील भएका सहकारीहरु अन्य सहकारीहरुभन्दा आर्थिक रुपान्तरणमा अगाडि देखिएका कारण महिला सहकारीलाई प्रोत्साहन गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नुपर्छ।
- आर्थिक रुपमा पिछडिएका विपन्न वर्ग, महिला, दलित, आदिवासी, जनजाति, द्वन्द्वपीडित, अपाङ्ग, घाइते परिवार, युवा, परम्परागत सीप भएका जातजातिलाई व्यवसायिक बनाउन, कृषिजन्य उद्योग वा सेवामूलक स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सहकारीमार्फत् अनुदान तथा न्यून ब्याजदरमा लगानी गरी आर्थिक रुपमा माथि उठाउनुपर्छ।
- सहकारीलाई प्रादेशिक र स्थानीय स्तरमा विभाजन गरी आ-आफ्नो कार्यक्षेत्रमा आर्थिक विकास र समृद्धिका कार्यक्रमहरु द्रुत गतिमा अगाडि बढाउने नीति राज्यले लिनुपर्छ। स्थानीय र प्रादेशिक सहकारीको स्वरुप क्षेत्रगत रुपमा मात्र भिन्नता नभए संरचनागत रुपमा पनि भिन्नता हुनुपर्छ।
- सहकारीलाई लघु, घरेलु तथा मझौला उद्योग सञ्चालन गर्न, कृषि तथा गैरकृषि उपजको प्रशोधन गर्न, भण्डारण गर्न, बजारीकरण गर्न, जनशक्तिको क्षमता विकास गर्न लगायत समुदायको जीवनस्तर उठाउने काममा क्रियाशील गराई अर्थतन्त्रको विकासमा जोड दिनुपर्छ।

- प्रदेश अन्तर्गत रहेका बचत तथा ऋण सहकारी र ठुला लगानीका सहकारी संस्थाहरुमा प्रभावकारी नियमनको व्यवस्था गरी सेयरधनीहरुलाई वित्तीय जोखिमबाट बचाउने नीति लिँदै संस्थागत वित्तीय सुशासन कायम गर्न जोड दिनुपर्छ। साथै नविनतम सूचना प्रविधिको प्रयोगमा जोड दिँदै सूचना प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्छ।
- सहकारी संस्थाहरुलाई विषयगत रुपमा उद्योग स्थापना गर्न तथा व्यापार गर्नको लागि लगानी बढाउने नीति ल्याई प्रोत्साहन गर्नुपर्छ। साथै सहकारी संस्थाको कार्यक्षेत्र विस्तार गर्न विद्यमान सहकारी ऐनमा परिमार्जन गरी स्थानीय तहमा बचत तथा ऋणसहकारी वाहेक अन्य क्षेत्रमा साना पाँच जनासम्मले दर्ता गर्न सक्ने गरी लघुसहकारी संस्था खोल्न पाउने व्यवस्था गरी सहकारीमार्फत आर्थिक विकासको अभियान सञ्चालन गर्नुपर्छ।
- लघुसहकारीको दर्ता तथा खारेजी वडा कार्यालयमार्फत गर्ने व्यवस्था गरी टोलटोलमा विविध विषगत सहकारीको अभियान चलाउँदै लघुसहकारीलाई प्रारम्भिक सहकारीको रुपमा विकास गरी हालका सहकारीलाई द्वितीय सहकारीको रुपमा विकास गर्नुपर्छ।
- लघु सहकारीमार्फत् विपन्न परिवार, भूमिहीन, पिछाडिएको क्षेत्र, सीमान्तकृत वर्ग, छरिएर रहेको बस्तीमा सानो सानो बचतलाई समेटी व्यवसायिक बनाउन स्थानीय तहले प्रदेश र संघीय सरकारसँग सहकार्य गर्दै पुँजी निर्माण र प्राविधिक सहयोग जुटाउनुपर्छ। सानो संख्याको सहकारी बन्दा सदस्यहरुको मन मिल्ने, निर्णय लिन सहज हुने, थोरै परिवार रहेको विकट ठाउँ तथा टोल टोलमा सहकारी खोल्न सकिने, हालका सहकारीले समेट्न नसकेको क्षेत्र, पेसा र व्यवसायलाई समेट्न सकिने भएको हुँदा स्थानीय तहमा लघु सहकारीलाई मान्यता दिएर समृद्धिको आधार तयार गर्नुपर्छ।
- स्वच्छ, सुखी र समुन्नत प्रदेशको मूल नारालाई साकार बनाउन आर्थिक वृद्धिका संवाहक क्षेत्रहरु कृषि, पर्यटन, ऊर्जा, औद्योगिकरणलाई आर्थिक विकास र समृद्धिको विशेष आधार बनाई योजनाबद्ध ढंगले कार्यान्वियानमा अगाडि बढ्नुपर्छ।
- प्रदेश सरकारले आफ्नो प्रदेशभित्रको आर्थिक विकास र समृद्धिका सम्भावना र सम्भाव्यताको निरन्तर खोजी गरी कार्यान्वयनको लागि ब्रिज सरकारको भूमिका निर्वाह गर्नुपर्छ। प्रदेशको समग्र विकास र समृद्धिको लागि प्रदेश सरकारले विज्ञहरूको राय सुझावको आधारमा गुरूयोजना बनाई तत्कालीन, अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना निर्माण गरी कार्यान्वयनमा जोड दिनुपर्छ।
- आफ्नो प्रदेशमा रहेका विविध प्राकृतिक स्रोत, साधन अर्थात् प्राकृतिक सम्पदालाई भरपुर उपयोग गर्दै मुलुकलाई आर्थिक समृद्धिमा लैजान प्रदेशले आफ्नो तर्फबाट सम्पन्न गर्न सक्ने आयोजनाहरु आफैँ गर्ने तथा स्थानीय सरकारले सम्पन्न गर्नुपर्ने आयोजनाहरुमा स्थानीय सरकारलाई आवश्यक सहयोग जुटाई नजिकको अविभावकको भूमिका निर्वाह गर्नुपर्छ।
- प्रदेशको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास र समृद्धिको लागि संघीय सरकारको भूमिका प्रभावकारी बनाउन प्रदेश सरकारले आफ्ना योजना र कार्यक्रमहरुको प्राथमिकीकरणका आधारमा समन्वय गरी बढीभन्दा बढी योजनाहरु ल्याउने रणनीतिका साथ लाग्नुपर्छ।
- आर्थिक विकास र समृद्धिको लागि प्रादेशिक तहले सुशासनको मेरुदण्डको रुपमा काम गरी आफ्नो तह र स्थानीय तहमा सुशासन कायम गर्न तथा भ्रष्टाचारलाई शून्यमा झार्न विशेष अधिकार प्रत्यायोजन गरिनुपर्छ।
- प्रदेश सरकारले आफ्नो भूमिका बढाउन आफ्नो प्रदेशका स्थानीय जनप्रतिनिधिहरुलाई जनताको पक्षमा सधैँ काम गर्न प्रशिक्षित गर्नुपर्छ। स्थानीय तहमा हस्तक्षेप हैन स्थानीय तहको भूमिका बढाउन आवश्यक कानुनहरु बनाई सहयोगी भूमिका प्रदेश सरकारले गर्नुपर्छ।
- कर प्रणालीलाई स्वच्छ, तटस्थ एवं पारदर्शी रुपमा विकास गर्दै बोझिलो करका दर घटाउने, कर योग्य क्षेत्रमा करको दायरा बढाउने, करको दर लगानीमैत्री बनाउने, कर प्रशासनलाई सुदृढीकरण गर्ने र कर चुहावट नियन्त्रण गर्ने नीति लिनुपर्छ। त्यस्तै कर नीति, कर कानुन र कर प्रशासनलाई सकेसम्म स्थिर, पारदर्शी, सहज र अनुमानयोग्य बनाउनुपर्छ।
- विज्ञहरुको राय र सुझावअनुसार आवश्यकता र औचित्यको आधारमा आर्थिक नीति, व्यापारिक नीति, मौद्रिक नीति र बैङ्किङ नीतिहरुमा सुधार गरी संघीयतामा अर्थतन्त्रको जग बलियो बनाउँदै लैजानुपर्छ। संघीयता भएका मुलुकको अनुभवलाई संगालेर सफलताका साथ अर्थतन्त्रलाई हाक्न सक्नुपर्छ।

- निर्यात प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय बजारको अध्ययन गरी दिगो र भरपर्दो बजारको खोजी गरी बजारको माग अनुसार प्रतिस्पर्धी तथा गुणस्तरीय सेवा र वस्तुहरुको उत्पादनमा जोड दिँदै निर्यात बढाउनुपर्छ । देशलाई आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुदेखि निर्माण सामग्रीहरु देशभित्रै उत्पादन गरी दिगो रुपमा आत्मनिर्भर बन्ने नीति अवलम्बन गर्नुपर्छ ।
- पुँजी परिचालनको लागि वैदेशिक रोजगारी गएका, नेपाली मूलका गैर नेपाली, प्रत्यक्ष वैदेशिक लगानी, वैदेशिक सहयोग तथा ऋण, सरकारी, सहकारी, निजी क्षेत्र, गैरसरकारी संघ संस्थाहरु र जनताको बचतलाई सही ठाउँमा सुरक्षित लगानीको प्रत्याभूति हुने गरी राज्यले व्यवस्थापन गर्नुपर्छ ।
- आर्थिक गतिविधि प्रोत्साहित नगर्ने तथा आम जनतामा बोझका रुपमा रहेका विद्यमान करका दरमा वेलावेलामा कटौती गर्दै करको दायरा फराकिलो बनाउँदै जनतालाई सहजरुपमा सहभागिता गराई कर तिर्ने आदतको विकास गरी राजस्व बढी उठाउन सक्नुपर्छ । कर कानुनको परिपालनमा जोड दिँदै कर चुहावट, छलीलाई कडाइका साथ रोक्नुपर्छ । सीमा नाकाबाट भइरहेको अवैध व्यापार र तस्करीलाई कडाइका साथ नियन्त्रण गर्दै राजस्व चुहावट हुन दिनुहुँदैन ।
- प्रदेशले आफूले पाएको अधिकारको प्रयोग संघीय तथा स्थानीय तहको बिचमा बसेर केन्द्रसँग सहकार्य तथा स्थानीय तहसँग समन्वय एवं सहजीकरण गरेर कर प्रणालीलाई व्यवस्थित बनाउन मध्यस्तको भूमिका निर्वाह गर्नुपर्छ ।
- संघीयतालाई बलियो बनाउन प्रदेशको भूमिका महत्वपूर्ण हुने हुँदा आर्थिक कारणले संघीयता धरापमा नपरोस् भनेर प्रदेशले अर्थतन्त्रको जग बलियो बनाउन कर प्रणालीमा देखा परेका समस्याहरु समाधान गर्दै उन्नत कर प्रणालीको विकासमा जोड दिनुपर्छ ।
- सूचना प्रविधिको विकासले आर्थिक विकास र समृद्धिको क्षेत्रमा ठुलो टेवा पुग्ने भएको हुँदा राज्यले सूचना प्रविधिलाई प्राथामिकताको क्षेत्रमा राखी विश्वमा विकसित सूचना र प्रविधीको प्रयोग र प्रवर्द्धनमा जोड दिनुपर्छ ।
- सूचना प्रविधिमा आधारित सेवा तथा सफ्टवेयरको बजार संसारभरी नै रहेको छ, सानो लगानीबाट ठुलो आम्दानी गर्न सूचना प्रविधिमा आधारित सेवा तथा सफ्टवेयरको विकास र बजारीकरणको प्रवर्द्धनमा विशेष जोड दिनुपर्छ ।
- उपलब्ध हुनसकेसम्म स्वदेशमा उत्पादित सफ्टवेयरको प्रयोग सरकारी, निजी क्षेत्रमा प्रयोग गर्ने परिपाटीको विकास गरी सफ्टवेयरको क्षेत्रमा आत्मनिर्भर हुने र विश्व बजारको मागलाई ध्यान दिई आफ्ना सफ्टवेयरका उत्पादन बिक्री गरी समृद्धिको अभियानमा अगाडि बढ्नुपर्छ ।
- प्रदेशको आर्थिक विकासको स्पष्ट र एकीकृत सोच अगाडि सारेर सबै क्षेत्र क्रियाशील भई प्रदेशको आर्थिक विकास र समृद्धिको अभियान चलाउनुपर्छ ।
- कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्ने कार्यलाई गतिशील बनाउँदै वैज्ञानिक भू-उपयोग नीतिको रणनीति र कार्ययोजनालाई प्रभावकारी ढंगले लागु गर्ने नीति तथा कार्यक्रमहरु ल्याउनुपर्छ ।

## २. **कृषि तथा पशुपालन** (Agriculture and Animal Husbandry)

यो प्रदेश कृषि उत्पादन र उत्पादकत्वको दृष्टिकोणले भर्वर भूमि हो । कृषि क्षेत्रमा यस प्रदेशको २३ प्रतिशत भूमि पर्दछ । तराईका तीन जिल्ला उत्पादनका आधारमा अन्नको भण्डार नै हुन भने पहाडी तथा हिमाली जिल्लाहरु पनि उत्पादनमा अगाडि रहेका छन् । यस प्रदेशमा उत्पादन भएको खाद्य पदार्थले प्रदेशलाई आत्मनिर्भर बनाई निर्यात गर्ने अवस्थामा रहेको छ । चिया र अलैची उत्पादनमा यो प्रदेश अब्बल प्रदेशको रुपमा रहेको छ । सुन्तला, किवी, एवोकाडो लगायात विभिन्न फलफूलहरुको उत्पादनमा यो प्रदेश अगाडि नै रहेको छ । प्रदेशको कृषि क्षेत्र व्यावसायीकरण, आधुनिकीकरण, विविधीकरणको अभियानमा अगाडि बढ्दै गए पनि सिँचाइ, मल, बिउँ, भण्डारण, बजारीकरणको अभाव रहेको छ । साथै कृषियोग्य भूमिलाई आवासको रुपमा खण्डीकरण गरिनु जस्ता गतिविधिले कृषि क्षेत्रमा समस्या सिर्जना गर्दै ल्याएको छ । कृषि क्षेत्रको विकास र प्रवर्द्धन गर्न विकसित मुलुकले कृषिको आधुनिकीकरणमा ल्याएको नयाँनयाँ प्रविधिलाई भित्राउँदै कृषि क्रान्तिमार्फत् प्रदेशलाई कृषिमा नमुना प्रदेश बनाउने रणनीति अगाडि सारेर कार्यान्वयनमा जान सक्नुपर्छ । कृषि क्षेत्रको विकासको लागि सैवैधानिक रुपमा गरिएको व्यवस्था तथा गर्नुपर्ने अन्य सुधारका केही नीतिगत कुराहरु बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

- कृषि क्षेत्रमा राज्यले लिनुपर्ने नीतिहरु, तहगत सरकारका अधिकारहरुको परिधिभित्र रहेर कृषि सम्बन्धी रणनीति, नीति तथा कार्यक्रमहरु ल्याउनुपर्ने भएकोले संविधानमा गरिएको व्यवस्थाबारे नीति निर्माताले ध्यान दिनुपर्छ ।

- नेपालको संविधानको धारा ५१ मा राज्यको नीतिहरुमा कृषि सम्बन्धी नीतिमा (१) किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, (२) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने कुरा उल्लेख गरिएको छ।
- संविधानमा राज्यका नीतिहरु अन्तर्गत कृषि सम्बन्धी नीतिमा (१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, (२) किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, (३) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने कुरा उल्लेख भएको हुँदा सरकारले कृषिलाई पहिलो प्राथमिकतामा राखेर कृषि क्रान्तिको अभियान चलाउनुपर्छ।
- सामाजिक न्यायको हकमा प्रत्येक किसानलाई कानुन बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनोट र संरक्षणको हक हुनेछ भनिएको छ।
- नेपालको संविधानमा कृषिलाई संघ प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राखिएको छ भने कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ, कृषि प्रसार व्यवस्थापन, सञ्चालन र संकलनलाई स्थानीय तहको अधिकारको सूचीमा राखिएको छ। संविधानले दिएको अधिकारको जगमा टेकेर कृषि क्षेत्रको विकासमा तीनै तहका सरकारले जिम्मेवारीका साथ ठोस नीति तथा कार्यक्रम ल्याएर काम गर्नुपर्छ।
- कृषि क्षेत्रमा स्थानीय तहले प्रदेश र संघीय सरकारसँग समन्वय र सहकार्य गर्दै कृषिको व्यवसायीकरण, विविधीकरण, औद्योगिकरण र आधुनिकीकरणमा जोड दिँदै बजार, भण्डारण, प्रचारको उचित व्यवस्थापन मिलाउनुपर्छ। साथै पशुपंक्षीपालन, मत्स्यपालन, मैरीपालन लगायतका क्षेत्रमा पनि व्यवसायिक बनाउने नीति तथा कार्यक्रम ल्याउँदै किसानलाई निरन्तर प्रोत्साहित गर्ने रणनीति लिनुपर्छ।
- यस प्रदेशमा रहेका झापा, मोरङ र सुनसरी सर्वाधिक धान उत्पादन हुने नेपालका पाँच जिल्लामध्ये तीन जिल्ला पर्छन्। खाद्यान्न, मासुजन्य तथा दुग्धजन्य उत्पादनको दृष्टिकोणबाट यो प्रदेश आत्मनिर्भर रहनुको साथै धान, मकै, कोदो, गहुँ, जौ र फापर निकासी गर्न सक्ने अवस्थामा रहेको हुँदा निकासी योग्य थप अन्नवालीको पहिचान गरी व्यवसायिक कृषि प्रणालीलाई प्रोत्साहन गर्दै उत्पादन र उत्पादकत्व बढाउने नीति तथा कार्यक्रम ल्याउनुपर्छ।
- साना तथा मध्यम वर्गीय किसानको पहिचान गरी कृषिमार्फत् समृद्धि चुम्न किसानले अंगालेको कृषि तथा पशुपालनको क्षेत्रमा आर्थिक अनुदान, प्राविधिक सहयोग जुटाउनुको साथै नयाँ प्रविधि प्रयोगमा अगाडि बढाउने रणनीति लिनुपर्छ।
- कृषि भण्डारण, प्रशोधन, बजारीकरणमा जोड दिन स्थानीय तहमा नै भण्डारण तथा प्रशोधनको व्यवस्थापन गरी बजारीकरणमा सरकारी निकाय, सहकारी, कृषि उद्यम केन्द्र तथा उद्योग वाणिज्य संघलाई विशेष जिम्मेवारीका साथ अगाडि बढाउनुपर्छ। किसानलाई सूचना र प्रविधिमा जोडेर कृषि सम्बन्धी जानकारी दिने व्यवस्था गर्दै बजारीकरणमा इ-मार्केटिङ्ग प्रणालीमा आबद्ध गर्नुपर्छ।
- किसान तथा कृषि फर्मलाई पशुपालनमा प्रोत्साहन गर्दै दुग्धजन्य तथा मासुजन्य उत्पादनमा प्रदेशलाई अब्बल बनाउँदै प्रदेशलाई बढी भएको उत्पादनलाई अन्य प्रदेश तथा अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन दुधबाट धूलो दुध, मिठाइ, चिज, छुर्पी आदि उत्पादन गर्नुपर्छ। साथै मासुको बजार ध्यानमा राखेर नविनतम प्रविधिको प्रयोग गरी प्रशोधन र प्याकेजिङ्गको व्यवस्था गरी बजारमा लैजानुपर्छ।
- कृषि क्षेत्रको विकासको लागि निजी तथा साझेदारी फर्मलाई प्रोत्साहन गर्न फर्मको लागि आवश्यक पर्ने उपकरण तथा सामाग्रीहरुमा कर छुटको व्यवस्थालाई सहज बनाउँदै निरन्तरता दिनुपर्छ। साथै वाली तथा पशुपंक्षी विमा योजना किसानको हितलाई ध्यानमा राखेर अनुदान दिने रणनीतिलाई निरन्तरता दिनुपर्छ।
- कृषि क्षेत्रमा आवश्यक औजारहरुको प्रयाप्तताको लागि प्रदेश सरकारले कृषि औजार कारखाना स्थापना गरी कृषि क्षेत्रलाई आवश्यक पर्ने आधुनिक प्रविधियुक्त औजार उत्पादन गरी कृषि औजारमा आत्मनिर्भर हुने रणनीति ल्याउनुपर्छ। कृषिमा आएको आधुनिकीकरणलाई आत्मसात् गर्दै कृषि प्रविधिमा विविधीकरण गर्ने नीति अवलम्बन गर्नुपर्छ।

- रासायनिक मलको कारखाना खोल्न निजी क्षेत्रलाई प्रोत्साहन गरी रासायनिक मलमा प्रदेश आत्मनिर्भर हुँदै अन्य प्रदेशमा निकासी गर्ने लक्ष्यसहितको रणनीति लिनुपर्छ।
- सिँचाइ खेतीयोग्य जमिनको अधिकार स्थापित गर्न सिँचाइका नयाँनयाँ प्रविधिहरुको प्रयोग गरी कम पानीले बढी सिँचाइ गर्ने कार्यक्रम ल्याई सिँचाइमा नमुना प्रदेश बन्ने नीति अवलम्बन गर्नुपर्छ। साथै सम्भाव्यता अध्ययन भएका स्थानहरुमा सिँचाइ आयोजना सञ्चालन गर्दै आवश्यक पूर्वाधारको विकास गर्नुपर्छ।
- सिँचाइका लागि विकल्प नरहेका खोलानालालाई कृषि उत्पादनमा प्रयोग गर्न विद्युत् उत्पादन गर्ने क्षेत्र निर्धारण गर्ने नीति लिई जलस्रोतलाई कृषिमा प्राथमिकता दिनुपर्छ। उत्पादन वृद्धि गर्न सिँचाइको अभाव हटाउँदै कृषि योग्य भूमिमा प्रयाप्त सिँचाइको व्यवस्था गरेर युवाशक्तिलाई आधुनिक कृषि प्रणालीमा आकर्षित गर्नुपर्छ।
- सिँचाइको सही व्यवस्थापन गरी कृषि योग्य भूमिमा सुख्खा समयमा पनि पानीको अभाव हुन नदिने, आधुनिकीकरण, यान्त्रिकीकरणको माध्यमबाट कमभन्दा कम मानव श्रम प्रयोग गरी बढी लाभ लिने गरी यातायात र अन्य पूर्वाधारको विकास गरी कृषि प्रणालीमा सुधार गर्नुपर्छ ।
- जैविक उत्पादनमा किसानलाई प्रोत्साहन गर्न जैविक उत्पादनको बजारको व्यवस्थापन प्रदेशका विभिन्न स्थानमा गरिदिनुपर्छ। जैविक उत्पादनको परीक्षण र ब्राण्डिङ्गमा आवश्यक सहयोग तीन वटै सरकारले मिलेर काम गर्नुपर्छ। जैविक मलको प्रवर्द्धन गर्न र आत्मनिर्भर रहन कुहिने फोहरबाट जैविक मल बनाउने आधुनिक नविन प्रविधि भित्राउने र जैविक मल बनाउने नीति लिनुपर्छ।
- कृषिजन्य वस्तुको आयात प्रतिस्थापन गर्न तथा निर्यात प्रवर्द्धन गर्न कृषिजन्य वस्तुमा आत्मनिर्भर रहने नीति अवलम्बन गर्दै निर्यातको लागि पहिचान भएका कृषीजन्य वस्तुको उत्पादन र बजारीकरणमा जोड दिनुपर्छ।
- कृषि क्षेत्रमा दिँदै आएको कृषि अनुदानमा गम्भीर समीक्षा तथा मूल्यांकन गरी, अनुदानलाई वास्तविक किसानको हितमा प्रयोग गरी उत्पादनमा वृद्धि गर्ने विधिलाई अवलम्बन गर्दै कार्यान्वयनमा ल्याउनुपर्छ। साथै कृषिलाई बढवा दिन सेवा क्षेत्रमा कृषिलाई जोड्दै कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान बढाउनुपर्छ।
- सामूहिक खेतीको लागि जमिनको व्यवस्थित व्यवस्थापन गर्न भूमि बैंकको अवधारण ल्याई जग्गाधनी र खेतीमा लागेका समूहबिच दुबै पक्षलाई मार नपर्ने गरी जमिनको व्यवस्थापन गर्ने, जग्गाधनीले जग्गा विक्री गर्न पाउने तर जुन प्रयोजनको लागि जग्गा दिएको हो त्यसै शर्त अनुसार खरिदकर्ताले खरिद गर्नुपर्ने नीति अवलम्बन गरी खरिदविक्रीलाई स्वतन्त्रपूर्वक बजारमा छाडिदिनुपर्छ। ठाउँ अनुसार खाली जमिनको वैकल्पिक उपयोग गर्ने नीति अगाडि सार्नुपर्छ।
- कृषिमा निर्भर अनुत्पादक जनशक्तिलाई उद्योग तथा सेवामा आकर्षण गर्न आवश्यक सिप तथा क्षमताको विकास गरी उत्पादनमा जोड्ने नीतिलाई प्राथमिकतामा राखेर खेर गएको श्रमशक्तिको सही सदुपयोग गरी उत्पादन बढाउनुपर्छ। साथै कृषिलाई दिगो बनाउन आवश्यक पूर्वाधारको विकास र बिस्तारमा जोड दिँदै कृषिको नमुना प्रदेश बनाउने रणनीति अगाडि सार्नुपर्छ।
- स्थानीय उत्पादनलाई प्राथमिकतामा राखेर स्थानीय उत्पादनमा आधारित साना तथा मझौला उद्योगहरु विकास गर्ने नीति अगाडि सार्नुपर्छ। सार्वजनिक, निजी, सहकारी तथा साझेदारीमा ग्रामीण औद्योगीकरणको अभियानमा जोड दिनुपर्छ।
- कृषि उत्पादनको प्रशोधन गर्ने, प्याकेजिङ्ग गर्ने, भण्डारण गर्ने, बजारीकरण गर्ने व्यवस्थालाई व्यवस्थित बनाई गुणस्तरीय वस्तुको निर्यात गर्ने नीति लिनुपर्छ। बजार व्यवस्थापन गर्न बजारकेन्द्रहरुको साथै गोदाम तथा चिस्यान केन्द्रहरुको पूर्वाधार विकासमा जोड दिनुपर्छ।
- कृषि बजारको व्यवस्थापनमा तीनै तहका सरकारहरुले आपसमा मिलेर आ-आफ्नो क्षेत्रको बजार विकास गरी कृषि उत्पादनलाई प्रवर्द्धन गर्नुपर्छ।
- स्थानीय तहले आफ्ना पालिकामा "पालिकास्तरीय एकीकृत स्थानीय बजार" को व्यवस्थापन गर्दै पालिकाका विभिन्न स्थानमा बजार तथा संकलन केन्द्रको सम्भाव्यता अध्ययन गरेर साना बजार तथा संकलन केन्द्रहरुलाई व्यवस्थित गर्नुपर्छ। कृषि उत्पादनको बजार अभाव र पहुँचविहीन अवस्थाबाट किसानलाई सुरक्षित राख्दै बजार तथा संकलन केन्द्रहरुको सुधारको कार्ययोजना तयार गरेर कार्यान्वयनमा ल्याउनुपर्छ।

- प्रदेशले आफ्ना प्रदेशमा "प्रदेशस्तरीय एकीकृत स्थानीय बजार" को व्यवस्थापन गर्दै बजार केन्द्रहरुको सम्भाव्यता अध्ययन गरेर प्रदेशका विभिन्न स्थानमा ठुला बजार तथा संकलन केन्द्रहरु व्यवस्थित गर्नुपर्छ। बजारलाई व्यवस्थित रुपले संयोजन गर्न गाउँ शहर अन्तरसम्बन्धको बजार विकास गर्न प्रदेशका संरचनाले विशेष भूमिका निभाउनुपर्छ।
- प्रदेशहरुले अन्तरप्रदेश बजार व्यवस्थापन गर्न सबै प्रदेशको उत्पादन पाउने साझा बजारको परिकल्पनासहित "अन्तरप्रदेशीय एकीकृत बजार" को व्यवस्थापन गर्दै बजारीकरणलाई अन्तरप्रदेशीय बजार संजालमा जोड्ने रणनीति लिनुपर्छ। अन्तरप्रदेशीय एकीकृत बजार व्यवस्थापनले अन्तरप्रदेशीय बजार व्यवस्थापन गरी राष्ट्रिय उत्पादन र बजार केन्द्रहरुको सम्भाव्यता अध्ययन गरेर प्रदेशका विभिन्न स्थानमा ठुला बजार तथा संकलन केन्द्रहरु व्यवस्थित गर्नुपर्छ।
- संघीय बजारमा "संघस्तरीय एकीकृत बजार" को व्यवस्थापन गर्दै मुलुकले निर्यात गर्नुपर्ने वस्तुहरुको बजार खोज्ने, व्यापार बढाउने र आयात नगरी नहुने वस्तुको आयातको व्यवस्थापन गर्ने, अन्तर्राष्ट्रिय बजारको सम्भाव्यता अध्ययन गरेर व्यापार व्यवसाय गर्ने अन्तर्राष्ट्रिय वातावरण मिलाउने काम गर्नुपर्छ।
- उन्नत कृषि प्रविधिबारे जनचेतना जगाउँदै कृषि यान्त्रीकरण, नवीन प्रविधि सञ्चालन गर्न आवश्यक जनशक्ति उत्पादनको व्यवस्था गर्दै कृषिलाई यान्त्रीकरण र नवीन प्रविधिको युगमा अगाडि बढ्ने नीति लिनुपर्छ।
- कृषि कर्जालाई व्यवस्थित गर्न कर्जा नीतिमा एकरुपता कायम गरी साना किसानसँग सरकार जोडिएर काम गर्नुपर्छ। सामूहिक जमानीको नीतिलाई प्रभावकारी बनाउँदै कृषि कर्जामा वित्तीय संस्थालाई लगानी बढाउने विश्वासिलो वातावरण तयार गर्ने नीति अगाडि सारेर कर्जालाई सहज बनाउनुपर्छ। समयानुकूल कर्जा नीतिलाई पुनरावलोकन गर्दै दिगो व्यवस्थापनमा ध्यान दिनुपर्छ।
- कृषिलाई व्यवसायीकरण र आधुनिकीकरणमा जोड दिँदै उच्च मूल्यका कृषिजन्य वस्तुको उत्पादन गर्नुपर्छ। साथै कृषिमा आधारित उद्यमशीलताको विकास गरी कृषि अर्थतन्त्रलाई बलियो बनाउनुपर्छ। वैदेशिक रोजगारबाट फर्केका युवालाई स्वदेशमा नै रोजगार सिर्जना गर्न कृषि, पशुपंक्षी तथा मत्स्यपालन व्यवसायमा आकर्षित गर्ने नीति अगाडि सार्दै सरल तथा सहुलियतपूर्ण ऋण, अनुदान र तालिमको व्यवस्था गरेर व्यवसायिक किसान बनाउने अभियान चलाउनुपर्छ।
- सबैभन्दा बढी जनसंख्या कृषिमा आबद्ध छन् तर सबैभन्दा बढी गरिबी पनि कृषि क्षेत्रमा नै भएको हुँदा स्थानीय सरकारमार्फत् प्रदेश सरकारले पनि लगानी बढाएर कृषि क्षेत्रमा आबद्ध किसानलाई गरिबीको रेखाभन्दा माथि उठाउने रणनीतिक योजना बनाई काम गर्नुपर्छ।
- भूमिहीन गरिब किसानलाई भूमि बैंकमार्फत जमिन उपलब्ध गराई आधुनिक कृषि प्रणालीमा अगाडि बढाउन आवश्यक प्राविधिक तथा भौतिक सहयोग गरी व्यवसायिक किसान बनाउन सहज र सरल वित्तीय व्यवस्थापनको नीति पनि ल्याउन सक्नुपर्छ।
- बीमा गर्न सहज भए पनि बीमा दाबी गर्ने प्रक्रिया झन्झटिलो भएकोले किसान मैत्री बीमा नीति लिनुपर्छ। बीमामा भएका वास्तविक समस्याहरुको पहिचान गरी समाधानको लागि अप्नाउनुपर्ने विधि र पद्धतिमा दुवै पक्ष सहमती भई समयसमयमा बीमा नीतिलाई परिमार्जन गर्दै परिष्कृत बनाउने नीति अवलम्बन गर्नुपर्छ।
- प्रदेशको महत्वपूर्ण उत्पादनको रुपमा रहेको चिया, अलैची, अदुवा आदि उत्पादनको प्रशोधन, परीक्षण, प्रमाणीकरण र प्याकेजिङ्गको व्यवस्था गर्ने कार्यमा प्रदेश सरकारले नीतिगत तथा प्राविधिक रुपमा सहयोग गर्ने नीति लिई अन्तर्राष्ट्रिय बजारमा नेपाली ब्राण्डको रुपमा पठाउने नीति लिनुपर्छ।
- यो प्रदेशको मुख्य नगदेवालीको रुपमा रहेको अलैचीबाट Cadamom Oil उत्पादन गर्ने, Mouth Fresher, Cadamom Powder, Cadamom Green Tea, Tea with Cadamom and Ginger लगायतका मूल्य अभिवृद्धि गर्ने उत्पादनमा जोड दिई तेस्रो मुलुकमा निकासी गर्ने नीति लिनुपर्छ।।
- चियाको लागि नेपाल उर्वर भूमि हो, त्यसमा पनि यो प्रदेश चिया उत्पादनको दृष्टिकोणले एकल र अत्यन्त ठुलो सम्भावना भएकोले यस प्रदेशलाई चिया क्षेत्र घोषणा गरी चिया विकास र विस्तारका कार्यक्रमहरु ल्याउनुपर्छ।
- चियाले राम्रो बजार पाउने हो भने यो प्रदेशको मात्र हैन नेपालको अर्थतन्त्रमा नै दिगो रुपमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ। त्यसैले चियाको भरपर्दो अन्तर्राष्ट्रिय बजारको खोजी गर्नुपर्छ। साथै चियाको आन्तरिक खपत बढाउँदै बढी चिया खाने मुलुकमा नेपालको नाम दर्ज गर्ने किसिमले चियाको महत्व र खाने विधिका बारे जनचेतना फैलाउनुपर्छ।

- गुणस्तरीय चियाको उत्पादनमा ध्यान दिई हाल निर्यात भएका मुलुकहरुका साथै विश्वमा सबैभन्दा बढी चिया खाने मुलुकहरु पाकिस्तान, अमेरिका, रसिया, वेलायत, हङ्गकङ्ग, चीन, जर्मन, इजिप्ट, मोरोक्को, भियातनाम, साउदी अरब लगायतका मुलुकमा निर्यात गर्ने व्यवस्था गर्दै अन्तर्राष्ट्रिय बजारको पहुँच बढाई चिया खेती र चिया किसानको भविष्य सुनिश्चित गर्न प्रदेश सरकार तथा संघीय सरकारले विशेष भूमिका निभाउनुपर्छ।
- चियाको मुख्य उत्पादन हुने यही प्रदेश भएकोले चिया खेतीको विकास प्रर्वद्धन गर्न प्रादेशिक चियाबोर्डको स्थापना गरी स्थानीय तहमा पनि चिया हेर्ने शाखाको व्यवस्था गर्नुपर्छ। न्युनतम समर्थन मूल्य तोक्नुपर्छ। चियाको गुणस्तर परीक्षण तथा अर्गानिक चियाको अर्गानिक प्रमाणीकरणको उचित व्यवस्थापन गर्नुपर्छ।
- नेपाली चियाको राष्ट्रिय र अन्तर्राष्ट्रिय पहिचानको लागि ट्रेडमार्कलाई व्यवस्थित बनाउनुपर्छ। प्याटेन्ट राइट दर्ता गरी उद्यमीको सिर्जनशिलतालाई प्रोत्साहित गर्नुपर्छ। सहकारीमा आधारित चिया उद्योगहरुको क्षमता वृद्धि गर्न राज्यले सहयोग गर्नुपर्छ। चियाले उचित मूल्य नपाउँदा चिया नै टिप्न छाडेर बनेको चियाको जंगललाई जंगली चियाको रुपमा नयाँ पहिचानसहित बजारीकरण गर्ने नीति लिँदै किसानलाई चियामा आकर्षित गर्नुपर्छ।
- यस प्रदेशमा च्याउ खेती, रेशम खेती, मैरीपालन लगायतका क्षेत्रको पनि त्यतिकै सम्भावना रहेको हुँदा ती क्षेत्रका विज्ञहरुको व्यवस्था गरी स्रोत केन्द्रमार्फत् थप अध्ययन अनुसन्धान बढाएर नयाँनयाँ जातलाई भित्राउँदै व्यवसायिक खेती गर्न प्रोत्साहन गर्नुपर्छ। साथै गुणस्तरीय प्रशोधनको लागि आधुनिक प्रविधिको प्रयोग गरेर अन्तर्राष्ट्रिय बजारमा लैजान नेपाली उत्पादनको ब्राण्ड बनाउनुपर्छ।
- विपन्न तथा न्यून आय भएका गरिब तथा पिछाडिएका क्षेत्रका जनतालाई लक्षित गरी लघु सहकारीको मार्फत कृषि तथा पशुपंक्षीपालन कार्यक्रम सञ्चालन गर्न स्थानीय तहमा उद्यमी कोष स्थापना गर्नुपर्छ। साथै उक्त कोषमा प्रदेश सरकारले सहयोग जुटाई गरिबी निवारण तथा रोजगारी सिर्जना गर्ने अभियान चलाउनुपर्छ।
- प्रादेशिक कृषि विकास रणनीतिलाई आधार बनाई प्रत्येक पञ्च वर्षीय योजनालाई ब्रेक डाउन गरी प्रत्येक वर्ष लक्षित कार्यक्रमलाई सफल बनाई प्रदेशको कृषि विकासको अभियानलाई गति प्रदान गर्नुपर्छ। हरित क्रान्तिका लागि कृषिमा बजेट वृद्धि गर्नुको साथै प्रविधि र ग्रामीण पूर्वाधारको विकास गर्दै सिँचाइ, उन्नत मल र बीउँमा कृषकलाई आत्मनिर्भर बनाउनुपर्छ।
- प्रदेशमा खाद्य तथा पोषण सुरक्षाको लागि प्रदेशका विभिन्न पालिका तथा कृषिको उर्वर क्षेत्रहरुको पहिचान गरी नमुना कृषि कार्यक्रमको अभियान अगाडि सार्नुपर्छ। कृषिको अवस्था सुधार्दै युवालाई विदेश पलायत हुनबाट रोक्न सक्नुपर्छ।
- प्रदेश सरकारले अर्गानिक कृषि प्रणालीमा जोड दिन पशु तथा मानव मुत्र बैंकको अवधारणा अगाडि सार्दै पिसावलाई खेर जान नदिई पशु मुत्रलाई तरकारी तथा मानव मुत्रलाई फलफूलका विरुवामा प्रयोग गर्ने नीति अगाडि सार्दै, विद्यालय तथा सार्वजनिक स्थलमा शौचालयको पिसाव ड्रममा जम्मा गर्ने व्यवस्था गर्नुपर्छ।
- कृषिजन्य वस्तुको आयात प्रतिस्थापन गर्न र निर्यात प्रवर्द्धन गर्न पहिचान भएका कृषिजन्य वस्तुको उत्पादन र बजारीकरणमा जोड दिनुपर्छ। खुल्ला सीमाका कारण अवैध बाटोबाट कृषिजन्य वस्तु भित्रिन नदिने गरी सीमाक्षेत्रको व्यवस्थापनलाई कठाइका साथ नियन्त्रण गर्न प्रदेश सरकारले महत्वपूर्ण भूमिका खेल्नुपर्छ।
- कृषि क्षेत्रमा उपलब्ध गरिने अनुदान सहयोग वास्तविक किसानको हातमा पुऱ्याई उत्पादन, प्रशोधन तथा बजारीकरणमा सहयोग गर्ने नीति लिई कृषि व्यवसायलाई प्रवर्द्धन गर्नुपर्छ। जंगली जनावारबाट वालीनालीमा ठुलो क्षति भइरहेको कारणले किसानहरु बसाइँ हिड्न बाध्य भएका छन, त्यसैले जंगली जनवारबाट हुने क्षतिको लागि बीमामा जोड्दै, जंगली जनवारबाट वाली सुरक्षित गर्न ठोस रणनीतिक योजना बनाई कार्यान्वयनमा लैजानुपर्छ।
- पशुपालन क्षेत्रमा साझा समस्याका रुपमा रहेको अन्नत जातको नल्श सुधार र सिमेनको समस्यालाई दीर्घकालीन रुपमा समाधान गर्ने नीति तीनै तहका सरकारले आपसमा समन्वय गरी समाधान गर्दै उन्नत जातको घाँस, प्रयोगशाला, प्राविधिक, बीमा, गोठ तथा खोर सुधार, तालिमको व्यवस्था गर्न किसानलाई सहयोग उपलब्ध गर्नुपर्छ। साथै पशुपालन किसान तथा व्यवसायीलाई दिगो व्यवसायिक र सक्षम बनाउने रणनीतिक योजना ल्याउनुपर्छ।

- कृषि उत्पादन बढाउन पशुपंक्षीको मल तथा मुत्रमा पाइने विरुवाको लागि अत्यावश्यक पौष्टिक तत्वलाई खेर जान नदिई गुणस्तरीय अर्गानिक मल बनाउने प्रविधिको विकास गर्नुपर्छ । साथै मलमुत्रलाई सहजसँग किसानले खरिद विक्री गर्न सक्ने वातावरण बनाई कृषिमा क्रान्ति ल्याउने अग्रेणी प्रदेशको रुपमा पहिचान बनाउनुपर्छ ।
- प्रदेशले शहरी क्षेत्रमा कौशी खेती तथा करेशावारीमा तरकारी खेती गर्न प्रोत्साहन गर्दै गड्यौले मल उत्पादन गरी आत्मनिर्भर हुन र बढी भएको मल सहज रुपमा विक्री हुने वातावरण बनाई कुहिने फोहोरको व्यवस्थापन र अर्गानिक तरकारी उत्पादनमा जोड दिने नीति लिनुपर्छ ।
- प्राङ्गारिक कृषि उत्पादनको अभियानलाई क्रमिक रुपमा बढाउँदै लैजाने नीति लिई प्राङ्गारिक मल उत्पादन तथा प्रयोगमा जोड दिनुपर्छ । साथै प्राङ्गारिक उत्पादनका तरकारी लगायत अन्य खाद्यपदार्थको विक्री केन्द्र अलग गर्दै स्वस्थ्यको लागि अर्गानिक खाद्यपदार्थ प्रयोगको लागि जनचेतना अभिवृद्धि गर्नुपर्छ । बजारमा विश्वसनीय वातावरण कायम गर्न प्रयोगशाला परीक्षणको व्यवस्था गर्दै अन्य खाद्यपदार्थ मिसावट भएको भेटिए कडा कारवाहीको नीति लिनुपर्छ ।
- प्रदेशलाई आवश्यक पर्ने उन्नत जातका बीउँ बिजनको उत्पादन प्रदेश स्तरमा नै गर्नुपर्छ । परीक्षणको लागि प्रयोगशालाको व्यवस्था गर्नुपर्छ । उत्पादन गर्न नसकिने बीउँ बिजन विश्वासिलो अन्तराष्ट्रिय मान्यता पाएको बीउँ बिजन बिक्री केन्द्रबाट लिनुपर्छ । साथै खाद्यान्नको रुपमा गुणस्तरहीन बीउँ भिकाएर किसानलाई ठग्ने प्रवृत्तिलाई अन्त्य गर्न कडा कारवाहीको नीति ल्याउनुपर्छ ।
- माटोको गुणअनुसार खेतीपाती गर्न र माटोमा वालीनालीको लागि आवश्यक तत्व उपलब्ध गर्न माटो परीक्षण अपरिहार्य भएको हुँदा प्रत्येक पालिकामा माटो परीक्षण गर्ने प्रयोगशालाको व्यवस्था गरी कृषि उत्पादन बढाउने र प्रवर्द्धन गर्ने कार्यमा जोड दिनुपर्छ ।
- कृषि बजारको विश्वसनीयतालाई ध्यानमा राखेर खाद्यपदार्थको गुणस्तर मापन गर्ने प्रयोगशालाको व्यवस्था गरी बाहिरबाट आउने खाद्यपदार्थको परीक्षण गर्ने र विषादि तथा बढी रासायनिक तत्वको मिसावट भएका वस्तुलाई निर्यातमा रोक लगाउनुपर्छ । साथै प्रादेशिक उत्पादनको पनि परीक्षण गरी निकासी तथा बजारीकरणमा सहज बनाउनुपर्छ । निर्यातमा आउने बाधा अड्चन तत्काल समाधान गर्न संघीय सरकारले पहल गर्दै निर्यातलाई सहज र सरल बनाउने नीति लिनुपर्छ ।
- कृषि अनुदानको नीतिलाई व्यवहारिक बनाउँदै अनुदानलाई वास्तविक किसानको हातमा पुऱ्याउने, पहुँच र मिलेमतोको आधारमा ठुला लगानीकर्तालाई मोटो रकम अनुदान दिएर वास्तविक किसानमाथि अन्याय गर्ने सोचको अन्त्य गर्नुपर्छ । साथै कृषि क्षेत्रमा प्रदेश सरकारले गरेको विगतको लगानी कार्यक्रमको अध्ययन अनुसन्धान गरी सफल कार्यक्रमलाई निरन्तरता दिँदै थप नयाँ प्रभावकारी कार्यक्रमहरु किसानको हितमा ल्याउनुपर्छ ।
- पशुपालनलाई व्यवसायिक बनाउन सुख्खा याममा आवश्यक पर्ने घाँसलाई घाँस अत्याधिक उत्पादन हुने समयमा साइलेज बनाउनुपर्छ । त्यसको लागि प्रविधिको विकास र विस्तारमा राज्यले विशेष अनुदानको व्यवस्था गर्नुपर्छ ।
- यस प्रदेशमा बाख्रापालनको भविष्य अत्यन्त राम्रो रहेकोले भापादेखि चुरेसम्म र पहाडी जिल्लाको तल्लो क्षेत्रमा चरान र घाँसको सुविधा भएका पालिकाहरुको पहिचान गरी बाख्रापालनको पकेट क्षेत्र घोषणा गरी उन्नत जातको बोका र सिमेन, घाँस, खोर सुधार, स्वस्थ्य परीक्षण प्रयोगशाला, प्राविधिक तथा बीमा सेवा, अगुवा किसानलाई तालिम आदि क्षेत्रमा सहयोग गरी बाख्रापालन व्यवसायलाई प्रवर्द्धन गर्नुपर्छ ।
- यस प्रदेशमा माछापालन व्यवसायलाई प्रोत्साहन गर्न माछा आयतमा पूर्ण रुपले प्रतिबन्ध गर्दै, हावापानी अनुकूलका नयाँनयाँ जातको माछापालन गर्न बिउँको लागि असल जातका माछा ल्याउने र भुर्रा उत्पादन गरी माछापालन व्यवसायलाई व्यवस्थित बनाउनुको साथै नेपाली ब्राण्डको माछाको निकासी गर्ने तथा पर्यटनलाई माछाको नेपाली मौलिक परिकारले स्वागत गर्दै मत्स्यपालन व्यवसायलाई प्रदेशको आयआर्जनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने वातावरण बनाउनुपर्छ ।
- यो प्रदेश उत्तरदक्षिण कोसी राजमार्गले जोडिएपछि चीनको बजारको अध्ययन गरी चिनीयाँ जनताको मागअनुसार मासु तथा दुग्धजन्य उत्पादनको निर्यात गर्ने दीर्घकालीन रणनीति बनाई पशुपालन व्यवसायलाई उद्योगको रुपमा विकास गरेर आर्थिक विकासको अभियानलाई दिगो र बलियो बनाउनुपर्छ ।

- कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणमा बिचौलीयाको प्रवेशलाई निषेध गर्ने गरी स्थानीय तथा प्रादेशिक बजारको नेटवर्क बलियो बनाउन प्रदेश तथा स्थानीय पालिकामा कृषि सूचना केन्द्रहरुलाई व्यवस्थित गरेर भरपर्दो बजारको व्यवस्थापन गर्नुपर्छ ।
- यस प्रदेशमा प्रदेशस्तरीय जिन बैंकको स्थापना गरी रैथाने लगायतका बिउ विजनहरुको संरक्षण गर्ने नीति लिनुपर्छ । साथै यस प्रदेशको हिमालको आसपासमा राष्ट्रियस्तरको जीन बैंकको स्थापना गर्न संघीय सरकारलाई अनुरोध गर्दै भविष्यमा यस प्रदेशको उच्च हिमाली भेगमा सार्कस्तरीय जीन बैंक स्थापना गर्ने अवधारणा अगाडि सार्नुपर्छ ।
- हावापानी र माटो सुहाउँदो चक्रीय कृषि प्रणाली अवलम्बन गर्दै कम लगानीमा धेरै प्रतिफल दिने कृषि उपज लगाउन र उत्पादन गर्न प्रदेशले कृषिको पकेट क्षेत्र घोषणा गरी किसानलाई सामूहिक तथा व्यक्तिगत रुपमा सहयोग गर्ने नीति ल्याउनुपर्छ ।
- प्रदेशबाट लोपन्मुख रैथानेवालीको पाकेट क्षेत्र बनाई संरक्षण गर्ने नीति लिनुपर्छ । हिमाली भेगमा पशु, कृषि तथा जडिबुटी अध्ययन केन्द्र स्थापना गरी हिमाली भेगमा पशु, वालीनाली तथा जडिबुटीको प्रवर्द्धन गर्नुपर्छ ।
- कृषि क्षेत्रमा सबै तहका सरकारको आ-आफ्नै कृषि फर्मको विकास गरेर नमुना कृषि फर्मको विकास गरी उत्पादन बढाउने रणनीतिक योजना अगाडि सार्नुपर्छ, किसानको लागि आवश्यक उन्नत जातका बिउँ बिजन उत्पादन गर्ने तथा वितरण गर्ने, नर्सरीको व्यवस्थापन गरी किसानलाई विरुवा वितरण गर्ने काम गर्नुपर्छ ।
- कृषि क्षेत्रको विकासको लागि कृषि अनुसन्धान परिषद् संघीय, प्रादेशिक तथा स्थानीय तहमा व्यवस्थित गर्नुपर्छ । सबै तहका अनुसन्धान परिषद्हरु एकआपसमा समन्वयत्मक रुपमा काम गर्दै कृषिमा नमुना मुलुकको रुपमा रुपान्तरित हुनुपर्छ । कृषि क्षेत्रको अध्ययन तथा अनुसन्धानलाई व्यापक बनाई कृषिमा आधुनिकरण र यान्त्रीकरणमार्फत् थोरै जनशक्ति र थोरै जमिनबाट बढीभन्दा बढी उत्पादन गर्ने रणनीति बनाई हरित क्रान्तिको अभियान सुरुआत गर्नुपर्छ ।
- राज्यले कृषिको लागि पूर्वाधारको विकासमा जोड दिनुपर्छ, कृषिलाई मर्यादित र राम्रो आम्दानीको स्रोतको रुपमा विकास गर्ने योजना, नीति तथा कार्यक्रमहरु अगाडि सारेर कृषिमा लगानी बढाउन र श्रमिकलाई आकर्षण गर्न सक्नुपर्छ । जमिनको भौगोलिक धरातल र हावापानीअनुसारको बालीनालीमा जोड दिँदै वैज्ञानिक कृषि भू-उपयोग नीति बनाई हरित क्रान्तिलाई समृद्धिको आधार बनाउनुपर्छ ।
- कृषि क्षेत्रलाई पहिलो प्राथमिकता राखेर सरकारी, सहकारी, निजी तथा साझेदारीमा कृषि फर्मको विकास गरी बढीभन्दा बढी उत्पादन गर्ने रणनीति बनाई कृषिमा आत्मनिर्भर हुँदै निर्यातजन्य वस्तुको उत्पादनमा अगाडि बढ्ने रणनीतिक योजना बनाउनुपर्छ ।
- हावापानी, भौगोलिक धरातल, उचाइ, माटोको बनोट, सिँचाइको उपलब्धताका आधारमा प्राविधिकद्वारा सिफारिस गरिएको खेती, बिउ छनोट गरी एकक्षेत्र एक उत्पादन प्रणालीको विकास गरी व्यवसायिक बनाउँदै उत्पादित वस्तुलाई औद्योगिकरणमार्फत् प्रशोधन गर्ने, भण्डारण व्यवस्था गर्ने र बजार व्यवस्थापन गरी उच्च प्रतिफल किसानले पाउने वातावरण बनाउनुपर्छ । ताकि किसानका सन्ततीहरु पनि पुर्खेउली पेसाप्रति आकर्षित भई कृषिलाई सम्मानका साथ अवलम्बन गर्न सकुन ।
- किसानलाई प्राकृतिक प्रकोप तथा अन्य भवितव्यबाट सुरक्षित गर्न बाली तथा पशुपन्छी बिमा कार्यक्रममा सहज र सक्षम बनाउन राज्यले विशेष सहयोगको कार्यक्रम अगाडि सार्नुपर्छ । किसानलाई थप सुरक्षित बनाउन किसानमारा बिचौलियाको उपस्थितिलाई शून्यमा झार्ने रणनीति राज्यले बनाई किसानले उचित मूल्य पाउने ग्यारेन्टी बनाउनुपर्छ । कृषि क्षेत्रलाई मर्यादित, सम्मानित र नाफामूलक बनाई कृषितर्फ नयाँ पिँढीलाई आकर्षित गर्न सक्नुपर्छ ।
- योजनाबद्ध कृषि विकासको रणनीतिक कार्यक्रमहरु अवलम्बन गरी कृषि क्षेत्रको आमूल परिवर्तनमार्फत् किसानलाई उत्साही बनाएर मुलुकमा कृषि क्रान्ति गर्दै औद्योगिक विकासको ढोका खोल्नुपर्छ । त्यसले मुलुकको आयस्तरलाई क्रमिक रुपमा बढवा दिँदै विकसित राष्ट्रमा रुपान्तरित हुने अवसर प्रदान गर्दछ ।
- पशुपालन व्यवसायबाट मुलुकलाई सर्वप्रथम मासु र दुधमा आत्मनिर्भर बनाउँदै पशुजन्य उत्पादनलाई निर्यात गर्ने रणनीतिक योजना बनाई ठूलठुला पशुफर्मको विकास र विस्तार गर्नुपर्छ । पशु व्यवसायलाई आधुनिक बनाउँदै र उन्नत जातका पशुपंक्षी र प्रविधिलाई प्राथमिकतामा राखेर मुलुकलाई समृद्ध बनाउने आधार निर्माण गर्नुपर्छ ।

- हावापानी र भौगालिक दृष्टिकोणले विश्वको प्रायः जुनसुकै ठाउँमा हुने वाली नेपालमा लगाउन सकिने हुँदा कृषि पर्यटनको लागि पनि नेपाल स्वर्ग बन्न सक्छ। त्यस्तै जडीबुटी खेतीलाई व्यवसायिक बनाई जडीबुटीजन्य उद्योगहरु स्थापना गरी गुणस्तरीय औषधि उत्पादनमा जोड दिँदै औषधिमा आत्मनिर्भर बनी निर्यात गर्ने राष्ट्रको रुपमा रुपान्तरण हुने रणनीतिक योजना बनाई काम गर्नुपर्छ।
- खाद्यमा आत्मनिर्भर बन्नको लागि चैत्रे धान खेतीलाई प्राथमिकतामा राख्दै उत्पादित वर्षे अन्नाजलाई सुकाउने प्रविधिको यथेष्ट व्यवस्था गरी खरिद तथा भण्डारण गर्ने व्यवस्था राज्यको तर्फबाट गर्नुपर्छ। प्रदेश तथा स्थानीय सरकारको सहकार्यमा आफ्नो प्रदेश र स्थानीय तहमा बेमौसमी बालीलाई पनि प्रोत्साहन गर्ने नीति लिनुपर्छ।
- किसानको घरदैलोमा प्रविधि र प्राविधिक सेवा पुऱ्याउन कृषि तथा पशु सेवातर्फका प्राविधिक जनशक्तिहरुको व्यवस्थापन स्थानीय सरकारमार्फत् गरी कृषिमा नयाँ प्रविधि र आवश्यक प्राविधिकहरुको अभाव हुन दिनुहुँदैन।
- अदुवाको दिगो बजार नभएको र निकासीमा भइरहेको विविध समस्याहरुको समाधान गर्न लामो समय टिक्ने र तेस्रो मुलुकमा विक्री गर्न सक्ने गुणस्तरीय सुठो तथा अदुवाबाट बन्ने अन्य उत्पादन बनाएर विक्री गनुपर्छ।
- पुष्प व्यवसायलाई प्रोत्साहित गर्दै पुष्पको आयातलाई राक्नुपर्छ। साथै प्रयाप्त मात्रामा पुष्प उत्पादन गरी अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न भरपर्दो बजारको खोजी गर्दै निर्यातको व्यवस्था गर्नुपर्छ।
- हिमाली भेगका हुने अत्यन्त मूल्यावान केशर लगायतका जडिबुटी खेती गरेर उच्च आर्जन गर्ने नीति सबै तहका सरकारले लिनुपर्छ।
- यस प्रदेशको आर्थिक विकास र समृद्धिको लागि कृषिपछि पर्यटनलाई जोड दिनुपर्छ। पर्यटनलाई पर्वतारोहणसँग जोडेर अगाडि बढ्न सकेको खण्डमा यस क्षेत्रले राम्रो रोजगारी सिर्जना गर्नुको साथै आर्थिक रुपमा प्रदेशलाई सम्पन्न बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ।

## ३. पर्यटन र पर्वतारोहण (Tourism and Mountaineering)

पर्यटन क्षेत्रलाई वैदेशिक मुद्रा आर्जनको एक प्रभावकारी माध्यम बनाउन सकिने पर्याप्त सम्भावना यस प्रदेशमा रहेका छन्। यस प्रदेशमा धेरै प्रसिद्ध धार्मिक स्थलहरु हुनु, लोभलाग्दा प्राकृतिक तथा सांस्कृतिक सम्पदा हुनु, विश्वको सर्वोच्च शिखर सगरमाथा लगायात आठ हजारमिटरभन्दा माथिका विश्वकै तेस्रोदेखि छैटौं अग्ला हिमालहरु हुनुको साथै सदाबहार स्वच्छ हिमनदी र तालतलैया, विश्व सम्पदा सूचीमा सूचीकृत सगरमाथा राष्ट्रिय निकुञ्ज, जैविक विविधता, भञ्ज्याङ र गढी, रमणीय झरना, गुफा, सिमसार, डाँडा आदि पर्यटन आकर्षण गर्ने महत्वपूर्ण आधारहरु रहेका छन्। पर्वतारोहण पर्यटन यस प्रदेशको एक प्रमुख साहसिक पर्यटनको क्षेत्र पनि हो।

पदयात्रा पनि यस प्रदेशको पर्यटकीय सम्भावनाको क्षेत्र हो। अग्ला डाँडा, नदी र हरियालीको प्राकृतिक सुन्दरता दृश्यावलोकन गर्दै पदयात्रा गर्नका एक उत्कृष्ट गन्तव्यको रूपमा लिन सकिन्छ। सगरमाथा आधार शिविर, कञ्चनजङ्घा तथा मकालु आधार शिविर, मुन्दुम पदमार्ग यस प्रदेशका प्रमुख पर्यटकीय आकर्षणका केन्द्रहरु हुन्। यी स्थानबाट देखिने हिमश्रृंखला, वनजङ्गल भीर पाखा र सुन्दर मानव बस्तीले पर्यटकलाई आकर्षण गरिरहेको छ। पर्यटन विकासको अर्को सम्भावनाको क्षेत्रको रुपमा कोसी तथा त्यसका सहायक नदीमा जल यातायातको विकास गर्नु पनि हो। प्रदेशको जैविक विविधताका कारण पर्यापर्यटनलाई पर्यटन विकासको माध्यम बनाउन सकिने सम्भावना पनि त्यतिकै बलियो छ।

यस प्रदेशको सोलुखम्बुको खुम्बु क्षेत्रमा आउने विदेशी पर्यटकहरु काठमाण्डौँबाट आउने र काठमाण्डौँ नै फर्कने भएकाले आवश्यक पर्यटकीय पूर्वाधारको विकास गरी कन्जङजङ्गा र मकालु क्षेत्रसम्म पुऱ्याउन सके पर्यटनबाट प्रदेशले राम्रो विदेशी मुद्रा आर्जन गर्न सक्नेछ। साथै थप पर्यटकीय गन्तव्यको विकास गरी पर्यटन क्षेत्रका समस्या र चुनौतीको समाधान गर्दै स्वदेशी तथा विदेशी पर्यटकहरुलाई सहज रुपमा भित्राउने नीति सरकारले लिई पर्यटन प्रवर्द्धन गर्न सके प्रदेशको मात्र हैन मुलुकको अर्थतन्त्रमा नै ठुलो योगदान पुग्नेछ। पर्यटन विकास र प्रवर्द्धनको लागि राज्यले संवैधानिक रुपमा गरेको व्यवस्था तथा गर्नुपर्ने थप नीतिगत केही बुँदागतहरु यस प्रकार रहेका छन्।

- नेपालको संविधानको धारा ५१ राज्यको नीतिहरु अन्तर्गत पर्यटन सम्बन्धी नीतिमा नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको

महत्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने कुरा उल्लेख गरिएको हुँदा प्रदेशले पनि पर्यटन विकासमा विशेष योजनाका साथ अगाडि बढ्दै पर्यटन प्रवर्द्धन गरी अधिकतम लाभ लिने नीति लिनुपर्छ । पर्यटन राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधार हो ।

- पर्यटनलाई संविधानमा संघको अधिकारको सूचीमा पर्यटन नीति र पर्यटन दस्तुर, प्रदेशको अधिकारको सूचीमा पर्यटन, स्थानीय तहको अधिकारको सूचीमा पर्यटन शुल्क, संघ र प्रदेशको अधिकारको सूचीमा पर्यटन भनी उल्लेख गरिएको छ । पर्यटन अर्थतन्त्रको महत्वपूर्ण आधार भएकोले कृषिपछि कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको भूमिका बलियो बनाउन तीनै तहका सरकारले आपसमा समन्वय र सहकार्य गरेर आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन गर्नुपर्छ ।
- यस प्रदेशको हिमाली क्षेत्रको पदमार्गको पूर्वाधारलाई व्यवस्थित बनाई पर्यटकलाई आकर्षित गरी पर्यटन क्षेत्रको विकास गर्नुपर्छ । माउण्टेन्ड फ्लाइट गर्न नसक्ने तथा पदमार्गको यात्रा गर्न रुचाउनेको लागि हिमाली पदमार्गमार्फत हिमाली भू-भागसम्म दृष्य अवलोकन गराउने नीति लिई पर्यटन प्रवर्द्धन गर्नुपर्छ ।
- विराटनगरबाट पोखरा, भैरहवा, धनगढी, नेपालगञ्ज, सुर्खेतलगायतका रुटमा पनि अन्तरप्रदेशीय उडानको व्यवस्था गरी आन्तरिक तथा ब्राह्य पर्यटकलाई यस प्रदेशमा आकर्षण गर्ने नीति लिनुपर्छ । आन्तरिक रुपमा प्रदेशभित्र पनि हवाइ उडानलाई व्यवस्थित गरी हवाइ पर्यटकलाई सहज बनाउने नीति लिनुपर्छ ।
- प्रदेशस्तरीय पर्यटनको गन्तव्य स्थलहरुको पहिचानका साथ एकीकृत रुपमा पर्यटन प्रवर्द्धन गर्ने नीति तथा कार्यक्रममा जोड दिनुपर्छ ।
- यो प्रदेश ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांकृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण प्रदेशको रुपमा रहेको छ, यो प्रदेशमा प्राकृतिक दृष्य अवलोकनको प्रचुर सम्भावना हुनुको साथै धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, सहासिक खेल पर्यटन, पर्यापर्यटन, कृषि पर्यटन, शैक्षिक पर्यटन, स्वस्थ पर्यटन आदि पर्यटनको पनि त्यतिकै सम्भावना भएको हुँदा यी क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्दै पर्यटकलाई आकर्षित गर्नुपर्छ ।
- प्रदेश सरकार पर्यटन तथा सांस्कृतिक मन्त्रालयले पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सर्वोच्च शिखर सगरमाथा, त्यस क्षेत्रको पदयात्रा, सोलुखम्बु कै पाँचपोखरी, महाकुलुङ, तेङबोचे गुम्बा, ओखलढुङ्गाको देम्बाडाँ, पोकली झरना, खोटाङ्गको बराहपोखरी र हलेसी, ताप्लेजुङ्गको पाथीभरा, फुङफुङ्गे झरना, तिम्बुङ पोखरी, पाँचथरको फाल्गुनन्द सर्किट, इलामको सन्दकपुर माइपोखरी, कन्याम श्रीअन्तु, ताप्लेजुङ्ग, तेह्रथुम र संखुवासभाको संगमस्थलमा रहेको गुरासको राजधानी टीएमजे, संखुवासभाको अरुण भ्याली, बालेश्वर गुफा, धनकुटाको हलदे पटकेडाँडा, भेडेटार, नमस्ते झरना, भोजपुरको नयाँ पदमार्ग मुन्दुम ट्रेल, ट्याम्पेडाँडा, उदयपुरको उदयपुरगढी, झापाको अर्जुनधारा जलेश्वरधाम, बाँसबारी सिमसार पर्यटन पूर्वाधार केन्द्र, गौरादह कृषि पर्यटन क्षेत्र, शहीद नेत्र सिमसार तथा पर्यटकीय क्षेत्र, मोरङको ऐतिहासिक धनपालगढी, सुनसरीको बराह क्षेत्र, कुम्भ स्तम्भ, चतराधाम, प्राचीन हरिद्वार, राधासर्वेश्वर मन्दिर, जगतगुरुपीठ, श्रीकृष्ण गौशाला, बलरामेश्वर र कुम्भसरोवर, मनकामना भगवती मन्दिर, राधाकृष्ण संस्कृत वेद विद्याश्रम, औलिया बाबा मठ, कोसी टप्पुका बारेमा विशेष जानकारीसहित "प्रदेश नं. १ का महत्वपूर्ण पर्यटकीय स्थलहरु" नामक पुस्तक प्रकाशित गरेर पर्यटन प्रवर्द्धनलाई जोड दिएको छ । पर्यटन प्रवर्द्धन गर्न विभिन्न भाषामा पर्यटकीय बुलेटिन, पुस्तकहरु प्रकाशित गरी पर्यटकलाई आकर्षण गर्ने नीति लिनुपर्छ ।
- नेपाल सरकारद्वारा पर्यटन प्रवर्द्धन र विकासका लागि पहिचान गरिएका यस प्रदेशमा रहेको स्थापित तथा प्रवर्द्धन गर्नुपर्ने गन्तव्यहरुमा ताप्लेजुङको पाथीभरा र फुङफुङे झरना, इलामको सन्दकपुर माइपोखरी, संखुवासभाको अरुण उपत्यका, धनकुटाको भेडेटार नमस्ते झरना, खोटाङ्गको हलेसी महादेव, सोलुखम्बुको स्याङबोचे र सगरमाथा, ओखलढुङ्गाको पोकली झरना, झापाको बाँसवारी सिमसार पर्यटन पूर्वाधार केन्द्र र सुनसरीको कोसी टप्पु वन्यजन्तु आरक्ष, बराहक्षेत्र तथा तालतलैया पर्छन्, ती क्षेत्रहरुमा प्याकेज टुर्सको व्यवस्था गरी पर्यटन प्रवर्द्धन गर्नुपर्छ ।
- त्यस्तै नेपाल सरकारद्वारा पर्यटन प्रवर्द्धन र विकासका लागि पहिचान गरिएका यस प्रदेशका नयाँ तथा विकास गरिनुपर्ने गन्तव्य स्थानहरुमा ताप्लेजुङको तिङवुङ पोखरी, पाँचथरको गुरु फाल्गुनन्द सर्किट (लाव्रे कुटी-गजुरमुखीधाम-लारम्मा-चुक्लीनाम्वा), तेह्रथुमको तीनजुरे मिल्के जलजले, संखुवासभाको वालेश्वर ऐतिहासिक गुफा, धनकुटाको हलदे पटकेडाँडा पर्यटक ट्रेल, खोटाङ्गको बराह पोखरी, सोलुखम्बुको पाँचपोखरी, ओखलढुङ्गाको थोलेदम्बा डाडा, उदयपुरको उदयपुरगढी, झापाको शहिद नेत्रलाल पार्क विर्तामोड र गौरादह कृषि पर्यटन क्षेत्र, मोरङको धनपालगढी पर्यटकीय क्षेत्र

बेलवारी र सुनसरीको पिण्डेश्वरी दन्तकाली पदमार्ग पर्छन्, ती पर्यटकीय क्षेत्र र पर्यटकीय मार्गहरुको स्तोन्नति गरेर यस प्रदेशलाई पर्यटनको हब बनाउने नीतिलाई प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्छ।

- यस प्रदेशका अन्य सम्भावित पर्यटकीय स्थलहरुमा पाँचथरको साधुटार, लब्रेकुटी सिलौटी, चिवा भञ्ज्याङ, इलामको पाटे नाघी, छिन्ताफु, झापाको दोमुना, सुनसरीको शान्तिवन, धनकुटाको नाम्जे क्षेत्र, भोजपुरको गोल्माराजा गोल्मारानी, उदयपुरको मैनामैनी आदि रहेका छन् ।
- यो प्रदेश पर्यटनको लागि अत्यन्त बलियो सम्भावना भएको प्रदेश हो । यस प्रदेशमा प्राकृतिक तथा धार्मिक पर्यटकीय स्थलहरु प्रसस्त मात्रामा रहेका छन् । विशेषत अन्तर्राष्ट्रिय पर्यटकलाई आकर्षित गर्न पर्यटकीय गन्तव्यको पूर्वाधार विकासमा जोड दिने, पर्यटकीय गन्तव्यमा जोड्न स्थल तथा हवाई सेवाको भरपर्दो व्यवस्थापन गर्ने, अनावश्यक पर्यटकीय शुल्क उठाएर झञ्जट नदिने, पर्यटकको लागि आवश्यक होटल, होमस्टे, रेष्टुरेण्टको व्यवस्था, पर्यटकको लागि आवश्यक अन्य सेवा, सुविधा, सूचना प्रणालीलाई प्रभावकारी बनाउने, पर्यटकको व्यवस्थित अभिलेखीकरण गर्ने कार्यलाई व्यवस्थित बनाउने काममा जोड दिनुपर्छ।
- प्रमुख पर्यटकीय गन्तव्यमा चलचित्र छायाङ्कन स्थलहरुको सम्भाव्यता अध्ययन गरी चलचित्र छायाङ्कन गर्ने स्थलहरुको निर्माणमा जोड दिँदै चलचित्रलाई पर्यटनमा जोडेर पर्यटन प्रवर्द्धन गर्ने नीति अगाडि सार्नुपर्छ।
- ऐतिहासिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक सम्पदालगायत भाषा, संस्कृति र रीतिरिवाज पर्यटक तान्ने माध्यम भएको हुँदा ती क्षेत्रको पर्याप्त प्रचारप्रसार गरी पर्यटन क्षेत्रलाई उद्योग र रोजगारीसँग जोड्नुपर्छ।
- पदमार्गमा आधारित पर्यटन विकासमा जोड दिई पर्यटन प्रवर्द्धन गर्न पहिचान भएका पदमार्गहरुको पूर्वाधार विकास गरी पर्यटन मैत्री बनाउँदै थप नयाँ पदमार्गको विकासमा जोड दिनुपर्छ।
- रोजगारी र आयको दृष्टिकोणले पर्यटन व्यवसायलाई व्यवस्थित गरी राज्यले पर्यटन विकासको लागि पूर्वाधार निर्माण र पर्यटनलाई औद्योगिकरण गर्न वैदेशिक लगानीलाई पनि प्रोत्साहन गर्नुपर्छ। तीनै तहका सरकारले पर्यटनमा जोड दिँदै आ-आफ्नो तहमा र अन्य तहहरुसँग समन्वय गरी पर्यटन विकास गरी आर्थिक वृद्धिमा महत्वपूर्ण सहयोग पुऱ्याउने क्षेत्रको रुपमा विकास गर्नुपर्छ।
- तीनै तहका सरकारले पर्यटन पूर्वाधारमा लगानी बढाउँदै विशेषत सार्क मुलुकहरुका पर्यटकलाई लक्षित गरेर पर्यटक आकर्षित गर्ने रणनीति अगाडि सार्नुपर्छ। पर्यटक गाइड तथा पर्यटन व्यवसायीहरुलाई चिनियाँ, बंगाली लगायत सार्क मुलुकमा बोलिने भाषाको औपचारिक तथा अनौपचारिक शिक्षा र तालिमको व्यवस्था गरी पर्यटकलाई भाषागत रुपमा सहज बनाउँदै पर्यटन प्रवर्द्धन गर्नुपर्छ।
- सार्क मुलुकका पर्यटकहरुलाई नेपाल भ्रमण गर्न अनलाइन भिसाको व्यवस्था गर्ने नीति अगाडि सार्दै प्रादेशिक पर्यटन बोर्डको व्यवस्था गरेर सहज तरिकाबाट सार्क मुलुकका पर्यटकहरुलाई आकर्षण गर्ने नीति तथा कार्यक्रमहरु अगाडि सार्नुपर्छ। किमाथान्का तथा ओलाङचुङ नाकाबाट सवारी साधान सहज रुपमा चल्न थालेपछि चिनियाँ पर्यटकहरुको आगमनले यो प्रदेशको पर्यटन विकासमा ठुलो टेवा पुग्नेछ। यस प्रदेशबाट अन्य प्रदेशका साथै दार्जेलिङ र सिक्किमलाई पनि पयर्टन प्याकेजमा थप्न सकियो भने पर्यटकहरुको बसाइ लम्याउन र यस प्रदेशमा पर्यटकहरु आउन थप मद्दत पुग्ने सम्भावना पनि त्यतिकै छ।
- साहसिक पर्यटकको लागि खेल पर्यटन प्रवर्द्धन गर्न प्रदेशका विभिन्न पर्यटकीय खेल स्थलको सम्भाव्यताको अध्ययन गरी साहसिक खेलका लागि खेल स्थलहरुको निर्माणमा स्थानीय तह, प्रदेश सरकार तथा पर्यटन व्यवसायीले लगानी गर्नुको साथै ठुला लगानी भित्राउनको लागि लगानीमैत्री वातावरण बनाई लगानी आकर्षण गरेर पर्यटन प्रवर्द्धन गर्ने रणनीति लिनुपर्छ।
- साहसिक पर्यटकीय खेल बन्जी जम्पिङ, ऱ्याफ्टिङ, प्यारागाइडिङ, क्यानोनिङ, रक क्लाइमविङ, घोडसवारी, जीप फ्लाइङ आदिको साथै पर्यटकलाई आकर्षण गर्न हिलस्टेसन, ट्रेकिङ आदिको सम्भाव्यताको अध्ययन गरी ती क्षेत्रको विकासमा अर्थतन्त्रका तीनै खम्बाले हातेमालो गरी पर्यटन प्रवर्द्धन गरेर प्रदेशको दिगो आयस्रोतमा जोड दिनुपर्छ।
- नमुना पर्यटकीय पालिकाको सम्भाव्यताको अध्ययन गरी नमुना पर्यटकीय पालिकाको रुपमा विकास गर्न स्थानीय तथा प्रदेश सरकारले सहकार्य र समन्वय गरी पर्यटकहरुलाई आकर्षित गर्ने धार्मिक, सांस्कृतिक, प्राकृतिक र पुरातात्विक महत्वका सामाग्रीहरुको अवलोकनको लागि स्थानीय संग्रहालयको विकासमा जोड दिनुपर्छ।

- पर्यटन र पर्वतारोहणलाई एक अर्काको परिपुरकको रुपमा विकास गर्दै पर्यटनलाई पर्वतारोहणमा जोडेर पर्वतारोही पर्यटकलाई आकर्षण गर्नुपर्छ। पाँच हजारभन्दा माथिका हिमाल आरोहण गर्न सहज वातावरण बनाउन आवश्यक पूर्वाधारको विकासमा जोड दिँदै हिमाल आरोही र बेस क्याम्पसम्म पुगेर दृष्य अवलोकन गर्ने पर्यटकहरुलाई आकर्षण गर्ने नीति लिनुपर्छ।
- हिमालको राजधानीको रुपमा रहेको यस प्रदेशबाट नै हिमालको दृष्य अवलोकन गराउने माउन्टेन फ्लाइट लागि विराटनगरबाट लुक्ला, तुम्लिङटार, ताप्लेजुङ लगायतका विमानस्थलहरुको प्रयोगलाई जोड दिने नीति लिई प्रदेशलाई हिमाल अवलोकनको राजधानीको रुपमा विकास गर्ने रणनीति अगाडि सारेर काम गर्नुपर्छ।
- विराटनगर विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नति गरी भुटान, वंगलादेश, भारतका विभिन्न स्थानबिच सिधा हवाई यातायात सञ्चालन गरी पर्यटन प्रवर्द्धन गर्ने रणनीति लिनुपर्छ।
- महाभारत सर्किटको विकास गर्दै भद्रपुरको किच्चकवधदेखि विराटरनजाको दरवारसम्म पर्यटनलाई जोड्न सकियो भने यसले पनि पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्नेछ।
- आठ हजार मिटरभन्दा अग्ला तीन हिमाल रहेको खुम्बु क्षेत्रको प्रवेशद्वार लुक्ला विमानस्थल काठमाण्डौं केन्द्रित हवाई यातायातलाई विराटनगरबाट पनि सेवा प्रदान गर्न प्रदेश सरकार तथा प्रदेश पर्यटन वोर्डले विशेष जोड दिनुपर्छ। साथै खुम्बु क्षेत्रमा केन्द्रित पर्यटकलाई कञ्चानजंग तथा मकालु क्षेत्रमा पनि आकर्षित गर्ने नीति लिई प्रदेशको पर्यटन प्रवर्द्धन गर्नुपर्छ।
- पर्वतारोहणको कारण भएको फोहोर व्यवस्थापनको लागि थप दस्तुर लिने र पर्वतारोहणको क्षेत्रमा काम गर्ने विभिन्न व्यवसायी संघ संस्थाहरुसँग हातेमालो गरी निरन्तर रुपमा फोहोर संकलन गर्ने नीति अगाडि सार्नुपर्छ।
- प्रदेशका पर्यटकीय क्षेत्रलाई लक्षित गर्दै स्थानीय तह, प्रदेश सरकार तथा पर्यटन व्यवसायीहरुले लामा तथा छोटा अवधिका भ्रमण प्याकेज बनाई पर्यटकीय रुटमा यातायातको व्यवस्थापन नियामित गर्नुपर्छ। साथै प्रदेश र अन्तरप्रदेश पर्यटकीय क्षेत्रलाई लक्षित गरेर लामा रुटका भ्रमण प्याकेजमा पनि जोड दिनुपर्छ।
- भारतीय तथा बंगलादेशी पर्यटकहरुले ल्याएका यातायातका साधानमा निश्चित शुल्कको व्यवस्था गरी प्रदेशका विभिन्न सीमा नाकामा पास दिने व्यवस्था गरी पर्यटकलाई सहज बनाउने नीति अवलम्बन गर्नुपर्छ।
- पर्यटन प्रवर्द्धनको लागि सांस्कृतिक मेलाको आयोजना गरी पर्यटकलाई आकर्षित गर्ने नीतिलाई निरन्तरता दिँदै पर्यटकलाई आकर्षण गरी पर्यटन प्रवर्द्धन गर्नुपर्छ। साथै कोशेली घर, सेवा गृहमा उपहार बिक्री कक्षको व्यवस्था गरी स्थानीय रुपमा उत्पादित वस्तुले पर्यटकलाई आकर्षित गर्नुपर्छ।
- कृषि पर्यटनलाई प्रवर्द्धन गर्न स्थानीय किसान तथा पर्यटन व्यवसायीलाई प्रोत्साहित गर्दै आवश्यक तालिमको व्यवस्था गर्नुपर्छ। साथै प्रदेशका महत्वपूर्ण पर्यटकीय कृषि तथा पशु फर्म, चिया तथा अलैचीका बगन, फलफूलका बगन आदि क्षेत्रमा अवलोकन गराएर कृषि पर्यटनलाई प्रवर्द्धन गर्नुपर्छ।
- एसिया कै उत्कृष्ठ तथा गुलियो सुन्तलाको रुपमा चिनिएको धनकुटाको खोकुछिन्ताङ्गको सुन्तला खेतीको विकासमा तीनै तहका सरकारले लगानी बढाउँदै एसिया कै सुन्तलाको राजधानीको रुपमा विकास गरी पर्यटकहरु भित्राउने रणनीति लिनुपर्छ।
- धार्मिक, सांस्कृतिक र प्राकृतिक दृश्य अवलोकनलाई एकीकृत रुपमा विकास गर्दै पर्यटन प्रवर्द्धन गर्ने नीति तथा कार्यक्रम ल्याउनुपर्छ। साथै ती पर्यटकीय क्षेत्रलाई सर्किटको रुपमा विकास गरी नियमित रुपमा उक्त पथहरुमा सार्वजनिक तथा निजी क्षेत्रले पर्यटकीय यातायातका साधानहरु सञ्चालन गर्नुपर्छ। पर्यापर्यटनको विकास र प्रवर्द्धनमा विशेष जोड दिई पर्यटन क्षेत्रलाई बलियो बनाउनुपर्छ।
- प्रदेशको पहाडी  तथा हिमाली भेगमा पर्यटन प्रवर्द्धन गर्न पर्यटन पूर्वाधारमा तीनै तहका सरकारले लगानी बढाउँदै पर्यटन पूर्वाधार विकास कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ। साथै गुणस्तरीय पर्यटक भित्राउने रणनीतिमा जोड दिनुपर्छ।
- यस प्रदेशलाई गुणस्तरीय शिक्षा, स्वास्थ्यको हबको रुपमा विकास गरी शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा पर्यटकहरु भित्राउने रणनीतिका साथ स्थानीय तह, प्रदेश सरकार तथा निजी क्षेत्रले लगानी बढाउनुपर्छ।
- पुरातात्विक महत्वको वस्तुहरुको संरक्षण गर्दै पर्यटक प्रवर्द्धन गर्न प्रत्येक पालिकाले संग्रहालय स्थापना गर्नुपर्छ। प्रत्येक नमुना विद्यालयहरुमा विद्यालय स्तरीय संग्रहालयको स्थापना गरी पुरातात्विक महत्वको वस्तुहरुको संरक्षण गरी भविष्यमा

स्थानीय कला, संस्कार र संस्कृतिको अध्ययन केन्द्रको रुपमा विकास गर्नुपर्छ । संविधानमा संग्रहालय प्रदेशको अधिकारको सूचीमा समावेश गरिएको हुँदा प्रदेश सरकारले प्रादेशिक संग्रहालय हिमाल, पहाड र तराईलाई केन्द्रित गरी छुट्टाछुट्टै स्थानमा स्थापना गरेर सञ्चालनमा ल्याउनुपर्छ, साथै संग्रहालय स्थापनामा पालिका तथा विद्यालयहरुलाई सहयोग गर्नुपर्छ ।

- प्रादेशिक आन्तरिक परिवहन तथा अन्तर प्रादेशिक परिवहन सेवा विस्तार गरी प्रदेशले लामा तथा छोटा पर्यटकीय प्याकेज टुर्सको व्यवस्था गरी अन्तर प्रदेश तथा प्रदेशका विभिन्न पर्यटकीय स्थलहरुको भ्रमण गराउने नीतिलाई कार्यान्वयनमा ल्याउनुपर्छ ।
- जिल्लास्तरीय लामा तथा छोटा पर्यटकीय प्याकेज टुर्सको व्यवस्था गरी जिल्लाको विभिन्न पर्यटकीय स्थलहरुको भ्रमण गराउने नीतिलाई कार्यान्वयनमा ल्याउनुपर्छ । साथै पालिकास्तरीय लामा तथा छोटा पर्यटकीय प्याकेज टुर्सको व्यवस्था गरी पालिकाको विभिन्न पर्यटकीय स्थलहरुको भ्रमण गराउने नीतिलाई स्थानीय तह तथा स्थानीय समुदायले कार्यान्वयनमा ल्याउनुपर्छ ।
- प्रदेशका पर्यटकीय विशेष क्षेत्रहरुको पहिचान गरी पर्यटकीय पूर्वाधार निर्माणमा विशेष जोड दिँदै पर्यटन प्रवर्द्धन गर्ने नीति लिनुपर्छ । पर्यटकलाई आकर्षित गर्न प्रदेशमा बोलिने जातजातिका भाषा, संस्कृति, कला, लिपी, सम्पदा संरक्षण, संग्रहालय तथा अभिलेखालय व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग गरी संरक्षण गर्ने नीतिलाई अगाडि सार्नुपर्छ ।
- दीर्घकालीन आर्थिक रणनीति बनाई पर्यटन क्षेत्रको दिगो विकासलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रमहरु ल्याउनुपर्छ, साथै यस प्रदेशलाई पर्यटनको हब प्रदेशको रुपमा पहिचान बनाउनुपर्छ ।
- यस प्रदेशका पर्यटन स्थलहरुको विषयगत रुपमा पहिचान गरी पर्यटकहरुको विश्वास जित्ने किसिमको पूर्वाधारको विकास तथा सुरक्षा व्यवस्था गर्नुपर्छ । विविध कारण जोखिममा परेका पर्यटकहरुलाई तत्काल उद्धार गर्न भरपर्दो व्यवस्थापन गर्नुपर्छ ।
- भरपर्दो तथा सुरक्षित यात्रा, स्वस्थ र स्वच्छ खाना र बसोबास, भरपुर मनोरञ्जनको ग्यारेन्टीसहित पर्यटन क्षेत्रको विकास गर्नुपर्छ । होमस्टे तथा होटल व्यवसायीहरुले अनिवार्य रुपमा पर्यटकहरुको अभिलेख राखी पर्यटक बसोबासको तथ्यांकलाई व्यवस्थित गर्नुपर्छ ।
- पर्यटनलाई समृद्धिमा जोड्न तथा गुणस्तरीय पर्यटकहरु भित्राउन पर्यटन प्रवेशाज्ञा शुल्क थोरै भए पनि लागु गर्नुपर्छ । भौगोलिक विकटता, नयाँ गन्तव्य क्षेत्रका होटल व्यवसायीहरुलाई सुरुका केही वर्ष कर छुटको व्यवस्था गरी पर्यटन प्रवर्द्धनमा जोड दिनुपर्छ ।
- यस प्रदेशमा विराटनगर विमान स्थललाई अन्तर्राष्ट्रिय विमान स्थलको रुपमा विकास गरी पर्यटन प्रवर्द्धन गर्न सक्नुपर्छ । पर्यटकहरुलाई लक्षित गरी जहाजहरु विश्वका विभिन्न मुलुकहरुमा नियमित रुपमा उडान गर्ने नीति लिनुपर्छ ।
- यस प्रदेशको पर्यटकीय उच्च स्थानहरुमा पर्यटन विकासको लागि केवलकारको विस्तार र विकासमा जोड दिनुपर्छ । विद्युतको व्यवस्था गर्न नसकिने पर्यटकीय क्षेत्रमा उज्यालो पर्यटन क्षेत्र घोषणा गरी सौर्यबत्ती जडान गर्नुपर्छ ।
- मुख्य पर्यटकीय गन्तव्य स्थानमा निःशुल्क वाईफाई तथा पर्यटकीय आवास क्षेत्रमा इन्टरनेट सेवा सञ्चालन गरी पर्यटकलाई नियमित रुपमा सञ्चारसँग जोड्नुपर्छ ।
- पर्यापर्यटनलाई शून्य कार्बन पर्यटनको रूपमा विकास गर्नका लागि होटल तथा लजमा कार्बन उत्सर्जन हुने कोइला, दाउरा र ग्यासको प्रयोगको सट्टा जलविद्युत् र सौर्य ऊर्जाको उपयोगमा जोड दिनुपर्छ । फलस्वरूप जलवायु परिवर्तनबाट प्रभावित विदेशी पर्यटकहरुलाई नेपालको बसाइ लम्ब्याउन सकिनेछ ।
- पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्दै पर्यटनलाई व्यवसायमा मात्र सीमित नराखी उद्योगको रुपमा विकास गर्ने नीति तथा कार्यक्रम बनाएर ठुलो संख्यामा रोजगारी सिर्जना गरी कुल गार्हस्थ्य उत्पादनमा कृषिपछि पर्यटनको भूमिका उच्च बनाउनुपर्छ । आर्थिक विकास र समृद्धिको लागि मुलुकमा कृषि, पर्यटन र ऊर्जाको भूमिका अत्यन्त महत्पूर्ण रहेको छ ।

## ४. ऊर्जा (Energy)

ऊर्जाको दृष्टिकोणबाट हेर्दा यो प्रदेश प्रचुर सम्भावना भएको प्रदेश हो । जलविद्युत् ऊर्जाको दृष्टिकोणले यो प्रदेशमा ठुला साना धेरै नदीहरु छन् । खासगरी विद्युतीय ऊर्जा उत्पादनको लागि अरुण, बरुण, सभा, तमोर, दुधकोसी, माई, त्रियुगा, पुवा, लेगुवा, पिखुवा, हेवा, काबेली, सोलु, मैवा, मेवा, घुम्सा, शिवा आदि नदी महत्वपूर्ण नदीहरुमा पर्छन् । उत्पादित विद्युत अन्तर्राष्ट्रिय बजारमा लैजान भारत, बंगलादेश र चीनसँग सम्झौता गरी अन्तरदेशीय विद्युत प्रशारण लाइन विस्तारको लागि सहकार्य गर्न सके बढी भएको विद्युत बिक्री गर्न सहज हुनेछ । त्यसैले भारत, बंगलादेश र नेपालबिचको त्रिपक्षीय सहमती गरी काकडभिट्टाबाट बंगालादेशसम्म अन्तरदेशीय विद्युत प्रशारण लाइन निर्माण गरी विद्युत निर्यातको आधार बनाउन सक्नुपर्छ । त्यस्तै किमाथान्का नाका र ओलाङचुङ्ग नाकाबाट चीनतर्फ विद्युत निर्यात गर्न चीनसँग सम्झौता गरी अन्तरदेशीय विद्युत प्रशारण लाइन निर्माण गरी विद्युत प्रसारणमा अन्तर्राष्ट्रिय कनेक्टिभिटी बढाउँदै लैजानुपर्छ । अन्तर्राष्ट्रिय बजारमा विद्युतको निर्यात सहज बनाउन सकियो भने विद्युतबाट मुलुकले ठुलो आम्दानी गर्न सफल हुनेछ । यस प्रदेशमा हाइड्रोजन ग्यास ऊर्जा उत्पादनको सम्भाव्यता अध्ययन गरी लगानीको खोजी गरेर नयाँ ऊर्जाको व्यवसायिक उत्पादनमा जोड दिन सक्नुपर्छ । ऊर्जामा संवैधानिक व्यवस्था, प्रदेशमा ऊर्जा उत्पादनको सम्भावना र विद्युत खपतका नीतिगत विषयमा केही कुरा बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

- संविधानको मौलिक हक अन्तर्गत धारा ३० मा स्वच्छ वातावरणको हकमा (१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ, (२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था भएको हुँदा विद्युतीय ऊर्जालाई प्रयोग गरी वातावरणीय प्रदूषणलाई रोक्ने रणनीति लिनुपर्छ ।
- संविधानको धारा ५१ मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिमा नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने भनी उल्लेख गरिएको छ ।
- साना विद्युत आयोजनालाई प्रदेशको अधिकारको सूचीमा राखिएको छ भने ठुला विद्युत आयोजनालाई संघको अधिकारको सूचीमा राखिएको छ ।
- यो प्रदेशमा नेपालको जलस्रोतको जलाधार क्षेत्रको २८ प्रतिशतभन्दा बढी क्षेत्र हुनुको साथै ३४,००० मेगावाट जलविद्युत उत्पादन हुने क्षमता पनि रहेको छ (प्रदेश योजना आयोग, २०७६) । प्रदेश सरकारले प्रदेश स्तरीय विद्युत उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्दै प्रदेश सरकारले पनि विद्युत उत्पादन गर्न गौरवको आयोजनाहरु सञ्चालन गरी प्रदेशका जनतालाई सहभागी गराउँदै विद्युत उत्पादन गर्ने नीति लिनुपर्छ ।
- यस प्रदेशमा १० वटा ठुला जलाशययुक्त आयोजनाबाट मात्र ७ हजार ५ सय मेगावाट बिजुली उत्पादन सम्भावना रहेको छ । ३ हजार ४ सय ८९ मेगावाट क्षमताको सप्तकोसी उच्च बाँध, १ हजार ३ सय ५७ मेगावाटको सुनकोसी-१, ७ सय ६२ मेगावाट तमोर, ६ सय ९६ मेगावाट तमोर-१ आयोजना यस प्रदेशमा पर्छन् । त्यसैगरी कन्काई (८४), दुधकोसी-१ (३००), दुधकोसी-२ (३००), माई (६२), अपर माई (५३), तमोर-३ (१८६) लगायत आयोजनाको सम्भावना यस प्रदेशमा रहेको छ । (नमोदित, २०७५)
- अरुण नदीमा मात्र अरुण तेस्रो ९०० मेगावाट निर्माणधिन, अपर अरुण १०६१ मेगावाट, लोवर अरुण ६०० मेगावाट, किमाथाङ्का अरुण ४३४ मेगावट र अरुण चौथो ४०० मेगावटका पाँच वटा ठुला विद्युत परियोजनाहरु पहिचान भइसकेको छन् । सप्तकोसीमा मात्रै ४ हजार ६ सय मेगावाट बिजुली उत्पादन गर्न सकिने अवस्थामा रहेको छ । यस प्रदेशका प्रायः सबै पहाडी तथा हिमाली जिल्लामा केही साना जल विद्युत आयोजनाहरु सञ्चालनमा आएका र धेरै आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् । निकट भविष्यमा नै प्रयाप्त विद्युत उत्पादन हुने भएकोले कसरी विद्युतीय ऊर्जाको खपत बढाउन सकिन्छ भन्ने विषय ध्यान केन्द्रित गर्न जरुरी देखिन्छ ।
- विद्युतीय ऊर्जा सडकदेखि भान्सासम्म पुऱ्याउने नीति लिई विद्युतको खपत बढाउनुपर्छ । विद्युतीय यातायातका सवारी साधानलाई विद्युत चार्ज गर्न पहिलो चरणमा जोगमनीदेखि धनकुटासम्म उत्तर दक्षिण र कोसी पुलदेखि मेची पुलसम्म

पूर्वपश्चिममा चार्जिङ्ग स्टेसन निर्माण गरी विद्युतीय सवारी साधानलाई विविध क्षेत्रमा विशेष सुविधा दिने नीति लिनुपर्छ ।

- दोस्रो चरणमा क्रमिक रुपमा यस प्रदेशका प्रादेशिक लोकमार्ग र अन्य क्षेत्रमा पनि विद्युतीय चार्जिङ्ग स्टेसनहरु निर्माण गर्न निजी क्षेत्र, विद्युत प्राधिकरण लगायत स्वच्छ ऊर्जाको क्षेत्रमा काम गर्ने संघ संस्थासँग सहकार्य गरी विद्युतीय सवारी साधान मात्र चलाउने रणनीतिक योजना ल्याउनुपर्छ । समय सीमा तोकेर क्रमिक रुपमा पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधानलाई विद्युतीय सवारी साधानमा परिणत गर्ने नीति लिँदै भविष्यमा सवारीबाट हुने प्रदूषणलाई शून्यमा झार्ने दीर्घकालीन लक्ष्य राख्नुपर्छ ।
- प्रदेश सरकारले विद्युतीय रेल जोगमनीदेखि धरानसम्म उत्तर दक्षिण प्रदेशको गौरवको आयोजनाको रुपमा र पूर्वपश्चिम विद्युतीय रेल संघीय सरकारले सञ्चालन गर्ने गरी पूर्वाधार निर्माणमा संघीय सरकारसँग सहकार्य गरी कार्यान्वयनमा अगाडि बढ्नुपर्छ ।
- यस प्रदेशका सबै भान्सालाई धुँवारहीत बनाउने रणनीति प्रदेश सरकारले लिनुपर्छ, त्यसले एकातिर ठोस तथा ग्यास इन्धनलाई विस्थापित गरी कार्वन उत्सर्जनमा नियन्त्रण गर्न सहयोग गर्दछ भने अर्कोतिर विद्युतको प्रयोगले इन्धन खर्चमा कटौती हुने तथा धुवाबाट हुने स्वस्थ्य समस्या र मृत्युबाट बचाई ठुलो आर्थिक क्षति हुनबाट बचाउँछ । प्रदेश सरकार, स्थानीय सरकार तथा स्वच्छ विद्युतीय ऊर्जा प्रवर्द्धन गर्ने संघ संस्थाहरुले आपसमा सहकार्य गरेर जनचेतना अभिवृद्धि गर्दै विद्युतीय चुलो प्रयोग गर्ने अभियान ल्याउनुपर्छ ।
- भान्साको लागि आवश्यक विद्युतीय चुलो तथा भाडावर्तन उत्पादन गर्न निजी क्षेत्रलाई विशेष सुविधा दिने, सरकारले पनि विद्युतीय चुलो उत्पादन गर्न उद्योग सञ्चालन गर्ने नीति लिई कार्यान्वयनमा जानुपर्छ । विद्युतीय चुलोमा वारेन्टीको व्यवस्था गरी मर्मत गर्ने व्यवस्थालाई सहज बनाउने नीति लिनुपर्छ । स्थानीय तहहरुले आफ्नो पालिकालाई धुँवारहीत भान्साघरको घोषणा गर्न प्रतिस्पर्धात्मक रुपमा काम गर्दै यो प्रदेशलाई पहिलो धुँवारहीत भन्साघरको प्रदेश घोषणा गर्ने नीति लिनुपर्छ ।
- विद्युतीय क्षमता कम भएका मिटरमा निःशुल्क क्षमता वृद्धि गरिदिनुपर्छ, विद्युतीय वाइरिङ्ग प्रणालीलाई गुणस्तरीय बनाउन तथा विद्युतीय चुलो मर्मत गर्न पालिका स्तरमा नै आवश्यक प्राविधिक तालिम दिने व्यवस्था गर्नुपर्छ । विद्युत महसुलमा विशेष छुटको व्यवस्था गरी विद्युतको प्रयोगलाई प्रोत्साहन गर्नुपर्छ ।
- गुणस्तरीय विद्युत वितरण नीति लिई विद्युतको कुनै पनि समयमा विद्युत आपूर्तिमा समस्या नहुने विद्युत प्राधिकरणको विश्वासिलो प्रतिबद्धता आउनुपर्छ जुन व्यवहारमा आमजनताले विश्वास गर्न सक्ने वातावरण बनाउनुपर्छ ।
- यस प्रदेशलाई सरकारले पूर्ण रुपमा विद्युतीय औद्योगीकरणको अवधारणा ल्याई नयाँ उद्योगहरु दर्ता र सञ्चालन गर्दा अनिवार्य विद्युतीय ऊर्जाले मात्र चलाउने नीति लिनुपर्छ र पुराना अन्य इन्धनबाट सञ्चालनमा आइरहेका उद्योगलाई पनि क्रमिक रुपमा समय सीमा तोकेर विद्युतीय ऊर्जाबाट चल्ने इन्जिनमा रुपान्तरण गरी औद्योगिक क्षेत्रबाट हुने कार्वन उत्सर्जनलाई न्यूनिकरण गर्ने नीति लिनुपर्छ ।
- विद्युत ऊर्जा पुऱ्याउन कठिन ठाउँमा नवीकरणीय ऊर्जाको रुपमा सौर्य ऊर्जा, वायु ऊर्जा, बायो ग्याससमा जोड दिनुपर्छ । तराईमा भूमिगत खानेपानी तथा सिँचाइको लागि पानी निकाल्न तथा विद्युत नपुगेको ठाउँमा खानेपानी, सिँचाइ, सडक वत्ती, ट्राफिक वत्ती, पार्कको लागि नवीकरणीय ऊर्जाको प्रयोगमा जोड दिनुपर्छ ।
- ऊर्जा उत्पादनलाई पहिलो प्राथमिकतामा राखी ऊर्जा उत्पादनको दृष्टिले पहिलो प्रदेशको रुपमा विकास गरी अर्थतन्त्रलाई चलयमान बनाउनुपर्छ ।
- जलविद्युत् परियोजना लगायत अन्य ऊर्जाको क्षेत्रमा जनता, सहकारी संस्था र सरकारको संयुक्त लगानी प्रवर्द्धन गरी गरिबीका रेखामुनि रहेका व्यक्तिहरूलाई पनि परियोजनामा सेयर उपलब्ध गराउने विशेष वित्तीय रणनीति लिनुपर्छ । सर्वसाधारणको लगानी सुरक्षित गर्ने व्यवस्थाको ग्यारेन्टी सरकारले गर्नुपर्छ ।
- कार्बन उत्सर्जन शून्यमा झार्ने रणनीतिअनुसार हरित अर्थतन्त्रको रोडम्याप तयार गरी जलवायु परिवर्तनका लक्ष्यहरूलाई स्पष्ट र मापनयोग्य बनाउँदै तीनै तहका सरकारले कार्यान्वयनमा जोड दिनुपर्छ । शून्य कार्बनमा झार्न धुँवारहित भान्सको अवधारणा, विद्युतीय सवारी, विद्युतीय औद्योगिकरण र जलवायुका दृष्टिकोणले स्मार्ट कृषि प्रणालीमा जोड दिनुपर्छ ।

- मुलुकलाई औद्योगिकीकरणमा लैजान पर्याप्त मात्रामा विद्युत उत्पादन गरी विद्युतीय ऊर्जालाई हरेक क्षेत्रमा प्रयोग गरी आयतित ऊर्जाको अन्त्य गर्नुपर्छ । साथै ऊर्जालाई निर्यात गरी व्यापार घाटालाई सधैँको लागि अन्त्य गर्ने नीति लिनुपर्छ ।
- जलविद्युत ऊर्जाको साथै हाइड्रोजन ऊर्जा उत्पादनको सम्भाव्यता पनि यस प्रदेशमा त्यतिकै बलियो छ। विशेषत पानीको औद्योगिक प्रक्रिया अपनाएर विद्युत विच्छेदनमार्फत हरित हाइड्रोजन ऊर्जा उत्पादन गरी यातायात, औद्योगिक क्रियाकलाप लगायत विद्युतीय ऊर्जाको विकल्पको रुपमा प्रयोगमा ल्याउन सकिने र व्यवसायिक रुपमा उत्पादन गरेर निर्यातसम्म गर्न सकिन्छ । साथै उक्त ऊर्जाको प्रयोगले प्रदूषित कार्वनडाइअक्साइड ग्यास पनि उत्सर्जन नगर्ने र पर्यावरणलाई स्वच्छ राख्न महत्वपूर्ण भूमिका खेल्ने भएकोले औद्योगिक रुपमा हाइड्रोजन ऊर्जा उत्पादन गर्ने रणनीतिक योजना प्रदेश र संघीय सरकार मिलेर ल्याउनुपर्छ ।

## ५. **औद्योगिकरण** (Industrialization)

औद्योगिक विकासको दृष्टिकोणले यो प्रदेश अग्रेणी प्रदेशको रुपमा आउँछ, यहाँ साना ठूला धेरै उद्योगहरु रहेका छन् । राणा प्रधानमन्त्री जुद्धशमशेरको पालामा वि.सं. १९९२ मा उद्योग परिषद्को स्थापना भए पछि वि.सं. १९९३ मा कम्पनी ऐन जारी भयो र सोही वर्ष विराटनगर जुटमिल्सको स्थापना गरी नेपालमा औद्योगिक विकासको प्रारम्भ गरिएको हो । औद्योगिकरणको अभियानले गति लिँदै जाँदा क्रमिक रुपमा विराटनगर औद्योगिकरणमा अगाडि बढ्न सफल भएको हो । यस प्रदेशमा मुख्य औद्योगिक क्षेत्रमा धरान औद्योगिक क्षेत्र, दमक औद्योगिक क्षेत्र, धनकुटा औद्योगिक क्षेत्र तथा सुनसरी-मोरङ औद्योगिक कोरिडोर रहेका छन् । औद्योगिकीकरणको सम्भावना यस प्रदेशमा धेरै भए पनि त्यसअनुसार उद्योगको विकास हुन सकेको छैन ।

विशेषत मोरङ-सुनसरी औद्योगिक क्षेत्रले यस प्रदेशको औद्योगिकरणमा ठुलो योगदान गरेको छ । यस प्रदेशमा जुट, चिनी, सलाई, स्टील, भाँडा, धागो, कपडा, फलाम, प्लास्टिक, सिमेन्ट, चिया लगायतका उद्योगहरू प्रमुख रुपमा रहेका छन् भने अलैची, अदुवा तथा फलफूल लगायत कृषिजन्य तथा पशुजन्य उद्योगहरुको पनि प्रचुर सम्भावना भएको प्रदेशको रुपमा रहेको छ। त्यस्तै जडिबुटीको खानी भएको यस प्रदेशमा जडिबुटीजन्य उद्योगहरुको सम्भावना पनि त्यतिकै रहेको छ। औद्योगिक क्षेत्रमा दक्ष जनशक्ति र कच्चा पदार्थको अभाव, विद्युतको अभाव भइरहन्छ भने लगानी जोखिममा हुने डर पनि त्यतिकै हुन्छ । औद्योगीकरणमा राज्यले लिएको नीति र औद्योगिकरणमा ध्यान दिनुपर्ने केही विषयहरु यस प्रकार रहेका छन् ।

- संविधानमा राज्यका नीतिहरु अन्तर्गत उद्योग सम्बन्धी नीतिमा (१) तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने (२) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्धन गरी नेपाली श्रम, सिप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, (३) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने, (४) औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र संघ बिच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने उल्लेख छन् ।
- नेपालको संविधानले उद्योगलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा, कलकारखाना र औद्योगिकरणलाई प्रदेशको अधिकारको सूचीमा राखेको हुँदा प्रदेशले कलकारखाना स्थापना गर्न लगानीमैत्री वातावरण बनाई औद्योगिकरणको अभियानमा अग्रेणी भूमिका निभाउँदै कुल गार्हस्थ्य उत्पादनमा उद्योगको योगदान उच्च बनाउनुपर्छ ।
- औद्योगिक विकासको लागि लगानी आकर्षित गर्न कर छुटको व्यवस्था गर्ने, औद्योगिक कच्चापदार्थमा भन्सार छुटको व्यवस्था गर्ने, ऊर्जा लगायत औद्योगिक क्षेत्रका अन्य भौतिक पूर्वाधारको विकासमा सहज वातावरण बनाई दिने, औद्योगिक क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनमा सहयोग गर्ने, उद्योगीलाई सहुलियत ब्याजदरमा ऋण उपलब्ध गर्ने जस्ता कार्यमा जोड दिँदै उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने नीति अगाडि सार्नुपर्छ ।
- औद्योगिकरणको अभियानले मात्र रोजगारी प्रवर्द्धन गर्न सक्ने भएकोले स्थानीय स्रोत साधान र सिपमा आधारित उद्योगहरु सञ्चालनमा जोड दिँदै अर्थतन्त्रलाई औद्योगिकारणमा रुपान्तरण गर्न औद्योगिक ग्रामहरुको विकासमा प्राथमिकताको साथ काम गर्नुपर्छ ।

- स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई पहिलो प्राथमिकता र न्यून मूल्यका विदेशी कच्चा पदार्थबाट उच्च मूल्यका वस्तु उत्पादन हुने उद्योगलाई दोस्रो प्राथमिकता दिई औद्योगीकरणको विकास गर्नुपर्छ। उद्यमीहरुलाई विदेशी उत्पादनसँग प्रतिस्पर्धा गर्ने गुणस्तरीय उत्पादन गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन राज्यले प्रोत्साहन गर्नुपर्छ।
- आयात प्रतिस्थापन गर्न तथा सन्तुलित व्यापार गर्न मुलुकको विशेषताअनुसार स्थानीय स्रोत साधान र कच्चापदार्थमा आधारित निकासीमूलक आधुनिक प्रविधियुक्त उद्योगहरुमार्फत प्रतिस्पर्धात्मक रुपमा गुणस्तरीय उत्पादन बढाएर प्रदेशले निर्यात प्रवर्द्धन गर्ने रणनीति लिनुपर्छ।
- प्रादेशिक कृषि, पर्यटन तथा खनिजमा आधारित उद्योगलाई प्राथमिकतामा राखेर आवश्यक पूर्वाधार विकासमा जोड दिनुपर्छ। लगानी आकर्षण गर्न सेवा र सुविधासम्बन्धी कार्य एकद्वार प्रणालीमार्फत गर्नुपर्छ। वैदेशिक रोजगारबाट स्वदेश पर्केका कामदारलाई स्वदेशमा नै रोजगारी सिर्जना गर्न उनीहरुले आर्जन गरेको सिपको आधारमा साना तथा मझौला उद्योगमा लगानी बढाउने वातावरण तयार गरी आवश्यक सहयोग गर्ने नीति प्रदेश सरकार तथा गैरसरकारी क्षेत्रले लिनुपर्छ।
- औद्योगिक क्षेत्रमा सार्वजनिक, निजी तथा सहकारीको भूमिका प्रतिस्पर्धात्मक बनाएर उत्पादकत्व बढाउनुपर्छ। साथै औद्योगिक सुशासन अभिवृद्धि गर्न सबै क्षेत्रले आ-आफ्नो भूमिका र दायित्व गम्भीरताका साथ वहन गर्नुपर्छ।
- प्रदेश सरकारले व्यावसायिक घरेलु मदिरा उत्पादनलाई व्यवस्थित बनाउन कानुनी व्यवस्था गरी औद्योगिक उत्पादन गर्दै विभिन्न खाद्यपदार्थ, जडिबुटीको प्रयोग गरी विविध स्वादमा वाइन, हुस्की आदि उत्पादन गरेर नेपाली ब्राण्डका साथ अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने व्यवस्था गर्नुपर्छ।
- पहाडी तथा तराई भेगमा बाँसको खेती गरी बाँसलाई धेरै वर्षसम्म टिक्ने गरी प्राविधिक रुपमा उपचार गरेर संरचना निर्माणमा प्रयोग गर्नुको साथै बाँसबाट बन्ने अन्य निर्यातयोग्य सामाग्रीहरुको उत्पादन गर्ने रणनीति लिनुपर्छ।
- उद्योग तथा कलकारखाना स्थापनामा जोड दिँदै प्रत्येक पालिकामा कम्तिमा एक एक वटा औद्योगिक ग्रामको स्थापना गरी पालिकालाई औद्योगिकरणको बाटो अगाडि बढाउने नीतिलाई प्राथमिकताका साथ कार्यान्वयनमा अगाडि बढाउन प्रदेश सरकारले विशेष चासो राखेर औद्योगिक ग्रामको पूर्वाधार निर्माण गर्न बजेटको व्यवस्थापन गर्नुपर्छ।
- तुलानात्मक रुपमा बढी लाभ दिने स्थानीय कच्चा पदार्थमा आधारित कृषि तथा वनजन्य उद्योगहरु, जनताका आधारभूत आवश्यकता पूर्ति गर्न आवश्यक पर्ने उद्योगहरुलाई उच्च प्राथमिकतामा राखी औद्योगिक उत्पादनमा जोड दिनुपर्छ।
- औद्योगिक ग्राम तथा प्रादेशिक औद्योगिक क्षेत्रमा कृषि उत्पादनमा आधारित उद्योगलाई व्यवस्थित गर्न विशेष जोड दिँदै विविध सेवा र सुविधा उपलब्ध गराई उत्पादनमूलक उद्योगलाई प्रोत्साहन गर्ने नीतिमा जोड दिनुपर्छ। साथै छरिएर रहेका कृषिमा आधारित उद्योगहरुलाई औद्योगिक क्षेत्रमा एकीकृत गर्ने नीतिमा जोड दिनुपर्छ।
- प्रदेशस्तरीय नयाँनयाँ औद्योगिक क्षेत्रहरुको पहिचान गरी औद्यागिक क्षेत्रहरु स्थापना गर्न विस्तृत सम्भाव्यता अध्ययन गरी परियोजनाको प्रतिवेदनअनुसार औद्योगिक क्षेत्रहरु जतिसक्दो चाडो स्थापना गर्न प्रदेश सरकार र संघीय सरकारले संयुक्त लगानी बढाउने नीति लिनुपर्छ। प्रादेशिक औद्योगिकरणको लागि आवश्यक पर्ने ऐन कानुनको तर्जुमा गरी औद्योगिकरणको अभियानलाई गतिशील बनाउनुपर्छ।
- औद्योगिक ग्राम र प्रादेशिक औद्योगिक क्षेत्रमा निजी, सार्वजनिक र सहकारी तथा साझेदारी अवधारणामा उद्योगहरु स्थापना, सञ्चालन र प्रवर्द्धन गर्ने नीतिलाई निरन्तर रुपमा स्थापित गर्दै अगाडि बढाउनुपर्छ। सार्वजनिक, निजी र सहकारी साझेदारी अभियानलाई सफलतापूर्वक अगाडि बढाउन साझेदारीको क्षेत्रमा अवलम्बन गरिएका विशिष्ठ माध्यमको अध्ययन अनुसन्धान गरी प्रदेशको मौलिक विशेषताको आधारमा साझेदारी नीतिको विकास गरी कार्यान्वयनमा ल्याउनुपर्छ।
- उद्योग तथा कलकारखानाहरुमा विद्युत आपूर्ति सहज बनाउन औद्योगिक कोरिडोरमा स्तरोन्नति गर्दै भरपर्दो विद्युत प्रणालीको विकास गरेर विद्युतको अभाव हुन नदिने विश्वासिलो विद्युत आपूर्ति नीति विद्युत प्राधिकरणले दिन सक्नुपर्छ। उद्योग तथा कलकारखानामा विद्युत आपूर्ति गरी बाँकी रहेको विद्युतलाई मात्र निर्यात गर्ने नीति लिनुपर्छ।
- उद्योग स्थापना, दर्ता तथा नवीकरण गर्न सरल र सहज बनाउन धेरै ठाउँमा जाने झञ्जटिलो प्रक्रियाको अन्त्य गर्दै एउटै स्थानबाट सबै सेवा प्रदान गर्ने नीति अवलम्बन गर्नुपर्छ। साथै औद्योगिक करिडोरहरुको विकासमा राज्यले प्राथामकिताका साथ काम गर्नुपर्छ।

- प्रादेशिक लगानी प्राधिकरणलाई साधान र स्रोतले सक्षम बनाई बलियो संस्थाको रुपमा विकास गर्नुपर्छ। प्रदेशको आर्थिक विकास र समृद्धिको लागि प्रादेशिक लगानीका सम्भाव्यताको अध्ययन गर्ने, लगानीको लागि आन्तरिक र ब्राह्य लगानी जुटाउन लगानी सम्मेलन गर्ने, लगानीको लागि गैर आवासीय नेपाली तथा विदेशीलाई आह्वान गर्दै निजी क्षेत्रबाट नयाँनयाँ परियोजना सञ्चालन गर्न प्रोत्साहित गर्ने नीति ल्याउनुपर्छ । साथै लगानी बढाउन र परिचालन गर्न रणनीतिक योजना तथा कार्यविधि बनाई उत्पादनमूलक उद्योगहरुलाई बढी सुविधा र सहुलियत दिएर प्रदेशलाई औद्योगिक रुपमा अगाडि बढाउनुपर्छ ।
- सबै तहका सरकारले आ-आफ्नो क्षेत्रधिकारभित्र रहेर राष्ट्रिय अर्थतन्त्र निर्माणमा विशेष ध्यान केन्द्रित गर्नुपर्छ । त्यसको लागि राष्ट्रिय उद्योग र राष्ट्रिय पुँजीपतिलाई प्रत्साहित गर्दै स्थानीय स्रोत र साधनमा आधारित उद्योगहरुलाई पहिलो प्राथमिकतामा राखेर औद्योगिकरणको अभियान अगाडि बढाउनुपर्छ ।
- राष्ट्रिय पुँजीलाई प्रोत्साहन गर्दै उत्पादनमूलक क्षेत्रमा उद्योगहरु सञ्चालन गर्ने वातावरण बनाई रोजगारी सिर्जना गर्ने नीति लिनुपर्छ । मुलुकमा उत्पादित मानवीय स्रोतलाई जागिर र वैदेशिक रोजगारमा मात्र केन्द्रित नगरी स्वदेशमा नै उद्यमशील बनाएर देशलाई परनिर्भरताबाट आत्मनिर्भरताको बाटोमा अगाडि बढाउने संस्कृतिको विकासमा राज्यले जोड दिनुपर्छ ।
- औद्योगिक क्षेत्रको विकासको लागि औद्योगिक पूर्वाधार, सुमधुर श्रम सम्बन्ध, ऊर्जा तथा औद्योगिक कच्चा पदार्थको नियमित आपूर्ति र बजारको व्यवस्थापनको लागि राज्य र निजी क्षेत्र मिली स्वःस्फूर्त रुपमा मुलुकलाई औधोगीकरणको बाटोमा अगाडि बढाउनुपर्छ ।
- उत्पादनमा गुणस्तर कायम गरी खुला बजार नीतिअनुसार वस्तु तथा सेवाको गुणस्तर र मूल्यमा प्रतिस्पर्धा गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा राम्रो छवि बनाउनुपर्छ । त्यसले राष्ट्रिय उद्योगहरु आफैं फस्टाउनुको साथै राष्ट्रिय पुँजीको लगानीमा वृद्धि भएर अर्थतन्त्र मजबुत बन्दछ ।
- स्थानीय कच्चापदार्थमा आधारित उद्योगहरु स्थापना गर्दै, प्रदेश तथा स्वदेशमा नै पाइने कच्चा पदार्थ बाहिरबाट ल्याउन निरुत्साही गर्दै स्थानीय कच्चापदार्थको प्रवर्द्धन गर्ने नीतिलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्छ ।
- नेपालको पुरानो औद्योगिक नगरी विराटनगरमा औद्योगिक संग्रहालय र औद्योगिक पार्कको स्थापना गर्ने प्रादेशिक नीतिलाई कार्यान्वयनमा ल्याई ऐतिहासिक औद्योगिक अभियानलाई नवीनतम औद्योगिक आभियानमा रुपान्तरण गर्दै औद्योगिकरणको विकासलाई तीव्रता दिनुपर्छ । प्रदेश अन्तर्गतका रुग्ण उद्योगहरूलाई पुनःसञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरी आधुनिक प्रविधिमा जोड्ने नीति लिनुपर्छ ।
- आर्थिक वृद्धिको लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्दै आन्तरिक तथा ब्राह्य लगानी बढाउने नीति लिनुपर्छ । लगानी प्रवर्द्धन गर्न प्रदेशका थप सम्भाव्य क्षेत्रको अध्ययन गरी लगानीमैत्री वातावरण बनाउनुपर्छ । आर्थिक वृद्धिदर बढाउन प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरुबिच पनि आपसमा सहकार्य, समन्वय गरी कृषि, पर्यटन तथा औद्योगिक क्षेत्रमा काम गर्नुपर्छ ।
- औद्योगिक उत्पादनको लागत घटाउन नीतिगत र प्रक्रियागत समस्याहरु भए समाधान गर्दै प्याकेजिङ्ग, भण्डारण, ढुवानी तथा बजारीकरण व्यवस्थापनमा सुधार गर्दै गुणस्तरीय उत्पादनमा जोड दिई स्वदेशी उत्पादनको प्रयोगलाई बढवा दिने नीति लिनुपर्छ ।
- आर्थिक रूपान्तरण निम्ति कानुनी रुपमा रहेका व्यवधानलाई हटाउँदै लगानी मैत्री वातावरण बनाउन सुधारमा विशेष ध्यान दिनुपर्छ । उद्यम र लगानी गर्न लायक प्रदेशको उच्च श्रेणीमा स्तरोन्नती गर्दै बलियो सुरक्षा व्यवस्था कायम गर्न प्रयत्नशील रहनुपर्छ ।
- औद्योगिक क्रान्तिको लागि गार्मेन्ट उद्योग, गलैचा उद्योग, पस्मिना उद्योगलाई ग्रामिण क्षेत्रमा विस्तार गरेर उत्पादित वस्तुलाई अन्तर्राष्ट्रिय बजारको सहज पहुँचको विकासमा राज्यले विशेष जिम्मेवारीका साथ काम गर्नुपर्छ ।
- अन्तर्राष्ट्रिय उद्योगहरुसँग सहकार्य गर्न सकिने उद्योगहरुसँग सहकार्य गरी औद्योगिकीकरणको अभियानमा हातेमालो गर्दै अगाडि बढ्ने नीति लिनुपर्छ । साथै निर्यात योग्य उद्योगको विकासको लागि विशेष आर्थिक क्षेत्र स्थापना गरी उत्पादनमा सहज वातावरण बनाउनुपर्छ ।

- प्रत्येक तहमा राज्य नियन्त्रित उद्योगहरु सञ्चालन गरी बेरोजगारी समस्या हल गर्नुपर्छ । प्राकृतिक स्रोत र साधनहरुमा आधारित उद्योगहरुको विकास गर्नुको साथै लामो समयदेखि नेपालीले विदेशमा सिकेको सिपलाई स्वदेशमा नै उत्पादनमा लगाउनुपर्छ ।
- प्रादेशिक लगानी प्राथिकरणले लगानी सम्मेलन प्रत्येक दुई वर्षमा एक पटक अनिवार्य गरी लगानी भित्राउने अभियानलाई गतिका साथ अगाडि बढाउँदै प्रदेशलाई औद्योगिकरणको अभियानमा अगाडि बढाउनुपर्छ ।
- औद्योगिक विकासलाई दिगो र भरपर्दो बनाउन जडिबुटी खेतीलाई विशेष जोड दिँदै जडिबुटी उत्पादन गर्ने र देशभित्र नै खपत हुने औषधि उत्पादन गर्ने उद्योगहरु सञ्चालन गर्न सहज प्रक्रिया अपनाई प्रोत्साहित गरी औषधिमा आत्मनिर्भर हुने नीति लिनुपर्छ । साथै अन्तर्राष्ट्रिय बजारलाई मध्यनजर राखेर अन्तर्राष्ट्रिय औषधि उद्योगहरुसँग समन्वय र सहकार्य गरेर औषधि उत्पादन गर्ने उद्योगहरु स्थापना गर्दै औषधि निर्यात गर्ने राष्ट्रको रुपमा पहिचान बनाउने नीति लिनुपर्छ ।
- प्रदेश स्तरीय जडिबुटी अनुसन्धान केन्द्र स्थापना गरी औषधिजन्य जडिबुटीको अध्ययन अनुसन्धान गरी व्यवसायिक जडिबुटी खेतीमा किसानलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गर्नुपर्छ, साथै जडिबुटी प्रमाणीकरण गर्ने अन्तराष्ट्रिय स्तरको प्रदेश स्तरीय प्रयोगशालाको निर्माण संघीय सरकारसँग सहकार्य गरेर प्रदेश सरकारले सञ्चालन गर्नुपर्छ ।
- प्रदेश सरकारले आफ्नो प्रदेशको सन्तुलित विकासको लागि प्रदेशस्तरीय उद्योगहरु खोल्ने र प्रदेशका जनताको आवश्यक पर्ने वस्तुहरुको उत्पादन गरी आफ्ना प्रदेशलाई आत्मनिर्भर बनाउँदै सिंगो देशको अर्थतन्त्रको विकासमा जोड दिनुपर्छ, साथै निकासीजन्य वस्तुको उत्पादनमा पनि लगानी बढाउनुपर्छ ।
- राज्यद्वारा सञ्चालित विभिन्न कारणले सञ्चालनमा नरहेका पुराना उद्योग कलकारखानाहरूलाई सञ्चालन गर्ने कार्यलाई तत्काल अघि बढाउनुपर्छ । राज्यद्वारा सञ्चालित उद्योगहरु पहिलो दर्जाको प्रतिस्पर्धा उद्योगहरु बनाउनुपर्छ, त्यस्ता उद्योगहरुलाई राजनीतिक भर्तिकेन्द्रबाट अलग राखी प्रतिस्पर्धाको आधारमा आवश्यक कर्माचारी र श्रमिक नियुक्ति दिने व्यवस्था गर्नुपर्छ ।
- प्रत्येक स्थानीय तहले आफ्नो  गाउँ तथा नगरपालिकामा एक औद्योगिक क्षेत्र घोषणा गरी पूर्वाधार विकासको लागि पानी, विद्युत तथा सडकको व्यवस्था गर्नुपर्छ । औद्योगिक विस्तारको लागि गाउँपालिका र नगरपालिका स्वयंले वा साझेदारीमा लगानी गरी उद्योगधन्दाको विकासमा जोड दिनुपर्छ । स्थानीय सरकारले स्थानीय कला, संस्कृतिको प्रवर्द्धन र संरक्षण गर्दै स्थानीय क्षेत्रमा पाइने कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनको लागि काम गर्नुपर्छ ।
- औद्योगिक विकासको लागि गुणस्तरीय उत्पादनमा ध्यान दिई नयाँ प्रविधीसँगको पहुँच बढाउने नीति राज्य तथा निजी क्षेत्रले लिनुपर्छ । यसको लागि राज्य, सहकारी, निजी क्षेत्र, समुदाय र व्यक्ति सबैले प्रतिस्पर्धाको रुपमा लगानी बढाउने र गुणस्तरीय उत्पादन गर्ने कार्यमा जोड दिनुपर्छ ।
- निजी क्षेत्रलाई उत्पादनशील ढङ्गले अर्थतन्त्रमा सक्रिय गराउन नीतिगत स्थायित्वको ग्यारेन्टी गर्दै स्वदेशी कृषि, वन, पशुपालन, जडिबुटी, खनिज, पर्यटन तथा उच्च मूल्य अभिवृद्धि हुने आयातित कच्चा पदार्थमा आधारित उद्योगहरु स्थापना गर्न जोड दिनुपर्छ ।
- रोजगारी प्रदान गर्ने तथा स्थानीय कच्चा पदार्थमा आधारित स्वदेशी आवश्यकता पूरा गर्ने तथा निर्यतमूलक वस्तुहरुको उत्पादन गर्ने उद्योगहरुलाई राज्यले प्राथमिकतामा राखेर निजी क्षेत्रलाई औद्योगीकरणको अभियानमा अगाडि बढाउनुपर्छ ।
- राज्य र निजी क्षेत्रको सहकार्यमा विभिन्न उद्योगहरुको लागि आवश्यक सीपमूलक तथा व्यवस्थापन तालिम, प्रशिक्षण दिने संस्थाहरुको संस्थागत विकास गर्ने र नियमित तालिम तथा प्रशिक्षणको कार्यक्रम बनाई सीप सिकाउने, औद्योगिक स्तरमा दक्ष मानवीय स्रोत उत्पादन गर्ने कामलाई निरन्तरता दिनुपर्छ ।
- गाँजा खेतीको प्रतिबन्धलाई फुकुवा गरी गाँजा खेतीलाई प्रोत्साहित गर्दै औद्योगिक रुपमा औषधि उत्पादन गर्ने र अन्तर्राष्ट्रिय बजारमा निकासी गरी आर्थिक रुपमा प्रदेश सबल बनाउने नीति लिनुपर्छ ।
- गुणस्तरीय उत्पादन बढाएर विदेशी उद्योगहरुका उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने गरी उद्योगहरुको विकासमा जोड दिँदै बजारीकरणको दिगो व्यवस्थापन गर्ने नीति लिनुपर्छ ।

## ६. बजारीकरण (Marketing)

पालिकास्तरीय, प्रदेशस्तरीय र संघस्तरीय आन्तरित एकीकृत बजारलाई व्यवस्थापन गरी उत्पादनलाई आन्तरिक तथा बाह्य बजारसँग जोड्न सक्नुपर्छ। अन्तर्राष्ट्रिय व्यापारको लागि यस प्रदेशको उत्तरमा चीनको नाका किमाथांका र ओलाङचुङ्गगोला रहेका छन् भने पूर्वमा पशुपतिनगर र काँकडभिट्टा तथा दक्षिणमा जोगवनी र भण्टाबारी चर्चित व्यापारिक भन्सार नाकाहरु रहेका छन् । उत्तरका नाकाहरु चालू अवस्थामा ल्याउन पूर्वाधारको विकासमा जोड दिँदै व्यापारिक नाकाको रुपमा आयात निर्यातलाई बढाउनुपर्छ । उत्तरी नाकाहरु चालु गर्न सकियो भने यो प्रदेशको आर्थिक विकास र समृद्धिको लागि महत्वपूर्ण ढोकाहरु खुल्न सहज हुनेछ।

यस प्रदेशमा साना तिना धेरै अन्तर्राष्ट्रिय नाकाहरु भए पनि विराटनगरको रानी भन्सार र काँकडभिट्टा भन्सार ठुला भन्सार नाका हुन, निकट भविष्यमा नै किमाथान्का र ओलाङचुङ्गगोला भन्सार पनि ठुलो भन्सारको रुपमा विकास हुने क्रममा रहेका छन् । बजारीकरणलाई ध्यानमा राखेर व्यापारबाट बढीभन्दा बढी फाइदा लिन प्रदेशको व्यापारलाई चलयमान बनाउने रणनीतिक योजना अगाडि सार्नुपर्छ । राज्यको नीति र सिद्धान्तलाई मध्यनजर राखेर बजारीकरणलाई व्यवस्थित गर्न केही बुँदाहरु अगाडि सारिएको छ।

- उत्पादनलाई बजारीकरण गर्न राज्यले लिएको बाणिज्य नीतिलाई आधार मानेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिगो तथा भरपर्दो बजारमा व्यापार बढाउन सक्नुपर्छ।
- राज्यका नीतिहरु अन्तर्गत बाणिज्य सम्बन्धी नीतिमा (१) कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने (२) राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने भन्ने उल्लेख गरिएको छ।
- संविधानमा प्रदेशभित्रको व्यापार र व्यापार व्यवसायलाई प्रदेशको अधिकारको सूचीमा राखिएको, स्थानीय बजार व्यवस्थापनलाई स्थानीय तहको अधिकारको सूचीमा राखिएको, अन्तर्राष्ट्रिय व्यापार, विनिमय, बन्दरगाह, क्वारेन्टाइन, नापतौल संघको अधिकारको सूचीमा राखिएको हुँदा स्थानीय तहले स्थानीय बजार व्यवस्थापन गर्ने, प्रदेशले प्रदेशभित्रको व्यापार, व्यवसायको व्यवस्थापन गर्ने र संघले अन्तर्राष्ट्रिय व्यापारलाई व्यवस्थापन गर्नु पर्ने संवैधानिक व्यवस्था रहेको हुँदा सबै तहका सरकारले आफ्नो अधिकार क्षेत्रभित्र रहेर बाणिज्य तथा आपूर्तिको व्यवस्थापन गर्नुपर्छ।
- विराटनगरको दक्षिणी सीमावर्ती बुधनगरमा अत्याधुनिक सुविधासम्पन्न एकीकृत भन्सार जाँच चौकी (आईसिपी) को निर्माणलाई तीव्रता दिँदै सञ्चालन ल्याएर आयात निर्यातका देखिएका समस्याहरु सहज रुपमा समाधान गर्ने नीति लिनुपर्छ।
- नेपालको बजारलाई बंगलादेशसम्म सहज रुपमा पुग्ने मार्गको सुनिश्चित गर्न नेपाल, भारत र बंगलादेशबिच त्रिपक्षीय सम्झौता गरी जतिसक्दो चाडो सञ्चालनमा ल्याई नेपाली उत्पादनलाई बंगलादेश र बंगलादेशमार्फत् अन्य मुलुकमा निर्यात गर्नुपर्छ।
- प्रादेशिक उत्पादनलाई प्रोत्साहित गर्न लगानी बढाउने नीति लिई उत्पादकत्व बढाउनुको साथै भरपर्दो बजार व्यवस्थापनको लागि सरकार तथा निजी क्षेत्रले पहल गर्नुपर्छ। बजारीकरणलाई अनलाइन प्रणालीमा जोड्ने र अनलाइन व्यापारमा छुट सहुलियातको व्यवस्था गरी बजार विस्तारको नीति लिई निर्यात प्रवर्द्धन गर्ने र आयात प्रतिस्थापन गर्ने काममा जोड दिनुपर्छ।
- आयात न्यूनीकरण गर्न मुलुकमा उत्पादन हुने वस्तु तथा सेवाको उपयोगमा जोड दिँदै अति आवश्यक नभई नहुने वस्तु तथा सेवा मात्र आयात गरी निर्यात प्रवर्द्धन गर्ने नीति अवलम्बन गर्नुपर्छ। साथै आयात प्रतिस्थापन गर्न र निर्यात प्रवर्द्धन गर्न आवश्यकताको आधारमा समयसापेक्ष सरकारी नीति र कानुनमा परिमार्जन गरी राष्ट्रिय अर्थतन्त्र बलियो बनाउने कार्यलाई प्रोत्साहन गर्नुपर्छ।
- आयात प्रतिस्थापन गर्न तथा निर्यात प्रवर्द्धन गर्न योजनाबद्ध ढङ्गले समय सीमा निर्धारण गर्दै राज्यलाई आवश्यक पर्ने सेवा तथा वस्तुहरुको उत्पादनमा जोड दिनुपर्छ, आफूले उत्पादन गर्न नै नसकिने वस्तुहरु तथा दिन नसकिने सेवा मात्र

आयात गर्ने नीति लिनुपर्छ। निर्यात प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय बजारको अध्ययन गरी दिगो र भरपर्दो बजारको खोजी गरी बजारको मागअनुसार प्रतिस्पर्धी तथा गुणस्तरीय सेवा र वस्तुहरुको उत्पादनमा जोड दिँदै निर्यात बढाउनुपर्छ।

- प्रादेशिक बजार व्यवस्थापन तथा व्यापार प्रवर्द्धन गर्न भौतिक पूर्वाधारको विकासमा प्रदेश सरकारले जोड दिनुपर्छ। नियमित बजार अनुगमनको बलियो संयन्त्र बनाउनुपर्छ। प्रत्येक स्थानीय तहमा भण्डारणको व्यवस्था मिलाउनुपर्छ। अनलाइन व्यापारलाई प्रवर्द्धन गर्नुपर्छ। बिचौलियाविहीन बजार व्यवस्थापनमा जोड दिनुपर्छ। बजार व्यवस्थापनमा सार्वजनिक, निजी, सहकारी तथा साझेदारीको भूमिकालाई बलियो बनाउनुपर्छ।
- निकासी प्रक्रियामा सरलीकृत र सहज वातावरण निर्माण गर्न सीमापार एकीकृत जाँचपास तथा पारवहन सुविधा विस्तार गरी विद्यमान झन्जटिला प्रक्रियाको अन्त्य गर्दै राज्य पक्षले निर्यातमा आवश्यक प्रक्रियागत सुधारलाई निरन्तरता दिनुपर्छ।
- प्रदेश सरकारले आफ्नो प्रदेशमा विशेष आर्थिक क्षेत्रहरुको पहिचान गरी विशेष आर्थिक क्षेत्र स्थापना गरेर प्रदेशको अर्थतन्त्रलाई सबल र आत्मनिर्भर बनाउने रणनीतिक योजना कार्यान्वयनमा ल्याउनुपर्छ। विशेष आर्थिक क्षेत्रले निर्यात व्यापार बढाउने तथा व्यापार घाटा कम गर्ने भएकोले अन्तर्राष्ट्रिय व्यापार सन्तुलन गर्न महत्वपूर्ण भूमिका निभाउने काम गर्दछ।
- यस प्रदेशको भन्सार नाकाहरुलाई दिगो र व्यवस्थित गर्न सुख्खा बन्दरगाहहरुको स्थापना गरेर आयात निर्यातलाई सहज बनाउने रणनीति लिनुपर्छ।
- नेपालमा निर्मित सुन चादीका गहनाहरुप्रति विदेशीको पनि आकर्षण बढेकोले अन्तर्राष्ट्रिय बजारको मागअनुसारको गहना बनाई निर्यात गर्ने नीति प्रदेश सरकारले लिई थप रोजगारी सिर्जना गर्नुपर्छ।
- दक्षिण एसियाली स्वतन्त्र व्यापार संस्था, विश्व व्यापार संगठन जस्ता संस्थाहरु तथा विभिन्न देशहरुसँग सम्बन्ध विस्तार गर्दै अन्तर्राष्ट्रिय व्यापारको विकास र प्रवर्द्धन गरी दिगो आर्थिक विकासको जग बसाल्नुपर्छ।
- उत्पादनमा गुणस्तर कायम गरी खुला बजार नीति अनुसार वस्तु तथा सेवाको गुणस्तर र मूल्यमा प्रतिस्पर्धा गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा राम्रो छवि बनाउनुपर्छ। त्यसले राष्ट्रिय उद्योगहरु आफैँ फस्टाउनुको साथै राष्ट्रिय पुँजीको लगानीमा वृद्धि भएर अर्थतन्त्र मजबुत बन्दछ।
- निर्यातको तुलनामा आयात उच्च दरले वृद्धि हुँदा व्यापार घाटा बढिरहेको छ। रेमिट्यान्सले शोधान्तरको स्थितिलाई सन्तुलन गरिरहेको छ। व्यापार घाटा कम गर्न सर्वप्रथम कृषिजन्य वस्तुमा आत्मनिर्भर हुने रणनीति लिनुपर्छ, क्रमिक रुपमा पेट्रोलियम पदार्थको खपत कम गर्ने, पेट्रोलियम पदार्थको उत्पादन गर्न जोड दिने, स्वदेशी विद्युतीय सवारी साधनको उत्पादनमा जोड दिने, निर्यातजन्य वस्तुहरुको पहिचान गरी उत्पादन वृद्धि गर्ने र भरपर्दो बजारमा निर्यात गर्नुपर्छ।
- निर्यतजन्य वस्तुको बजारीकरण तथा प्रवर्द्धनको लागि आवश्यकता र सम्भाव्यताका आधारमा विभिन्न ठाउँमा क्षेत्र निर्धारण गरी समन्वयात्मक रुपले सबै तहका सरकारले मिलेर निर्यात प्रवर्द्धन केन्द्रहरुको स्थापना गर्नुपर्छ।
- निर्यातयोग्य कृषि उत्पादनको सूचीमा नपरेका कृषि उत्पादनको पहिचान गरेर सूचिकृत गरी निर्यात गर्ने वातावरण बनाउनुपर्छ।
- कृषि उत्पादन निकासी तथा पैठारी हुने भन्सार सीमाक्षेत्रमा प्रदेश सरकारले संघीय सरकारसँग समन्वय गरेर कृषि प्रयोगशाला स्थापना गरी परीक्षणको व्यवस्था गर्नुको साथै क्वारेण्टिनको स्तोन्नतिको लागि संस्थागत सुधारमा जोड दिनुपर्छ।
- खुल्ला सिमानाको कारण राजस्व चुहावट हुने, अपराध नियन्त्रणमा समस्या आउने, चोरी निकासी तथा पैठारी बढ्ने जस्ता समस्याले नेपाली अर्थतन्त्रलाई कमजोर बनाइरहेकोले तीनै तहका सरकारले आपसमा मिलेर समस्याको समाधान गर्नुपर्छ।
- स्थानीय तहले स्थानीय उत्पादनको आधारमा नगरस्तरीय तथा गाउँस्तरीय एकीकृत आन्तरिक बजार व्यवस्थापन गर्नुपर्छ भने आवश्यकताको आधारमा संकलन केन्द्रहरुको व्यवस्था गरी नियमित रुपमा एकीकृत आन्तरिक बजारमा पुर्‍याउने व्यवस्था गर्नुपर्छ। साथै अन्य स्थानीय तह स्तरीय एकीकृत आन्तरिक बजारहरुबिच पनि आयात निर्यातको प्रबन्ध मिलाउनुपर्छ।

- प्रदेशको एकीकृत बजार व्यवस्थापनमा विशेष नीति तथा कार्यक्रमहरु ल्याई प्रदेशलाई हरेक क्षेत्रमा आत्मनिर्भर गराउने र प्रदेशका निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन बढाई अन्य प्रदेश तथा अन्तर्राष्ट्रिय क्षेत्रमा निर्यात बढाउने काम गर्नुपर्छ ।
- प्रदेश सरकारले आफ्नो प्रदेशभित्रको उत्पादनको लागि प्रदेशस्तरीय एकीकृत आन्तरिक बजारको व्यवस्थापन गर्नुपर्छ । प्रदेश सरकारले आवश्यकताको आधारमा प्रदेशका विभिन्न व्यापारिक स्थानमा प्रदेशस्तरीय संकलन केन्द्रहरुको व्यवस्था गरी केन्द्रहरुमार्फत् संकलित वस्तु तथा सेवालाई नियमित रुपमा प्रदेशस्तरीय एकीकृत आन्तरिक बजारमा पुऱ्याउने व्यवस्था गर्नुपर्छ ।
- प्रदेशले प्रदेशस्तरीय एकीकृत आन्तरिक बजारमार्फत् आ-आफ्नो प्रदेशलाई आवश्यक पर्ने वस्तु तथा सेवा आयात तथा निर्यात गर्ने व्यवस्था मिलाई मुलुकभित्र आन्तरिक बजार व्यवस्थापनलाई व्यवस्थित गर्नुपर्छ । साथै खानी तथा खनिज सम्पदाको उत्खनन गरी खनिजजन्य उत्पादनलाई मुलुकको आवश्यकतालाई ध्यानमा राखेर राष्ट्रिय आवश्यकता पुरा गर्दै अन्तर्राष्ट्रिय बजारमा लैजानुपर्छ ।

## ७. खानी तथा खनिज सम्पदा (Mines and Mineral Resources)

खानी तथा खनिज प्राकृतिक सम्पदाको रुपमा रहेको हुन्छ । यस प्रदेशमा पाइने मुख्य खनिज सम्पदामा चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख, तामा, सुन, फलाम, मार्वल, पेट्रोलियम पदार्थ, म्याग्नेसाइड आदिको अन्वेषण भएको र अन्य धेरै खनिज सम्पदाको अन्वेषण हुन बाँकी रहेको देखिन्छ । खानीको अन्वेषणलाई प्रदेश सरकारले संघीय सरकार तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरी निरन्तर अन्वेषण गर्ने र औद्योगिक रुपमा उत्खनन गर्न सकिने खानीलाई राज्यले सही ढंगले सदुपयोग गर्न आवश्यक व्यवस्थापन गर्न सक्नुपर्छ । संविधानमा खानीसम्बन्धी व्यवस्था र थप लिनुपर्ने केही नीतिलाई अगाडि सारिएको छ ।

- संविधानमा खानी अन्वेषण र व्यवस्थापन प्रदेशको अधिकारको सूचीमा, खानी उत्खनन संघको अधिकारको सूचीमा, खनिज संघ र प्रदेशको साझा अधिकारको सूचीमा र खानी तथा खनिज संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा रहेको हुँदा संघीय तथा प्रदेश सरकारले खानी तथा खनिजको अध्ययन अनुसन्धान गर्ने, व्यवस्थापन तथा उत्खननको लागि नीति तथा कानुन बनाएर कार्यान्वयनमा ल्याउनुपर्छ । उत्खननबाट प्राप्त खनिज सम्पदालाई संघसँग सहकार्य र समन्वय गरी तीनै तहलाई मान्य हुने गरी बाँडफाँट सम्बन्धी मोडालिटी बनाई अर्थतन्त्रको विकासमा खानी तथा खनिजको योगदानलाई बढाउँदै लैजानुपर्छ ।
- राज्यले बहुमूल्य खनिजको उत्खनन र उपभोगमा जोड दिनुको साथै स्वदेशी खनिजमा आधारित उद्योगको विकास र प्रवर्द्धनमा जोड दिनुपर्छ ।
- यस प्रदेशमा रहेका खानी तथा खनिज सम्पदाको व्यवसायिक रुपमा उत्पादन हुनसक्ने सम्भाव्यताको अध्ययन गरी तत्काल उत्खनन गर्न सकिने खानीलाई सार्वजनिक, निजी तथा सहकारीमार्फत वा साझेदारीमा सञ्चालन गर्ने नीति लिनुपर्छ । त्यसको लागि आवश्यक नीति तथा कानुन संघ र प्रदेशले बनाई खानीको सर्वेक्षण, अन्वेषण, उत्खनन र व्यवस्थपनमा सहज वातावरण बनाउनुपर्छ ।
- प्रदेश सरकारले खानीबाट प्राप्त खनिजको गुणस्तर, मात्रा लगायत विविध अध्ययन तथा अनुसन्धान गर्न संघीय सरकारको सहकार्यमा प्रदेशमा नविनतम प्रविधियुक्त प्रयोगशालाको स्थापना गरी अन्वेषणलाई सहज बनाउनुपर्छ । साथै खनिजमा आधारित उद्योगको विकासमा जोड दिँदै औद्योगिक रुपमा खनिजबाट उत्पादित वस्तुको बजारीकरणमा पनि जोड दिनुपर्छ ।
- खनिज उत्खनन गर्दा वातावरयीय प्रभावलाई ध्यानमा राखेर वातावरण सन्तुलन गर्ने नीति लिनुपर्छ । खानी क्षेत्रमा काम गर्ने कामदारलाई तालिमको व्यवस्था गरी दक्षजनशक्ति तयार गर्ने, खानी तथा खनिजसम्बन्धी अध्ययनलाई मध्यनजर राखी प्राविधिक शिक्षा प्रदान गरी उच्च कोटीका जनशक्ति उत्पादनमा पनि प्रदेश सरकारले ध्यान दिनुपर्छ ।
- मुलुकका विभिन्न भागमा फेला परेका खनिज पदार्थहरु, पेट्रोलियम पदार्थ आदिको अन्वेषण, उत्खलन, प्रशोधन र प्रयोग बारे स्पष्ट राष्ट्रिय नीति बनाएर योजनाबद्ध ढङ्गले लक्ष्य निर्धारण गरी कार्यान्वयनमा निरन्तरता दिँदै आर्थिक वृद्धिदरमा यी क्षेत्र लगायत वन तथा पैदावरको भूमिकालाई पनि महत्वपूर्ण आधार बनाउनुपर्छ ।

## ८. वन तथा जैविक विविधता (Forests and Biodiversity)

- जलवायु परिवर्तनको समस्यालाई स्पष्ट रूपमा पहिचान गरेर प्राकृतिक सम्पदा र वातावरणको रक्षा गर्न वन संरक्षण, स्वच्छ ऊर्जा, प्रदूषण नियन्त्रण र विपद् व्यवस्थापन गर्दै जलवायु परिवर्तनका प्रभावलाई न्यूनीकरण र जलवायु अनुकूलन बनाउन प्रदेश सरकारले उच्च प्राथमिकता दिएर काम गर्न सक्नुपर्छ। यो प्रदेशमा वनले झण्डै आधा भू-भाग ओगट्ने अवस्थामा पुगेको, चिया, अलैची, फलफूलले पनि ठूलै क्षेत्रफल ओगटेको हुँदा कार्वन ट्रेडमा प्रदेशको अधिकार स्थापित गर्दै कार्वनबाट प्राप्त आम्दानीको हिस्सेदार भएर वनको आम्दानी बढाउन सक्नुपर्छ। वन तथा जैविक विविधताको संरक्षण गर्दै वनको सही उपयोग गर्न केही नीतिगत विषयवस्तुलाई प्रस्तुत गरिएको छ।
- संविधानमा राज्यका नीतिहरु अन्तर्गत प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिमा (१) जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने, (२) वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने, (३) प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने कुरा उल्लेख गरिएको छ।
- संविधानमा प्रदेशभित्रको राष्ट्रिय वन प्रदेशको अधिकारको सूचीमा समावेश गरिएको छ । जैविक विविधता र अन्तरप्रादेशिक रुपमा फैलिएको जंगल, वन संरक्षण गर्ने अधिकार संघ र प्रदेशको साझा अधिकारको सूचीमा रहेको छ । जैविक विविधतालाई स्थानीय तहको अधिकारको सूचीमा पनि समावेश गरिएको छ भने वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा समावेश गरिएको छ।
- वन तथा जैविक विविधता सम्बन्धी जनचेतना फैलाएर वन तथा जैविक विविधताको संरक्षणमा वैज्ञानिक व्यवस्थापन गर्न तीनै तहका सरकारले समन्वय र सहकार्य गरेर काम गर्नुपर्छ। विद्युतीय चुलो प्रयोगमा आम जानतालाई प्रोत्साहित गर्दै धूँवारहीत भान्साको अवधारणलाई व्यवहारमा उतार्न सकेको खण्डमा वनलाई संरक्षण गर्न ठुलो योगदान पुग्ने भएकोले विद्युतमा विशेष सहुलियातको व्यवस्था गर्नुपर्छ। विद्युतीय भान्साको लागि तल्लो वर्गलाई अनुदान दिने नीति तथा कार्यक्रमहरु ल्याउनुपर्छ।
- वन क्षेत्रको कुल ग्रार्हस्थ्य उत्पादन अति न्यून भएको कारण वनबाट कसरी थप आयआर्जन गर्ने भन्ने नविन सोचको विकास गर्नुपर्छ। वन तथा वातावरण संरक्षणलाई ध्यानमा राख्दै थप उत्पादन दिन नसक्ने उमेरको हद पुगेका वोट विरुवालाई हटाउने नीति नियम बनाई जंगलका काष्ठजन्य वस्तुबाट नियमित रुपमा राज्यको आम्दानी बढाउने काम गर्नुपर्छ। काटिएका रुख भएको क्षेत्रमा अन्य रुखहरुको संरक्षण गर्ने, नयाँ विरुवाहरु वृक्षरोपण गरी वनको दिगो र वैज्ञानिक व्यवस्थापनमा प्राथमिकताका साथ काम गर्नुपर्छ।
- प्रदेश सरकारले दिगो वातावरण संरक्षणको लागि जैविक विविधताको संरक्षण गर्दै, वातावरणमा प्रतिकूल असर पार्ने सामाग्रीहरुको उत्पादन तथा प्रयोगमा प्रतिबन्ध लगाउनुपर्छ।
- अनाधिक रुपमा विदेशबाट आयात गरिने काठका फर्निचरहरुलाई विस्थापित गर्न स्वदेशी फर्निचरका उत्पादनमा जोड दिँदै काष्ठजन्य फर्निचरको आयातलाई शून्यमा झार्ने नीति लिई निजी, सामुदायिक तथा सार्वजनिक वनबाट काठ आपूर्ति गर्ने रणनीति लिनुपर्छ।
- वनमा पाइने जडिबुटीहरु नमासिने गरी संकलन गर्ने नीति बनाई देशमा नै औषधिको उद्योग स्थापना गरी औषधि उत्पादन गर्ने नीति लिनुपर्छ। स्वदेशमा नै औषधि उत्पादन गर्न नसकिने जडिबुटीलाई प्रशोधन गरी निर्यात गर्ने व्यवस्था मिलाउनुपर्छ।
- वनमा आधारित काष्ठ तथा गैरकाष्ठ प्रजातिका वन पैदावरबाट सञ्चालित साना तथा मझौला उद्योगहरुलाई नियमित रुपमा कच्चा पदार्थ उपलब्ध गरी अर्थतन्त्रमा वनको भूमिका बढाउने नीति लिनुपर्छ।
- जैविक विविधता संरक्षण गर्न स्थापना गरिएका राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण तथा संरक्षण क्षेत्रमा पूर्वाधारको विकास गरी पर्या-पर्यटनमा जोडेर वनबाट राम्रो आम्दानी गर्ने नीति लिनुपर्छ।

- जैविक विविधता र पर्यावरणमा कुनै असर नपुग्ने गरी वनबाट गर्न सकिने अन्य आयका स्रोतहरुको पहिचान गरी आम्दानी बढाउने नीति लिनुपर्छ। वनको आम्दानीबाट जंगली जनवारले किसानको वालीनालीमा पुऱ्याउने क्षतिको लागि बीमा गर्न अनुदान उपलब्ध गर्ने नीति ल्याउनुपर्छ।
- वनमा डडेलो नियन्त्रण गर्न वैज्ञानिक व्यवस्थापन गर्नुको साथै नियन्त्रणको लागि आवश्यक उपकरणको व्यवस्था गरी आगो लगाउने व्यक्तिलाई हदैसम्मको सजयाँको व्यवस्था गरेर वनको संरक्षण गर्नुपर्छ।
- पूर्व सूचना प्रणालीलाई विपद् व्यवस्थापनमा जोड दिँदै पर्याप्त स्रोत-साधन, कर्मचारी तथा स्वयंसेवक परिचालन गरी विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा प्राथमिकता दिनुपर्छ।
- हिमाल र पर्वतीय क्षेत्रका मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्ने विषयमा सबै राजनीतिक दलहरू एकमत भएर अगाडि बढ्नुपर्छ, साथै जलवायु परिवर्तनबापत नेपालले अन्तर्राष्ट्रिय समुदायबाट पाउनुपर्ने क्षतिपूर्ति, हानी नोक्सानी र जलवायु वित्तलगायतका सवालमा स्पष्ट दिशा र अडान राख्नुपर्छ।
- प्राकृतिक प्रकोप जोखिम क्षेत्रको नक्साङ्कन गरी जोखिम क्षेत्रको सुरक्षाको लागि ठोस नीति तथा कार्यक्रमलाई अगाडि सार्नुपर्छ।

## ९. पूर्वाधार तथा विकास व्यवस्थापन (Infrastructure and Development Management)

संविधानले नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपांगता भएका व्यक्ति अनुकूल बनाउने नीति संवैधानिक रुपमा व्यवस्थित गरिएको छ। विविध क्षेत्रको पूर्वाधार विकासमा जोड दिँदै सामाजिक तथा आर्थिक रुपान्तरणको अभियानलाई दिगो बनाउने रणनीति लिन सक्नुपर्छ।

### क. पूर्वाधार विकास (Infrastructural Development)

यातायातको दृष्टिकोणबाट हेर्ने हो भने यस प्रदेशमा पूर्व-पश्चिम राजमार्गले तराईका तीन जिल्ला र मध्यपहाडी लोकमार्गले नौ जिल्लालाई समेटेको छ। उत्तर दक्षिण कोसी राजमार्ग (कोसी कोरिडोर) र तमोर करिडोरले चीनको क्रमशः किमाथान्का र ओलाङ्चुङ्ग गोला नाकालाई सहज बनाउने र चीनसँगको व्यापारलाई विस्तार गर्न महत्वपूर्ण भूमिका खेल्नेछ। शिक्षा, स्वास्थ्य, कृषि, यातायात, औद्योगिकरण लगायात विभिन्न क्षेत्रमा पूर्वाधारको विकास गरी सामाजिक तथा आर्थिक रुपान्तरणको लागि अनुकूल वातावरण बनाई प्रदेशलाई संमृद्धशाली बनाउने अभियानलाई निरन्तरता दिन सक्नुपर्छ। यस प्रदेशको पूर्वाधार विकासका लागि केही बुँदाहरु यस प्रकार रहेका छन्।

- विकास निर्माणको कार्यमा ठेकदारले गर्ने ढिलासुस्तीलाई रोक्न निर्धारित समयमा सम्पन्न गर्नुपर्ने नीतिलाई कडाइका साथ कार्यान्वयनमा ल्याउनुपर्छ। ठेकदारको विगतका कार्यशैलीलाई ध्यान राखेर, ठेक्का लिएका योजनाहरुको समीक्षा गरेर थप योजनाहरु निर्धारित समयमा सम्पन्न गर्न सक्ने क्षमताको मूल्याङ्कन गरी ठेक्का दिने नीति कार्यान्वयनमा ल्याउनुपर्छ।
- स्थानीय तहले स्थानीय तहका ठेकदारलाई स्थानीय आयोजनाहरुको ठेक्का दिने नीतिलाई प्राथमिकता दिई स्थानीय तहमा रोजगारी सिर्जना गर्ने रणनीति लिनुपर्छ।
- पूर्वाधार निर्माणको गुणस्तर मापन गर्न तथा प्रयोग गरिने सामाग्रीहरुको गुणस्तर जाँच गर्न आवश्यकताको आधारमा इन्जिनियरिङ्ग प्रशिक्षण केन्द्र र परीक्षण प्रयोगशालाको स्थापना गरी गुणस्तरीय निर्माणलाई जोड दिने रणनीति लिनुपर्छ।
- ठुला आयोजनाहरुको डिपीआर गरी परियोजना बैंकमार्फत् प्राथमिकताको आधाारमा छनौट गर्ने, साथै ठुला परियोजना सञ्चालनमा ल्याउनु अगाडि स्रोत सुनिश्चित हुनुपर्छ। स्रोतको सुनिश्चिता भएपछि मात्र टेण्डरको आह्वन गर्नुपर्ने नीति अवलम्बन गर्नुपर्छ।
- योजना आयोगले अगाडि सारेको बजेटको थ्रेसहाल्डको आधारमा बजेट विनियोजनको नीति तथा कार्यक्रम ल्याउनुपर्छ। अनुगमन तथा मूल्यांकनमा दक्ष प्राविधिक जनशक्तिको प्रयोग गर्नुपर्छ।

- अन्तर प्रदेश भरपर्दो परिवहनका मार्ग र सञ्जालको व्यवस्था गरी प्रदेशका हरेक व्यापारिक केन्द्रहरुलाई जोड्दै व्यापार व्यवसायलाई सहज र व्यवस्थित गर्ने नीतिलाई जोड दिनुपर्छ।
- पूर्वपश्चिम राष्ट्रिय रेलमार्गलाई संघीय सरकारले निर्माण गर्ने भए पनि प्रदेश सरकार तथा स्थानीय सरकारले निर्माण कार्यलाई सहजीकरण गर्दै जोगबनीदेखि धरानसम्मको रेलमार्गको निर्माण प्रदेश सरकारले गर्ने नीति अगाडि सार्नुपर्छ।
- साथै धरानबाट तमोर लेउतीसम्म सुरुङ्गमार्ग निर्माण गर्न प्रदेश सरकारले संघीय सरकारसँग समन्वय गरी निर्माणको लागि विस्तृत अध्ययन प्रतिवेदन तयार गर्दै निर्माणको कार्यलाई अगाडि बढाउन प्राथमिकताका साथ काम गर्नुपर्छ।
- यस प्रदेशमा मोरङको विराटनगर विमानस्थल, झापाको भद्रपुर विमानस्थल, ताप्लेजुङको सुकेटार विमानस्थल, भोजपुरको टक्सार विमानस्थल, संखुवासभाको तुम्लिङटार विमानस्थल, खोटाङमा लामिडाँडा विमानस्थल, खानीडाँडा खाँडीडाँडा विमानस्थल र खामखर्क विमानस्थल, सोलुखुम्बुको कन्गेल डाँडा विमानस्थल, लुक्ला विमानस्थल, फप्लु विमानस्थल र स्याङवाचे विमानस्थल, ओखलढुङ्गाको रुम्जाटार विमानस्थल, इलाम विमानस्थलसहित १४ वटा विमानस्थलहरु रहेका छन्। हवाई पूर्वाधारमा अगाडि रहेको यो प्रदेशमा आन्तरिक र अन्तर प्रादेशिक उडानहरुलाई व्यवस्थित ढंगले सञ्चालन गर्नु पर्ने आवश्यकता देखिएको छ।
- यी विमानस्थलहरुको स्तर उन्नति गरेर प्रादेशिक तथा अन्तर प्रादेशिक उडानलाई व्यवस्थित गरी हवाई यातायात सहज बनाउनुको साथै पर्यटन प्रवर्द्धन गर्ने नीति लिनुपर्छ। भौतिक पूर्वाधारको विकास र उचित व्यवस्थापनले प्रदेशमा औद्योगीकरण तथा आधारभूत सेवाहरुको विस्तारमा सहयोग पुग्ने हुँदा प्रदेशको आर्थिक विकासको लागि सरकारले आधारभूत भौतिक पूर्वाधार निर्माणलाई उच्च प्राथमिकतामा राख्नुपर्छ ।
- पूर्वाधार विकासमा मुख्य समस्याको रुपमा रहेको बढ्दो पुँजीगत लागत, असुरक्षा, आर्थिक सुशासनको कमी, दक्ष तथा विशेषज्ञ मानवीय स्रोतको अभावलाई समयमा नै ध्यान दिई परियोजनालाई कम लागतमा तोकिएको समय सीमाभित्र सम्पन्न गर्ने रणनीति लिनुपर्छ।
- पूर्वाधार निर्माण क्षेत्रमा हुने लगानीले आर्थिक वृद्धिदर बढाउने हुँदा पूर्वाधारका साना ठुला परियोजनामा प्रदेश सरकारले लगानी बढाउनुपर्छ। त्यसले रोजगारी सिर्जना गर्ने, निर्माणपछि समग्र आर्थिक क्षेत्रको लागत घटाउने, नागरिकको जीवनस्तरमा सुधार ल्याउने र दीर्घकालीन आर्थिक विकासमा महत्वपूर्ण भूमिका निभाउने काम गर्दछ।
- पूर्वाधार निर्माणका आयोजना कार्यान्वयन गर्ने चरणमा देखा पर्ने कानुनी, नीतिगत, प्रक्रियागत जटिलताहरुलाई सहज बनाई समय सीमाभित्र नै सम्पन्न गर्नुपर्छ।
- जलमार्गको सम्भाव्यताको अध्ययन गरी कोसीमा पानी जहाजमार्फत् आयात निर्यातजन्य बस्तु ओसारपोसार सहज हुने सम्भावना भए जलमार्गमा जोड गर्नुपर्छ तर जलमार्ग खोल्ने नाममा नेपाल तल पर्ने र नेपाल डुवानमा पर्नुहुँदैन।
- द्रुत तथा गुणस्तरीय विकासको लागि कडा विकास नीति अवलम्बन गर्नुको साथै दीर्घकालीन टिकाउको लागि वातावरणमैत्री विकास नीतिमा राज्यले जोड दिनुपर्छ। विकासमा खुल्ला सम्झौता हुनुपर्छ, शक्तिको आडमा निहित स्वार्थको लागि अपारदर्शी सम्झौताको अन्त्य गरिनुपर्छ।
- भौतिक पूर्वाधारको विकास र उचित व्यवस्थापनले मुलुकमा औद्योगीकरण तथा आधारभूत सेवाहरुको विस्तारमा सहयोग पुग्ने हुँदा मुलुकको आर्थिक विकासको लागि सरकारले आधारभूत भौतिक पूर्वाधार निर्माणलाई उच्च प्राथमिकतामा राख्नुपर्छ । उचित पूर्वाधारका माध्यमबाट अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाएर निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्नुपर्छ।
- कृषि, पर्यटन तथा औद्योगिक करिडोरको निर्माण गर्न बृहत कृषि क्षेत्र, पर्यटन क्षेत्र तथा औद्यागिक क्षेत्रहरुलाई समेट्ने गरी यातायातको विकास गर्नुपर्छ। दीर्घकालीन सोच राखेर भइरहेका पूर्वाधारको स्तरोन्नति गर्दै व्यापक रुपमा आवश्यकताको आधारमा वैकल्पिक यातायातको पूर्वाधार निर्माणमा जोड दिनुपर्छ।
- परियोजनाको विस्तृत अध्ययन गरेर आयोजना छनौट गर्ने र बजेट विनियोजन गरी कार्यान्वयनमा ल्याउनुपर्छ, राजनीतिक दबाबका कारण विना अध्ययन परियोजना छनौट गर्ने कार्यको अन्त्य गरिनुपर्छ। परियोजना निर्माणको मापदण्ड अनिवार्य रुपमा आवश्यकताअनुसार सार्वजनिक गरी गुणस्तरमा सबैको निगारानी हुने व्यवस्था गरिनुपर्छ।

- अर्थतन्त्रको मुख्य आधार भौतिक पूर्वाधार विकास रहेको हुँदा यातायात, कृषि, पर्यटन, उद्योग, ऊर्जा, सिँचाइ, खानेपानी तथा सरसफाई, स्वास्थ्य, शिक्षा, सूचना प्रविधि लगायतका क्षेत्रका पूर्वाधार विकासमा ठुलो लगानी राज्यले गर्दै निजी र सहकारीसँग निरन्तर सहकार्य तथा साझेदारीको रुपमा काम गर्न सक्नुपर्छ।
- व्यस्त चौकमा ट्राफिक लाइट जडान र सिसिटिभि जडानलाई व्यवस्थित गरी ट्राफिकरहीत बनाउने रणनीति लिनुपर्छ। सडक निर्माणमा वातावरणीय सन्तुलनलाई ध्यान राखेर भू-संरक्षण नीतिलाई कडाइका साथ लागु गरी दिगो रुपमा विकास व्यवस्थापन गर्नुपर्छ।

## ख. विकास व्यवस्थापन (Development Management)

विकास वास्तवमा गतिशील परिवर्तन र बहुआयमिक प्रक्रियाको रुपमा रहेको हुन्छ, त्यसले आर्थिक वृद्धि, सामाजिक परिवर्तन, सांस्कृतिक परिवर्तन, पूर्वाधार विकास, आधुनिकीकरण जस्ता विविध क्षेत्रलाई समेटेको हुन्छ। विकासको महत्वपूर्ण आयमको रुपमा राजनीतिक विकास, आर्थिक विकास, सामाजिक विकास, प्रशासनिक विकास र नागरिक स्वतन्त्रता तथा सांस्कृतिक पक्ष पर्दछन्। यी सबै आयमलाई समेटेर सरकारले बहुआयमिक विकास व्यवस्थापन गर्न केही सुझावहरु प्रस्तुत गरिएको छ।

- विकासलाई गतिशील बनाउन, विकासको लागि आवश्यक स्रोत साधानहरुको उपयोगलाई व्यवस्थित गरी दिगो विकासका लक्ष्य हासिल गर्न रणनीतिक व्यवस्थापनमा जोड दिनुपर्छ।
- विकासको महत्वपूर्ण लक्ष्यका रुपमा आम जनताको जीवन तथा समाजको गुणस्तरमा सुधार गर्नु हो, गुणस्तरीय जीवनले विकास र समृद्धिको संकेत गरिरहेको हुन्छ। त्यसैले सरकारले विकासलाई जनता र समाजको हितमा केन्द्रित गरिनुपर्छ।
- विकास व्यवस्थापन गर्न विकास प्रशासनले सरकारी तथा अन्य निकायहरुलाई संगठित र व्यवस्थित गरी विकास कार्यक्रमहरु कार्यान्वयन गराउने भएको हुँदा विकास प्रशासनलाई विकासको कुशल व्यवस्थापक र विकासको संवाहकको रुपमा अगाडि बढाउनुपर्छ।
- विकास व्यवस्थापनले प्रशासनिक समस्याको समाधान गर्दै परियोजनालाई परिणाममुखी बनाउने, विकासमा हुने भ्रष्टाचार नियन्त्रण गर्ने, जनसहभागिता जुटाउने, विकासलाई आधुनिक सूचना र प्रविधिसँग जोड्ने, विकासको लागि निजी तथा गैरसरकारी क्षेत्रसँग साझेदारी गर्ने कामलाई व्यवस्थित बनाउनुपर्छ।
- विकास व्यवस्थापनले विकासका नयाँ नयाँ दृष्टिकोण र धारणालाई आत्मसात् गर्दै मुलुकको विकास र हितका लागि पुनर्विचार गरी नीतिगत रुपमा नयाँ सोच र धारणाका साथ अगाडि बढ्नुपर्छ। मुलुकको आर्थिक उत्थानका लागि स्पष्ट दृष्टिकोणसहित प्रभावकारी विकास व्यवस्थापनमा जोड दिँदै सुशासनतर्फ उन्मुख भएर समृद्धिको सिंढी चढ्नुपर्छ।
- विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन दीर्घकालीन सोचसहितको चमत्कारी विकास रणनीतिहरु, विकासको लागि राजनीतिक तथा प्रशासनिक कटिबद्धता, लगानीमैत्री वातावरण, आधुनिक तथा विद्यमान सूचना र प्रविधिमा पहुँच पुऱ्याएर लगनशीलता, पारदर्शिता, जवाफदेहिताका साथ भ्रष्टाचार न्यूनिकरण गर्दै सबै क्षेत्रसँग समन्वय, सहकार्य र प्रतिस्पर्धा गरेर विकासको गति तीव्र बनाउनुपर्छ।
- विकास व्यवस्थापनले सामाजिक सुरक्षालगायत गैर आर्थिक पक्षलाई पनि राम्रोसँग संवोधन गरी विकासमा दिगो शान्तिलाई संस्थागत गर्न सक्नुपर्छ। दीर्घकालीन दृष्टिकोणसहितको योजना तथा कार्यक्रमहरु संचालन गरी विकास व्यवस्थापनलाई स्पष्ट दिशा निर्देश गरिनुपर्छ।
- गैर सरकारी संघ संस्थाहरुसँग समन्वय गरी स्थानीय तहमा काम गर्ने संघ संस्थाहरुलाई एकद्वार नीति लागु गरी स्थानीय तहमा अनिवार्य सूचीकृत गर्नुपर्ने र स्थानीय तहले प्राथमिकतामा राखेका क्षेत्रमा कार्यक्रमलाई केन्द्रित गरी सम्झौता गरेर काम गर्ने परिपाटीको व्यवस्था गरिनुपर्छ। राज्य र गैर सरकारी संघ संस्थाबिच साझेदारी गरेर आर्थिक विकास र समृद्धिमा अगाडि बढ्न सकिने कार्यक्रममा साझेदारीको अवधारणाअनुसार काम गर्नुपर्छ।
- जनसहभागिताको अभियानले विकासप्रति जनता प्रोत्साहित हुने, जनतालाई आफ्नो अपनत्वको महसुस हुने, सुशासन कायम गर्न सहज हुने, जनताको समस्याको जनताद्वारा नै सामूहिक समाधान खोजिने, जनताका हित विपरीत हुने निर्णयहरुमा नियन्त्रण हुने, परियोजनामा साझेदारीको भूमिका रहने, जवाफदेहिता सुनिश्चित हुने, दिगो विकास र गुणस्तरमा वृद्धि हुने, विकास प्रयास फलदायी हुने, क्षमता विकास हुने जस्ता विविध फाइदा हुने भएकोले विकास व्यवस्थापनमा जनसहभागितालाई प्राथमिकतामा राखेर काम गर्नुपर्छ।

- सार्वजनिक निजी साझेदारको अवधारणालाई आत्मसात् गर्दै राष्ट्र निर्माणमा राज्य र निजी क्षेत्रबिच विकासमा सहकार्यका साथ साझेदारी गरेर अगाडि बढ्नुपर्छ। यस क्षेत्रमा विकास भएका नयाँनयाँ मोडलहरुको अध्ययन गरी राष्ट्रको लागि उपयुक्त मोडेलको विकास गरी अगाडि बढ्नुपर्छ।
- सार्वजनिक सहकारी साझेदारीको अवधारणाको विकास गरी राज्य र सहकारी मिलेर औद्योगिक विकास, रोजगारी सिर्जना गर्ने तथा अन्य विकास निर्माणमा साझेदारी गरेर आर्थिक विकास र समृद्धिको लागि अभियान चलाउनुपर्छ। साना लघु-सहकारीको विकास गरी सबै क्षेत्र र वर्गलाई सहकारीमा आबद्ध गराई राज्य र सहकारीबिच सहकार्य गरी विकासलाई गति प्रदान गर्न सक्नुपर्छ।
- विकास व्यवस्थापन सँगसँगै आर्थिक विकास र समृद्धिको लागि भूमि व्यवस्थापन पनि महत्वपूर्ण रहेको छ।

## १०. भूमि व्यवस्थापन (Land Management)

भूमिको ठुलो क्षेत्र राज्यको स्वमित्वमा रहे पनि आवास तथा कृषियोग्य क्षेत्र निजी स्वमित्वमा रहेको हुँदा भूमि व्यवस्थापन जटिल बनेको छ। यस प्रदेशका सबै जिल्लामा भूमि प्रशासनलाई प्रविधिमैत्री बनाई भूमिको विद्युतीय अभिलेख व्यवस्थित गर्दै भूमिको वर्गीकरण गर्न आवश्यक छ। साथै भूमिलाई उत्पादनसँग जोड्न भू-उपयोग नीतिलाई कार्यान्वयनमा ल्याउन सक्नुपर्छ। संविधानमा नै भूमिसम्बन्धी व्यवस्था स्पष्ट भएकोले विशेषत कृषियोग्य भूमिलाई खण्डीकरण हुनबाट बचाएर भूमि व्यवस्थापन गर्न सक्नुपर्छ। भूमि व्यवस्थापन सम्बन्धी केही नीतिगत कुराहरु बुँदागत रुपमा प्रस्तुत गरिएको छ।

- संविधानले राज्यको नीतिहरुमा भूमिसुधार सम्बन्धी नीतिमा (१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, (२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, (३) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने कुरा उल्लेख गरेको छ।
- नेपालको संविधान २०७२ ले भूमि नीति र सो सम्बन्धी कानुन बनाउने अधिकार संघको अधिकारको सूचीमा समावेश गरिएको छ। भूमि व्यवस्थापन, जग्गाको अभिलेख र गुठी व्यवस्थापनलाई प्रदेशको अधिकारको सूचीमा राखेको हुँदा प्रदेश सरकारले आफ्नो प्रदेशमा भूमि तथा गुठी व्यवस्थापनलाई प्राथमिकतामा राखेर वैज्ञानिक रुपमा व्यवस्थित गरी नमुना प्रदेशको रुपमा विकास गर्नुपर्छ।
- संविधानको धारा ९० मा गुठी सम्बन्धी व्यवस्था अन्तर्गत उपधारा (१) मा गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भैरहेका किसान एवं गुठीको अधिकारका सम्बन्धमा संघीय सरकारले आवश्यक कानुन बनाउनेछ भन्ने उल्लेख भएको हुँदा संघीय कानुनले प्रदेशलाई प्रदेश अन्तर्गतका गुठी जग्गामा भोगाधिकार भैरहेका किसान एवं गुठीका समस्या समाधान गर्ने अधिकार प्रदेशलाई दिई दिगो रुपमा गुठी व्यवस्थापन गर्ने नीति लिनुपर्छ।
- कृषि योग्य जमिनको खण्डीकरण रोक्ने, व्यवस्थित वस्ती निर्माण गर्ने, औद्योगिक क्षेत्र, व्यापारिक क्षेत्र, शैक्षिक क्षेत्र, मानव वस्ती र प्रशासनिक केन्द्रहरुलाई अलग-अलग स्थानमा व्यवस्थित गर्दै प्रदेशको आफ्नै पहिचान कायम गर्न सक्ने भू-उपयोग नीति लिनुपर्छ। साथै प्रदेशका सबै स्थानीय तहहरुसँग समन्वय र सहकार्य गरी व्यवस्थित भू-उपयोग नीतिलाई कार्यान्वयनमा ल्याउनुपर्छ।
- गुठी व्यवस्थापनको लागि प्रादेशिक गुठी संस्थानको विकास गरी प्रदेश अन्तर्गतका सार्वजनिक तथा निजी गुठीको स्वामित्वमा रहेका जमिनको अभिलेखीकरणलाई व्यवस्थित बनाई गुठीको जमिनबाट प्राप्त आम्दानीबाट सञ्चालन गरेका ऐतिहासिक मठ, मन्दिर, सम्पदाको संरक्षण, संवर्द्धन तथा विकासलाई संस्थागत रुपमा व्यवस्थित गर्नुपर्छ।
- गुठी संस्थान तथा संस्थाले ऐतिहासिक मठ, मन्दिर, सम्पदाको संरक्षण, संवर्द्धन र विकासमा जोड दिई पर्यटकलाई आकर्षण गरी पर्यटन प्रवर्द्धन गर्दै गुठी संस्थानको आम्दानी बढाउने नीति लिनुपर्छ।
- यस प्रदेशमा अन्नको भण्डारको रुपमा रहेको झापा, मोरङ र सुनसरी जिल्लामा घरघरेडी तथा गैर कृषि प्रयोजनको कारण अनावश्यक रुपमा जमिनको अनियन्त्रित खण्डिकरण भई कृषि योग्य भूमि खेर गइरहेको हुँदा दिगो भूमि व्यवस्थापन तथा सुशासन कायम गरी कृषिको पकेट क्षेत्रको रुपमा विकास गरेर प्रदेशको अर्थतन्त्रलाई बलियो बनाउने रणनीति अगाडि सार्नुपर्छ।

- आर्थिक विकास र समृद्धिको मुख्य आधार भनेको कृषि, पर्यटन, ऊर्जा र औद्योगिकरण भएकोले भूमि व्यवस्थापनमा यी महत्वपूर्ण क्षेत्रलाई विशेष ध्यानमा राखेर काम गर्नुपर्छ। औद्योगिक क्षेत्र, व्यापारिक क्षेत्र, एकीकृत बस्ती विस्तारलाई कृषिका लागि अनुपयुक्त भूमि प्रयोगमा जोड दिनुपर्छ।
- यस प्रदेशमा रहेको सुकुमबासी समस्या दिगो र प्रभावकारी रुपमा व्यवस्थापन गर्न सुरक्षित आवास कार्यक्रमलाई लागु गर्दै एकीकृत बस्ती विकासमा जोड दिनुपर्छ। साथै सुकुमबासीलाई कृषि, पर्यटन, उद्योग तथा अन्य रोजगारीमा जोड्ने नीति प्रदेश सरकारले लिनुपर्छ।
- प्रदेश सरकारले स्थानीय तहसँग सहकार्य गर्दै सार्वजनिक जमिन, खाली पर्ती जमिनको संरक्षण गर्ने, ग्रामीण तथा सहरी अव्यवस्थित बसोबबासलाई व्यवस्थित गर्ने, गुठीको समस्यालाई दीर्घकालीन रुपमा समाधान गर्ने, कृषि योग्य भूमिको खण्डीकरण रोक्नुपर्ने कार्यलाई प्राथमिकतामा राखेर काम गर्नुपर्छ।
- जताभावी अवैज्ञानिक र अव्यावहारिक रुपमा जमिन प्लटिङ्ग गर्ने र घरेडीको रुपमा बिक्री गर्ने कार्यले मुलुकभरी नै खेतीयोग्य जमिनको ठुलो क्षेत्र खण्डीकृत भई बाँझो रहेका छन्। उत्पादनशील क्षेत्रमा लगाउनुपर्ने पुँजी अनुत्पादनशील क्षेत्रमा लगानी भई भूस्वामित्व र पुँजी दलालको हातमा केन्द्रित हुनबाट रोक्नुपर्छ।
- भूमि बैंकको अवधारणा ल्याई कृषिको व्यवसायिकरणको लागि करारमा जग्गा उपलब्ध गर्ने वैज्ञानिक विधि अगाडि सार्दै बृहत कृषि फर्म सञ्चालन गर्न कृषि कम्पनी, सामुदायिक कृषि फर्म, सहकारी, साना किसान समूह, भूमिहीन किसान समूहहरुलाई व्यवसायिक कृषिमा प्रोत्साहित गर्ने नीति ल्याउनुपर्छ।
- आर्थिक विकास र समृद्धिको लागि आर्थिक रुपान्तरणको साथै सामाजिक रुपान्तरणको अभियानलाई पनि उतिकै महत्व दिन सक्नुपर्छ।

# परिच्छेद तीन
# सामाजिक रुपान्तरण
# (Social Transformation)

सामाजिक अध्ययनको क्षेत्र निकै व्यापक छ, जसले मानव जीवनको भौतिक तथा सामाजिक वातावरणसँग सम्बन्धित पक्षलाई समेटेको हुन्छ। यसले इतिहास, भूगोल, नागरिक शास्त्र, मानव शास्त्र, धर्म, अर्थशास्त्र, समाजशास्त्र र राजनीतिक शास्त्रको भूत, वर्तमान तथा भविष्यको अन्तर सम्बन्धलाई स्थापित गरेको हुन्छ। सामाजिक अध्ययनको क्षेत्र व्यापक भएता पनि मानव जातिको वर्तमान सामाजिक जीवनको अध्ययन गर्दै भविष्यमा कस्ता सुधार गर्न सके समाजलाई उत्कृष्ट र समुन्नत बनाउन सकिन्छ भन्ने विषय अत्यन्त महत्वपूर्ण हुन्छ। विशेषत सामाजिक तथा आर्थिक रुपान्तरणको लागि प्रदेश सरकारले गर्नुपर्ने अधिकार क्षेत्रको काम प्रदेश सरकारले गर्दै समग्र रुपान्तरणको लागि संघीय तथा स्थानीय सरकारसँग समन्वय र सहकार्य गर्न सक्नुपर्छ। आर्थिक तथा सामजिक विकासलाई कुनै पनि समाजको राजनीतिक, धार्मिक, सांस्कृतिक तथा वातावरणीय पक्षले प्रभाव पार्ने भएको हुँदा विकासको लागि राजनीतिक नेतृत्व, कर्माचारीतन्त्र, नीति निर्माता, योजनाविद् आदिले समाजको योजनाबद्ध सन्तुलित विकासमा जोड दिने नीति तथा कार्यक्रम ल्याउन सक्नुपर्छ। सामाजिक रुपान्तरणका लागि केही नीतिगत सुझावहरु यस प्रकार रहेका छन्।

- सामाज कल्याणका मान्यतामा केन्द्रित भई समाजिक रुपमा व्याप्त रहेको पछौटेपन, न्यून उत्पादन, बेरोजगार जस्ता पक्षको कारक तत्व खोजी गर्दै विकास प्रक्रियाको अन्तर सम्बन्ध र सामाजिक प्रक्रियाको अध्ययन गर्नुको साथै विकासको राजनीतिक, सामाजिक, आर्थिक, मनोवैज्ञानिक र मानवीय पक्षको विश्लेषण गर्ने परिपाटीको विकास गर्ने नीति लिनुपर्छ।
- समृद्ध समाज भनेको शोषण, भेदभाव, अन्याय र अत्याचार अन्त्य गरेर न्याय र सुव्यवस्थामा आधारित समाज निर्माण गर्नु हो। अन्धविश्वास, कुरीति र रुढीग्रस्त परम्पराको निराकरण गर्दै जनतालाई सुख र खुसी जीवन बाँच्ने आधार तयार गरेर समृद्धि र प्रगतिको बाटोमा हिडाउने नीति लिनुपर्छ।
- समृद्धिको मुख्य आधार भनेको पर्यावरणीय स्थिरता अर्थात् आर्थिक विकासले पर्यावरणलाई नबिगारी सन्तुलन राख्न सक्नु हो, साथै सामाजिक समावेशिकता र गुणस्तरीय जीवन पनि समृद्धिको आधार भएको हुँदा ती क्षेत्रहरुमा देखापरेका विभिन्न चुनौतीहरू सामना गर्दै आर्थिक तथा सामाजिक रुपान्तरणको अभियानलाई अगाडि बढाउने नीति लिनुपर्छ।
- समृद्धिले आर्थिक, सामाजिक र सांस्कृतिक सबै पक्षको समष्टिगत रुपान्तरणलाई जनाउँछ। राजनीतिक स्थिरता, शान्ति, आर्थिक विकास, सुशासन, सामाजिक न्याय, पारदर्शीता, जवाफदेहिता र नागरिक हकको सुनिश्चिता समृद्धि मापनका महत्वपूर्ण आधारहरु भएकोले ती क्षेत्रमा राज्य जिम्मेवार भएर काम गर्ने नीति तथा कार्यक्रम ल्याउनुपर्छ।
- समृद्धिको लागि सामाजिक सुरक्षा तथा न्याय, व्यक्तिगत स्वतन्त्रता, व्यक्तिगत सम्पत्तिको सुरक्षा, कानुनी राज्य, कानुनी शासन, मानव अधिकार, शुसाशन आदि महत्वपूर्ण पक्ष छन्, जसमा राजनीतिक दलहरु तथा तहगत सरकारहरू अनुशासित, जवाफदेही तथा उत्तरदायी, इमानदार र पारदर्शी बन्दै कुनै पनि सरकारले अघि सारेको आर्थिक तथा सामाजिक रुपान्तरणको अभियानलाई महत्वका साथ सम्पन्न गर्ने वातावरण बनाउने नीति लिनुपर्छ।
- भौतिक संसारमा समृद्धि र खुसीयालीको अर्थ इच्छा र आवश्यकताको पूर्ति हो, मन सन्तुष्ट हुनु र सुरक्षित अनुभव गर्नु नै समृद्धि र खुसीयाली हो। त्यसैले मनमा शान्ति र आनन्द, मुहारमा खुसी ल्याउन सामाजिक तथा आर्थिक क्षेत्रमा दिगो परिवर्तन ल्याउने नीति राज्यले लिनुपर्छ।
- सामाजिक तथा आर्थिक रुपमा अगाडि बढ्न र सुखी जीवन बिताउन हरेक व्यक्तिले नियमित रुपमा बचत गरेर धनको विवेकपूर्ण प्रबन्ध गरी आर्थिक संकटबाट आफूलाई बचाउनुपर्छ, त्यसले जीवनमा आइपर्ने समस्याको स्थायी समाधान गर्दछ।
- समृद्धिको जग व्यक्ति व्यक्तिले बसाल्नुपर्छ, त्यसपछि समाज हुँदै मुलुकलाई समृद्धिको शिखरमा पुऱ्याउन सकिन्छ। राज्यले जनताको चेतना उकास्दै सामाजिक तथा आर्थिक प्रगतिका विशिष्ट माध्यमको पहिचान गरी कार्यान्वयन गर्ने नीति लिनुपर्छ।

- सामाजिक तथा आर्थिक असमानता र विभेदलाई अन्त्य गर्ने रणनीति लिँदै, जनतामा राजनीतिक, आर्थिक तथा सामाजिक सशक्तीकरणलाई पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्छ । मानवीय स्रोत र नयाँ प्रविधि, नयाँ विचारधारा, उत्पादन र बजारबिचको अन्तर सम्बन्धलाई कायम गरी दिगो र उच्च आर्थिक विकासको आधार बनाउने रणनीति लिनुपर्छ ।
- समाजमा मौलाएका विभिन्न किसिमका हिंसा, विभेद, अन्धविश्वास, कुरीति तथा कुसंस्कारको अन्त्य गर्न शिक्षा, चेतनामूलक तथा सशक्तिकरणका कार्यक्रमको अभियान चलाउँदै, जातीय भेदभावका विरुद्ध राज्यले कडा नीति ल्याई पछाडि परेका वर्ग, क्षेत्र तथा जातिलाई आर्थिक तथा सामाजिक रुपान्तरणको लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ । सामाजिक क्षेत्रको विकास गर्न शिक्षा, स्वास्थ्य, पोषण, नागरिक समाजको हक हितको संरक्षणमा विशेष जोड दिनुपर्छ ।

## १. शिक्षा (Education)

शिक्षाको अभावले आर्थिक विकासको मूलधारबाट जनता बाहिर रहने तथा मानव विकासमा प्रत्यक्ष पनि पार्दछ । शिक्षाले आम्दानीमा महत्वपूर्ण भूमिका निभाउने भएको हुँदा गरिबीबाट बाहिर निस्कन शिक्षा सहज माध्यम पनि हो । राज्यले शिक्षालाई आर्थिक विकास र समृद्धिको लागि रणनीतिक साधनको रुपमा लिएर शिक्षामा प्रयाप्त लगानी बढाउनुपर्छ । दक्ष मानवीय स्रोत उत्पादन गरी मानव पुँजीलाई सही ढङ्गले अधिकतम उपयोग गर्ने नीति लिई कार्यान्वयनमा अगाडि बढ्न सकेको खण्डमा मात्र राष्ट्रलाई समृद्धिमा डोऱ्याउन सहज हुन्छ । त्यसैले औपचारिक शिक्षा विज्ञान तथा प्रविधिमा आधारित, उद्यमशील, व्यवसायिक, सिपमूलक एवं रोजगारमूलक सिपमा आधारित मानवीय स्रोत उत्पादनमा केन्द्रित हुनुपर्छ । विद्यालय तहदेखि उच्च शिक्षासम्म नै सिपमूलक तथा व्यवसायिक शिक्षालाई उच्च प्राथमिकतामा राख्दै त्यसको विकास र प्रवर्द्धनमा तीनै तहका सरकारले जोड दिनुपर्छ । शिक्षाको विकास गर्न संविधानले व्यवस्था गरेको मौलिकलाई ध्यान दिँदै थप केही सुझावहरु प्रस्तुत गरिएको छ ।

- नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी मौलिक हकको व्यवस्था गरेको छ, जसमा (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ । (३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ । (४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ । (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।
- राज्यको नीतिहरुमा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत (१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, (२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, (३) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने, (४) नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने भन्ने नीति लिएको छ ।
- शिक्षालाई संविधानमा संघको अधिकारको सूचीमा केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय, प्रदेशको अधिकारको सूचीमा प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय, स्थानीय तहको अधिकारको सूचीमा आधारभूत माध्यमिक शिक्षा, संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षा, खेलकुद र पत्रपत्रिकाको अधिकारको व्यवस्था गरिएको छ । शिक्षामा सबै तहको आ-आफ्नो स्पष्ट आधिकार तोकिनुको साथै साझा दायित्व पनि रहेको हुँदा सबै तहका सरकारले आपसमा मिलेर शिक्षाको क्षेत्रमा काम गर्नुपर्छ ।
- सामुदायिक विद्यालयलाई सुधार गर्दै गुणस्तरीय तथा प्राविधिक शिक्षामा जोड दिएर रोजगारीका लागि दक्ष जनशक्ति उत्पादनमा गर्नुको साथै रोजगारी सिर्जना गर्ने जनशक्ति उत्पादनमा पनि जोड दिनुपर्छ । प्राविधिक सिप तथा व्यावसायिक

तालिम प्रदान गरी सिप र रोजगारीसँग आबद्ध गर्दै पढ्दै र कमाउँदै आफ्नो शैक्षिक योग्यता बढाउन प्रोत्साहित गर्ने नीतिलाई प्रभावकारी बनाउनुपर्छ ।

- शैक्षिक क्षेत्रमा व्यापक सुधार गर्दै अभिभावक जागरुक भएर विद्यालयलाई सिकाइमा केन्द्रित गरी जवाफदेही शिक्षा प्रणालीको विकास गर्नुपर्छ । प्रदेश स्तरमा सार्वजनिक तथा निजी दुबै किसिमका विद्यालयमा विषयहरु तोकी पाठ्यपुस्तक र अध्ययन अध्यापन गर्ने भाषागत माध्यममा एकरुपता कायम गर्नुपर्छ ।
- बालबालिका समस्याहरु समाधान गर्न र बाल मनोविज्ञान बुझेर बालबालिकालाई सही बाटोमा लगाउन विद्यालयमा बाल मनो विज्ञानको शिक्षक शिक्षिकाको व्यवस्था गरी बालबालिकालाई मानसिक रुपमा सबल बनाउने नीति लिनुपर्छ । अभिभावकलाई बालबालिकासँग कस्तो व्यवहार गर्नुपर्छ र बाल मनोविज्ञान कस्तो हुन्छ र के गर्नुपर्छ, कस्तो संस्कार, बोली व्यवहारको विकास गरेर ज्ञानी, आज्ञाकारी र संस्कारयुक्त बालबालिका बनाउने भन्ने ज्ञान दिनुपर्छ ।
- बजारमा सहजै खपत हुने दक्ष जनशक्ति उत्पादन गर्न बालबालिकालाई आफ्नो जीवनमा उपयोगी हुने शिक्षा र सिकाइ वैज्ञानिक र व्यावहारिक बनाउनुपर्छ, त्यसको तीनै तहका सरकारले समन्वय र सहकार्य गरेर काम गर्नुपर्छ ।
- यस प्रदेशमा उच्च शिक्षाको लागि त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, मनमोहन प्रविधिक विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, काठमाण्डौ विश्वविद्यालय, योगमाया आयुर्वेद विश्वविद्यालय, वि. पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान आदि रहेका छन् । प्रदेशको अधिकारको सूचीमा प्रदेश विश्वविद्यालय, उच्च शिक्षा रहेको हुँदा प्रदेश सरकारले आफ्नो छुट्टै पहिचानका साथ प्रादेशिक विश्वविद्यालयमा उच्च शिक्षाको क्षेत्रमा लगानी बढाउँदै शैक्षिक क्षेत्रको हबका रुपमा यस प्रदेशलाई विकास गर्नुपर्छ ।
- यो प्रदेश पूर्ण साक्षर प्रदेशको रुपमा घोषणा भइसकेको छ । शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र रोजगारीमूलक बनाउन प्रादेशिक विश्वविद्यालयमा प्राविधिक विषयहरुको अध्ययनलाई विशेष जोड दिई उच्च मानव पुँजीको विकासमार्फत समृद्ध प्रदेशको रुपमा विकास गर्नुपर्छ ।
- विश्वविद्यालयलाई अध्ययन अनुसन्धानको केन्द्रको रुपमा विकास गर्दै अनुसन्धानका नतिजालाई सुदृढ प्रदेश निर्माण गर्न कार्यान्वयन गर्नुपर्छ । प्रदेशका औद्योगिक क्षेत्रको लागि आवश्यक जनशक्ति उत्पादनमा जोड दिँदै विदेशी प्राविधिक जनशक्तिलाई क्रमिक रुपमा विस्थापित गर्ने नीति प्रदेश सरकारले लिनुपर्छ । साथै कृषि, पर्यटन, उद्योग, पूर्वाधार लगायतका क्षेत्रमा प्राविधिक र व्यवसायिक शिक्षालाई श्रमसँग जोड्ने, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न सक्ने दक्ष जनशक्ति उत्पादनमा योजनाबद्ध ढंगले लाग्नुपर्छ ।
- प्रादेशिक प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम केन्द्रको स्थापना गरी प्रदेशको प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिनुपर्छ, साथै वैदेशिक रोजगार जाने कामदारलाई प्राविधिक तालिम दिई दक्ष जनशक्तिका रुपमा पठाउने नीति लिनुपर्छ ।
- प्राविधिक तथा व्यवसायिक शिक्षालाई प्रदेशको आवश्यकता, मुलुकको आवश्यकता र विश्व श्रम बजारको आवश्यकतालाई ध्यानमा राखेर कृषि, उद्योग, पर्यटन, ऊर्जा, पूर्वाधार लगायतका क्षेत्रका दक्ष जनशक्तिको विकास गर्नुपर्छ ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा हासिल गरेका शैक्षिक जनशक्तिलाई सामुहिक वा निजी रुपमा व्यवसाय सञ्चालन गर्न, उद्यमी बन्न सरकारले प्रोत्साहित गर्ने नीति लिनुपर्छ । एक व्यवसायी तथा उद्यमीले न्युनतम पाँच जनासम्मलाई रोजगारी दिने रणनीतिक योजना बनाई काम गर्ने वातावरण बनाउनुपर्छ ।
- राज्यले सबै वर्ग र तहको पहुँच पुग्ने गरी स्पष्ट र पारदर्शी शिक्षा नीति लिई गुणस्तरीय, अनुसन्धात्मक, जीवनोपयोगी, प्रतिस्पर्धी शिक्षा र त्यसको प्रभावकारितामा जोड दिनुपर्छ । क्षमतावान र प्रतिस्पर्धी मानवीय स्रोत उत्पादन गर्ने शिक्षाले नै मुलुकको अर्थतन्त्रलाई सुदृढ बनाउनुको साथै आर्थिक विकासमा दिगोपना पनि ल्याउँछ ।
- नैतिकता, राष्ट्रियता, अनुशासन, सुशासनको क्षेत्रमा तल्लो तहदेखि नै राम्रो शिक्षा दिई देश र जनताप्रति समर्पित मानवीय स्रोत उत्पादनमा राज्यले मिहेनतका साथ काम गर्नुपर्छ । अहिलेको हाम्रो सामाजिक चेतनामा आम परिवर्तन ल्याउन, आम जनतामा नैतिक शिक्षालाई अभियानका रूपमा अघि बढाउनुपर्छ । समाजलाई नैतिकवान तथा राष्ट्र र राष्ट्रियताको पक्षमा खरोसँग उभिन सक्ने मानवीय स्रोत उत्पादन गर्ने शिक्षा प्रदान गर्न राज्यले आफ्नो दायित्व सम्झेर काम गर्नुपर्छ ।

- राज्यको आवश्यकतालाई मध्य नजर राखी व्यवहारिक र जीवनोपयोगी शिक्षाको लागि राज्यले शिक्षामा व्यापक लगानी गरी योग्य नागरिक बनाउनुपर्छ। त्यसैले राज्यको अर्थव्यवस्था बलियो बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।
- प्रदेश भित्र रहेका प्राविधिक धारका विद्यालयमा शैक्षिक गुणस्तर कायम गरी दक्ष प्राविधिक जनशक्ति उत्पादनमा जोड दिनुपर्छ।
- राज्यले विधिको शासनलाई अक्षरस पालना गराउँदै हरेक व्यक्तिको हृदयभित्र सत्चरित्र तथा सदाचारको भावना विकास गराउन शिक्षाको मूल नीतिले समेट्नुपर्छ, जसले समाजलाई शान्तिपूर्ण ढङ्गबाट विकासतर्फ डोऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने गर्दछ।
- खोज तथा अनुसन्धानलाई पहिलो प्राथमिकतामा राखी अनुसन्धात्मक क्षमता भएका मानवीय स्रोत उत्पादन गर्ने तथा प्रतिभाशाली व्यक्तित्वको प्रतिभा प्रस्फुटनको लागि राज्यले लगानी गरी राष्ट्रिय क्षमताको विकास गर्नुपर्छ। सामाजिक रुपान्तरणमा शिक्षा क्षेत्रको जति महत्व छ, त्यति नै महत्व स्वास्थ क्षेत्रको पनि रहेको छ।

## २. स्वास्थ्य (Health)

प्रदेश सरकारले रोग लाग्न नदिन प्रभावकारी रणनीतिक योजना बनाएर स्थानीयतहसंग समन्वय र सहकार्य गर्दै कार्यान्वयनमा जान सक्नुपर्छ। सरकारले संविधानमा स्वास्थ्य सम्बन्धी गरेको व्यवस्था, जनस्वास्थ्य सम्बन्धी ऐन तथा कानुनहरु, नीति तथा निर्देशिकाहरुलाई कार्यान्वयनमा ल्याई स्वास्थ्य क्षेत्रका समस्याहरुको समाधान गर्न सक्नुपर्छ। स्वास्थ्यको कारणले पनि आम्दानीमा प्रभाव पार्दछ, परिवार स्वस्थ्य छ भने आम्दानी राम्रो हुने र बचत पनि उच्च हुने गर्दछ, त्यसैले स्वास्थ्यमा सबै तहका सरकार र नागरिक समाज सचेत भई स्वस्थ समाज निर्माणको लागि स्वास्थ्य नीति ल्याउन सक्नुपर्छ। साथै स्वस्थ्य क्षेत्रको सुधार गर्न केही सुझावसहितका बुँदाहरु प्रस्तुत गरिएको छ।

- संविधानको धारा ३५ स्वास्थ्य सम्बन्धी हकमा (१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन, (२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ, (३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ।
- राज्यको नीतिहरुमा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत (१) नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने, (२) गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने, (३) नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोपेथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्धन गर्ने, (४) स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, (५) स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्दै जाने, (६) नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने भन्ने व्यवस्था गरिएको छ।
- स्वास्थ्यलाई संविधानमा संघको अधिकारको सूचीमा स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रण रहेका छन् भने प्रदेशको अधिकारको सूचीमा स्वास्थ्य सेवा रहेको छ।
- त्यस्तै स्थानीय तहको अधिकारको सूचीमा आधारभूत स्वास्थ र सरसफाइ, संघ र प्रदेशको साझा अधिकारको सूचीमा औषधि र बिषादि र सरसफाइ, संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा स्वास्थ्य अधिकारको व्यवस्था गरिएको छ। त्यसैले स्वास्थ्यको क्षेत्रमा तीनै तहका सरकार आपसमा समन्वय र सहकार्य गर्दै निःशुल्क स्वास्थ्य सेवाको नीतिलाई कार्यान्वयनमा ल्याउनुपर्छ।
- स्वस्थ जीवनको लागि संविधानले मौलिक हक र नीतिलाई विशेष महत्व दिएको छ। स्वास्थ रहनको लागि आवश्यक पर्ने आधारभूत व्यवस्थापनमा सरकारले काम गर्नुपर्छ, स्वास्थ्यलाई हानी नोक्सानी पुऱ्याउने वस्तुको उपयोगमा सरकारले कडा नीति लिई स्वस्थ प्रदेशको पहिचान बनाउने नीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्छ।
- प्रदेश सरकारले ज्येष्ठ नागरिकको लागि प्रादेशिक ज्येष्ठ नागरिक अस्पताल, बालबालिकाको लागि प्रादेशिक बाल अस्पताल, महिलाको लागि प्रादेशिक महिला अस्पतालको स्थापना गरी स्वस्थ प्रदेश निर्माणको आधार तयार गर्नुपर्छ।

साथै प्रदेश सरकारले प्रादेशिक चिकित्साशास्त्रको अध्ययन अध्यापन गराई स्वास्थ्य क्षेत्रका जनशक्ति उत्पादन गर्ने नीति लिनुपर्छ।

- योगमाया आयुर्वेद विश्वविद्यालयसँग सहकार्य गर्दै यो प्रदेशलाई आयुर्वेदिक चिकित्साशास्त्रको अध्ययन अनुसन्धान र वैकल्पिक चिकित्सा केन्द्रको रुपमा अब्बल बनाउने नीति लिई आवश्यक सहयोग जुटाउनुपर्छ। परामपरागत रुपमा प्रयोग गरिँदै आएका तथा पहिचान गर्नुपर्ने नयाँ जडिबुटीको अध्ययन तथा अनुसन्धानको लागि पनि त्यस विश्वविद्यालयलाई जिम्मेवार बनाउन अध्ययन अनुसन्धानमा लगानी बढाउनुपर्छ।
- पहिचान भएका बहुमूल्यवान जडिबुटीको प्रशोधन तथा औषधि उत्पादन गरी बिक्री वितरण गर्ने नीति लिनुपर्छ। आधुनिक उपचारकेन्द्रसँग आयुर्वेद, प्राकृतिक चिकित्सा लगायत वैकल्पिक उपचार पद्धति, योग ध्यानलाई एकीकृत गरी प्रदेशले नमुना उपचार केन्द्रको अवधारणा ल्याउँदै वैकल्पिक उपचार पद्धतिलाई प्रवर्द्धन गर्नुपर्छ। त्यस्तो एकीकृत उपचार केन्द्रको प्रभावकारितालाई अध्ययन गरी क्रमिक रुपमा विस्तार गर्ने नीति लिनुपर्छ।
- स्वस्थ समाज निर्माणको लागि स्थानीय तहका वडा वडामा आमा समूह, महिला स्वास्थ्य स्वयंसेविकालाई परिचालन गरी स्वस्थ्य सेवा दिनुको साथै एकीकृत रुपमा स्वस्थ्य सम्बन्धी देखिएका विविध क्षेत्रको समस्याका रिपोर्टहरु स्थानीय तहमा रहेका आधारभूत अस्पताल तथा स्वास्थ केन्द्रमा नियमित रुपमा बुझाउने गरी जनताको घरदैलोसँग जोडिएको स्वास्थ्य प्रणालीलाई बलियो बनाउने नीति लिनुपर्छ। आधारभूत सेवा दिन एकीकृत सामुदायिक स्वास्थ्य सेवामा जोड दिनुपर्छ।
- स्थानीय स्वास्थ केन्द्रले उपचार गर्न नसक्ने विरामीलाई सम्बन्धित अस्पतालमा रिफर गर्ने, आवश्यक सुझाव दिने, फलोअप गरिरहने प्रणालीमा जोड दिनुपर्छ। गाउँघरका देखिएका स्वास्थ्य समस्याको आधारमा तीनै तहका सरकारले समन्वय र सहकार्य गर्दै स्वास्थ समस्यालाई समयमा नै समाधान गर्ने नीति लिनुपर्छ।
- तीनै तहका सरकारले धुमपान, सूर्तीजन्य पदार्थ, मद्यपान, अस्वस्थकार खानपान, लागुपदार्थ सेवन, अल्छीपन, शारीरिक निष्क्रियता, मानसिक तनाव आदि नसर्ने रोगको प्रमुख कारकतत्व भएकोले त्यसलाई नियन्त्रण गर्ने नीति ल्याई नसर्ने रोगलाई न्यूनिकरण गर्नुपर्छ। पोषणको ज्ञान र नसर्ने रोगको जोखिम घटाउन विद्यालयका विद्यार्थीलाई चेतना दिएर उनीहरुबाट नै सुरुआत गर्नुपर्छ। त्यसले जनस्वास्थ्यको क्षेत्रमा सुधार गर्न महत्वपूर्ण भूमिका निभाउँछ। साथै स्वास्थ्य क्षेत्रमा बढ्दै गएको व्यापारीकरणप्रति सरकार सचेत भएर अनुगमन र नियमनको नीतिलाई कडाइका साथ कार्यान्वयनमा लैजाउनुपर्छ।
- निःशुल्क स्वास्थ्य उपचार, जनताको मौलिक अधिकार भएको हुँदा सरकारले सहज र गुणस्तरीय निःशुल्क सेवा दिन सबै नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रममा संलग्न गराउने, स्वास्थ्य बीमा अन्तर्गत उपलब्ध गराइने स्वास्थ्य सेवाको दायरा र गुणस्तर बढाउने, विमामार्फत पाउनुपर्ने औषधि उपलब्ध गर्नुपर्ने कार्यक्रमलाई प्रभावकारी बनाउने, उपलब्ध गर्न नसकिएको अवस्थामा औषधि खरिद गरेको रकम सहज र सरल विधिबाट भुक्तानी गर्ने नीतिलाई अगाडि सार्दै बीमालाई विश्वासनीय बनाउनुपर्छ। आधारभूत स्वास्थ्यले नसमेटेका उपचारलगायत स्वास्थ्य सेवा बीमामार्फत हुने व्यवस्था गर्नुपर्छ।
- सरकारी स्वास्थ्य संस्थामा आवश्यक सेवा नपाउँदा हरेक वर्ष उपचारकै कारण गरिब हुने परिवारको संख्या बढ्दै गएको हुँदा गरिबी निवारणमा स्वास्थ्य क्षेत्र थप चुनौती बनेको हुँदा स्वास्थ्य क्षेत्रको सुधारमा विशेष ध्यान दिएर सरकारले नीति तथा कार्यक्रमहरु ल्याउनुपर्छ।
- प्रदेशस्तरमा ठुलो क्षमताका विशिष्टीकृत सेवाका अस्पतालहरू निर्माण गरेर सञ्चालनमा ल्याउन जोड दिने र सञ्चालनमा रहेका अस्पतालको क्षमता विस्तार तथा आधुनिकीकरण गर्ने कार्यमा जोड दिनुपर्छ। स्थानीय तहले अस्पताल निर्माणका लागि निःशुल्क जग्गाको सुनिश्चितता गर्न नसकेको अवस्थामा जग्गा खरिद गर्न स्थानीय तहलाई सहज रुपको नीतिगत व्यवस्था गर्नुपर्छ ।
- दरबन्दी अनुसारको चिकित्सक तथा स्वास्थ्यकर्मीको व्यवस्थापन गर्दै स्वास्थ्य सेवालाई सहज बनाउने कार्यमा तीनै तहका सरकार जिम्मेवार भएर काम गर्नुपर्छ। दुर्गम भेगमा स्वास्थ्यकर्मीको अभाव हुन नदिने रणनीतिक योजना बनाएर काम गर्नुपर्छ।

- राज्य तथा दाताको लगानीमा व्यवस्था गरिएको आईसीयू, भेन्टिलेटरलगायत स्वास्थ्य उपकरणहरू जनशक्ति र पूर्वाधार अभावमा जिल्ला जिल्लामा प्रयोगहीन अवस्थामा रहेकोले ती उपकरणको मर्मत संभार र अनुगमन गर्दै चलाउन सक्ने दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्छ ।
- सरकारले स्वास्थ्य संस्थाबाट जति औषधि निःशुल्क दिने व्यवस्था गरेको छ, ती औषधिको दुरुपयोगमा कडा नीति लिँदै औषधि भण्डारण, रेफ्रिजेरेटरलगायत संरचना निर्माण तथा व्यवस्थापनमा जोड दिँदै कम्तिमा पनि प्रदेश स्तरीय खपत भएको र खपत हुन बाँकी औषधिको अवस्था एकै ठाउँमा बसेर हेर्न औषधि वितरण व्यवस्थापन एप्स बनाई सही सदुपयोग गर्ने नीति लिनुपर्छ । निःशुल्क भनिएका औषधिको अभावमा किनेर खानुपर्ने अवस्थाको अन्त्य गर्न यस एप्सलाई प्रभावकारी बनाउने नीति लिनुपर्छ ।
- स्थानीय, प्रदेश र संघले आपसमा समन्वय र सहकार्य गर्दै आकस्मिक रुपमा फैलिने सरुवा रोगहरुको रोगथाम गर्न व्यवस्थापन पक्ष बलियो बनाउन चेन अफ कमाण्डको स्वास्थ्य नीति बनाउनुपर्छ । स्वास्थ्य क्षेत्र सुधार हुन नसक्नुको मुख्य कारणमा स्वास्थ्यको भौतिक संरचना, जनशक्ति अभाव, ल्याब, आवश्यक उपकरण, औषधिको अभाव र सेवा सुविधाको कमी भएकोले ती विषयमा सुधार गर्दै स्वास्थ्य क्षेत्रलाई सहज बनाउनुपर्छ । स्वास्थ्य क्षेत्रमा उपलब्धि हासिल गर्न स्थानीय, प्रादेशिक र संघीय सरकार मिलेर समन्वय र सहकार्य गरी काम गर्नुपर्छ ।
- स्वास्थ्यको सर्वव्यापी पहुँच, अत्यावश्यक तथा आधारभूत स्वास्थ्य सेवा, इमर्जेन्सी सेवालगायत स्वास्थ्य सम्बन्धी हक अधिकारलाई व्यवस्थित र सम्बोधन गर्न आवश्यक बजेट स्वास्थ्य क्षेत्रमा विनियोजन गर्नुपर्छ ।
- 'अर्गानिक उत्पादनको सहारा जनताको स्वस्थ आहारा' को नारा सहित अर्गानिक उत्पादन र अर्गानिक खानपिनको संस्कृतिको विकास गर्दै स्वस्थ्य जीवन जिउने जनताको अधिकार स्थापित गर्दै समृद्धिको अभियान अगाडि बढाउन सक्नुपर्छ ।
- बालबालिका, ज्येष्ठ नागरिक, शारीरिक अपांगता भएकाको स्वस्थ्य उपचार तथा घातक रोगहरुको उपचारमा राज्यले विशेष जिम्मेवारी लिनुपर्छ । गरिबीको रेखामुनी रहेका तथा बालबालिका र ज्येष्ठ नागरिकलाई तत्काल निःशुल्क स्वस्थ्य सेवा उपलब्ध गराउँदै छोटो समयमा सबैको लागि निःशुल्क स्वस्थ्य सुविधाको व्यवस्था गरिनुपर्छ ।
- दूरदराजमा रहेका नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न टेलिमेडिसिन सेवा सञ्चालनलाई प्रदेशका ठुला अस्पताल र जिल्ला अस्पतालमा व्यवस्थित गरी नियमित र भरपर्दो सेवा प्रदान गर्ने नीति लिनुपर्छ ।
- स्वस्थ्य बीमा सबै नागरिकलाई अनिवार्य गरी स्वस्थ्यमा हुने अनावश्यक आर्थिक भारबाट नागरिकलाई सुरक्षित गर्नुपर्छ ।
- मुलुकलाई आवश्यक पर्ने विविध उपचार विधिका स्वस्थ्य कर्मी तथा आवश्यक आधारभूत औषधि मुलुकमा नै उत्पादन गर्ने नीति तथा कार्यक्रम तीनै तहका सरकारले ल्याउनुपर्छ । स्थानीय तह तथा प्रदेशमा जनघनत्वको आधारमा आवश्यकता अनुसार सुविधा सम्पन्न अस्पतालहरुको व्यवस्था गर्नुपर्छ ।
- मातृशिशु सेवाको उचित प्रबन्ध गरी मातृ तथा बाल मृत्युदरलाई शून्यमा झार्ने रणनीति सहित कार्यक्रमहरु संचालन गर्नुपर्छ । स्वास्थ क्षेत्रमा सुधार गर्न खाद्य सुरक्षा, पोषण, खानेपानी र सरसफाइमा विशेष ध्यान दिनुपर्छ ।

## ३. खाद्य सुरक्षा तथा पोषण र खानेपानी तथा सरसफाइ (Food Security & Nutrition and Drinking Water & Sanitation)

सभ्य समाज र स्वस्थ्य नागरिक बनाउन खाद्य सुरक्षा, पोषण, खानेपानी तथा सरसफालाई पहिलो प्राथमिकतामा राखेर राज्यले लगानी बढाउन सक्नुपर्छ । दिगो विकास लक्ष्यमा पुग्न खाद्य तथा पोषण र खानेपानी तथा सरसफाइको क्षेत्रमा विशेष ध्यान केन्द्रित गरेर काम गर्न सक्नुपर्छ । खाद्य वस्तुको गुणस्तर नियमनको भरपर्दो व्यवस्था राज्यले गर्न सक्नुपर्छ । खाद्य तथा पोषण र खानेपानी तथा सरसफाइ सम्बन्धी शिक्षा औपचारिक तथा अनौपचारिक रुपमा सञ्चालन गरी स्वस्थ नागरिक र स्वस्थ प्रदेशको अवधारणालाई व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याउन सक्नुपर्छ ।

## क. खाद्य सुरक्षा तथा पोषण (Food Security and Nutrition)

खाद्य सुरक्षालाई मानवअधिकारको एक आधारभूत अंगको रूपमा लिइन्छ। विश्व खाद्य सम्मेलन सन् १९९६ अनुसार प्रत्येक व्यक्तिको सँधै पर्याप्त, स्वच्छ तथा पोषणयुक्त र आफ्नो आवश्यकता र चाहना अनुरूपको खानामाथि भौतिक तथा आर्थिक पहुँच भएमा मात्र खाद्य सुरक्षा भएको मान्न सकिने निष्कर्ष निकालेको छ। त्यसैले कसैले खानाको अभावमा भोकमरीको चपेटामा परेर ज्यान गुमाउनु नपर्ने अवस्था सिर्जना गर्नु नै खाद्य सुरक्षा हो भन्न सकिन्छ। खाना मानिसको पहिलो आवश्यकता हो, शारीरिक र बौद्धिक विकासको लागि कुपोषणबाट बच्न खानामा आवश्यक पोषणयुक्त पोसिलो र सन्तुलित आहारा चाहिन्छ। प्रदेश तथा स्थानीय तहमा पोषण स्थिति एवं खाद्यवस्तुको गुणस्तर र स्वच्छता सुनिश्चित गर्न नियमन प्रणाली विकास तथा संस्थागत गर्ने रणनीति अवलम्बन गरिएको छ, त्यसको प्रभावकारी कार्यान्वयनमा प्रदेश तथा स्थानीय सरकारले जिम्मेवारीका साथ काम गर्न सक्नुपर्छ। खाद्य सम्बन्धी संवैधानिक व्यवस्था तथा केही सुझावहरु बुँदागत रुपमा प्रस्तुत गरिएको छ।

- संविधानको धारा ३६ मा मौलिक हकको रुपमा खाद्य सम्बन्धी हकको व्यवस्था गर्दै (१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ, (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पार्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ र (३) प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ भन्ने व्यवस्था गरिएको हुँदा प्रदेश सरकारले संघीय तथा स्थानीय तहसँग समन्वय र सहकार्य गरी गरिबी, सीमान्तकृत तथा पिछाडिएका क्षेत्र र वर्गलाई ध्यान राखेर खाद्य संकलन तथा वितरणमा प्रभावकारी नीति अगाडि सार्दै पोषणयुक्त खाद्य सुरक्षाको व्यवस्था गर्नुपर्छ।
- नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा (१) कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने, (२) आधारभूत वस्तु तथा सेवामा सबै नागरिकहरूको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने कुरा उल्लेख गरिएको छ।
- उत्पादित खाद्यान्नको वितरण र बजार व्यवस्थापनमा हुने कमी कमजोरीको कारण खाद्यान्नको अभाव भएको विकट दुर्गम ग्रामीण क्षेत्रमा खाद्य सुरक्षा संकटमा परेको छ। त्यस्ता संकटग्रस्त क्षेत्रमा प्रदेश तथा स्थानीय सरकारले भोकमारीबाट आफ्ना नागरिकलाई बचाउने रणनीतिक योजना बनाएर काम गर्नुपर्छ।
- खाद्यान्न संचयको लागि वैज्ञानिक प्रणालीलाई अवलम्बन गर्दै खाद्यान्न वितरणको प्रक्रियालाई सरल, सुलभ, सन्तुलित रुपमा विस्तार गर्न यातायात र सञ्चार व्यवस्थाको पर्याप्त विकास गर्नुपर्छ। साथै खाद्य सुरक्षाको लागि कृषि जैविक विविधता, रैथानेवाली तथा पशुपन्छीको संरक्षण, संवर्धन र सदुपयोग, जलवायु परिवर्तन अनुकुलन प्रविधिको विकास र विस्तारमा जोड दिने नीति लिनुपर्छ।
- खाद्य तथा पोषण सम्बन्धी जनचेतना जगाउँदै सरकारले खाद्य मिसावट तथा बिषादिमा कडाइका साथ नियन्त्रण गर्नुपर्छ। पोषणयुक्त खाद्यवाली उत्पादनमा प्रोत्साहन गर्नुपर्छ। बहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै करेसावारी र भान्सालाई पोषणसँग जोड्नुपर्छ।
- प्रत्येक किसानलाई कम्तिमा पनि आफ्नो करेसावारी प्राङ्गारिक करेसावारी बनाई स्वास्थवर्द्धक, पोषणयुक्त तरकारी उत्पादन गरी स्वच्छ भान्सा बनाउन प्रोत्साहन गर्नुपर्छ। क्रमिक रुपमा प्राङ्गारिक खेती प्रवर्द्धन र प्रोत्साहन गर्न प्रदेश सरकारले स्थानीय सरकारसँग मिलेर सहकार्य गर्नुपर्छ।
- प्राङ्गारिक खाद्य बजारको व्यवस्थापन गर्दै खाद्य परीक्षण गर्ने प्रयोगशालाको व्यवस्था गरेर प्राङ्गारिक खाद्यपदार्थमा विश्वासनीयता कायम गर्नुपर्छ। स्थानीय रैथाने जातका खाद्यवालीलाई प्रोत्साहित गर्दै प्राङ्गारिक खाद्य नीतिलाई व्यवहारिक बनाउनुपर्छ।
- खाद्य सुरक्षाको लागि प्रदेशलाई आवश्यक पर्ने खाद्यपदार्थ भण्डारण र वितरण प्रणालीलाई व्यवस्थित बनाउन स्थानीय तहसँग सहकार्य गरी प्रत्येक पालिकामा प्रविधियुक्त उचित भण्डारणको व्यवस्था गर्नुपर्छ। साथै खाद्य संकट भएका समुदाय र स्थानलाई विशेष प्राथमिकता दिँदै वितरण प्रणालीलाई सहज र पहुँचयोग्य बनाउने नीति तथा कार्यकार्यक्रमहरु अगाडि सार्नुपर्छ।

- गरिबीका रेखामुनि रहेका परिवारको पहिचान गरी प्रदेश तथा स्थानीय सरकारले सहकार्य गरेर रासान कार्डमार्फत पोषणयुक्त खाद्यपदार्थ निःशुल्क र सहुलियतपूर्ण दरमा उपलब्ध गर्ने नीति लिनुपर्छ ।
- खाद्य ऐनमा उल्लेखित प्रावधानको पालना कडाइको साथ गराउँदै, स्वास्थ्यलाई असर पुऱ्याउने खाद्यपदार्थ तथा प्रदूषणमाथि कडाइका साथ निगारानी राख्दै शुद्ध खानेपानी तथा सरसफाइमा राज्यले लगानी बढाउनुपर्छ ।
- आर्थिक विकास र समृद्धिलाई बढवा दिन प्रत्येक तहका सरकारले उपभोक्ता हित तथा संरक्षणको लागि उपभोक्ता हित संरक्षण सम्बन्धी निकाय स्थापना गरी उपभोक्तालाई असर पुग्ने कुनै पनि क्षेत्रका कुनै पनि ठगीलाई कडाइका साथ रोक्दै, खाद्य तथा अन्य अत्यावश्यक वस्तुको सुरक्षा व्यवस्थापनमा जोड दिनुपर्छ ।
- खाद्यान्नमा आत्मनिर्भर हुन तथा उच्च रोजगारी प्रदान गर्न कृषि क्षेत्रको भूमिका सबैभन्दा महत्वपूर्ण हुने भएकोले राज्यले कृषिमा बजेटको प्रतिशत बढाएर लगानीको वातावरण बनाउनुपर्छ । कृषि क्रान्तिका लागि आधारभूत पूर्वाधारका रुपमा रहेको सिँचाइ, मल र बिउमा कृषक आत्मनिर्भर हुनुपर्छ, त्यसको लागि राज्यले लगानी बढाउनुपर्छ ।
- यस प्रदेशका खाद्यान्नको दृष्टिकोणबाट असुरक्षित रहेका जिल्लाहरुको पहिचान गरी आवश्यक खाद्यपदार्थको सञ्चिति गरी उचित मूल्यमा वितरण गर्ने नीति लिई खाद्य सुरक्षा गर्नुपर्छ । साथै खानेपानी र सरसफाइको उचित व्यवस्थापन गरी प्रदेशका सबै क्षेत्रमा स्वच्छ खानेपानीको अभाव हुन दिनुहँदैन ।

## **ख. खानेपानी र सरसफाइ** (Drinking Water and Sanitation)

आम नागरिकको स्वस्थ जीवनमा सुधार ल्याउन र स्वास्थ क्षेत्रमा हुने व्यायभार कम गर्न शुद्ध खानेपानी र सरसफाइलाई पहिलो प्राथमिकतामा राखेर काम गर्न सक्नुपर्छ । साथै मापदण्डअनुसार पूर्ण शुद्ध र सुरक्षित खानेपानी तथा सरसफाइयुक्त पालिकाहरु घोषणा गर्दै प्रदेशलाई स्वच्छ र सुरक्षित खानेपानी तथा सरसफाइयुक्त प्रदेशको रुपमा घोषणा गर्ने रणनीतिक योजना बनाएर प्रदेश सरकार लाग्न सक्नुपर्छ । स्वच्छ खानेपानी तथा सरसफाइ सम्बन्धी संवैधानिक व्यवस्था र थप सुधार गर्नुपर्ने नीतिलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

- संविधानको धारा ३५ मा मौलिक हकको रुपमा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । खानेपानी सेवालाई प्रदेशको अधिकारको सूचीमा राखिएको छ भने खानेपानी तथा सरसफाइ संघ र प्रदेशको साझा अधिकारको सूचीमा रहेको छ । त्यस्तै खानी पानी स्थानीय तहको अधिकारको सूचीका साथै तीनै तहको साझा अधिकारको सूचीमा पनि समावेश गरिएको छ ।
- खानेपानी तीनै तहको अधिकारको सूचीमा राखी खानेपानीलाई विशेष महत्व दिइएको छ । खानेपानीको सुविधा यस प्रदेशमा राम्रो भए पनि सुरक्षित खानेपानीको सुविधा भने सबै ठाउँमा पुग्न सकेको छैन । खानापानीको गुणस्तर मापन गर्न स्थानीय तहमा पानीको परीक्षण गर्न प्रयोगशालाको व्यवस्था गरी नागरिकलाई शुद्ध पानी पिउन पाउने हकको सुनिश्चिता गर्नुपर्छ, त्यसको लागि प्रदेश तथा संघीय सरकारले पनि आवश्यक सहयोग उपलब्ध गर्नुपर्छ ।
- यस प्रदेशका सुनसरी, मोरङ र झापाको पानीमा आवश्यकताभन्दा बढी फलाम र आर्सेनिकको मात्रा भएकोले पानीको गुणस्तर मापन गरी शुद्ध खानेपानीको व्यवस्था गर्न प्रदेश र स्थानीय तह मिलेर काम गर्नुपर्छ । भविष्यमा शुद्ध खानेपानीको सुनिश्चित गर्न तमोर लगायतका नदीबाट पानी ल्याउने राष्ट्रिय गौरवको आयोजना सञ्चालनमा ल्याउनुपर्छ, त्यसको लागि प्रदेश सरकारले विशेष पहल गर्नुपर्छ ।
- स्थानीय तहले सञ्चालन गर्न नसक्ने खानेपानी आयोजना प्रदेशले स्रोतको सुनिश्चिता गर्दै समयमा नै आयोजना सम्पन्न गरी शुद्ध खानेपानीको व्यवस्था गर्ने नीति लिनुपर्छ । साथै प्रदेश सरकारले सम्पन्न गर्न नसक्ने खानेपानीका आयोजना संघीय सरकारसँग समन्वय र सहकार्य गरी आयोजना सञ्चालन गरी सम्पन्न गर्ने रणनीति लिनुपर्छ ।
- राज्यले नागरिकको स्वस्थ्यमा सुधार गर्दै दिगो आय आर्जनमा युवालाई जोड्न श्रम तथा रोजगारको सुनिश्चिता गर्नुपर्छ ।

## ४. युवा तथा श्रम र रोजगार (Youth and Labour & Employment)

समृद्ध मुलुक तथा समृद्ध प्रदेश बन्नको लागि युवालाई श्रम तथा रोजगारमा जोड्नुको विकल्प हुँदैन । जबसम्म समस्त युवा वर्गलाई रोजगारीमा संलग्न गराउन सकिदैन तबसम्म मुलुकको आर्थिक विकासले गति लिन सक्दैन, साथै समाजमा शान्ति मौलाउँदैन र आपराधिक क्रियाकलापमा कमी पनि आउँदैन । त्यसैले युवा वर्गलाई पूर्ण रोजगारी दिन तीनै तहका सरकारले स्पस्ट दृष्टिकोण अगाडि सारेर आपसमा सहकार्य गर्दै योजनाबद्ध ढङ्गले रोजगारी सिर्जना गर्ने नीति तथा कार्यक्रमहरु ल्याउन सक्नुपर्छ ।

### क. युवा (Youth)

युवा शक्तिमा भएको दृष्टिकोण, क्षमता, जोश, जाँगर र हिम्मत जस्ता शक्तिको उच्च मूल्यांकन गरी युवालाई परिवर्तनका सम्वाहक, समाजमा समृद्धिको मेरुदण्डको रुपमा अगाडि बढाउन सक्नुपर्छ । युवा शक्ति कुनै पनि देशको सबैभन्दा ठुलो पुँजी हो, युवा शक्तिकै बलमा मात्र देश, दुनियाँ र समाजलाई परिवर्तन गरी आर्थिक विकास र समृद्धिको सपना पूरा गर्न सकिन्छ । त्यसैले राज्यले युवालाई राजनीतिक परिवर्तनको साधन मात्र नसम्झेर आर्थिक विकास र समृद्धिको अभियानमा दूरदर्शी, चेतनशील र ऊर्जावान शक्तिको रुपमा स्वीकार गरी जिम्मेवारी दिनुपर्छ । राष्ट्रिय विकासमा युवालाई कसरी परिचालन गर्नुपर्छ भन्ने सवालमा केही विषयहरु बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

- सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा (१) राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने संवैधानिक व्यवस्था गरिएको छ ।
- सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिगक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी कार्य, रोजगारी र वेरोजगार सहायता संघ र प्रदेशका साझा अधिकारको सूचीमा समावेश गरिएको छ भने बेरोजगारको तथ्याङ्क संकलन स्थानीय तहको अधिकारको सूचीमा राखिएको छ ।
- प्रदेश सरकारले विदेश पलायन हुने युवालाई स्वदेशमा स्वरोजगार र रोजगार उपलब्ध गराउन औपचारिक तथा अनौपचारिक रुपमा प्राविधिक शिक्षा दिई रोजगारी र उद्यमशील बन्न जोड दिनुपर्छ ।
- मुलुकको आर्थिक विकस र समृद्धिको गति बढाउन युवालाई श्रम र रोजगारमा जोडेर आर्थिक उपार्जनमा लगाउनुपर्छ । प्रादेशिक बहुउद्देश्य प्राविधिक तालिम केन्द्र स्थापना गरेर युवालाई रोजगारीमूलक सिपको लागि तालिमको व्यवस्था गर्दै क्षमता अभिवृद्धि गर्ने रणनीति लिई रोजगारीको लागि दक्ष जनशक्ति उत्पादनको अभियानलाई निरन्तरता लिनुपर्छ ।
- युवालाई श्रम तथा रोजगारीमा जोड्दै व्यवसायिक तथा उद्यमशील बनाउन व्यवसायिक तथा उद्यमशीलताको तालिम दिने, प्राविधिक सहयोग गर्ने, ऋणको व्यवस्थापनमा सहज बनाइदिने नीति सरकारले लिनुपर्छ ।
- युवालाई परिवर्तनको संवाहकको रुपमा परिचालन गर्ने नीति लिँदै गरिबी, अशिक्षा, छुवाछुत, लैङ्गिक विभेद लगायत सामाजिक कुरीति र वेथितीको विरुद्ध क्रियाशील बनाउनुपर्छ । साथै युवालाई विपद् व्यवस्थापन, वातावरण संरक्षण, पूर्वाधार विकास, सामाजिक तथा आर्थिक रुपान्तरणको क्षेत्रमा सक्रिय बनाउनुपर्छ ।
- युवा वर्गलाई आर्थिक तथा सामाजिक रुपान्तरणको संवाहकको रुपमा विकास गर्दै सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रको जिम्मेवारीपूर्वक नेतृत्व समाल्न योग्य बनाउने रणनीति राज्य तथा राजनीतिक दलले लिनुपर्छ ।
- युवालाई हिंसा, दुर्व्यसन तथा अराजक क्रियाकलापबाट अलग राखेर राष्ट्र निर्माणको अभियानमा परिचालन गर्दै उद्यमशील बन्न प्रोत्साहन गरिनुपर्छ । कुनै पनि देशको आर्थिक विकास र समृद्धि त्यो देशको युवा शक्तिले निर्धारण गर्दछ । त्यसैले युवा शक्तिलाई मुलुकको आर्थिक विकास र समृद्धिमा लगाउन सबै तहका सरकारले योजनाबद्ध ढङ्गले नीति तथा कार्यक्रमहरु ल्याउनुपर्छ ।
- युवा शक्तिले राष्ट्र निर्माणको अभियानमा तन, मन वचन र कर्मले भविष्यको आशा जगाउँदै, भविष्यको चिन्तन गर्दै आर्थिक विकास र समृद्धिको नेतृत्व लिन हरेक क्षेत्रमा प्रतिस्पर्धा गरेर नयाँ सोच र ऊर्जाशील नेतृत्वको रुपमा अगाडि बढ्नुपर्छ ।

- युवाले मुलुकको नेतृत्व गर्न आफूलाई विकास गर्दै अनुसन्धात्मक, सिर्जनाशीलता, उद्यमशीलता क्षमताको विकास गरी नयाँ सोच, नयाँ विचारका साथ ऊर्जाशील भएर लाग्नुपर्छ । युवा शक्तिले विद्यमान देशका समस्याहरुको पहिचान गरेर समाधानको लागि विकास र समृद्धिको नयाँ दृष्टिकोण एवं योजना अगाडि सार्नुपर्छ ।
- समृद्ध राष्ट्र निर्माणको लागि आवश्यक पर्ने दक्ष, प्रविधियुक्त, नैतिकवान, स्वाभिमान, पारदर्शी, असल आचारणयुक्त, अनुशासित, जिम्मेवार, अध्ययनशील, स्वावलम्बी, सिर्जनशील र उद्यमशील युवा जनशक्ति निर्माण गर्न तीनै तहका सरकारले लगानी बढाउनुपर्छ ।
- मुलुकको तीव्र गतिको विकासको लागि युवावर्गले क्षमता वृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक, विकास निर्माणलगायत हरेक क्षेत्रमा नेतृत्वदायी र हस्तक्षेपकारी भूमिका खेल्नु सक्नुपर्छ ।
- युवाको सर्वाङ्गीण विकास गरी उनीहरूको क्षमता वृद्धि गरेर राष्ट्र, राष्ट्रियता र जनताप्रति वफादार बनाएर राष्ट्र निर्माणको जिम्मेवारी युवालाई हस्तान्तरण गर्दै जानुपर्छ । त्यस्तै प्रतिस्पर्धात्मक क्षमता रहेका तुलनात्मक लाभका क्षेत्रहरू पहिल्याएर तीव्र औद्योगीकरणमार्फत् युवालाई रोजगारी दिनुको साथै युवा उद्यमशील कार्यक्रममार्फत् युवा उद्योगीको विकास गर्नुपर्छ ।
- सरकारको मातहत रहेका रोजगार प्रवर्द्धन र उद्यमशीलता विकासका निम्ति क्रियाशील रहेका सबै कोषहरू एकीकृत गरी युवा लक्षित ऋण प्रवाह गर्ने व्यवस्थालाई व्यवहारिक र प्रभावकारी बनाउनुपर्छ । स्थानीय तथा प्रदेश सरकारले सहकारी अभियानमार्फत् युवा तथा महिला लक्षित व्यवसायिक तथा उद्यमी कार्यक्रमहरू सञ्चालन गरी श्रम तथा रोजगारीमा जोड्नुपर्छ ।

## ख. श्रम तथा रोजगारी (Labour and Employment)

मेहनती, अनुशासित र कर्तव्यनिष्ट मानवीय स्रोतको विकासमा ध्यान दिएर प्रयाप्त रोजगारीको सिर्जना गरी राष्ट्र निर्माणको अभियानमा खटाउन सक्नुपर्छ । नेपालको सन्दर्भमा कृषि, उद्योग, पर्यटन र ऊर्जाको क्षेत्रलाई प्राथमिकतामा राखेर लगानी बढाई बेरोजगार, परनिर्भरता र व्यापार घाटा एकैसाथ घटाउँदै लैजाने रणनीतिका साथ काम गर्न सक्नुपर्छ । श्रम तथा रोजगार सम्बन्धी नीतिगत व्यवस्था संविधानमा पनि स्पष्ट गरिएको छ । साथै श्रम तथा रोजगार सम्बन्धमा थप केही बुँदाहरुलाई प्रस्तुत गरिएको छ ।

- संविधानको धारा ३३ मा रोजगारीको हक अन्तर्गत (१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानुन बमोजिम हुनेछ । (२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ भन्ने मौलिक हकको व्यवस्था गरिएको छ ।
- संविधानको धारा ३४ मा श्रमको हक अन्तर्गत (१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ । स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि श्रमिक भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदुर सम्झनु पर्छ । (२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ । (३) प्रत्येक श्रमिकलाई कानुन बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ भन्ने मौलिक हकको व्यवस्था गरिएको छ ।
- संविधानको धारा ५१ मा राज्यका नीतिहरु अन्तर्गत श्रम र रोजगार सम्बन्धी नीतिमा (१) सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, (२) मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, (३) बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने, (४) श्रमिक र उद्यमी व्यवसायीबिच सुसम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने, (५) वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने, (६) वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सिप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीतिगत व्यवस्था गरिएको छ ।
- वैदेशिक रोजगारलाई प्रतिस्थापन गर्दै स्वदेशी रोजगारको प्रवर्द्धन गर्न स्वदेशी तथा विदेशी लगानी बढाउनुको साथै विदेशमा रहेका प्रवासी नेपालीलाई नेपालमा लगानी भित्राउने दीर्घकालीन अनुकूल वातावरण निर्माण गरी दिनुपर्छ ।

- सरकारले स्वदेशमा नै रोजगारीको सिर्जना गरी युवा शक्तिलाई विदेश पलायन हुनबाट रोक्न पहिलो प्राथमिकता दिनुपर्छ । रोजगारीको गन्तव्य मुलुकको खोजी हैन्, स्वदेशमा नै रोजगरी सिर्जना गरी रोजगारीका गन्तव्य राष्ट्रहरु क्रमशः घटाउँदै लैजानुपर्छ ।
- वैदेशिक रोजजारमा कुनै पनि देशमा पठाउँदा सरकार सरकारबिच श्रम सम्झौता (Government to Government Aggreement) भई सरकारले एकद्वार प्रणालीबाट मात्र मानवीय स्रोत पठाउने कामलाई व्यवस्थित गर्नुपर्छ । वैदेशिक रोजगारमा पठाउँदा अदक्षलाई तालिम दिएर दक्ष बनाई पठाउने, रोजगारीमा आधारित प्राविधिक शिक्षा दिएर उच्च स्तरका मानवीय स्रोत तयार गरी पठाउनुपर्छ । सम्बन्धित गन्तव्य मुलुकको भाषासम्बन्धी ज्ञान दिने व्यवस्था गरी भाषिक रुपमा कामदारलाई सहज बनाउनुपर्छ ।
- कामदारको पूर्ण सुरक्षाको लागि रोजगारदाता तथा रोजगारीमा पठाउने राष्ट्रहरु आ-आफ्नो ठाउँमा जिम्मेवार भई सुरक्षाको ग्यारेन्टी गर्नुपर्छ । वैदेशिक रोजगारमा समस्यमा परेका, अंगभङ्ग भएका तथा मृत्यु भएकालाई तत्काल उद्धार गर्ने संस्थागत संयन्त्रलाई बलियो बनाउनुपर्छ ।
- वैदेशिक रोजगारीबाट सिकेको सिप, अनुभव र प्रविधि तथा आर्जित पुँजीलाई स्वदेशमा पुँजी निर्माणमा लगाउने अनुकूल वातावरण बनाई कृषि, पर्यटन, उद्योग जस्ता उत्पादनमूलक क्षेत्रमा व्यवसायिक तथा उद्यमी बनाउन सरकारले विशेष सिपमूलक कार्यक्रमहरु ल्याउनुपर्छ ।
- प्रदेशबाट विदेशिने जनशक्ति तथा रोजगारबाट फर्केका मानव स्रोतलाई रोजगारी सिर्जना गर्ने अभियानमा प्रदेश सरकारले अगुवाइ गर्नुपर्छ । वैदेशिक रोजगारीमा गएका तथा फर्केका कामदारको तथ्यांक स्थानीय तहमार्फत व्यवस्थित अभिलेखीकरण गर्नुपर्छ ।
- स्थानीय तहमा साना सहकारीको रुपमा लघु-सहकारीको अवधारणा ल्याई प्राथमिकताका क्षेत्रमा लघु-सहकारी संस्थामार्फत् स्थानीय तहमा रोजगारीको सिर्जना गर्न सक्नुपर्छ । सानातिना पेसा, व्यवसाय सञ्चालनको जिम्मेवारी लघु-सहकारीलाई दिएर हालको सहकारीले समेट्न नसकेको क्षेत्र, वर्ग, पेसा, व्यवसायलाई समेट्ने गरी टोलटोलमा सहकारी घरघरमा रोजगारीको अभियान ल्याउनुपर्छ । स्थानीय तहमा रोजगारी सिर्जना गर्न लघु-सहकारी अभियानले महत्वपूर्ण भूमिका खेल्नुको साथै समाजवाद उन्मुख अर्थतन्त्रको विकासमा पनि महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।
- स्थानीय तहले अधिकतम रोजगारी सिर्जना गरी आफ्ना पालिकाका नागरिकलाई रोजगारी दिन सक्नुपर्छ, रोजगारी प्रवर्द्धन गर्न स्थानीय रोजगारी प्रवर्द्धन वोर्ड बनाउने र रोजगारी आफैं सिर्जना गर्न तालिम दिने, सिप प्रदान गर्ने, ऋणको प्रबन्ध गरिदिने, रोजगारी सम्बन्धी तथ्याङ्क राख्ने, रोजगारीको लागि माथिल्लो निकायमा समन्वय गरी रोजगारी प्रबन्ध गर्ने कामलाई प्राथमिकतामा राखेर काम गर्नुपर्छ ।
- स्थानीय तहमा अन्य सहकारी सरह श्रम लघु सहकारी संस्था र नगर तथा गाउँ श्रम सहकारी संघ, प्रदेश स्तरमा श्रम सहकारी संस्था र प्रदेश श्रम सहकारी संघको व्यवस्था गरी श्रम सहकारी मार्फत् विभिन्न क्षेत्रका श्रमिकहरु उत्पादन गर्ने, विषयगत श्रमिकलाई श्रम बजारमा उपलब्ध गर्ने, तालिमको व्यवस्था गर्ने, श्रम सहकारीको स्तर अनुसार वडादेखि प्रदेश स्तरका ठेक्कापट्टा, विकास निर्माणका कामहरु उपलब्ध गराउने व्यवस्था गरिनुपर्छ ।
- विदेश जानुअघि विदेश जाने र परिवारका सदस्यले वित्तीय साक्षरता सम्बन्धी ज्ञान अनिवार्य रुपमा दिने व्यवस्था स्थानीय तहमा नै व्यवस्था गर्नुपर्छ । जसले गर्दा विदेशमा कमाएको पैसाको सही सदुपयोग हुने र भविष्यमा पश्चाताप गर्नुपर्ने अवस्थामा कमी आई समृद्धिको अभियानमा सहयोग पुग्ने गर्दछ । वित्तीय साक्षरताको माध्यमबाट खर्च न्यूनीकरण गर्न सकिने र बचत वृद्धि गरी लगानी बढाउन सकिन्छ ।
- वित्तीय साक्षरतालाई आर्थिक समृद्धिको आधार बनाउन सरकार, विभिन्न गैरसरकारी संघ संस्थाहरूले पनि आफ्ना क्षेत्रका सदस्यहरूलाई वित्तीय साक्षरता सम्बन्धी ज्ञान दिँदा फजुल खर्च र विलासी वस्तुहरूमा हुने खर्चमा नियन्त्रण आई व्यापार घाटालाई क्रमशः घटाउँदै लैजान सकिनेछ ।
- असफल वैदेशिक रोजगार र जोखिममा परी फर्केका, विशेषत अपाङ्ग तथा महिला कामदारलाई आर्थिक, सामाजिक तथा मनोसामाजिक पुनर्स्थापनामा प्रदेश सरकारले प्रभावकारी ढंगले काम गर्नुपर्छ ।
- स्वदेशमा रोजगारी सिर्जना गर्न घरेलु काम, होटल, रेष्टुरेन्ट, सरसफाइ जस्ता कामलाई समाजले सम्मानपूर्वक हेर्ने दृष्टिकोणको विकास गर्न जनचेतनाको अभियानलाई जोड दिनुपर्छ ।

- राज्यद्वारा सञ्चालित उद्योगधन्दाको विकास गरी राज्यले रोजगारी प्रदान गर्नुपर्छ । साथै सामाजिक तथा आर्थिक रुपान्तरणको लागि महिला तथा महिला सशक्तिकरण अभियानलाई पनि जोड दिनुपर्छ ।

## ५. महिला तथा महिला सशक्तिकरण (Women and Women Empowerment)

संवैधानिक रुपमा महिलालाई धेरै हक प्रदान गर्दै राज्यको नीतिमा पनि महिलालाई प्राथमिकता दिएर लैङ्गिक समानता र महिला सशक्तिकरणमा जोड दिइएको छ । वास्तवमा महिला लैङ्गिक तथा घरेलु हिंसामा पर्नुको साथै धार्मिक, सामाजिक र सांस्कृतिक, जातीय लगायतका विभेदमा परेका छन् । बाल विवाह, दाइजो, बोक्सीजस्ता कुरीतिजन्य व्यवहारबाट पनि महिला नै अन्याय र हिंसामा पर्ने गरेका छन् । यी विविध महिलाका समस्याको समाधान भनेको महिलालाई शिक्षित बनाउनु र आर्थिक रुपमा जिविकोपार्जन गर्न सक्षम बनाउनु नै हो । महिला सशत्तिकरणको लागि संवैधानिक व्यवस्थाका साथै केही बुँदाहरु यस प्रकार रहेका छन् ।

- संविधानको धारा ३८ मा मौलिक हकको रुपमा महिला हकको व्यवस्था गर्दै महिलाको हकमा (१) प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ, (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ, (३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ, (४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ, (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ, (६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ भन्ने मौलिक हक प्रदान गरिएको छ ।
- सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा (१) असहाय अवस्थामा रहेका एकल महिलालाई सिप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, (२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने, (३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने, (४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्यांकन गर्ने नीति रहेको छ ।
- ग्रामीण भेगमा गरिबीको रेखामुनि रहेका महिला, सीमान्तकृत तथा हिंसामा परेका महिलालाई व्यवसायिक समूह, उद्यमशील समूह बनाई वा साना लघुसहकारीमा आबद्ध गरी जिविकोपार्जन गर्न सक्ने सिप क्षमता प्रदान गर्दै व्यवसायकि र उद्यमी बनाउने नीति लिनुपर्छ । महिला उद्यमशीलतालाई प्राथमिकतामा राखेर प्रदेशले नीति तथा कार्यक्रमहरु ल्याउनुपर्छ ।
- प्रादेशिक विश्वविद्यालय लगायत प्रदेशका अन्य विश्वविद्यालयमा विशेषत प्राविधिक शिक्षामा महिला र पुरुषलाई समान कोटा निर्धारण गरी अध्ययन गर्ने अवसर दिनुपर्छ, निर्धारित समयमा तोकिएको कोटामा भर्ना नभए महिला पुरुष जसलाई पनि दोस्रो चरणमा भर्ना गर्ने नीति लिई महिलालाई पनि शिक्षामा समान पहुँचको अवसर दिनुपर्छ ।
- महिलालाई सक्षम बनाउन सशक्तिकरण र वित्तीय साक्षरतामा जोड दिनुपर्छ, त्यसको लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरु मिलेर काम गर्नुपर्छ । विविध कारणले पछि परेका महिलालाई आर्थिक तथा सामाजिक रुपमा सबल र सम्मानित बनाउने कार्य सबै पक्षले मिलेर काम गर्नुपर्छ ।
- विकास प्रक्रियामा महिलाहरुको संलग्नता तथा पहुँचको विस्तारमा जोड दिँदै महिला सशक्तिकरणमा जोड दिनुपर्छ । महिला र विकास अर्थात् विकासमा महिला भन्ने अवधारणालाई आत्मसात् गरेर महिलालाई विकासमा सहभागी गराउनुपर्छ । समृद्धिको लागि बहुआयामिक महिला सशक्तीकरणको अभियान सरकारी तथा गैरसरकारी तहबाट परिणाम निकाल्ने गरी प्रभावकारी ढङ्गले सञ्चालन गर्दै विश्व अर्थतन्त्रसँग प्रतिस्पर्धा गर्नसक्ने जनशक्ति उत्पादन गर्नुपर्छ ।
- उत्पादन प्रणाली अनुसार लैङ्गिक विभेदमा परिवर्तन आउने हुँदा उत्पादन प्रणालीमा महिलाको भूमिका अग्रस्थानमा हुनेगरी लैङ्गिक विभेदको अन्त्य गर्नुपर्छ । महिला सहभागिता बाहुल्य भएका सहकारी, उत्पादन तथा सेवामूलक व्यवसाय आदिमा राज्यले लगानी बढाई विकासलाई गतिशील बनाउनुपर्छ ।

- राष्ट्रिय र सामाजिक जीवनका सबै क्षेत्रहरुमा महिलालाई समान अवसरको व्यवस्थापन गरी सार्वजनिक प्रशासन, सेना, प्रहरी आदि नोकरीको क्षेत्रमा पचास पचास प्रतिशतको अवधारणा ल्याई महिला महिलाबिच र पुरुष पुरुषबिच प्रतिस्पर्धा हुने व्यवस्था गरिनुपर्छ । यस्तै आयोग, मन्त्रीमण्डल, राजदूत आदि क्षेत्रमा पनि महिला पुरुषलाई समान प्रतिनिधित्व गराउनुपर्छ ।
- कम्तिमा पनि प्रदेश सभामा हालको संघीय संसदको प्रतिनिधि सभाको एक क्षेत्रलाई एक निर्वाचन क्षेत्र बनाई एक पुरुष र एक महिला प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गरिनुपर्छ । समानुपातिकमा पनि महिला र पुरुषको बराबर निर्वाचित हुने विधि बनाई प्रदेश सभामा महिला र पुरुषको प्रतिनिधित्व बराबर गराउने निर्वाचन विधि बनाएर विश्वमा नै नमुना समावेशी प्रदेशसभा बनाउने नीति लिनुपर्छ ।
- महिलाको सहभागिता विना आधुनिक विकास अपूर्ण हुने, आधुनिक विकासले मानव अधिकारमुखी विकास पद्धतिलाई बुझाउने र त्यो पद्धतिले सबै लिङ्ग, वर्ग र क्षेत्रको विकासमा सहभागिताको सुनिश्चिता गर्ने गर्दछ । त्यसैले समतामूलक समाजको विकास गर्न महिलाको शिक्षा, स्वास्थ, सहभागिता, अधिकारको प्रत्याभूति र राजनीतिक सहभागिता आदिलाई प्राथमिकतामा राखेर समन्यायिक विकासको आधार तयार गर्नुपर्छ । त्यसले नै आर्थिक विकासको आधार मजबुत बनाउँछ ।
- विकसित मुलुकमा महिला सहभागिता उच्च रहेको हुन्छ, महिलालाई सहभागी गराएर मात्र मुलुकले विकास र समृद्धिमा फड्को मार्न सकिन्छ । त्यसैले महिलालाई नीति निर्माणमा पहुँच पुर्‍याउन, महिलालाई परिवर्तनको संवाहकको रुपमा स्वीकार गर्दै, महिला वर्गलाई सबलीकरण र सशक्तीकरण गर्न तथा महिलालाई आर्थिक सशक्तिकरणमा जोड दिनको लागि महिला वर्गको नेतृत्व क्षमताको विकास गर्नुपर्छ ।
- कुनै पनि समाजमा रहेका सामाजिक, सांस्कृतिक प्रचलन, मूल्य मान्यता एवं परम्परा नै महिला विकासका बाधक भएकाले त्यस क्षेत्रमा व्यापक महिला सशक्तिकरणको अभियान चलाई समाजमा महिलालाई परिवर्तनकारी शक्तिको रुपमा विकास गर्नुपर्छ ।
- आर्थिक विकास र समृद्धिको बाधकको रुपमा रहेको महिला हिंसाका कारक तत्वहरुको पहिचान गरी सबैखाले घरेलु तथा सार्वजनिक हिंसाको अन्त्यको लागि राज्यले कडा कानुन ल्याई माहिलामाथि हुने हिंसाको अन्त्य गर्नुपर्छ ।
- महिलामाथि लादिएको सामाजिक कुप्रथा सधैँको लागि अन्त्य गर्दै महिला बेचबिखन, देहव्यापार, बलत्कार, अपहरण जस्ता अपराधको विरुद्ध कडाभन्दा कडा कानुन बनाई सामाजिक सुरक्षाको ग्यारेन्टी गर्नुपर्छ । लैङ्गिक भेदभाव हटाउन लिंग छनौट गरी भ्रुण हत्या गर्ने अघोषित छुटको अन्त्य गर्दै हत्याको लागि लिंग छनौट गर्ने कार्यलाई कानुनी रुपले कडाई गरी ज्यान मुद्दा सरह सजयाको व्यवस्था गरिनुपर्छ ।
- लैङ्गिक असमनता हटाउन महिला र पुरुषबिचमा समान कामको लागि समान ज्यालाको व्यवस्था प्रभावकारी बनाउँदै, पैतृक सम्पत्तिमा छोरा र छोरीको समान हक स्थापित गरिनुपर्छ । आर्थिक विकास र समृद्धिको लागि लैङ्गिक असमनता र भेदभावको अन्त्य अपरिहार्य छ । संवैधानिक रुपमा व्यवस्था गरिएको राष्ट्रिय महिला आयोगले आफ्नो काम, कर्तव्य र अधिकार क्षेत्रलाई प्रभावकारी बनाउँदै हरेक क्षेत्रमा रहेका लैङ्गिक असमनता र भेदभावको अन्त्यको लागि अभियानको रुपमा काम अगाडि बढाउनुपर्छ ।
- तीनै तहका सरकारले आफ्ना अधिकारभित्र रहेर महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकको लागि विशेष ध्यान केन्द्रित गरेर काम गर्नुपर्छ ।

## ६. बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता (Children, Senior Citizens and Persons with Disabilities)

राज्य तथा समाजले बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नगारिकहरुलाई उनीहरुको अधिकारको संरक्षण गर्दै विशेष सेवा सुविधा दिनुपर्ने दायित्व रहेको छ । संवैधानिक रुपमा बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नगारिकहरुलाई विशेष मौलिक हकको व्यवस्था गरिएको छ।

### क. बालबालिका (Children)

बालबालिका राष्ट्रका कर्णधार भएकोले उनीहरुको उज्वल भविष्य निर्माण गर्नु राज्य, समाज तथा परिवारका सबै सदस्यहरुको साझा दायित्व हो। विशेषत बालबालिकाको शिक्षा र स्वस्थ्यमा केन्द्रित हुँदै असल नागरिक बनाउन जोड दिन सकियो भने सबैको भविष्य सुरक्षित रहनेछ। संवैधानिक रुपमा पनि बालबालिकालाई धेरै मौलिक हकको व्यवस्था गरिएको छ।

- संविधानको धारा ३९ मा मौलिक हकको रुपमा बालबालिकाको हकको व्यवस्था गर्दै बालबालिका हकमा (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ, (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ, (३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ, (४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन, (५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन, (६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन, (७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन, (८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ, (९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ, (१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानुन बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ।
- सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने नीति रहेको छ।
- बालबालिका सम्बन्धी संवैधानिक रुपमा व्यवस्था गरिएको मौलिक हक र नीतिमा केन्द्रित हुँदै बालबालिकाको अधिकारको संरक्षण गर्नुपर्छ । परिवारविहीन, परित्यक्त, असाय, अनाथ तथा सडक बालबालिकाको लागि बालगृह सञ्चालन गर्न आवश्यक छ वा छैन भन्ने सम्बन्धमा अध्ययन अनुसन्धान गरी संरक्षणको नीति बनाउनुपर्छ।
- प्रत्येक स्थानीय तहले आफ्नो पालिकामा रहेका शारीरिक तथा मानसिक रुपमा अपांगता भएका बालबालिका, असाय, अनाथ, परिवारविहीन, परित्यक्त बालबालिका, हराइरहेका बालबालिकाको तथ्याङ्क व्यवस्थित बनाई संरक्षणविहीन बालबालिकाको संरक्षण गर्ने नीति लिनुपर्छ।
- बालबालिका र किशोर किशारी माथि हुने शोषण, भेदभाव, हिंसा, उपेक्षा र दुर्व्यवहारको अन्त्य गर्दै बालविवाह, जबर्जस्ती विवाह विरुद्ध जनचेतना जगाउँदै बालमैत्री स्थानीय तह र बालमैत्री प्रदेश बनाउनुपर्छ।
- सडक बालबालिकालाई सडकबाट उद्धार गरी पुनर्स्थापना, पारिवारिक मिलन गराई सडक बालबालिका रहित स्थानीय तह तथा प्रदेश बनाउनुपर्छ।

### ख. ज्येष्ठ नागरिक (Senior Citizens)

ज्येष्ठ नागरिक हामी सबैका सम्मानित व्यक्तित्वहरु हुन । उनीहरुलाई सुरक्षित र सम्मानित बनाउन सेवा सुविधामा सहज पहुँच बनाउँदै उनीहरुको ज्ञान, सिप र अनुभवलाई समाजको हितमा सदुपयोग गर्नु नै वहाँहरु प्रतिको उच्च सम्मान हो । ज्येष्ठ नागरिकहरुको लागि सुखद भविष्यको लागि ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्नु, बीमा सेवा उपलब्ध गरी स्वस्थ्यमा ध्यान दिनु, संरक्षणविहीन ज्येष्ठ नागरिकलाई संरक्षणको व्यवस्था गर्नु आदि धेरै सेवा र सहयोगमा राज्य जिम्मेवार रहेको छ । संवैधानिक रुपमा पनि ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षाको लागि विशेष हक प्रदान गरेको छ ।

- संविधानको धारा ४१ मा मौलिक हकको रुपमा ज्येष्ठ नागरिकको हकको व्यवस्था गर्दै ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भन्ने व्यवस्था छ । ज्येष्ठ नागारिकलाई स्थानीय तहको अधिकारको सूचीमा राखिएको छ ।
- ज्येष्ठ नागरिकका मौलिक हकलाई मध्यनजर राखेर परिवारविहीन, परिवारबाट परित्यक्त अर्थात् परिवारबाट बिछोडिएका ज्येष्ठ नागरिकलाई संरक्षण गर्न प्रदेशमा रहेका वृद्धश्रमको स्तरोन्नति गर्दै थप ज्येष्ठ नागरिक आवासको व्यवस्था, स्याहार तथा पुनस्थापना केन्द्र निर्माण गर्न सरकार तथा गैरसरकारी संघ संस्थाहरुले मिलेर काम गर्ने नीति लिनुपर्छ ।
- स्थानीय तहमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक क्लब, भेटघाट स्थललाई व्यवस्थित बनाउँदै ज्येष्ठ नागरिकको मुहारमा खुसी ल्याउनुपर्छ । साथै ज्येष्ठ नागरिकको ज्ञान, सिप, क्षमता र अनुभवलाई अधिकतम उपयोग गर्ने नीति लिँदै नयाँ पुस्तामा हस्तान्तरण गर्ने कार्यक्रमहरु अगाडि सार्नुपर्छ । ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई पनि निरन्तरता दिनुपर्छ ।
- ज्येष्ठ नागरिकलाई राज्यले दिने सेवा र सुविधालाई सहज बनाउँदै ज्येष्ठ नागरिकको घरदैलोमा सेवा दिने नीतिलाई व्यवहारिक बनाउनुपर्छ । परिवार तथा समाजबाट अपहेलित ज्येष्ठ नागरिकलाई राज्यले संरक्षण दिने नीति लिई उनीहरुसँग जिउनीको रुपमा रहेको चलअचल सम्पत्ति बढेसकालमा पालनपोषण गर्ने संस्थाको नाममा नामसमरी गर्ने कानुनी व्यवस्था गरी संस्थाले दाताको रुपमा सम्मान दिने नीति लिनुपर्छ ।
- यस प्रदेशमा अत्याधुनिक प्रविधि र सुविधासम्पन्न ज्येष्ठ नागरिक अस्पलात निर्माण गरी राज्यको नीति अनुसार निःशुल्क सेवाको व्यवस्था गर्नुपर्छ ।

### ग. अपांगता भएका नागरिक (Citizens with Disabilities)

अपांगता भएका नागरिकहरुलाई सम्मानपूर्वक स्वावलम्बी जीवनको आधार तयार गर्नु राज्य तथा समाजको साझा दायित्व हो । विशेषत उनीहरुको स्वस्थ्य र अपांगतामैत्री वातावरण बनाउनु ध्यान केन्द्रित गर्दै सम्मानित नागरिकको रुपमा बाच्न सक्ने गरी आर्थिक रुपमा सक्षम बनाउन सक्नुपर्छ । राज्यले पनि सामाजिक सुरक्षा भत्ता लगायात विभिन्न क्षेत्रमा विशेष सेवा र छुटको व्यवस्था गरी सम्मानित गरिरहेको छ । संवैधानिक रुपमा अपांगता भएका नागरिकलाई संरक्षण गर्न विशेष मौलिक हकको व्यवस्था गरेको छ ।

- संविधानमा शिक्षा सम्बन्धी मौलिक हकमा (१) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ, (२) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ ।
- संविधानको धारा ४२ अन्तर्गत सामाजिक न्यायको हकमा (१) अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ भन्ने संवैधानिक व्यवस्था गरिएको छ । अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन स्थानीय तहको अधिकारको सूचीमा समावेश गरिएको छ ।
- संविधानले अपाङ्गता भएका नागरिकलाई दिएको मौलिक हक अनुसार सबै किसिमका अपाङ्गता भएका बालबालिकाको शिक्षाको लागि प्रदेश स्तरीय आवासीय विद्यालय स्थापना गरी अध्ययन गराउने व्यवस्था गर्न प्रदेश सरकारले नेतृत्व लिँदै संघ, स्थानीय तह, सरकारी तथा गैरसरकारी संघ संस्थासँग आवश्यक सहयोग जुटाउने रणनीति लिनुपर्छ ।

- भविष्यमा आवश्यकता अनुसार थप विद्यालयको स्थापना गर्दै विश्वविद्यालयसम्मको अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाउने नीति प्रदेश सरकारले लिनुपर्छ। विश्वविद्यालय अध्ययन गर्न अपाङ्गता भएका व्यक्तिलाई उच्च प्राथमिकता दिँदै आरक्षणको व्यवस्था गर्नुपर्छ।
- प्रदेशलाई अपाङ्गमैत्री बनाउन लोककल्यणकारी नीति लिई सम्मानपूर्वक र स्वावलम्बी भई जीवनयापन गर्न सहज वातावरण बनाउन रोजगारीको ग्यारेण्टी गर्ने नीति लिँदै तीनै तहका सरकारले जिम्मेवारीका साथ काम गर्नुपर्छ। रोजगारीको व्यवस्था गर्न नसक्दा कार्यविधि बनाई बेरोजगार भत्ताको व्यवस्था गर्नुपर्छ।
- अध्ययनको साथै अपाङ्गताको प्रकृति अनुसार रोजगारी सिर्जना गर्ने सिपमूलक तालिमको व्यवस्था गर्दै आर्थिक रुपमा आत्मनिर्भर बनाउने नीति लिई सम्मानपूर्वक जिउन पाउने अधिकारको सुनिश्चिता गर्नुपर्छ। अपाङ्गताको क्षेत्रमा काम गर्ने गैरसरकारी संघ संस्थालाई प्रोत्साहित गर्दै अपाङ्गता भएका नागरिकको क्षमता विकास र रोजगारी सिर्जना गर्ने कार्यमा सहकार्य गर्दै सक्रिय सहभागिता गराउने नीति लिनुपर्छ।
- पूर्ण अशक्त, अति अशक्त, मानसिक एवम् वौद्धिक अपाङ्गता भएका नागरिकको क्षमता विकास गर्ने ठोस नीति तथा कार्यक्रम ल्याई सहज जीवन बिताउने वातावरण बनाई दिनुपर्छ। साथै जीवन निर्वाहको लागि सेवा सुविधा र भत्ताको व्यवस्था गर्नुपर्छ।
- अपाङ्ग भएका नागरिकको लागि प्रदेश स्तरीय अपाङ्ग अस्पतालको स्थापना गरी निःशुल्क सेवा प्रदान गर्ने नीति लिनुपर्छ।

## ७. **सामाजिक समावेशीकरण, सुरक्षा र संरक्षण** (Social Inclusion, Security and Protection)

सामाजिक समावेशीकरण, सामाजिक सुरक्षा र संरक्षणको जिम्मेवारी राज्य, समाज र आम नागरिकको साझा दायित्व हो। सभ्य समाजको परिकल्पना मात्र गरेर हुँदैन सभ्य समाज निर्माण गर्न समाजमा विधामान कुरीतिको अन्त्य गर्दै सामाजिक सुरक्षा र संरक्षणको नीति अवलम्बन गर्नुको विकल्प देखिदैन।

### **क. सामाजिक समावेशीकरण** (Social Inclusion)

सामाजिक तथा सांस्कृतिक क्षेत्रमा अशिक्षित र अन्धविश्वासको कारण विभेदका रुपमा देखिएका छुवाछूत, सामाजिक बहिस्कार, लैंगिक विभेद, सामाजिक कुरीतिका रुपमा रहेको धामी, झाँक्री, बोक्सी, भुतप्रेतजस्ता अन्धविश्वास र कुरीति तथा कुप्रथाको रुपमा रहेको दाइजो, तिलकलगायत बालविवाह, बहुविवाह, अनमेल विवाह, लैंगिक विभेदबाट समाजलाई मुक्त गर्नु राज्य तथा नागरिक समाजको साझा दायित्व हो। संविधानले सामाजिक न्यायको हक र समावेशीकरण सम्बन्धी नीतिले सामाजिक समावेशीकरणलाई जोड दिएको छ।

- संविधानले सामाजिक न्यायको हकमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भन्ने व्यवस्था गरेको छ।
- संविधानको धारा ५१ मा राज्यका नीतिहरु अन्तर्गत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा (१) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने, (२) आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सिप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने नीतिलाई संवैधानिक रुपमा व्यवस्थित गरिएको छ।

- संविधानको धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हकमा (१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन, (२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन, (३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन, (४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन, (५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने उल्लेख गरिएको छ।
- दाइजो प्रथा, बोक्सी, हिंसालगायतका अन्धविश्वास, रुढिवादी परम्परा कुरीतिका विरुद्ध राज्यले लिएको कडा नीतिलाई सबै तहका सरकार, गैरसरकारी संघ संस्था, नागरिक समाज मिलेर सधैँको लागि छोटो समयमा अन्त्य गर्ने अभियानमा जिम्मेवार भएर लाग्नुपर्छ।
- सामाजिक विकृति समाजको रोग र समाज विकासको अवरोधक भएको हुँदा जातीय, धार्मिक, सांस्कृतिक, लैङ्गिक, भाषिक लगायतका क्षेत्रमा गरिने अपमानजनक व्यवहारलाई अन्त्य गरी सामाजिक सदभाव र मेलमिलापको नीतिलाई व्यवहारिक बनाउने रणनीति लिनुपर्छ।
- समाज परिवर्तनको लागि शैक्षिक र आर्थिक विकासमा केन्द्रित हुँदै सबै जातजाति, भाषाभाषी र धर्मलम्बीबिच एकआपसमा मित्रता र सदभाव कायम गरेर अग्रगामी परिवर्तनको दिशामा अगाडि बढ्नुपर्छ। यस प्रदेशको विविध संस्कार र संस्कृतिको जगेर्ना गर्दै राष्ट्रिय एकता र स्वाभिमानलाई बलियो बनाउनुपर्छ।
- छुवाछूत प्रथाजस्तो अमानवीय विभेदबाट दलित जाति सबैभन्दा अन्याय र अत्याचारमा परेका छन्। जातीय भेदभाव शून्य गर्न थर बाहेक दलित भन्ने विशेषण हटाउँदै दलितलाई अपमानपूर्ण शब्दको रुपमा वर्गीकरण गरी प्रयोगमा रोक लगाउनुपर्छ।
- संविधानले मौलिक हक र कर्तव्यमा दलितको हक भन्ने धाराको व्यवस्था गरेको छ, त्यसमा रहेको दलित शब्दलाई हटाएर पछाडि पारिएका जातिको हक लेख्दै नोटमा पछाडि पारिएका जाति भन्नाले तपसिलका जातिलाई बुझिन्छ भनेर लेख्नुपर्छ। दलित शब्दको ठाउँमा पछाडि पारिएका जाति भन्न थालियो भने पछाडि पारिएका जातिको आत्मसम्मान बढ्ने र छुवाछूतको अन्त्य गर्न सहज हुनेछ।
- यस प्रदेशमा पहाडी दलित र मधेसी दलित समुदाय रहेका छन्। पहाडी दलितप्रति मधेसी समुदायले भेदभाव गरेको पाइदैन भने मधेसी दलितप्रति पहाडी समुदायले भेदभाव गरेको पाइदैन। दलित दलितबिचमा पनि छुवाछूतको भेदभाव रहेको छ, त्यसैले उनीहरु बिचको भेदभावको अन्त्य गर्दै अन्य जातिको भेदभावबाट मुक्त हुनुपर्छ।
- राजनीतिक क्षेत्रमा समानुपातिक प्रतिनिधित्वमा देखिएको विकृति र विसंगतिको अन्त्य गर्न जातीय प्रतिनिधित्वमा जातिभित्रमा संभ्रान्त परिवारको हलिमुहली भएको हुँदा जातिभित्र पनि तल्लो वर्गलाई अवसर दिनुपर्छ।
- पछि परेका तथा पछाडि पारिएका जातिहरुलाई सामाजिक र आर्थिक रुपमा माथि उठाएर जातीय विभेदको अन्त्य गर्दै विभेदरहीत प्रदेशको जग बलियो बनाउनुपर्छ।

### ख. सामाजिक सुरक्षा तथा संरक्षण (Social Security and Protection)

सामाजिक सुरक्षा र संरक्षणको नीतिले आम नागरिकको जीवनलाई सहज बनाइदिएको छ। सामाजिक सुरक्षा र संरक्षणको कार्यक्रमले धेरै क्षेत्र तथा वर्गलाई समेटेको छ। संविधानमा पनि सामाजिक सुरक्षा र संरक्षणलाई मर्यादित बनाउन सुरक्षाको हकको व्यवस्था गरेको छ।

- संविधानको धारा ४३ मा मौलिक हकको रुपमा सामाजिक सुरक्षाको हकको व्यवस्था गर्दै आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्ना हेरचाह आफैं गर्न नसक्ने

तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भन्ने मौलिक हकको व्यवस्था गरिएको छ।

- संविधानले सामाजिक न्यायको हकमा आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ भन्ने कुरा उल्लेख गरेको छ।
- राज्यको सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा (१) अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने, (२) मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने, (३) उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने, (४) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने नीति लिइएको छ।
- संविधानमा सामाजिक सुरक्षालाई संघको अधिकारको सूचीमा राखिएको छ भने सामाजिक सुरक्षा र रोजगारीलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा राखिएको छ। त्यस्तै तीनै तहको साझा अधिकारको सूचीमा सामाजिक सुरक्षा र गरिबी निवारणलाई समावेश गरिएको छ।
- सामाजिक सुरक्षा तथा संरक्षणको नीतिले झण्डै एक तिहाई जनसंख्या लाभान्वित भइरहेका छन्। सामाजिक सुरक्षा तथा संरक्षणको नीतिमा समयानुकूल परिवर्तन गर्दै वर्ग विश्लेषण गरेर पछाडि परेको तल्लो वर्गलाई विशेष सुविधा दिने नीति लिनुपर्छ। वर्गीय विश्लेषण गर्ने वैज्ञानिक मापदण्ड बनाई गरिब परिवारलाई परिचयपत्र उपलब्ध गराउँदै आर्थिक तथा सामाजिक रुपमा पछि परेका समुदायलाई थप सेवा सुविधा दिएर गरिबीको रेखाबाट माथि उठाउने नीति लिनुपर्छ
- सामाजिक सुरक्षा कार्यक्रम राज्यको लोककल्याणकारी अवधारणा हो, त्यसले सर्वसाधारण जनतालाई सामाजिक तथा आर्थिक रुपमा सबल बनाउन महत्वपूर्ण योगदान गर्दछ। सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत विविध गतिविधि सञ्चालन गर्नु सरकारको जिम्मेवारी तथा दायित्व भएकोले दीर्घकालीन रूपमा लोककल्याणकारी कार्यक्रमलाई दिगो तथा भरपर्दो स्रोतको व्यवस्था गरी प्रभावकारी रूपमा अगाडि बढाउने रणनीतिक योजना बनाउनुपर्छ।
- नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रमका सेवा प्रदान गर्न राज्यले ठुलो मात्रामा धनराशि व्यय गर्नुपर्ने भएकाले आर्थिक रुपले सम्पन्न उच्च धनाढ्य संभ्रान्त वर्गले सुविधा नलिने स्वघोषणाको नीति लिई बृद्धभत्ता लगायत अन्य सुविधा कटौतीको रणनीति लिनुपर्छ। सुविधा नलिने वर्गलाई सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सम्मान गर्ने र प्रमाणपत्र प्रदान गर्ने नीति लिनुपर्छ।
- औपचारिक तथा अनौपचारिक (स्वरोजगार) श्रमिकलाई योगदानमा आधारित सामाजिक कार्यक्रममा समेट्ने राज्यको नीतिले हरेक क्षेत्रका श्रमिकको जीवनस्तर उकास्न मद्दत पुऱ्याउने भएको हुँदा त्यसको भरपर्दो स्रोतको खोजी गरी कार्यक्रमलाई निरन्तरता दिन सरकारले विशेष पहल गर्नुपर्छ। राज्यले जनसंख्याको चापलाई मध्यनजर राखेर बसाइँसराइ तथा आवासको व्यवस्थापनमा पनि ध्यान दिनुपर्छ।

## ८. जनसंख्या, बसाइँसराइ तथा आवास (Population, Migration and Housing)

बसाइँसराइको चापले शहरीकरणलाई व्यवस्थित गर्न कठिन भइरहेको र तराईका उर्वरभूमि खण्डिकृत भई कृषि उत्पादन घट्दै गएको छ। बढ्दो जनसंख्यालाई ध्यानमा राखेर बसाइँसराइ तथा आवासलाई व्यवस्थित गरी आधुनिक रुपमा समाजलाई रुपान्तरण गर्न सक्नुपर्छ। संविधानमा आवास सम्बन्धी हक र नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिले व्यवस्थित बसोवासलाई जोड दिएको छ।

- संविधानको धारा ३७ मा आवासको हक अन्तर्गत (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ, (२) कानुन बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन भनी आवासीय हकको व्यवस्था संवैधानिक रुपमा गरिएको छ।

- संविधानको धारा ५१ मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा (१) नेपालको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने, (२) अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने नीति राज्यको रहेको छ। जनसंख्या व्यवस्थापनलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा राखिएको छ।
- यस प्रदेशका पहाडी र हिमाली भेगबाट तराईका तीन जिल्लामा बसाइँसराइको क्रम जारी रहेकोले तराईका जिल्लामा जनसंख्याको चाप बढेको छ भने पहाडी र हिमाली जिल्लामा जनसंख्या क्रमिक रुपमा घट्दै गएको छ। जनसंख्याको ठुलो हिस्सा वैदेशिक रोजगारमा विदेश जाने र आश्रित परिवार गुणस्तरीय शिक्षा, स्वास्थ र सुविधा खोज्दै तराई तथा शहरी भेगमा आउने र अन्त्यमा बसाइँसराइ नै गरी स्थायी रुपमा बस्ने चलन चलिरहेकाले जनसंख्याको वितरण असन्तुलित बन्दै गएको छ।
- बसाइँसराइको चापले शहरीकरणलाई व्यवस्थित गर्न कठिन भइरहेको र तराईका उर्वरभूमि खण्डिकृत भई कृषि उत्पादन घट्दै गएको हुँदा पहाड तथा हिमाली भेगमा नै बसोबासलाई व्यवस्थित गर्न पहाड र हिमालमा सेवा र सुविधालाई व्यवस्थित गर्ने, गुणस्तरीय शिक्षा र स्वस्थ्यको हबको रुपमा पहाड र हिमाली भेगलाई विकास गर्ने, कृषिको आधुनिकीकरणमा जोड दिई आयमा वृद्धि गर्ने, फुर्सदको समयलाई सदुपयोग गर्न साना घरेलु उद्योगको विकास गरी निर्यातयोग्य वस्तु उत्पादन गर्ने रणनीति तीनै तहका सरकारले लिनुपर्छ।
- हिमाली तथा पहाडी भूभागबाट बसाइँ सराइलाई नियन्त्रण गर्न सडक सञ्जालमा आवद्ध गर्दै रोजगारी सिर्जना गर्नुपर्छ। रोजगारी सिर्जना गर्न सिप, तालिमको व्यवस्था गरी व्यवसायिक तथा उद्यमी बन्न प्रोत्साहित गर्ने, साना तथा घरेलु उद्यमको प्रवर्द्धन गर्न स्थानीय सिपमा आधारित काठ, चोया, बाँस, अल्लो, पहाडे कागज, ढाका आदिका स्थानीय उत्पादनहरु उत्पादन गर्ने, स्थानीय खाद्यान्न, अन्य कच्चा पदार्थमा आधारित उद्योगहरुको विकास गर्ने नीति लिनुपर्छ।
- ग्रामीण भेगमा सुरक्षित, एकीकृत आवास तथा बस्ती विकासको रणनीति अगाडि सार्दै व्यवस्थित बसोवासको कार्यक्रमलाई प्रत्येक स्थानीय तहले क्षेत्र निर्धारण गरी कार्यान्वयनमा ल्याउनुपर्छ।
- जनतालाई सुरक्षित र मर्यादित आवास निर्माणको लागि सचेनता जागरण गराउँदै प्राविधिक सहयोग गर्नुको साथै प्रादेशिक स्तरमा रहेका विपन्न तथा न्यून आय भएका वर्गलाई आवास निर्माणको लागि आर्थिक सहयोग र आवासको व्यवस्थापन गर्नुपर्छ।
- विपन्न तथा पिछाडिएका जनताको लागि जनता आवास कार्यक्रमलाई निरन्तरता दिनुपर्छ। सामाजिक रुपान्तरणको लागि भाषा, कला, संस्कृति तथा सम्पदा र साहित्यको विकासमा प्रदेश सरकारले जोड दिनुपर्छ।

## ९. भाषा, कला, संस्कृति तथा सम्पदा र साहित्य (Language, Art, Culture and Heritage and Literature)

यस प्रदेशमा बोलिने भाषा, लिपी, कला, धार्मिक सम्पदा, संस्कार र संस्कृति प्रदेशको अमूल्य सम्पत्ति भएको हुँदा तिनीहरुको संरक्षण र संवर्द्धन गर्न प्रदेश सरकारले विशेष प्राथमिकतामा राखेर प्रदेशस्तरीय प्रज्ञा प्रतिष्ठानको व्यवस्था गरी कामलाई अगाडि बढाउन सक्नुपर्छ। भाषा, कला, साहित्य, संस्कृति र सम्पदा सम्बन्धी संरक्षण र प्रवर्द्धन गर्न संविधानले पनि मौलिक हकको रुपमा व्यवस्था गरेको छ।

- संविधानको धारा ३२ मा मौलिक हकको रुपमा भाषा तथा संस्कृतिको व्यवस्था गर्दै भाषा तथा संस्कृतिको हकमा (१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ, (२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ, (३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ भन्ने मौलिक हक संवैधानिक रुपमा व्यवस्था गरिएको छ।
- पुरातात्विक महत्वका स्थान र प्राचीन स्मारक संघको अधिकारको सूचीमा छन् भने संग्राहललय, भाषा, लिपी, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग प्रदेशको अधिकारको सूचीमा रहेका छन् भने भाषा, संस्कृति, र ललितकलाको संरक्षण र विकास स्थानीय तहको अधिकारको सूचीमा समावेश गरिएको छ। त्यस्तै पुरातत्व, प्राचीन स्मारक र संग्रहालय तीनै तहको अधिकारको सूचीमा समावेश गरिएको छ।

- विभिन्न विधाका साहित्यकार, कलाकार लगायत समाजकल्याणको क्षेत्रमा काम गर्ने व्यक्तित्वलाई प्रदेशस्तरीय पुरस्कारको व्यवस्थापन गर्न स्थायी अक्षय कोषको व्यवस्था गर्दै प्रत्येक वर्ष पुरस्कार प्रदान गर्ने नीति तथा कार्यक्रम ल्याई प्रोत्साहित गर्नुपर्छ।
- राष्ट्रिय एकताको भावना बलियो बनाउन सबै भाषा र संस्कृतिको विकासमा प्राथमिकताको साथ काम गर्नुपर्छ, त्यसले राष्ट्रियताको भावना बलियो बनाउनुको साथै हरेक क्षेत्रमा आफ्नै विशेषताको मौलिक विकासका ढाँचाको विकास गर्न मद्दत पनि पुग्नेछ।
- सबै भाषाभाषी, जातजाति तथा धर्मलम्बीहरुबिच एकले अर्कालाई सन्मान गर्दै आपसमा सहिष्णुता कायम गरी एकताको भावना जागृत गराउने वातावरण राज्यले बनाउनुपर्छ। जातीय संकीर्णता, भौगोलिक विखण्डन र धार्मिक अतिवादजस्ता प्रवृत्तिलाई राज्यले पूर्णरुपमा निरुत्साहित र नियन्त्रण गर्नुपर्छ।
- धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षणमा दिगो व्यवस्थापनको नीति ल्याउनुपर्छ। साथै लोप हुने अवस्थामा पुगेका पुरातात्विक महत्वका कला, संस्कृति, भेषभुषा तथा मानव सभ्याताका क्रममा प्रयोग हुँदै आएका सामाग्रीहरुको संरक्षण गर्न प्रादेशिक संग्रहालयहरुको विकास, स्थानीय तहमा स्थानीय संग्रहालय र विद्यालयस्तरमा पनि संग्रहालयको विकासमा ध्यान दिई पुरातात्विक महत्वका वस्तुको दिगो संरक्षण र संवर्द्धन गर्ने नीति लिनुपर्छ।
- प्रादेशिक मान पदवी तथा अलंकारको व्यवस्था गरी विभिन्न क्षेत्र तथा विद्यामा सम्मान गर्ने नीति तथा कार्यक्रम ल्याउनुपर्छ। साथै प्रादेशिक खेलकुद विकासमा पनि प्रदेश सरकारले विशेष जिम्मेवारीका साथ काम गर्नुपर्छ।

## १०. खेलकुद (Sports)

खेलकुदमार्फत स्वस्थ्य, सिर्जनशील, अनुशासित, इमानदार, जिम्मेवार र मर्यादित युवाशक्तिको विकास गर्न सकिने भएकोले खेलकुदलाई प्राथमिकतामा राखिने गरिन्छ। खेलकुदले राष्ट्रको गौरव बढाउने भएको हुँदा प्रादेशिक रुपमा पनि खेलकुदलाई महत्वका साथ हेरिनुपर्छ। संविधानमा पनि खेलकुदलाई विशेष महत्व दिइएको छ।

- सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा (१) स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने राज्यको नीति संवैधानिक रुपमा व्यवस्था गरिएको छ। खेलकुदलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा समावेश गरिएको छ।
- नियमित रुपमा प्रादेशिक खेलकुदको कार्यक्रम सञ्चालन गर्न प्रादेशिक खेलकुद परिषदलाई व्यवस्थित गरी विविध खेलकुदका कार्यक्रम सञ्चालन गर्नुपर्छ। साथै प्रादेशिक रंगशाला निर्माण गरी आवश्यकीय संरचनाहरु बनाउँदै खेलकुदलाई व्यवस्थित बनाउने नीति लिनुपर्छ।
- खेलकुदमार्फत स्वस्थ्य, सिर्जनशील, अनुशासित, इमानदार, जिम्मेवार र मर्यादित युवाशक्तिको विकास गर्न प्रदेश सरकारको भूमिका बढाउँदै जानुपर्छ। यस प्रदेशमा खेलिने मौलिक पराम्परा खेलकुदलाई संरक्षण र संवर्द्धन गर्ने नीति लिई खेलकुदको विकासमा जोड दिनुपर्छ। खेलकुद विकासको लागि अध्ययन अनुसन्धान गर्ने, साहासिक र पर्यटकीय खेलकुदको विकासमा जोड दिने नीति लिनुपर्छ।
- खेलकुदको विकासको लागि प्रदेशले प्रदेश स्तरीय र स्थानीय तहले स्थानीय स्तरमा खेलकुद प्रतियोगिताको आयोजना गर्ने व्यवस्था गर्नुपर्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्नसक्ने क्षमताका खेलाडी उत्पादनमा प्रदेश सरकारले विशेष योजनाका साथ काम गर्नुपर्छ। खेलकुदको विकासको लागि विभिन्न संघ संस्था तथा निजी क्षेत्रलाई पनि सहभागी बनाउँदै लैजाने नीति लिनुपर्छ।
- स्वस्थ रहन स्वास्थ्य सम्बन्धी जनतालाई जानकारी गराउने, व्यायाम, योग तथा स्वस्थ्य प्रशिक्षण केन्द्रको स्थापना गरी व्यायाम तथा योगलाई निश्चित उमेर समूहका सबैले अनिवार्य निश्चित कोर्षको प्रशिक्षण तथा अभ्यास गर्नुपर्ने व्यवस्था गर्नुपर्छ। खेलकुद तथा सामाजिक रुपान्तरणमा गैर सरकारी संघ संस्थाहरुलाई क्रियाशील बनाउनुपर्छ।

## ११. गैर सरकारी संघ संस्थाहरु (Non-governmental organizations)

गैरसरकारी संघसंस्थाहरुलाई व्यवस्थित बनाउन प्रादेशिक समाज कल्याण परिषद्को व्यवस्था गर्दै अनुगमन र नियमनलाई व्यवस्थित बनाउन आवश्यक देखिन्छ। प्रादेशिक समाज कल्याण परिषद्मार्फत एकद्वार प्रणाली अपनाउँदै तोकिएको क्षेत्रमा प्रदेश सरकार तथा परिषद्को नियमको परिधीभित्र रहेर कार्यक्रम सञ्चालन गर्ने परिपाटीको विकास गरी गैरसरकारी संघ संस्थाहरुलाई क्रियाशील बनाउन सक्नुपर्छ। संविधानले पनि गैर सरकारी संघ संस्थाहरुको भूमिकाको बारे स्पष्ट नीति अगाडि सारेको छ।

- संविधानमा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा (१) सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थाहरूलाई संलग्न गराउने राज्यको नीति रहेको छ।
- राज्यको नीति अनुसार गैर सरकारी संघ संस्थाहरुलाई यस प्रदेशको आवश्यकता र प्राथमिकताको आधारमा संस्थाहरुलाई क्रियाशील गराउने नीतिमा जोड दिनुपर्छ। प्रदेश अन्तर्गत वा पालिकास्तरमा काम गर्ने संघ संस्थाहरुले प्रदेश र पालिकाको सम्बन्धित निकायमा समन्वय र स्वीकृति लिई तोकिएको क्षेत्रमा काम गर्नुपर्ने नीतिलाई कडाइका साथ कार्यान्वयनमा ल्याउनुपर्छ। गैरसरकारी संस्थाहरुले पारदर्शी ढंगले कार्यक्रम तथा खर्च गर्ने परिपाटीको विकास गरी समाजसेवाको भावनालाई गैरसरकारी संस्थाको आदर्श र पहिचान बनाउने परिपाटीको विकास गर्नुपर्छ। साथै चालु खर्चको सीमा निर्धारण गरी कार्यक्रम खर्चमा जोड दिने नीति लिनुपर्छ।
- सरकारी र निजी क्षेत्रले समेट्न नसकेको क्षेत्रमा क्रियाशील भएर समाजको हितमा काम गर्ने भएकोले गैरसरकारी संघसंस्थाहरु प्रोत्साहित गरेर प्रदेशको आर्थिक तथा सामाजिक विकासको क्षेत्रमा क्रियाशील बनाउनुपर्छ। संस्थाहरुले गरेका क्रियाकलापहरुको वस्तुनिष्ठ अनुगमन नियमन नियमित रुपमा गरी राम्रो काम गर्ने संस्थालाई सम्मान र पुरस्कृत गर्दै संस्थाको नियमभन्दा बाहिर गएर काम गर्ने संस्थाहरुलाई कारवाहीको दायरामा ल्याएर संस्था खारेजसम्म गर्ने व्यवस्था गर्नुपर्छ।
- देशमा रहेका विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरू र अन्य दातृ निकायहरूलाई प्रष्ट रूपमा देशको अहिलेको 'सुखी नेपाली, समृद्ध नेपाल' को नारामा आफ्ना क्रियाकलापहरू, परियोजनाहरूमा लगानी गर्न आह्वान गर्नुपर्छ। परियोजनालाई पिछाडिएका वर्ग र क्षेत्रका नागरिकहरूको जीवन सहज बनाउने आयआर्जनको अभियान र शिक्षा, स्वास्थ्य तथा सशक्तीकरणको अभियानमा इमानदारीपूर्वक लगानी गरी सहयोग गर्नुपर्छ।
- राज्यले गैर सरकारी संघ संस्थाहरुलाई सामाजिक तथा आर्थिक रुपान्तरणको अभियानमा सहजीकरण गर्ने र काम गर्नको लागि आवश्यक वातावरण निर्माणमा सहयोग गर्नुपर्छ। साथै सामाजिक तथा आर्थिक रुपान्तरणको अभियानमा अन्तरसम्बन्धित क्षेत्रमा पनि राज्यले ध्यान केन्द्रित गरेर काम गर्नुपर्छ।

# परिच्छेद चार
# अन्तरसम्बन्धित क्षेत्र
# (Inter-related Area)

सामाजिक तथा आर्थिक रुपान्तरणका विविध आयमहरु छन् । बजेट र पुँजीगत खर्च, गबी निवारण, भ्रष्टाचार नियन्त्रण र सुशासन लगायतका क्षेत्रले लिएको गति सँगै रुपान्तरणले पनि गति लिने भएकोले ती विषयलाई प्राथमिकता दिन आवश्यक देखिन्छ । नेपालको संविधानले समाजवाद उन्मुख अर्थतन्त्रको विकास गरी मुलुकलाई समृद्ध बनाउने परिकल्पना गरेको हुँदा मुलुकको विशेषताको आधार अर्थतन्त्रको विकासमा जोड दिन सकनुपर्छ ।

## १. समाजवाद उन्मुख अर्थतन्त्र (Socialism-oriented Economy)

नेपाली समाजको मौलिक विशेषताको आधारमा समाजवाद उन्मुख अर्थतन्त्रको मोडल विकास गर्नुपर्छ । मुलुकको आफ्नै विशेषताको आधारमा विकास गरिएको मोडल दिगो र अरुको लागि पनि अनुकरणीय हुन्छ । त्यसको लागि राज्यसत्ताले मुलुकको विशेषता र आवश्यकताको आधारमा समाजवाद उन्मुख नीति तथा कार्यक्रमहरु ल्याई कार्यान्वयनमा अगाडि बढ्न सक्नुपर्छ । समाजवाद उन्मुख अर्थतन्त्रको बारेमा संविधानको प्रस्तावनादेखि लिएरराज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा समेत उल्लेख गरिएको छ ।

- नेपालको संविधान २०७२ को प्रस्तावनामा 'जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न' भनि समाजवादको आधारसहित कार्यान्वयन गर्न निर्देशित गरेको छ । संविधानमा नै 'नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो' भनिएको छ ।
- यस्तै संविधानको भाग-४, राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व, धारा ५० अन्तर्गतको निर्देशक सिद्धान्तहरुको उपधारा ३ मा 'सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत् उपलब्ध साधन र श्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ' भन्ने व्यवस्था पनि गरिएको छ ।
- संविधानको प्रस्तावनाअनुसार मूलभूत रुपमा कस्ता कस्ता लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित भएर समाजवादप्रति प्रतिबद्ध हुने र समृद्ध राष्ट्र निर्माण गर्ने भन्ने सवालमा अलमलिनु पर्ने कुनै ठाउँ छैन । संविधानले नै समाजवादका नीति तथा कार्यक्रमहरु ल्याई समृद्ध राष्ट्र निर्माण गर्न स्पष्ट रुपमा निर्देशित गरिसकेको छ । अब कुनै पनि पार्टी तथा सरकारलाई समाजवादमा अगाडि बढ्न संवैधानिक रुपमा अवरोध छैन ।
- राज्यको निर्देशक सिद्धान्तमा उल्लेख भए अनुसार समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य पूरा गर्ने स्पष्ट अर्थतन्त्रको मार्गचित्र पनि संविधानले नै उल्लेख गरिएको हुँदा अर्थतन्त्रलाई समाजवाद उन्मुख कसरी बनाउने भन्ने बारेमा पनि अलमलिनु पर्ने अवस्था नै छैन । केवल राजनीतिक दल र सरकारमा समाजवादमा जान दृढ इच्छा शक्ति नभएको कारण मात्र नेपालमा समाजवादले गति लिन नसकेको हो ।
- नेपालका मूलधारका राजनीतिक दलहरूको प्रमुख एजेण्डामध्ये समाजवाद पनि एक रहेको छ तर समाजवादको स्पष्ट मार्गचित्र अगाडि सारेर दलहरु अगाडि बढ्न भने सकिरहेका छैनन् ।
- राज्यले समाजवाद उन्मुख अर्थतन्त्रको विकासमा सार्वजनिक क्षेत्रलाई सक्रिय बनाउँदै निजी क्षेत्रलाई स्वतन्त्रतापूर्वक अगाडि बढ्न प्रोत्साहित गरेर आर्थिक विकास र समृद्धिको अभियानमा अविभावकीय भूमिका निर्वाह गर्नुपर्छ ।

- कसरी समग्र राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने, कुन मोडेलबाट समाजवाद उन्मुख अर्थतन्त्रको विकासमा अगाडि बढ्ने भन्ने विषयमा नेतृत्व सधैँ गम्भीर भएर विज्ञ र जनताको सल्लाह र सुझावको आधारमा समाजले सर्वस्वीकार्य गर्न सक्ने विधि अपनाएर कार्यान्वयनमा जोड दिनुपर्छ।
- समाजवाद उन्मुख अर्थतन्त्रमा अगाडि बढ्न जनताका आधारभूत आवश्यकता पूरा गर्दै भौतिक पूर्वाधार निर्माणमा जोड दिनुपर्छ, त्यसले मुलुकको अर्थतन्त्रको विकासमा महत्वपूर्ण आधार तयार गर्दछ।
- संघीय सरकारसँग समन्वय गरी आफ्नो प्रदेशमा आवश्यक नीतिगत, आर्थिक तथा भौतिक सहयोग जुटाउने र समाजवाद उन्मुख आर्थिक विकासको लागि आवश्यक प्रदेशस्तरीय योजनाहरु कार्यान्वयन गर्ने रणनीति लिनुपर्छ। मितव्ययिता, पारदर्शिता र जवाफदेहीको सिद्धान्तलाई आधार बनाएर समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्नुपर्छ।
- स्थानीय औद्योगिक क्षेत्रहरुको व्यवस्थापन स्थानीय तहको सरकारले गरी स्थानीय सरकारको स्वामित्वमा रहेका उद्योगहरु, उत्पादनमा आधारित निजी उद्योगहरु, सहकारीमा आधारित उद्योगहरु खोल्ने वातावरण मिलाई समाजवाद उन्मुख अर्थतन्त्रको आधारशिला तयार गर्नुपर्छ।
- समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको मिश्रित प्रणाली (सार्वजनिक, निजी र सहकारी) को विकासको लागि लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समाजवादी खुल्ला बजार अर्थ व्यवस्थामा जोड दिनुपर्छ। निजी क्षेत्रलाई समाजवाद उन्मुख अर्थतन्त्रले कुनै समस्या खडा गर्नुहुँदैन।
- आफ्नो देशको मौलिक धरातलको आधारमा समाजवाद उन्मुख अर्थतन्त्रको आफ्नै मोडेल विकास गरी उत्पादन, सेवा र वितरणका क्षेत्रमा सरकारको सक्रिय सहभागिता बढाउँदै लैजानुपर्छ।
- देशलाई स्वाधीन र आत्मनिर्भर बनाउन अवरोध पुर्‍याउने विश्वव्यापीकरण, आर्थिक उदारीकरण र निजीकरणका हस्तक्षेपकारी नीतिप्रति सजग भएर समाजवाद उन्मुख अर्थनीतिमा जोड दिनुपर्छ।
- तीनै तहका सरकारले समाजमा रहेको आर्थिक विषमता हटाई समता ल्याउने नीति अगाडि सार्नुपर्छ, समाजवादको बाटोमा जानको लागि सबैभन्दा पछि परेको वर्ग, समुदाय, गरिब किसान, मजदुरहरूलाई सामाजिक न्यायसहित आर्थिक रूपमा माथि उठाउने कार्यक्रम ल्याउनुपर्छ।
- समाजवादमा जनताले कुनै किसिमको अभाव, पीडा, भेदभाव, अपराध, शोषण, दमन, उत्पीडन, दुःखको महसुस गर्न नपर्ने गरी सरकारले असल शासन व्यवस्था लागु गर्नुपर्छ।
- प्रदेश सरकारले भौगोलिक र क्षेत्रीय सन्तुलन कायम गरेर सामाजिक न्यायसहितको विकास र समृद्धिमा जोड दिँदै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्नुपर्छ। समाजवाद उन्मुख अर्थतन्त्रको विकासको महान अभियानलाई सबै राजनीतिक दल, नेता तथा जनताले राष्ट्रिय दायित्व सम्झेर त्यसलाई पूरा गर्न प्रतिस्पर्धा र प्रतिबद्धताका साथ काम गर्नुपर्छ।
- तीनै तहका सरकारले समाजवाद उन्मुख अर्थतन्त्रको लागि समावेशी आर्थिक वृद्धि र सामाजिक रूपमा न्यायोचित वितरण महत्वपूर्ण खम्बाको रूपमा विकास गर्दै समाज केन्द्रित आर्थिक अवधारणा ल्याई सहभागितामूलक अर्थतन्त्रको विकासमा जोड दिनुपर्छ।
- समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्न राज्य नियन्त्रित उद्योग, कलकारखाना तथा उत्पादनमूलक क्षेत्रमा तीनै तहका सरकारले व्यापक रुपमा लगानी बढाउनुपर्छ। बन्द भएका सरकारी कारखानालाई आधुनिकीकरण गरी पुनः सञ्चालन गरेर आर्थिक विकास र समृद्धिमा महत्वपूर्ण सहयोग पुर्‍याउनुपर्छ।
- राज्यका विभिन्न तहका सरकारले स्थापना गरेका उद्योग, करकारखाना तथा उत्पादनमूलक क्षेत्रमा जनतालाई सहभागी गराउने, जनताको लगानीको ग्यारेन्टी गर्ने, सेवा र मुनाफामा केन्द्रित रहेर कुनै पनि राजनीतिक हस्तक्षेप नगरी स्वतन्त्र रुपमा समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्नुपर्छ।
- राज्यद्वारा होस् वा अन्य कुनै संस्था, कम्पनीद्वारा सञ्चालित संस्थामा सर्वसाधारण, क्षेत्र विशेष वा अन्य कुनै किसिमको सेयर वितरण गर्दा सेयरमा आवेदन दिने सबैलाई समान रुपमा सेयर दिने, क्षेत्र विशेषमा कसैलाई छुट्न नदिने नीति तथा कार्यक्रम अगाडि सारेर पुँजी निर्माण गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्नुपर्छ।
- समाजवाद उन्मुख अर्थतन्त्रको विकासमा सहकारीको महत्वपूर्ण भूमिका हुने भएको हुँदा स्थानीय तहको विशेषतामा आधारित प्रत्येक टोल टोलमा साना आकारको लघु-सहकारी संस्थाहरु सञ्चालन गर्नुपर्छ। सानो संख्याले सहकारी

खोल्न पाउने व्यवस्थाले पिछाडिएका क्षेत्र, वर्गलाई समेट्न सक्ने भएको हुँदा तल्लो वर्गलाई समृद्धिको अभियानमा सहभागी गराउने नीति लिनुपर्छ ।

- समाजवाद उन्मुख सरकारले राज्यको लागि आवश्यक वस्तु तथा सेवा उत्पादनका बहुसंख्यक साधनमाथि सार्वजनिक स्वामित्व कायम गर्ने रणनीतिका साथ काम गर्नुपर्छ । साथै सम्पूर्ण क्षेत्रमा सामाजिक सुरक्षा कायम गराउँदै राज्यलाई आवश्यक पर्ने आधारभूत वस्तु तथा सेवाको उत्पादनमा जोड दिएर बाह्य बजारमा निर्यात गर्ने हैसियात बनाई समाजवादको विकास गर्नुपर्छ ।
- राष्ट्रिय अर्थतन्त्रलाई समाजवाद उन्मुख बनाउन सार्वजनिक-निजी साझेदारी र सार्वजनिक-सहकारी साझेदारीलाई कायम राख्दै, यस्ता साझेदारी संस्थालाई राज्यको आवश्यकतासँग जोडेर वस्तु तथा सेवाको उत्पादन गर्ने समझदारीको विकास गर्नुपर्छ ।
- समाजवादमा आधारित शिक्षा नीतिको लागि सरकारी तथा निजी विद्यालयहरुमा अनिवार्य रुपमा एउटै भाषाका एकै किसिमका पाठ्यपुस्तकहरु अध्ययन अध्यापन गराउने नीति लिनुपर्छ । त्यसले असमानता घटाई समानतामूलक शिक्षाको विकास हुनुको साथै दुई थरीको विद्यालय शिक्षाको अन्त्य हुनेछ ।
- मौलिक हकका रुपमा रहेको शिक्षा तथा स्वास्थ्यलाई क्रमिक रुपमा निःशुल्क गर्न राज्यले विशेष कार्यक्रम ल्याई समय सीमा निर्धारण गरेर निःशुल्क शिक्षा तथा स्वास्थ्य कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्छ । शिक्षा, स्वस्थ्यलगायत जनसरोकारका क्षेत्रमा निःशुल्क सेवा प्रदान गरी राज्यले एकछत्र नियन्त्रण तथा लगानी बढाएर समाजवाद उन्मूख अर्थतन्त्रको विकासमा राज्य योजनाबद्ध ढङ्गले अगाडि बढ्नुपर्छ ।
- नेपालको सन्दर्भमा सहकारी अपरिहार्य छ, यो आर्थिक क्रान्ति गर्ने एक सशक्त माध्यम हो । समाजवाद उन्मुख अर्थतन्त्रको विकासको लागि राज्यले सहकारीलाई पहिलो प्राथामिकतामा राख्नुपर्छ । गाउँ गाउँसम्म आर्थिक विकासको अभियान चलाउन प्रत्येक टोल टोलमा तथा प्रत्येक घर घरमा सहकारी अभियान पुऱ्याउनुपर्छ ।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा आधारित रही समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्न तीनै तहको भूमिका किटान गरी समाजवाद उन्मुख नीति तथा कार्यक्रम ल्याउनुपर्छ ।
- समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्न प्रदेश तथा संघीय सरकारले पनि प्रादेशिक औद्योगिक क्षेत्रहरु तथा संघीय औद्योगिक क्षेत्रहरुको विकास गरी राज्यद्वारा नियन्त्रित औद्योगिक क्षेत्रको विकास गर्नुपर्छ । साथै सरकारी, निजी तथा साझेदारी उद्योगहरुको लागि प्रदेश र संघीय स्तरमा औद्योगिक क्षेत्रहरुको व्यवस्थापन राज्यले गर्नुपर्छ ।
- औद्योगिक सुरक्षा र सुविधाको लागि सरकारले औद्योगिक क्षेत्र बाहेक अन्यत्र खोल्न सकिने भनी किटान गरिएका साना घरेलु तथा अन्य उद्योग बाहेक सबै उद्योगहरु तोकिएको औद्योगिक क्षेत्रमा मात्र सञ्चालन गर्नुपर्ने व्यवस्था गर्नुपर्छ ।
- देशमा पर्याप्त पुँजीको निर्माणविना समाजवादी अर्थतन्त्रले गति लिन नसक्ने भएको हुँदा पुँजी निर्माणका लागि राज्यले आर्थिक गतिविधिहरू र क्रियाकलापहरू घनिभूत र सघन रूपमा अघि बढाउनुपर्छ ।
- समाजवाद उन्मुख अर्थतन्त्र लोक कल्याणकारी अर्थव्यवस्था भएको हुँदा सरकार र जनताबिचको दुरी न्यूनिकरण गर्न आम जनसमुदायका चाहना र आवश्यकता पूरा गर्न योजनाबद्ध विकासको अवधारणा ल्याउनसपर्छ । त्यसले विकासको गति तीव्र बनाउनुको साथै गरिबी निवारणमा पनि ठुलो सहयोग पऱ्याउने छ ।

## २. **गरिबी निवारण** (Poverty Allivation)

सामान्य अर्थमा जीवनयापनका लागि चाहिने आधारभूत आवश्यकताहरुको अभाव भएको अवस्था नै गरिबी हो । विशेषता जीवनयापन गर्न सक्ने आयस्रोत नहुनु, मानवीय अस्तित्वको लागि क्षमता र अवसरबाट बञ्चित हुनु, न्यूनतम आवश्यकता पूरा गर्ने श्रोत, साधन, सिप, ज्ञानको अभाव हुनु, आर्थिक विपन्नता, सामाजिक विभेद, असमानता, जोखिमपूर्ण जीवनयापन गर्न बाध्य हुनु गरिबीको अवस्था हो । त्यस्तै मौलिक हक, अधिकार र स्वतन्त्रताबाट बञ्चित हुनु, आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा पहुँच नहुनु, गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारमा पछाडि पर्नु आदि गरिबीको अवस्थालाई चित्रण गर्ने आधारहरु हुन । गरिबीलाई हिंसाभन्दा पनि खराब मानिने हुँदा राज्यले गरिबी निवारणलाई पहिलो प्रथामिकता दिन सक्नुपर्छ ।

स्रोत, साधन तथा अवसरहरुको असमान वितरण, परिवारको आकार र प्रकार, सामाजिक विभेद र असमानता, कमजोर शासकीय प्रणाली, कमजोर भ्रष्टाचार नियन्त्रण र सुशासन, कमजोर पूर्वाधार विकास, ज्ञान, सिप र क्षमाताको कमी, न्यून मानव विकास, बेरोजगारी, गलत नीति तथा निर्णयहरुका कारण स्रोत, साधन, अवसर तथा पहुँचविहिनताको अवस्थामा पुऱ्याउने हुँदा गरिबी बढ्ने गर्दछ । गरिबी न्यूनिकरण हुन नसक्नुका प्रमुख कारण तथा समस्याहरुमा गरिबी निवरण सम्बन्धित कार्यक्रमहरुबिच समन्वयको अभाव, वास्तविक गरिब पहिचान हुन नसक्नु, गरिब लक्षित कार्यक्रम क्षमता विकासभन्दा वितरणमुखी हुनु, निर्वाहमुखी कृषि प्रणाली हुनु, मुलुकको मौलिक विशेषताको आधारमा गरिबी निवारणका कार्यक्रमहरु नआउनु, विगत लामो समयदेखि केन्द्रिकृत तथा एकात्मक राज्य प्रणाली हुन आदि रहेका छन् ।

नेपालमा गरिबी निवारणका प्रमुख समस्या भनेको गरिबी निवारण अभियानमा लक्ष्य निर्धारण गरिएअनुसार उपलब्धी हासिल हुन नसक्नु, गरिब लक्षित कार्यक्रमहरु वास्तविक लक्षित वर्गमा सञ्चालन गर्न नसक्नु, लक्षित कार्यक्रमहरु वितरणमुखी हुनु, दिगो क्षमता विकासमा ध्यान नदिनु, गरिबी निवारणसँग सम्बन्धित सरकारी तथा गैरसरकारी कार्यक्रमहरुबिच समन्वयको अभाव हुनु, दिगो तथा आत्मनिर्भर अर्थतन्त्रको विकासमा जोड नदिनु, सहभागितामूलक विकासको नारा ठोस रुपमा कार्यान्वयनमा नआउनु, कृषि क्षेत्रमा आधुनिकीकरण, व्यवसायीकरण गरेर कृषिलाई विविधीकरकण गर्दै निर्यातमुखी बनाउन नसक्नु, कृषि उत्पादनको भण्डारण तथा राम्रो बजार व्यवस्थापन हुन नसक्नु, पूर्वाधार विकासले ठोस गति लिन नसक्नु, पर्यटनको दिगो विकास हुनु नसक्नु, प्रयाप्त मात्रामा ऊर्जा उत्पादन हुन नसक्नु, औद्योगिक क्षेत्र समस्याग्रस्त हुनु, वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्स उत्पादनमूलक क्षेत्रमा लगानी हुन नसक्नु, अनियमिता र भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्न नसक्नु हो ।

त्यस्तै राजनीतिक स्थिरता र शान्तिलाई दिगो बनाउन नसक्नु, समृद्धिका लागि तोकिएका क्षेत्रहरुमा केन्द्रित भएर अगाडि बढ्न नसक्नु, रोजगारी सिर्जना गर्ने रणनीतिक योजनाहरु अगाडि सार्दै कार्यान्वयन गर्न नसक्नु, तीन खम्बे अर्थनीतिबिच कमजोर किसिमको समन्वय र सहकार्य हुनु, विद्यमान स्रोत र साधनको वितरण प्रणालीमा असमानता हुनु, युवा तथा महिला सहभागिता र सशक्तिकरणमा प्रथामिकता दिन नसक्नु, जनचेतनाको स्तर न्यून हुनु, नीति र बजेटबिच खाडल हुनु, कमजोर कानुन हुनु, सामाजिक तथा सांस्कृतिक विभेद हुनु, जलवायु परिवर्तनका कारक तत्वहरुलाई परास्त गर्ने ठोस नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा नआउनु, प्राकृतिक तथा दैवी प्रकोपको व्यवस्थापन फितलो हुनु जस्ता विविध कारणहरुले गरिबी निवारणमा समस्या खडा गरेको छ ।

गरिबीले व्यक्ति, परिवार तथा समुदायको आर्थिक, सामाजिक तथा राजनैतिक अवसर र पहुँचहरुको वञ्चितिकरणको अवस्था, पछौटेपन, क्षमताविहीनता तथा असक्षमतालाई समेट्ने गर्दछ । गरिबीलाई निरपेक्ष तथा सापेक्ष गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ । निरपेक्ष गरिबीले जीवन निर्वाहका लागि आवश्यक न्यूनतम क्षमता नभएको अवस्थालाई चित्रण गर्दछ भने सापेक्ष गरिबीले तुलनात्मक गरिबीलाई चित्रण गर्दछ अर्थात् विभिन्न समाज तथा समय सापेक्ष निर्धारण गरिएका जीवनस्तरका आधारहरु पुरा गर्न सक्ने क्षमताविहीनताको अवस्थालाई बुझाउँछ ।

निरपेक्ष गरिबीले तोकिएको आयभन्दा कम आयका कारणले जीवनका आधारभूत आवश्यकता पूरा गर्न कठिनाइ उत्पन्न हुने तथा जीवन निर्वाहका लागि आवश्यक पर्ने न्यूनतम आवश्यकताहरु पूरा गर्न नसक्ने अवस्थालाई जनाउँछ । सापेक्ष गरिबीले कुनै समाज वा भौगोलिक क्षेत्रमा निर्धारण गरिएका जीवनस्तर मापनका आधारहरुमध्ये तुलनात्मक रुपमा कमजोर रहेको अवस्थालाई जनाउँछ । निरपेक्ष गरिबीको अवधारणा परिवर्तनशील हुँदैन भने सापेक्ष गरिबी समय, समाज र सन्दर्भअनुसार फरक हुने गर्दछ । साधरणतया निरपेक्ष गरिबी आय तथा गरिबी रेखाको आधारमा मापन गरिन्छ भने सापेक्ष गरिबी गिनी कोफिसेन्ट तथा आय असमानताका आधारमा मापन गरिन्छ । निरपेक्ष गरिबी विकासशील देशहरुको समस्याको रुपमा रहेको हुन्छ भने सापेक्ष गरिबी विकसित देशहरुको समस्याको रुपमा रहेको हुन्छ ।

गरिबी विश्वव्यापी समस्याको रुपमा व्याप्त छ, त्यसमा पनि विकासोन्मुख तथा अतिकम विकसित देशमा गरिबी भयवह अवस्थामा रहेको छ । प्राकृतिक प्रकोप, दैवी प्रकोप तथा महामारीको चपेटामा पनि गरिब नै पर्ने र त्यस्ता प्रकोपहरुले गरिबी बढाउने काम गरिरहेको छ । अमानवीय क्रियाकलाप र अस्वस्थ प्रतिस्पर्धा, युद्ध र हतियारको दुरुपयोगले पनि गरिबी बढाउन प्रत्यक्ष रुपमा सहयोग पुऱ्याइरहेको छ । गरिबी निवारणको संविधानमा गरिएको व्यवस्था तथा गरिबी निवारण गर्ने नीतिहरु बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

- नेपालको संविधानको धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भनी मौलिक हकको रूपमा स्थापित गरी त्यसै अनुरूप कार्य गर्न राज्यलाई निर्देश गरेको छ। त्यस्तै संविधानको धारा ३६ मा खाद्य सम्बन्धी हक मा (१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ। (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ। (३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ भनिएको छ भने धारा ३७ मा आवासको हकमा (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ। (२) कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन भन्ने व्यवस्था गरिएको छ। संविधानमा उल्लेखित मौलिक हकलाई आधार मानेर राज्यले गरिबी निवारणलाई राज्यको दायित्व सम्झेर काम गर्नुपर्छ।
- गरिबी निवारणका लागि संघीय शासन प्रणाली अन्तर्गत तीनै तहका सरकार एक आपसमा मिलेर सहकार्य र समन्वय गर्दै स्थिरता, शान्ति, सुशासन कायम गरी सामाजिक तथा आर्थिक रुपान्तरणको दिशामा अघि बढ्नुपर्छ। साथै गरिबीका कारक तत्वहरुको पहिचान गरी मौलिक विशेषतासहितको गरिबी निवारणको नीति तर्जुमा गर्नुपर्ने, स्थानिय स्तरमा नै आय आर्जनका कार्यक्रम तथा उधमशिलता विकासमा तीनै तहका सरकारले लगानी अभिवृद्धि गर्ने, भौतिक पूर्वाधारको विकासमा जोड दिने, कृषि क्षेत्रको आधुनिकिकरण तथा व्यवसायिकरण गर्ने, पर्यटन विकासमा जोड दिने, सार्वजनिक, सहकारी, नीजि क्षेत्र, विकास साझेदारीहरु तथा गैरसरकारी संस्थाहरुसँगको सहकार्यमा ग्रामीण तथा शहरी गरिबी निवारण कार्यक्रम अगाडि सारेर क्षमता विकास तथा सिप विकास जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने, वितरणमुखी गरिब लक्षित कार्यक्रमहरुलाई उत्पादनमुखी र क्षमता विकास कार्यक्रममा जोड दिने रणनीति लिनुपर्छ।
- ग्रामिण तथा सहरी दुवै क्षेत्रमा गरिबी निवारण अभियान चलाउनुपर्छ, ग्रामीण क्षेत्रमा कृषिको आधुनिकीकरण, विशिष्टीकरण र व्यवसायीकरण गरी गरिबी निवारणको पहिलो आधार बनाउनुपर्छ। कृषि क्षेत्रको विकास गर्न सहुलियत दरमा कृषि ऋण तथा कृषि सामग्रीहरूको व्यवस्था गरी किसानलाई उत्पादनमा केन्द्रित गर्नुपर्छ । गरिबी निवारणलाई पर्यटनसँग जोडेर व्यवसाय र रोजगारीमा केन्द्रित गर्ने नीति लिनुपर्छ । साथै स्थानीय स्रोत र साधानमा आधारित उद्योगहरुको विकास गरी व्यवसाय र रोजगारीमा जोड्ने योजनाहरु अगाडि सारेर कार्यान्वयन गर्नुपर्छ।
- आर्थिक विकास र समृद्धिको आधारभूत जग नै गरिबी निवारण हो, त्यसैले राज्यले गरिबी निवारणलाई पहिलो प्राथमिकता दिनुपर्छ। राज्यले सामाजिक असमानता न्यूनिकरण गरी सामाजिक न्याय र सामाजिक रुपान्तरणमा जोड दिँदै आर्थिक रुपान्तरणको अभियान चलाउनुपर्छ।
- विशेषत गरिबीको चपेटामा विकट भौगोलिक क्षेत्रका बासिन्दा, दलित लगायत अन्य पछाडि परेका जाति, महिला हिंसामा परेको परिवार, एकल महिलाको परिवार, अशक्त, असहाय र अपाङ्गता भएका परिवार, सीमान्तकृत वर्ग आदि रहेका छन् । गरिबी निवारण सहज र सरल छैन्, त्यसको लागि तीनै तहका सरकारले आपसी समन्वय र सहकार्य गर्दै गरिबी निवारणका सूचकका आधारमा गरिबीको मापन गरी गरिबीमा रहेका जनताको पहिचान गरी गरिबी निवारण अभियान चलाउन सक्नुपर्छ।
- पहिचान भएका गरिब परिवारका सदस्यहरुलाई स्थानीय तहमा नै रोजगारी दिने तथा उनीहरुलाई स्वरोजगारी बनाउने रणनीति तीनै तहका सरकारले लिई गरिबी निवारणलाई अभियानको रुपमा अगाडि बढाउनुपर्छ। प्रत्येक स्थानीय तहमा गरिबी निवारण कोषको व्यवस्था गरी गरिबी निवारणका प्रभावकारी कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ।
- गरिबी निवारण सम्बन्धी सरकारी तथा गैरसरकारी क्षेत्रका कार्यक्रमहरुलाई एकीकृत गरी स्थानीय गरिबी निवारण कोषमार्फत् वा सहमतीका आधारमा कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ। गरिबी पहिचानको आधारमा परिचयपत्र वितरण गर्दै परिचयपत्रको आधारमा आधारभूत आवश्यकताका वस्तु तथा सेवामा सुविधा दिने अभियानलाई व्यवस्थित बनाउनुपर्छ।
- प्रदेशअन्तर्गतका बढी गरिबीको चपेटामा परेका जिल्लाहरु, पालिकाहरु, क्षेत्रहरुको पहिचान गरी प्रदेश, स्थानीय तह, सरकारी तथा गैरसरकारी संघसंस्थाहरु मिलेर ठाउँ विशेष गरिबी निवारणको कार्यक्रम ल्याई गरिब परिवारलाई व्यवसायिक बनाउन पहल गर्नुपर्छ।

- गरिबी निवारणको निर्धारित लक्ष्यमा पुग्न समय सीमाभित्र उपलब्धी हासिल गर्ने गरी गरिबी निवारणका प्रभावकारी नीति तथा कार्यक्रमहरु ल्याई कार्यान्वयन गर्नुपर्छ । पालिका स्तर, प्रदेश स्तरबाट आफ्नो पालिका र प्रदेशलाई गरिबी निवारण घोषणा गर्ने नीति लिँदै चाँडोभन्दा चाँडो मुलुकबाट गरिबी निवारणको घोषणा गर्नुपर्छ ।
- युवावर्गमा सिपमूलक क्षमता अभिवृद्धि गरी रोजगारी र अवसरको सुनिश्चिता गर्ने रणनीति राज्यले लिनुपर्छ, त्यसले गरिबी निवारणमा गुणात्मक फड्को मार्न सफल हुन्छ । उपलब्ध स्रोत र साधनहरुको उपयुक्त तरिकाले परिचालन गरी उद्यमशीलताको विकास गरेर अधिकतम फाइदा लिने रणनीति अगाडि नसारी गरिबी निवारणमा अगाडि बढ्न सहज छैन ।
- प्रादेशको भौगोगिक, आर्थिक तथा सामाजिक अवस्थाको मूल्यांकन गरी ठाउँ अनुसार साना साना समूह बनाई पशुपंक्षी पालन, तरकारी तथा फलफूल खेती, माछापालन, मौरीपालन, होमस्टे, हेण्डिक्राफ्ट, साना उद्योगहरु आदि फरकफरक किसिमको पेसा र व्यवसायको माध्यमबाट गरिबी निवारण गर्ने रणनीतिक नीति तथा कार्यक्रम बनाए गरिबी निवारणको अभियान थाल्नुपर्छ ।
- गरिबीको रेखामुनि रहेका जनताको पहिचान गरी शिक्षा, स्वस्थ्य र आवासमा सहज पहुँचको व्यवस्था गरी रोजगारीमा जोड्ने रणनीतिक योजनालाई व्यवहारिक बनाउनुपर्छ । साथै आधारभूत आवश्यकताका वस्तु तथा सेवामा विशेष सुविधाको व्यवस्था गरी सहज पहुँच पुऱ्याउने नीति तथा कार्यक्रम ल्याउनुपर्छ ।
- गरिबीको रेखामुनि रहेका जनता विशेषत लामो समयदेखि सामाजिक विभेद र बहिष्कारको अन्यायपूर्ण मारमा परेका हुँदा सामाजिक विभेदको रुपमा रहेको कुसंस्कारको अन्त्यको लागि राज्यले विशेष नीति तथा कार्यक्रम ल्याउनुपर्छ । गरिबी निवारण अभियानमा अवरोधकको रुपमा रहेको त्यस्तो सामाजिक विभेदको अन्त्य गरी आधुनिक र सभ्य समाज निर्माण गर्दै नेपाल र नेपालीको शिर ठाडो पार्ने रणनीतिक कार्ययोजनाहरु कडाइका साथ कार्यान्वयनमा ल्याउनुपर्छ ।
- प्रत्येक स्थानीय तहमा गरिबी निवारण कोष तथा गरिबी उद्यमी कोष स्थापना गरी तीनै तहका सरकार तथा गरिबी निवारणको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको सहयोग जुटाउँदै स्थानीय सरकारको गरिबी निवारण कोष तथा गरिबी उद्यमी कोषमा बजेट उपलब्ध गराउनुपर्छ । स्थानीय तहले गरिब परिवारको पहिचान गरी समूहगत, साना आकारका सहकारी अर्थात् लघु-सहकारीमार्फत् गरिबी निवारणको अभियान सञ्चालन गर्नुपर्छ । यी कोषमार्फत् गरिएको लगानीबाट उत्पादित वस्तुहरुको बजार व्यवस्थापन राज्यले गर्नुपर्छ ।
- वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सले गरिबी निवारणमा सहयोग पुगे पनि परिवारको खर्च धान्न वैदेशिक रोजगारमा गइरहनु पर्ने बाध्यताको अन्त्य गर्न वैदेशिक रोजगारबाट ल्याएको रकमलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण बनाउनुपर्छ । साथै उच्च आम्दानीको लागि रोजगारीमा पठाउँदा राज्यले सिपमुलक प्राविधिक तालिमको व्यवस्था गरेर दक्ष सिप भएका कामदारलाई पठाउने व्यवस्था गर्नुपर्छ ।
- सबैभन्दा बढी गरिबीको चपेटामा ग्रामीण भेगमा रहेका कृषि क्षेत्रमा संलग्न किसानहरु नै भएको हुँदा कृषिको आधुनिकीकरण, व्यवसायीकरण गरी कृषि क्षेत्रमा व्याप्त गरिबी हटाउन आर्थिक, भौतिक तथा प्राविधिक सहयोग जुटाएर छोटो समय अवधिमा गरिबी निवारण गर्न राज्यले पहिलो प्राथमिकता दिएर काम गर्नुपर्छ ।
- राज्यले राजनीतिक, सामाजिक तथा आर्थिक प्रक्रियाहरुमा खेलेको भूमिकाले समाजलाई गरिबीबाट समृद्धितिर धकेल्ने हुँदा सरकारले दिगो आर्थिक विकासका नीतिहरु ल्याई आम नागरिकलाई प्रोत्साहन गर्नुपर्छ । राज्यले पुँजी प्रवाह, व्यापार प्रवाह, श्रम प्रवाह तथा सुशासनका अन्तर्राष्ट्रिय नियम, मूल्य र मान्यतालाई विशेष ध्यान दिई आर्थिक विकासको जग बलियो बनाई समृद्धिलाई दिगो बनाउनुपर्छ ।
- स्थानीय सरकारले गरिबी निवारणको लागि सहयोग पुग्ने गरी सामाजिक तथा आर्थिक क्षेत्रमा लगानी वृद्धि गर्नुपर्छ, साथै लक्षित समूह तथा क्षेत्रलाई केन्द्रित गरी रोजगारमूलक तथा आयमूलक र लघुउद्यम विकास कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ ।
- गरिबी निवारणका लागि भौतिक पूर्वाधारको निर्माण, गाउँगाउँसम्म पुग्ने बाटोघाटोको निर्माण, कृषि, पर्यटन, तथा जल विद्युत, ऊर्जा जस्ता रोजगारी दिने क्षेत्रमा लगानीलाई प्राथमिकतामा राख्नुपर्छ ।

- स्थानीय तहमा कृषि तथा पशु विशेषज्ञको व्यवस्था, नयाँ प्रविधि, सहज बजारीकरण, लघु सहकारी, स्थानीय गरिबी निवारण कोष, विपन्न र विकट क्षेत्रका बासिन्दालाई विशेष गरिबी निवारण प्याकेज कार्यक्रमको व्यवस्था गरिनुपर्छ। विकट क्षेत्रका बासिन्दलाई सुगम क्षेत्रमा स्थानान्तरण गरी सहज जीवन यापनको व्यवस्था मिलाउनुपर्छ।
- सबै तहका सरकारले प्रति वर्ष गरिबी निवारण गर्ने वार्षिक लक्ष्य निर्धारण गरी लक्ष्य अनुसार सफलता हासिल गर्न प्रयाप्त बजेटको व्यवस्था गर्नुपर्छ। समृद्ध समाजको निर्माण गर्न तथा गरिबी र पछौटेपनको विरुद्ध लड्न समाजमा व्याप्त विभेद र असमानताको अन्त्य गरी समृद्ध राष्ट्र निर्माणको अभियानमा अगाडि बढ्नुपर्छ।
- कृषि अनुसन्धानकर्ता र विशेषज्ञको राय अनुसार माटो तथा वातावरण अनुकूलको खेतीपाती, नयाँ प्रविधिको प्रयोगका साथै उत्पादन तथा व्यापार विस्तारमा समेत नवीन तरिका अपनाउनुपर्छ।
- गरिबी निवारणसँग सम्बन्धित निकायहरु पारदर्शी, लगनशील, जवाफदेही तथा विश्वासनीय हुनुपर्छ। वैदेशिक सहयोग र लगानीमा वृद्धि गरी रोजगारी सिर्जना गर्नुपर्छ।
- गरिबीको मुख्य कारण अशिक्षा र विभेद भएकोले राज्यका सबै तहले विभेदको अन्त्य गर्दै गरिबीको रेखामुनि रहेका जनतालाई शिक्षा तथा तालिमको व्यवस्था गरी सिप दिई रोजगारी प्रदान गर्नुपर्छ। गरिबीको रेखामुनि रहेका परिवारलाई न्यूनतम एक परिवार एक रोजगारको नीति ल्याउनुपर्छ।
- गरिबीको रेखामुनि रहेका जनताको घरघरमा काम तथा हात हातमा दामको नीति ल्याई रोजगारी सिर्जना गर्नुपर्छ। त्यस्तै रोजगारीको लागि श्रम बजारलाई विस्तार गर्न कृषि, उद्योग, पर्यटन, ऊर्जा तथा प्राविधिक क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर राज्यले काम गर्नुपर्छ। गरिब तथा धनीबिचको विभेद घट्दै जाँदा मात्रै समाजमा द्वन्द्व क्रमशः निराकरण हुँदै जान्छ।
- गाउँ र सहरबिचको असन्तुलित विकासलाई व्यवस्थित गर्दै गाउँ र सहरबिचको दुरीलाई घटाउन सरकारका तीनै तहले एकीकृत ग्रामीण तथा सहरी विकास कार्यक्रमहरु ल्याउनुपर्छ।
- गरिबी निवारणको अभियानमा लघुसहकारीलाई महत्वपूर्ण औजारको रुपमा प्रयोग गर्दै टोलटोलमा लघुसहकारी स्थापनाको अभियान सञ्चालन गरी सहकारीमा संगठित गरेर सबल अर्थतन्त्रको विकास गर्ने रणनीति लिनुपर्छ। किसानलाई खाली समयमा गैर कृषि उत्पादनमा जोड्दै आम समुदायलाई पूर्ण रोजगारीको व्यवस्था गर्नुपर्छ।
- राज्यले सहकारी आन्दोलनलाई प्रोत्साहन गर्नुपर्छ, आर्थिक रुपमा सबल बन्न र बनाउन राज्यका हरेक तहले सहकारीमार्फत् एकीकृत गरिबी निवारणका कार्यक्रम लैजानुपर्छ।
- स्थानीय तहले प्राविधिक शिक्षा र सिप विकासका कार्यक्रमहरु सञ्चालन गरी उद्यमशील बनाउने अभियानमा लाग्नुपर्छ।
- शैक्षिक प्रमाणपत्र धितो राखेर ऋणदिने प्रक्रियामा थप सुधार गरी सामूहिक रूपमा कम्तीमा तीन जनाभन्दा माथिको समूहको व्यवसायिक प्रस्तावमा बढी सुविधा र सहुलियत ऋण दिएर व्यवसायिक समूह बन्न प्रोत्साहन गर्नुपर्छ।
- आर्थिक विकास र समृद्धिमा जतिसुकै कार्यक्रमहरु अगाडि सारे पनि भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न सकिएन भने अर्थतन्त्रको गतिमा अवरोध सिर्जना भई समृद्धिको सपना अधुरो हुनेछ।

## ३. भ्रष्टाचार नियन्त्रण र सुशासन (Corruption Control and Good Governance)

सुशासन र भ्रष्टाचार परस्पर एक अर्काका विरोधी हुन्। आमजनताको जीवनस्तरमा सुधार ल्याउन सुशासन अति आवश्यक छ। सबै खालका भ्रष्टाचारले सुशासनको विकासमा बाधा पुऱ्याउँछ। भ्रष्टाचार नियन्त्रण नभएसम्म सुशासनका आधारहरू स्थापना गर्न सकिदैन। सुशासनको माध्यमबाट विकासलाई प्रभावकारी बनाउन सकिने भएकोले सामाजिक तथा आर्थिक रुपान्तरणलाई सकारात्मक ढंगबाट अगाडि बढाउन सकिन्छ।

### क. भ्रष्टाचार नियन्त्रण (Corruption Control)

भ्रष्टाचार समाजको धातक रोग, विकासको अवरोधक भएको हुँदा भ्रष्टाचार विरुद्ध विशेष कार्यक्रम सञ्चालन गरी भ्रष्टाचार सफायको अभियान कडाइका साथ लागु गर्नुपर्छ। भ्रष्टाचारले विधि तथा सुशासनलाई अवमूल्यन गर्ने र मानव विकासका लागि सबैभन्दा ठुलो वाधकको रुपमा खडा हुने भएकोले गरिबी, अन्याय, अत्याचार, शोषण मौलाई समतामूलक समाज

निर्माणमा अवरोध गर्दछ। भ्रष्टाचारले सेवा प्रवाहमा असर पार्ने र आयमा असमानता पनि बढाउने हुनाले गरिबलाई अझ बढी असर पारेको छ। भ्रष्टाचार नियन्त्रण सम्बन्धी केही विषयवस्तुलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ।

- राज्यले निर्धारण गरेको शून्य सहनशीलताको नीतिमा राज्यका सबै निकायले इमानदारिताको साथ काम गरी राज्यलाई माथि उठाउने अभियानमा सबै एकताबद्ध हुनुपर्छ। सदाचारलाई व्यवहारिक जीवनमा उतार्नका लागि सबै तहका सरकार तथा राज्यका जिम्मेदार संस्थाहरुले इमानदारीताको साथ देश र जनताप्रति समर्पित भएर भ्रष्टाचर नियन्त्रणमा पारदर्शी ढंगले काम गर्नुपर्छ।
- सरकारी र निजी क्षेत्रको भित्र भित्रसम्म फैलिएको भ्रष्टाचारको जालो नतोडेसम्म समृद्धिको सपना अधुरो हुन्छ, त्यसैले जिम्मेवार निकाय र अधिकारीले आर्थिक अनुशासनहीनताको विरुद्ध कडा नीतिलाई कार्यान्वयनमा ल्याउनुपर्छ।
- राजनीतिक, प्रशासनिक तथा अन्य क्षेत्रका भ्रष्टलाई न्यायलयको कठघरामा उभ्याएर उचित दण्डको व्यवस्था गरी सभ्य र इमानदार बनाउने कार्यमा राज्यका कुनै पनि न्यायिक निकाय र नागरिक समाजले निष्पक्ष भई कठोरताका साथ काम गर्न सक्नुपर्छ।
- उच्च राजनीतिक तह, नीति निर्माण तह र समाजकै माथिल्लो तप्काका व्यक्ति नै धेरै र ठुला भ्रष्टाचार गरी सामाजिक अपराधमा  संलग्न हुने, छानविनहरु सही र यथार्थ नहुने भएकोले भ्रष्टाचारी सफायको अभियान माथिबाट थालनी गरी जरासम्म पुग्ने नीति अख्तियार गर्नुपर्छ। खासगरी नीतिगत निर्णय र सार्वजनिक सेवा प्रवाहमा सदाचारको कमी नै भ्रष्टाचारका चुनौतीका रुपमा खडा भएका छन्।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा राज्यको विश्वास बढाउन पार्टी तथा नेताहरु सुध्रिएर सुशासन कायम गर्दै देश र जनताप्रति समर्पित भएर भ्रष्टाचार र दण्डहीनताको विरुद्ध विधिवत रुपले दण्डित गर्ने परिपाटीको विकास गर्नुपर्छ। आर्थिक अनियमिता गर्ने तथा भ्रष्टाचार गर्नेलाई कसैले कसैलाई बचाउनुहुँदैन, त्यसलाई पार्टीहरुले पनि कडाइका साथ कारवाहीको दायरामा ल्याउने नीति बनाई जनताले सन्तुष्टि महसुस गर्ने गरी कार्यान्वयन गर्नुपर्छ।
- विकास आयोजना कार्यान्वयनमा भइरहेको ढिलाइ, आर्थिक वर्षको अन्त्यमा विकास खर्चको ठुलो हिस्सा खर्च गर्नु, महँगी, सिन्डिकेट, यातायात, मालपोत, राजस्व, भन्सार, वैदेशिक रोजगारी आदि क्षेत्रका बेथितिले भ्रष्टाचार गाजिएको हुँदा ती क्षेत्रमा विशेष निगारानी राख्नुपर्छ।
- भ्रष्टाचार अन्त्यको लागि सम्बन्धित निकाय र भ्रष्टाचार नियन्त्रणको जिम्मेवारी पाएका निकाय सचेत र गम्भीर बन्नैपर्छ। भ्रष्टाचारजन्य कार्यमा संलग्न व्यक्ति र संस्थाको सूची नै बनाएर अनुसन्धान र कारबाही गर्नुपर्ने नीतिगत व्यवस्था गरी सबै तहका सरकार तथा भ्रष्टाचार नियन्त्रणमा काम गर्ने निकायले त्यस्ता अपराधलाई निरुत्साही गर्दै अपराधीलाई उम्कन दिनुहुँदैन। त्यस्ता कार्यमा संलग्न हुनसक्ने सम्भावना रहेका व्यक्ति र संस्थालाई निगरानीमा राख्नुपर्छ।
- अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र लगायतका संस्थाहरु सक्रिय भई भ्रष्टाचारलाई निरुत्साही बनाउनेतर्फ ध्यान दिनुपर्छ। यी निकाय र पदाधिकारीहरुको स्वच्छता र निष्पक्षतामा निगारानी राख्दै उनीहरुको छुट्टै उजुरी सुन्ने निकाय हुनुको साथै उजुरीको आधारमा सर्वसाधारण सरह छानबिन गरिनुपर्छ।
- राष्ट्र निर्माणको महान अभियानको थालनी गरी सबैले सबै क्षेत्रबाट भ्रष्टाचार उन्मूलन गरी सुशासन कायम गर्न पहिलो प्राथमिकता राखेर अगाडि बढ्नुपर्छ। राष्ट्रिय अनुसन्धान विभागलाई यस विषयमा गुप्तचरी गर्ने र सही सूचना सही ठाउँमा उपलब्ध गराउन जिम्मेवारी बनाउनुपर्छ। अनुसन्धान र कारवाही गर्ने निकायहरूको कार्यगत र संस्थागत क्षमता विकासमा पनि विशेष जोड दिनुपर्छ।
- सार्वजनिक निकायका काम कारबाही विशेष गरी आर्थिक क्षेत्रमा पूर्णरूपमा पारदर्शी बनाउनुपर्छ, खर्चहरूको सामाजिक तथा सार्वजनिक लेखापरीक्षण अनिवार्य गराउनुको साथै कार्यमूलक लेखापरीक्षण सबै निकायमा अनिवार्य गराउने परिपाटीको विकास गर्नुपर्छ।
- नीतिगत तथा संस्थागत सुधार गरी राजनीतिक, प्रशासनिक र अन्य क्षेत्रमा हुने भ्रष्टाचारलाई नियन्त्रण गर्दै कठोरताका साथ शून्य सहनशीलताको विन्दुमा भ्रष्टाचारलाई झार्ने अभियान सञ्चालन गर्नुपर्छ।
- नीतिगत रुपमा कडाइका साथ भ्रष्टाचारलाई शून्यमा झारेर सुशासन कायम गर्दै देशलाई विकसित मुलुकमा रुपान्तरण गरी सुन्दर र आधुनिक मुलुक बनाउने रणनीतिका साथ अगाडि बढ्नुपर्छ।

- प्रदेशको क्षेत्रधिकारभित्र भएका अनियमितताको छानबिन गर्न र दोषीलाई कानुनी कारबाही गर्न प्रदेश स्तरीय निकायहरुको व्यवस्था गरी प्रदेश र स्थानीय तहमा हुने भ्रष्टाचार विरुद्ध सक्रिय र जिम्मेवार बनाउने नीति लिँदै सुशासन कायम गर्न सक्नुपर्छ।

## ख. सुशासन (Good Governance)

सामान्यतया सामाजिक तथा आर्थिक विकासमा आफ्नो स्रोत र साधनको व्यवस्थापन गरी राजनीतिक अख्तियारीको प्रयोग वा नियन्त्रण गर्नु नै सुशासन हो। संयुक्त राष्ट्र संघले सुशासनलाई एक असल शासन प्रणालीको रुपमा परिभाषा गर्दै निर्णय प्रक्रियामा बृहत नागरिक सहभागिता, सहमति, पारदर्शी, जवाफदेही बनेर प्रभावकारी सार्वजनिक सेवा र समावेशी तथा समानताको सिद्धान्त अंगीकार गर्नुलाई सुशासनको विशेषताको रुपमा लिएको छ। साथै सुशासनलाई मानव अधिकारको सम्मान, विधिको शासन, लोकतान्त्रको सुदृढीकरण र सामाजिक प्रशासनमा पारदर्शिता र क्षमता वृद्धि गर्नुलाई सुशासन मानेको छ।

सुशासनले सकारात्मक परिवर्तन गर्ने, सामाजिक द्वन्द्व र अराजकतालाई किनारा लगाउने, सन्तुलित विकास गर्ने, सामाजिक तथा आर्थिक विकासमा कोशेढुङ्गाको रुपमा काम गर्ने भएकोले सुशासनलाई राज्यको मेरुदण्डको रुपमा लिई लोकतन्त्रलाई परिष्कृत बनाउन सक्नुपर्छ। सुशासनको लागि राजनीति नै मूल तत्वको रुपमा रहेको छ। सुशासन सम्बन्धी संवैधानिक व्यवस्था र सुशासनका आधारहरु यस प्रकार रहेका छन्।

- नेपालको संविधानमा राज्यका नीतिअन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कुरा उल्लेख गरिएको हुँदा राज्यका तीनै अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले त्यसलाई मुख्य आधार बनाएर काम गर्नुपर्छ।
- कार्यकारिणी अधिकार रहेका तीन तहका सरकारले विशेष जिम्मेवारीका साथ सुशासन कायम गर्न दायित्व लिनुपर्छ। गुनासोरहित शासन प्रणालीलाई सुशासनको आधार बनाउँदै कानुनी राज्यको अवधारणा अनुसार विधि र पद्धतिलाई आत्मसात् गर्दै मुलुकलाई सुशासनको बाटोमा अगाडि बढाउनुपर्छ।
- विश्व बैंकले सुशासनका छ वटा सुचकका रुपमा आवाज र उत्तरदायित्व, राजनीतिक स्थिरता र अहिंसा, सरकारको प्रभावकारिता, व्यवस्थापकीय गुणस्तर, विधिको शासन र भ्रष्टाचार नियन्त्रणलाई लिएको छ। यी सुचकहरुलाई आधार मानेर सुशासनको मापन गर्दै कानुनी शासनको अवधारणा अगाडि बढाउनुपर्छ।
- सुशासन भन्नाले पारदर्शी, जवाफदेही, प्रभावकारी सार्वजनिक सेवा, शान्ति सुव्यवस्था लगायत असल कानुनी तथा व्यवस्थित शासनलाई बुझिने भएको हुँदा राज्यले असल कानुनी शासनलाई सुशासनको आधार बनाउनुपर्छ। त्यसै गरी जनअपेक्षाअनुसार सञ्चालित हुने शासन विधि र सेवाग्राही जनताको सन्तुष्टिमा आधारित अर्थात् गुनासोरहित शासन प्रणालीलाई सुशासनको थप आधार बनाउनुपर्छ।
- सुशासनका चार आधार स्तम्भका रुपमा जनसहभागिता, पूर्वानुमानियता, जवाफदेहिता र पारदर्शितालाई मानिन्छ, त्यसैले राज्यका तीनै अंग र जिम्मेवार निकायले उक्त आधार स्तम्भलाई लोतन्त्रको आधार बनाएर जिम्मेवारीका साथ काम गर्नुपर्छ।
- सुशासनको लागि सबै तहका सरकार सक्षम बन्दै देश र जनताप्रति उत्तरदायी तथा जिम्मेवारी बन्नुपर्छ भने कर्माचारीतन्त्रले देश र जनतालाई शिरमा राखेर देश र जनताको असल सेवक भएर जनगुनासो अन्त्य गर्दै जनमुखी, पारदर्शी, निष्पक्ष, स्वच्छ प्रशासन सञ्चालन गर्नुपर्छ। सुशासनमा खलल पुग्ने गरी कुनै पनि तहका सरकारले राजनीतिक हस्तक्षेप गर्नुहुँदैन।
- चुनाव जितेपछि आफूलाई सर्वेसर्वा ठान्ने जनप्रतिनिधि र लोकसेवा पास गरेपछि आफूलाई कसैले केही गर्न सक्दैन भन्ने कर्माचारीको मानसिकतामा परिवर्तन गरी देश र जनताको सेवाको लागि मैले यो जिम्मेवारी पाएको छु, म देश जनताप्रति उत्तरदायी भएर सेवा गर्छु भन्ने उच्च मानसिकताको साथ जिम्मेवार बन्न बनाउन सक्नुपर्छ।
- राजनीतिक शक्तिहरुले जनतासामु गरिएका राजनीतिक प्रतिबद्धता अनुसार काम गर्नुपर्छ। राजनीतिक शक्तिले असल आचरण, इमानदारिता, नैतिकता, पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्वलाई आफ्नो पहिचान बनाउनुपर्छ।

- सुशासनको लागि आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन गर्दै छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट सर्वसाधारणले सन्तुष्टिका साथ सेवा पाउने व्यवस्था गरिनुपर्छ।
- सुशासन सम्बन्धी बनेको ऐनलाई ऐन कार्यान्वयनमा जिम्मेवार सबै निकायले इमानदारिताको साथ तोकिएको कार्यविधिलाई अवलम्बन गरी कार्यान्वयन गराउँदै सुशासनको जग मजबुत बनाउनुपर्छ।
- राज्यद्वारा प्रवाह गरिएको सेवाबाट सेवाग्राहीमा सन्तुष्टि बढाउने उपायको खोजी गर्दै सेवामा सुधार गरी जनतालाई सहज, सरल तथा छिटो छरितो विधिबाट गुणस्तरीय सेवा प्रवाह गरिनुपर्छ।
- सुशासन र जवाफदेहिताले मात्रै समृद्धिको अभियानलाई सहयोग गर्न सक्दछ, त्यसैले सबैले आ-आफ्ना क्षेत्रमा जिम्मेवार र जवाफदेहीका साथ काम गरी सुशासन कायम गर्न प्रयत्नशील रहनुपर्छ।
- विकृति र विसंगतिको चरम दुष्चक्रमा फसेर राष्ट्रसेवकहरुले गर्ने घृणित कर्मले गर्दा देशले समृद्धिको गति लिन नसक्ने हुँदा दुष्चक्रको अन्त्यको लागि कडा कानुनी व्यवस्थासहित सुशासन जगाउनुपर्छ। सुशासनको लागि जिम्मेजार सबै न्यायिक निकायहरुले निष्पक्ष र विश्वासनीय न्याय सम्पादन गरी सुशासनको जग बलियो बनाउनुपर्छ।
- सुशासनको लागि आधुनिक सूचना प्रविधिको प्रयोगलाई हरेक क्षेत्रमा व्यवस्थित गरी लागु गर्दै मुलुकलाई अग्रगामी दिशामा अगाडि बढाउनुपर्छ। त्यसले वित्तीय कारोबारलाई नगदरहित विद्युतीय कारोबारमा बदलिदिन्छ, मुलुकमा व्याप्त भ्रष्टाचार, घुस र अनियमितता नियन्त्रण गर्न महत्वपूर्ण भूमिका खेल्नुको साथै हरेक क्षेत्रलाई जवाफदेही र पारदर्शी बनाउन मद्दत गर्दछ।
- नीतिगत तथा संस्थागत सुधार गरी राजनीतिक, प्रशासनिक र अन्य क्षेत्रमा हुने भ्रष्टाचारलाई नियन्त्रण गर्दै कठोरताका साथ शून्य सहनशीलताको विन्दुमा भ्रष्टाचारलाई झार्ने अभियान सञ्चालन गर्नुपर्छ।
- संघीयता लागु गरिएको वर्तमान परिपेक्षमा संघीयताले जनतालाई नजिक बनाएर समृद्धिको राष्ट्रिय अभियानमा विना अवरोध अगाडि बढाउन सक्नुपर्छ। सुशासन, भ्रष्टाचार नियन्त्रण, वित्तीय पारदर्शिता तथा कानुनी शासन एवं समयानुकूल कानुनका सुधार गरेर संघीयतालाई समृद्धिको आधारशीला बनाउने ग्यारेन्टी राज्यले लिनुपर्छ। साथै तीनै तहका सरकारले आ-आफ्ना आर्थिक विकासको रोडम्याप तयार गरी समृद्धिको अभियानमा समन्वयात्मक रुपमा एक आपसमा मिलेर काम गर्नुपर्छ।
- राष्ट्र निर्माणको अभियानमा सुशासनलाई विकासको आधार स्तम्भ बनाउँदै देशको अनूकुलतालाई ध्यानमा राखी आर्थिक सुधारको नीति अगाडि सारेर आर्थिक तथा भौतिक पूर्वाधार, औद्योगीकरण, कृषि तथा पर्यटनको विकास, विज्ञान र प्रवृत्तिको विकासमा विश्वलाई चकित पार्ने काम गर्नुपर्छ।
- विज्ञान र प्रविधिको क्षेत्रमा विकास भएका नयाँ नयाँ प्रविधिलाई भित्राएर उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने, गुणस्तरीय सेवा प्रवाह गर्ने तथा प्रशासनिक क्षेत्रमा डिजीटल प्रणाली लागु गरेर सुशासन कायम गरी देशलाई समृद्धि र आधुनिकीकरणको दिशामा अगाडि बढाउनुपर्छ।
- संघीयतामार्फत सुशासन तथा परिवर्तनको अनुभूति दिनका लागि सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शी, सहभागितामूलक र जवाफदेही बनाउनुको साथै विद्युतीय सुशासन कायम गर्ने नीति लिनुपर्छ। सेवा प्रवाह, विकास निर्माण, खरिद प्रक्रिया लगायतमा कायम रहेको प्रक्रियागत झञ्झट र लामो प्रक्रियालाई सहज बनाउँदै लैजाने नीति लिनुपर्छ।
- वित्तीय अनुशासन र सुशासनमा जोड दिँदै सुशासनयुक्त कार्यालय र भ्रष्टाचारमुक्त प्रदेशको सपना साकार पार्ने अभियानमा प्रदेश सरकारले विशेष भूमिका निभाउनुपर्छ। आर्थिक विकस र समृद्धिको अभियानमा स्थानीय तहको दायित्व र भूमिका पनि महत्वपूर्ण रहेको छ।

## ४. स्थानीय तहको दायित्व र भूमिका (Responsibilities and Role of the Local Level)

स्थानीय सरकारले स्थानीय नागरिकको चाहनाअनुसार विकास निर्माणको अभियान सञ्चालन गरी परिवर्तनको अनुभूति आम जनतामा हुनेगरी कामलाई अगाडि बढाउन सक्नुपर्छ। आफ्नो अधिकार क्षेत्रको कुसलतापूर्वक उपयोग गर्दै आफ्नो पालिकाको विकास र समृद्धिको लागि योजनबद्ध ढङ्गले कार्ययोजना बनाई समय सीमाभित्र गुणस्तरीय, दिगोपनमा कुनै सम्झौता नहुनेगरी सफल कार्यान्वयनमा जोड दिन सक्नुपर्छ। स्थानीय तहलाई बलियो बनाउन केही विषयवस्तुलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ।

- सिंहदरबारको अधिकारलाई जनताको घरदैलोमा पुऱ्याइएको अनुभूति जनतालाई गराउने गरी जनताको घरदैलोमा सहज रुपमा न्यून शुल्कमा गुणस्तरीय सेवा र सुविधा पुऱ्याउन सक्नुपर्छ। सरकारले सेवा गरेर शासकीय क्षमताको विकास गर्नुपर्छ, स्थानीय तह पूर्णरुपमा राजनीतिक स्थिरता भएको सरकार हो, केवल शान्ति स्थापना गर्दै निरन्तर रुपमा विकास र समृद्धिको अभियानमा लागिरहनुपर्छ।
- विकासमा आम जनताको सहभागिता बढाउने, विकास योजनाहरु आवश्यकताको आधारमा जनताकै तहबाट प्रस्ताव ल्याउने वातावरण बनाउने, उपलब्ध हुनसकेसम्म स्थानीय तहको स्रोत परिचालन गराउने रणनीति लिनुपर्छ।
- स्थानीय जनतालाई स्वस्फूर्त रुपमा लगानी गर्ने वातावरण सिर्जना गरी स्थानीय लगानीलाई उत्पादनमा लगाउन उत्साहित पार्नुपर्छ। आफ्नो स्थानीय तहलाई कुन कुन कुराको हब बनाएर जनताको जीवन स्तर माथि उठाउन सकिन्छ, त्यसमा स्थानीय सरकारले अध्ययन गरी प्राविधिक तथा आर्थिक सहयोगका कार्यक्रमहरु अगाडि सार्नुपर्छ।
- विकास निर्माण तथा सेवा सुविधा दिने कार्यमा ढिलासुस्तीको अन्त्य गरेर जनतालाई उत्साही बनाउनुपर्छ। आर्थिक विकास, समृद्धि र सुशासन जनताका चाहना भन्ने नारा अगाडि सारेर जनप्रतिनिधीहरु आफ्नो गाउँ तथा नगरलाई नमुना बनाउन योजनाबद्ध ढङ्गले लाग्नुपर्छ।
- आफ्नो नगर तथा गाउँमा रहेका मानवीय स्रोतहरुको सीप तथा क्षमताको वर्गीकरण गरी सीप र क्षमताको आधारमा मानवीय स्रोतको परिचालन गरी विकासको अभियानमा अगाडि बढाउनुपर्छ।
- जनप्रतिनिधिहरुले आ-आफ्नो स्थानीय तहको आर्थिक विकास र समृद्धिको मार्गचित्र तयार गरी मार्गचित्रलाई समय सीमाभित्र पूरा गर्न जनप्रतिनिधिहरुले कर्तव्यनिष्ठ भएर नेतृत्व गर्दै जनसहभागितालाई विकासको आधार बनाउन सक्नुपर्छ।
- विज्ञ तथा स्थानीय जनसमुदायको सल्लाह र सुझावको आधारमा आफ्नो गाउँ तथा नगरको दिगो आर्थिक विकासको अवधारणा ल्याई वातावरण अनुकूल विकास निर्माणको कार्यमा जोड दिनुपर्छ।
- आफ्नो नगर तथा गाउँमा रहेका सामाजिक विकृति र विसंगतिको पहिचान गरी समस्या समाधान गरी सामाजिक न्याय सहित सामाजिक रुपान्तरण गर्नुपर्छ। गरिबी निवारण, रोजगारी सिर्जना, उद्यमशीलता, जनताका आधारभूत आवश्यकता, शिक्षा र स्वस्थ्य क्षेत्रमा विशेष ध्यान दिएर नमुना पालिका बनाउने रणनीति र कार्यक्रमहरु अगाडि सार्नुपर्छ
- स्थानीय तहले आर्थिक विकास र समृद्धिका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाको तर्जुमा गरी कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्छ।
- आफ्नो गाउँ तथा नगरभित्रका प्राकृतिक स्रोत र साधनको पहिचान गरी प्राकृतिक स्रोत र साधनहरूको दुरुपयोग नहुने गरी पालिकाको विकास लागि आवश्यकता अनुसार उपयोग गर्ने कार्ययोजना बनाई समृद्धिको दिगो आधार तयार गर्नुपर्छ।
- स्थानीय तहमा धेरै पार्टीका जनप्रतिनिधिहरुले प्रतिनिधित्व गरेको अवस्थामा स्थानीय तहको विकास र समृद्धिको लागि आपसमा सहमति, सहकार्य र समन्वय गरेर नै समस्याको समाधान खोजिनुपर्छ।
- जनप्रतिनिधि र कर्माचारीमा देखिएको शक्ति संघर्षलाई निराकरण गर्न सबैले कानुनी राज्यको अवधारणलाई आत्मसात् गर्दै इमानदारसँग आ-आफ्नो अधिकार क्षेत्र र कानुनको परिधिभित्र रहेर सहमतिका साथ सहकार्य गर्नुपर्छ। असल शासन, कुशल प्रशासन र सुशासन कायम गर्न जनप्रतिनिधि र कर्माचारी एक आपसमा एक रथका दुई पाङ्ग्राको रुपमा स्थानीय तहलाई हाक्न सक्नुपर्छ।

- स्थानीय तहमा नै स्थानीय आम्दानीका क्षेत्रहरुको पहिचान गरी आम्दानी वृद्धि हुने नीति तथा कार्यक्रमहरु सरकार तथा निजी क्षेत्रले समन्वयत्मक ढङ्गले ल्याई जनताको आम्दानी बढाउनुपर्छ।
- महिला तथा युवाहरूलाई राष्ट्रिय उत्पादनमा जोड्ने रणनीतिसहित कृषि, पर्यटन र औद्योगिक क्षेत्रमा क्रियाशील बनाउनुपर्छ। गरिबीको रेखामुनि रहेका जनताको जीवनस्तर माथि उठाउँदै ग्रामीण अर्थतन्त्रको जग बलियो बनाउनुपर्छ। दयनीय अवस्थामा रहेको ग्रामीण अर्थतन्त्रमा सुधार ल्याउन स्थानीय तहको सरकारले प्रमुख भूमिका खेल्दै अन्य तहका सरकारले लगानी वृद्धि गरी ग्रामीण अर्थतन्त्रलाई सुदृढ बनाउनुपर्छ।
- स्थानीय तहको ग्रामिण भेगमा स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्योगको विकासमा जोड दिन सामूहिक लगानी प्रणालीको विकास गर्नुपर्छ। कच्चा पदार्थको मुख्य स्रोतको रुपमा रहेको ग्रामिण भेगमा ग्रामिण औद्योगिकरण गर्न सरकारले ध्यान दिएर गुणस्तरीय उत्पादनमा जोड दिँदै आधुनिक प्रविधि र बजारीकरणमा सहजीकरण गरिदिनुपर्छ। साथै स्थानीय तहले आर्थिक विकासको लागि आवश्यक पर्ने दक्ष एवम् सिपयुक्त मानवीय शक्ति निर्माणमा पनि विशेष जोड दिनुपर्छ।
- आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न स्थानीय तहले कृषिलाई पहिलो प्राथमिकतामा राखेर समृद्धिको जग स्थानीय तहबाट उठाउनुपर्छ। आफ्नो स्थानीय तह खाद्यान्नमा आत्भनिर्भर बनाउने रणनीति बनाउनुपर्छ, कृषिजन्य तथा पशुजन्य निर्यात र आयतमा सन्तुलन कायम गर्दै स्थानीय तहको व्यापार घाटा शून्यमा झार्दै निर्यातमुखी उत्पादनमा केन्द्रित हुने रणनीतिक योजना बनाई अगाडि बढ्नुपर्छ। संघीय तथा प्रदेश सरकारले पनि स्थानीय तहलाई कृषिजन्य तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर गराउन र निर्यातमुखी उत्पादनमा बढवा दिन योजनाबद्ध ढंगले सहयोगका कार्यक्रमहरु अगाडि सार्नुपर्छ।
- प्रत्येक स्थानीय तहमा स्थानीय भूमिहीन र सुकुमवासीहरुलाई सामूहिक आवासको व्यवस्था गरी राज्यद्वारा सञ्चालन गरेको कृषि, पर्यटन, उद्योग, निर्माणलगायत विभिन्न क्षेत्रमा रोजगारी सिर्जना गरी उनीहरुको जीवन स्तर उठाउने रणनीतिक योजना बनाई कार्यान्वयनमा अगाडि बढ्नुपर्छ।
- स्थानीय तहले अधिकतम रोजगारी सिर्जना गरी आफ्नो तहका नागरिकलाई रोजगारी दिन सक्नुपर्छ, रोजगारी प्रवर्द्धन गर्न स्थानीय रोजगारी प्रवर्द्धन वोर्ड बनाउने र रोजगारी आफैं सिर्जना गर्न तालिम दिने, सीप प्रदान गर्ने, ऋणको प्रबन्ध गरिदिने, रोजगारी सम्बन्धी तथ्यांक राख्ने, रोजगारीको लागि माथिल्लो निकायमा समन्वय गरी रोजगारी प्रबन्ध गर्ने कामलाई प्राथमिकतामा राखेर काम गर्नुपर्छ।
- स्थानीय सरकारहरूले स्थानीय सामुदायिक तथा गैरसरकारी संघ संस्थाहरुलाई निश्चित रकमसहितको कार्यक्रम उपलब्ध गराउने र उनीहरूमार्फत् सामाजिक अभियानहरूको सञ्चालन र रोजगारीहरूको सिर्जना गर्ने नीति अवलम्बन गर्नुपर्छ।
- स्थानीय तहले स्थानीय उत्पादनको आधारमा नगरस्तरीय तथा गाउँस्तरीय एकीकृत आन्तरिक बजार व्यवस्थापन गर्नुपर्छ भने आवश्यकताको आधारमा संकलन केन्द्रहरुको व्यवस्था गरी नियमित रुपमा एकीकृत आन्तरिक बजारमा पुर्‍याउने व्यवस्था गर्नुपर्छ। संकलन केन्द्रहरुमा त्यस क्षेत्रका आमजनतालाई आवश्यक पर्ने वस्तु तथा सेवा सरल र सहज तरिकाले सुपथ मूल्यमा उपलब्ध गर्ने व्यवस्था एकीकृत आन्तरिक बजार व्यवस्थापनले गर्नुपर्छ।
- स्थानीय तहको लागि आवश्यक आयात गर्नुपर्ने वस्तु तथा सेवा प्रदेशस्तरीय संकलन केन्द्र र प्रदेशस्तरीय एकीकृत आन्तरिक बजारबाट आयात गर्ने व्यवस्था गर्नुपर्छ। साथै अन्य स्थानीय तह स्तरीय एकीकृत आन्तरिक बजारहरुबिच पनि आयात निर्यातको प्रबन्ध मिलाउनुपर्छ। बजार व्यवस्थापनको जिम्मेवारी सम्बन्धित स्थानीय तहले लिनुपर्छ।
- प्रत्येक स्थानीय तहले आफ्नो गाउँ तथा नगरपालिकामा एक औद्योगिक क्षेत्र घोषणा गरी पूर्वाधार विकासको लागि पानी, विद्युत तथा सडकको व्यवस्था गर्नुपर्छ। औद्योगिक विस्तारको लागि गाउँपालिका र नगरपालिका स्वयंले वा साझेदारीमा लगानी गरी उद्योगधन्दाको विकासमा जोड दिनुपर्छ। स्थानीय सरकारले स्थानीय कला, संस्कृतिको प्रवर्द्धन र संरक्षण गर्दै स्थानीय क्षेत्रमा पाइने कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनको लागि काम गर्नुपर्छ।
- उद्योग सञ्चालन तथा अन्य कुनै पनि व्यवसाय गर्न इच्छुक व्यक्ति तथा संस्थाको मनोबल र आत्म विश्वास बढाउन व्यवसाय सञ्चालन सम्बन्धी आधारभूत मान्यताको जानकारी दिने उद्देश्यले तालिम तथा प्रशिक्षणको व्यवस्था स्थानीय तहको सरकारले व्यवस्थापन गर्न सक्नुपर्छ।

- स्थानीय तहले संविधानमा स्थानीय तहको अधिकारको सूची तथा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीले प्रदान गरेको अधिकारलाई आधार बनाएर पालिका तथा स्थानीय जनताको हितमा निरन्तर काम गरिरहनुपर्छ।

### स्थानीय तहको अधिकारको सूची (List of Local Level Rights)

स्थानीय तहको अधिकारको सूची संविधानको अनुसूची ८ मा २२ वटा अधिकारहरु समावेश गरिएको छ। ती अधिकारहरुमा (१) नगर प्रहरी, (२) सहकारी संस्था, (३) एफ. एम सञ्चालन, (४) स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन, (५) स्थानीय सेवाको व्यवस्थापन, (६) स्थानीय तथ्यांक र अभिलेख संकलन, (७) स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू, (८) आधारभूत र माध्यमिक शिक्षा, (९) आधारभूत स्वास्थ्य र सरसफाइ, (१०) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, (११) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ, (१२) गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, (१३) स्थानीय अभिलेख व्यवस्थापन, (१४) घर जग्गा धनी पुर्जा वितरण, (१५) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, (१६) ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, (१७) बेरोजगारको तथ्यांक संकलन, (१८) कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण, (१९) खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा, (२०) विपद व्यवस्थापन, (२१) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण र (२२) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास रहेका छन्।

आफ्नो अधिकार क्षेत्रभित्र रहेर संवैधानिक रुपमा व्यवस्था गरिएको स्थानीय आर्थिक कार्यप्रणालीको आधारमा स्थानीय जनताको हितमा काम गर्नुपर्छ।

### स्थानीय आर्थिक कार्यप्रणाली (Local Economic Functioning)

संविधानको भाग-१९ को धारा २२८ देखि धारा २३० सम्म स्थानीय आर्थिक कार्यप्रणालीबारे व्यवस्था गरिएको छ। जस अन्तर्गत,

- संविधानको धारा २२८ मा कर लगाउन वा ऋण लिन नपाइने : (१) कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन पाइने छैन। (२) स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ।
- संविधानको धारा २२९ मा स्थानीय सञ्चित कोष : (१) स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहनेछ। त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ। (२) उपधारा (१) बमोजिमको स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्च सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ।
- संविधानको धारा २३० मा गाउँपालिका र नगरपालिकाको राजस्व र व्ययको अनुमान : (१) यस संविधानको अधीनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्नेछ। (२) उपधारा (१) बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नु पर्ने भएमा संघीय कानून र प्रदेश कानून बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्नेछ भनी उल्लेख गरिएको छ।
- विशेषत बजेट तथा पुँजीगत खर्चमा स्थानीय तह, प्रदेश र संघीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र रहेर आवश्यकता, औचित्य र प्राथमिकताको आधारमा बजेट विनियोजन गरी प्रभावकारी रुपमा समयमा नै पुँजीगत खर्च गर्न जोड दिनुपर्छ।

## ३. बजेट र पुँजीगत खर्च (Budget and Capital Expenditure)

समृद्धिको बाधक भनेको कमजोर पुँजीगत खर्च हो, त्यसैले पुँजीगत खर्चको गति बढाउन निर्धारित समयमा परियोजना सम्पन्न गर्नु नै एक मात्र विकल्प हो। पुँजीगत खर्च र समृद्धि एक आपसका परिपूरक नै हुन्, त्यसैले पुँजीगत खर्च कसरी सही सदुपयोग गरी समयमा नै परियोजना सफलताका साथ सम्पन्न गर्ने भन्ने कुरामा सबैको ध्यान केन्द्रित हुन सक्नुपर्छ। सरकारले बजेट निर्माण गर्दा आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम, सरकारको नीति तथा कार्यक्रमलाई आधार बनाएर प्राथमिकता र औचित्यका आधारमा बजेट विनियोजन गर्ने नीतिलाई व्यवहारिकता ढाल्न सक्नुपर्छ। योजना तर्जुमा गर्दा अपनाउनु पर्ने प्रक्रियागत विधिमा हस्तक्षेपको नीति नलिई स्वतन्त्र रुपमा योजना तर्जुमा गर्ने प्रणालीको विकासमा जोड दिन सकेको खण्डमा पुँजीगत खर्चले गति लिन सहज हुनेछ। बजेट र पुँजीगत खर्च सम्बन्धी केही विषयवस्तुहरु बुँदागत रुपमा प्रस्तुत गरिएको छ।

- परियोजनाको विस्तृत अध्ययन गरेर आयोजना छनोट गर्ने र बजेट विनियोजन गरी कार्यान्वयनमा ल्याउनुपर्छ, राजनीतिक दबाबका कारण विना अध्ययन परियोजना छनोट गर्ने कार्यको अन्त्य गरिनुपर्छ। परियोजना निर्माणको मापदण्ड अनिवार्य रुपमा आवश्यकता अनुसार सार्वजनिक गरी गुणस्तरमा सबैको निगारानी हुने व्यवस्था गरिनुपर्छ।
- बजेटले जनमुखी विकासमा जोड दिँदै जनतालाई उत्पादनमूलक तथा विकासशील क्षेत्रमा प्रोत्साहन गरी उच्च मनोबलका साथ अगाडि बढाएर समाजवाद उन्मुख अर्थतन्त्रलाई टेवा पुऱ्याउनुपर्छ।
- तीनै तहका सरकारले अर्थतन्त्रलाई राष्ट्रिय एजेन्डामा केन्द्रित गरी अर्थतन्त्रको आधारभूत जग बसाउनुपर्छ। बजेटलाई विकास र उत्पादनमा केन्द्रित गरी आर्थिक वृद्धिदर दिगो बनाउने नीति लिनुपर्छ।
- बजेटमा ऊर्जा, पूर्वाधार विकास, कृषि, पर्यटन, औद्योगीकरणलाई पहिलो प्राथमिकतामा राखेर आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने कार्यक्रम अगाडि ल्याउनुपर्छ।
- बजेटलाई नारा र वितरणमुखी नबनाई दिगो आर्थिक विकासमा लगानी गर्न जोड दिनुपर्छ। आर्थिक वृद्धिदर उच्च र दिगो बनाउन स्थानीय सरकारलाई विकास बजेटको ठुलो हिस्सा उपलब्ध गराउनुपर्छ।
- आर्थिक वृद्धिलाई गति दिने महत्वपूर्ण आधार स्तम्भ भनेको पुँजीगत खर्च हो। त्यसले नै पूर्वाधार निर्माणको आधार प्रदान गर्ने तथा आर्थिक रुपान्तरणको मार्ग प्रशस्त गर्ने काम गर्दछ । त्यसैले सबै तहका सरकारले सम्पूर्ण सामर्थ्य लगाएर पुँजीगत खर्च बढाउने प्रयास गर्नुपर्छ।
- सबै तहका सरकारहरुले इमान्दारिताको साथ  पुँजीगत खर्च र विकास निर्माणमा उच्च प्राथमिकता दिँदै प्रयाप्त पुँजीगत बजेटको विनियोजन गर्नुपर्छ।
- पुँजीगत खर्च अर्थात् विकास खर्चमा सरकार, कर्मचारी र ठेकदार मिलेर भ्रष्टाचार गर्ने प्रणालीमा सुधार गरी निर्धारित समयमा विश्वासनीय तथा गुणस्तरीय विकास निर्माण गर्ने प्रणालीको विकास गर्नुपर्छ।
- पुँजीगत खर्चको सही सदुपयोग र अनुकूल मौसमलाई ध्यानमा राखी कार्यान्वयनलाई जोड दिनुपर्छ। आर्थिक वर्षको आन्तिममा आएर मात्रै विकास गतिविधि तीव्र बनाउने परिपाटीकको अन्त्य गरिनुपर्छ। पुँजीगत खर्चका लागि भएका मौज्दात ऐन, नियम, कानुनमा रहेका अवरोधलाई हटाएर समय सापेक्षा सुधार गरिनुपर्छ।
- सरकारको निगारानी गर्ने विपक्षी दलहरु नै सत्तापक्षसँग मिलेर जनताको विकासका लागि छुट्याएको रकम मिलेमतोमा दुरुपयोग गर्ने परिपाटी विरुद्ध जनता तथा पार्टीहरुले कडा निगारानी गरिरहनुपर्छ।
- पुँजीगत खर्च बढाउन बजेट तर्जुमाको क्रममा शीर्षकगत रूपमा पर्याप्त छलफल र समन्वय गरी आयोजनाको लागत विश्लेषणका आधारमा युनिट मूल्यलाई ध्यानमा राखेर खर्चको पूर्वानुमान गरी सरकारले बजेट विनियोजन गर्नुपर्छ।
- अघिल्लो वर्ष नै आयोजनाको विस्तृत सर्वे डिजाइन, वातावरणीय प्रभाव मूल्यांकन तथा लागत अनुमान एवं सम्भाव्यता अध्ययन नभएका आयोजना र कार्यक्रममा बजेट विनियोजन गर्ने परिपाटीको अन्त्य हुनुपर्छ।
- आयोजनाको अवधिभर योग्य, दक्ष मानवीय स्रोत परिचालन गर्ने, आयोजना प्रमुख तथा परियोजनामा खटिएका कसैलाई पनि कुनै अनियमिता नगरेसम्म र समय तालिकाअनुसार कार्यान्वयनमा कमिकमजोरी नगरेसम्म आयोजनाबाट हटाउनु हुँदैन। साथै आयोजनाको सम्पूर्ण जिम्मेवारी लिने गरी पूर्ण अधिकार पनि प्रदान गरिनुपर्छ।

- विकास निर्माणको कार्यमा अवरोध नआउने गरी सम्बद्ध सबै निकायहरूको परामर्शमा एकीकृत नीति जारी गरी कार्यान्वयनमा ल्याउनुपर्छ । आयोजनाको कार्य प्रगतिका आधारमा रकम भुक्तानी गर्ने व्यवस्थामा सहज तथा सरल कार्यविधि बनाउनुपर्छ ।
- पुँजीगत खर्च बढाउनको लागि प्रत्येक चौमासिकमा गम्भीरतापूर्वक प्रगति मूल्यांकन गर्ने परम्परा बसाल्नुपर्छ र त्यहाँ देखिएका समस्याहरुको तत्काल समाधान गर्दै लक्ष्य अनुसार प्रगति हासिल गर्नमा जोड दिनुपर्छ ।
- सर्वप्रथम अधुरा परियोजनालाई पूर्णता दिँदै आवश्यकता र औचित्यका आधारमा नयाँ योजनाहरु अगाडि बढाउनुपर्छ । विनियोजित बजेटलाई अनुत्पादक क्षेत्रमा खर्च नगर्ने, मितव्ययी ढङ्गले खर्च गर्ने भरपर्दो परिपाटीको विकासमा जोड दिनुपर्छ ।
- राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजना तथा ठुला परियोजना समयमा नै सम्पन्न गर्न न्यूनतम दुई सिफ्ट वा तीन सिफ्टमा काम गर्ने अवधारणालाई कार्यान्वयन गर्दै तोकिएको समयभन्दा छिटो सम्पन्न गर्न सक्नुपर्छ ।
- बजेट वितरणमुखी बनाउनुहुँदैन, बजेट विनियोनमा सन्तुलनको नीति अवलम्बन गर्नुपर्छ । पुँजीगत खर्च हुनु ठुलो कुरा नभई त्यसको गुणस्तर कस्तो रह्यो भन्ने कुरामा जोड दिनुपर्छ ।
- सालवसाली आयोजना तथा कार्यक्रमहरु दबाबका आधारमा योजना राख्ने परिपाटीको अन्त्य गरी परियोजना बैंकमार्फत् आयोजना तथा कार्यक्रमहरु छनोट गरी योजनाहरु अगाडि सार्नुपर्छ । साथै आर्थिक तथा सामाजिक रुपान्तरणमा समेट्नुपर्ने धैरै विविध क्षेत्रहरु रहेका छन् ।

# परिच्छेद पाँच
# विविध
# (Miscellaneous)

प्रदेशको सामाजिक तथा आर्थिक रुपान्तरणको लागि संविधानले दिएका अधिकारलाई आधार बनाएर अगाडि बढ्नुपर्ने भएकोले प्रादेशिक अधिकारको बारेमा जानकारी लिनु नीति निर्माता, कार्यान्वयनको क्षेत्रमा काम गर्ने तथा सर्वसाधारण सबैको लागि अत्यन्त महत्वपूर्ण छ। सबै तहका सरकारले आ-आफ्नो तहका अधिकारभित्र रहेर समग्र मुलुकको आर्थिक विकास र समृद्धिमा जोडिनुपर्छ।

## १. प्रादेशिक अधिकार (Provincial Rights)

नेपालको संविधान २०७२ जारी भए पाश्चात नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई अंगीकार गरेर अगाडि बढिरहेको छ। शासकीय स्वरुपमा संघीय सरकार, ७ वटा प्रादेशिक सरकार र ७५३ वटा स्थानीय सरकारहरु गरी ७६१ वटा सरकारले संविधानले दिएको अधिकार क्षेत्रभित्र रहेर काम गरिरहेका छन्। तीन तहका सरकारका संवैधानिक रुपमा तीन किसिमका अधिकारहरु रहेका छन्।

### १. एकल अधिकार (Single Right)

क. संघको अधिकार - संविधानको अनुसूची ५ मा ३५ वटा अधिकारको सूची रहेका छन्।
ख. प्रदेशको अधिकार - संविधानको अनुसूची ६ मा २१ वटा अधिकारको सूची रहेका छन्।
ग. स्थानीय तहको अधिकार - संविधानको अनुसूची ८ मा २२ वटा अधिकारको सूची रहेका छन्।

### २. साझा अधिकार (Common Rights)

क. संघ र प्रदेशको साझा अधिकार - संविधानको अनुसूची ७ मा २५ वटा अधिकारको सूची रहेका छन्।
ख. संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार - संविधानको अनुसूची ९ मा १५ वटा अधिकारको सूची रहेका छन्।

### ३. अवशिष्ट अधिकार (Residuary Rights)

संविधानको धारा ५८ को अवशिष्ट अधिकारमा यस संविधान बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुनेछ भन्ने उल्लेख गरिएको छ। संविधानको भाग २० अन्तर्गत धारा २३१ देखि धारा २३७ सम्म संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धको बारेमा उल्लेख गरिएको छ। संविधानको सूचीहरुमा प्रदेशको अधिकार तीन किसिमका छन्।

### क. प्रदेशको अधिकार सूची (List of Province Rights)

संविधानको अनुसूची ६ मा २१ वटा अधिकारको सूची प्रदेशको अधिकार क्षेत्रभित्र पर्छन्, ती अधिकारहरु (१) प्रदेशको प्रहरी प्रशासन र शान्ति सुरक्षा, (२) नेपाल राष्ट्र बैंकको नीति अनुरुप वित्तीय संस्थाहरुको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग, (३) रेडियो एफ. एम., टेलिभिजन सञ्चालन, (४) घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना, (५) प्रदेश निजामति सेवा र अन्य सरकारी सेवा, (६) प्रदेश तथ्याङ्क, (७) प्रदेश स्तरको विद्युत, सिँचाइ र खानेपानी सेवा, परिवहन, (८) प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय, (९) स्वास्थ्य सेवा, (१०) प्रदेश सभा, प्रदेश मन्त्रीपरिषद सम्बन्धी, (११) प्रदेशभित्रको व्यापार, (१२) प्रदेश लोकमार्ग, (१३) प्रदेश अनुसन्धान व्यूरो, (१४) प्रदेश सरकारी कार्यालयको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषय, (१५) प्रदेश लोसेवा आयोग, (१६) भूमि व्यवस्थापन, जग्गाको अभिलेख, (१७) खानी अन्वेषण र व्यवस्थापन, (१८) भाषा, लिपी, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग, (१९) प्रदेशभित्रको राष्ट्रिय वन, जल उपभोग तथा वातावरण व्यवस्थापन, (२०) कृषि तथा पशु विकास, कलकारखाना, औद्योगीकरण, व्यापार र (२१) गुठी व्यवस्थापन रहेका छन्।

### ख. संघ र प्रदेशको साझा अधिकारको सूची (List of Common Rights of Federal and Province)

संविधानको अनुसूची ७ मा २५ वटा अधिकारलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा राखिएको छ। (१) फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र शपथ (कानुनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया), (२) आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन, (३) देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था, (४) एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण, (५) पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानुन, (६) सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना, (७) करार, सहकारी, साझेदारी र एजेन्सी सम्बन्धी, (८) टाट पल्टेको र दामासाही सम्बन्धी, (९) औषधि र विषादि, (१०) योजना, परिवार नियोजन र जनसंख्या व्यवस्थापन, (११) सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी कार्य (१२) कानुन व्यवसाय, लेखापरीक्षण, इन्जिनियरिङ, चिकित्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्ची र अन्य पेशा, (१३) प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता, (१४) सञ्चार माध्यम सम्बन्धी, (१५) उद्योग तथा खनिज र भौतिक पूर्वाधार, (१६) क्यासिनो, चिठ्ठा, (१७) प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ, (१८) पर्यटन, खानेपानी तथा सरसफाइ, (१९) चलचित्र, सिनेमा हल, खेलकूद, (२०) बीमा व्यवसाय सञ्चालन र व्यवस्थापन, (२१) गरीबी निवारण र औद्योगीकरण, (२२) वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास, (२३) अन्तरप्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग, (२४) भूमि नीति र सो सम्बन्धी कानुन र (२५) रोजगारी र बेरोजगार सहायता

### ग. संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची (Common List of Rights of Federal, Provincial and Local Levels)

संविधानको अनुसूची ९ मा १५ वटा अधिकारलाई तीनै तहको साझा अधिकारको सूचीमा राखिएको छ। (१) सहकरी, (२) शिक्षा, खेलकूद र पत्रपत्रिका, (३) स्वास्थ्य, (४) कृषि, (५) विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरु, (६) सेवा शुल्क, दस्तुर, दण्ड जरिमाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्याटन शुल्क, (७) वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता, (८) खानेपानी तथा खनिज, (९) विपद व्यवस्थापन, (१०) सामाजिक सुरक्षा र गरीबी निवारण, (११) व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक, (१२) पुरातत्व, प्राचीन स्मारक र संग्रहालय, (१३) सुकुम्बासी व्यवस्थापन, (१४) प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र (१५) सवारी साधन अनुमति

नेपालको संविधान २०७२ ले राज्यशक्तिको बाँडफाँटको आधारमा तीन तहका सरकारले इमानदारसँग काम गरेर संघीयतालाई परिष्कृत बनाउन सक्नुपर्छ।

### राज्यशक्तिको बाँडफाँट (Sharing of State Power)

संविधानको धारा ५७ मा राज्यशक्तिको बाँडफाँट अन्तर्गत (१) संघको अधिकार अनुसूची-५ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र संघीय कानून बमोजिम हुनेछ। (२) प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र प्रदेश कानून बमोजिम हुनेछ। (३) संघ र प्रदेशको साझा अधिकार अनुसूची-७ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान, संघीय कानून र प्रदेश कानून बमोजिम हुनेछ। (४) स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुनेछ। (५) संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र संघीय कानून, प्रदेश कानून र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुनेछ। (६) उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म आमान्य हुनेछ। (७) उपधारा (५) बमोजिम गाउँ सभा वा नगर सभाले कानून बनाउँदा प्रदेश कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र गाउँ सभा

वा नगर सभाले बनाएको त्यस्तो कानून प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म आमान्य हुनेछ भनी उल्लेख गरिएको छ।

राज्यशक्तिको बाँडफाँटको आधारमा तीन तहका सरकार जिम्मेवार भएर आर्थिक अधिकारको प्रयोग गरी सामाजिक तथा आर्थिक रुपान्तरणको अभियानमा लाग्न सक्नुपर्छ।

### **आर्थिक अधिकारको प्रयोग** (Exercise of Economic Rights)

संविधानको धारा ५९ मा आर्थिक अधिकारको प्रयोग अन्तर्गत (१) संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने छन्। (२) संघले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी आवश्यक नीति, मापदण्ड र कानून बनाउन सक्नेछ। (३) संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउनेछन् र प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुनेछ। (४) संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्नेछ। त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्नेछ। (५) संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानून बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनु पर्नेछ। घछ (६) वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको हुनेछ। त्यस्तो सहायता वा ऋण लिंदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनु पर्नेछ। (७) संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ भनी उल्लेख गरिएको छ।

तीनै तहका सरकारले आर्थिक व्यवस्थापनको लागि राजस्व स्रोतको बाँडफाँटको विधिलाई ध्यानमा दिई थप स्रोतको खोजी गर्न सक्नुपर्छ।

### **राजस्व स्रोतको बाँडफाँट** (Sharing of Revenue Sources)

संविधानको धारा ६० मा राजस्व स्रोतको बाँडफाँट अन्तर्गत (१) संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्नेछन्। तर साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ। (२) नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउनेछ। (३) प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ। (४) नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ। (५) प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानून बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने छन्। (६) नेपाल सरकारले संघीय सञ्चित कोषबाट प्रदान गर्ने सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरण सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ। (७) संघ, प्रदेश र स्थानीय तह बिच राजस्वको बाँडफाँट गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नु पर्नेछ। (८) राजस्व बाँडफाँट सम्बन्धी संघीय ऐन बनाउँदा राष्ट्रिय नीति, राष्ट्रिय आवश्यकता, प्रदेश र स्थानीय तहको स्वायत्तता, प्रदेश र स्थानीय तहले जनतालाई पुर्‍याउनु पर्ने सेवा र उनीहरूलाई प्रदान गरिएको आर्थिक अधिकार, राजस्व उठाउन सक्ने क्षमता, राजस्वको सम्भाव्यता र उपयोग, विकास निर्माणमा गर्नुपर्ने सहयोग, क्षेत्रीय असन्तुलन, गरीबी र असमानताको घट न्यूनीकरण, वञ्चितीकरणको अन्त्य, आकस्मिक कार्य र अस्थायी आवश्यकता पूरा गर्न सहयोग गर्नु पर्ने विषयहरूमा ध्यान दिनु पर्नेछ भन्ने उल्लेख गरिएको छ।

प्रदेश सरकारले संवैधानिक रुपमा व्यवस्था गरेको प्रदेश आर्थिक कार्यप्रणालीलाई आधार बनाएर आर्थिक गतिविधिलाई क्रियाशील बनाउन सक्नुपर्छ।

**प्रदेश आर्थिक कार्यप्रणाली** (Province Economic Functioning)

संविधानको भाग १६ मा धारा २०४ देखि धारा २१३ सम्म प्रदेश आर्थिक कार्यप्रणालीको व्यवस्था गरेको छ। जसअनुसार,

- संविधानको धारा २०३ मा कर लगाउन वा ऋण लिन नपाइने : (१) कानून बमोजिम बाहेक प्रदेशमा कुनै कर लगाइने र उठाइने छैन। (२) संघीय कानून बमोजिम बाहेक प्रदेश सरकारले कुनै ऋण लिने र जमानत दिने छैन।
- संविधानको धारा २०४ मा प्रदेश सञ्चित कोष : गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जा, प्रदेश ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकारबाट प्राप्त हुने अनुदान एवं ऋण रकम प्रदेश ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक प्रदेश सरकारी कोषमा आम्दानी बाँधिनेछ जसलाई प्रदेश सञ्चित कोष भनिनेछ।
- संविधानको धारा २०५ मा प्रदेश सञ्चित कोष वा प्रदेश सरकारी कोषबाट व्यय : देहायका रकम बाहेक प्रदेश सञ्चित कोष वा अन्य कुनै प्रदेश सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैन : (क) प्रदेश सञ्चित कोषमाथि व्ययभार भएको रकम, (ख) विनियोजन ऐन बमोजिम खर्च हुने रकम, (ग) विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा पेश्कीको रूपमा ऐन बमोजिम खर्च हुने रकम, वा (घ) विशेष अवस्थामा व्ययको विवरण मात्र भएको उधारो खर्च ऐनद्वारा व्यय हुने रकम। तर प्रदेश आकस्मिक कोषका हकमा धारा २१२ बमोजिम हुनेछ।
- संविधानको धारा २०६ मा प्रदेश सञ्चित कोषमाथि व्ययभार : देहायका विषयसँग सम्बन्धित खर्च प्रदेश सञ्चित कोषमाथि व्ययभार हुनेछ र त्यस्तो व्ययका लागि प्रदेश सभाको स्वीकृति आवश्यक पर्ने छैन : (क) प्रदेश सभामुख र प्रदेश उपसभामुखलाई दिइने पारिश्रमिक र सुविधाका रकम, (ख) प्रदेश लोकसेवा आयोगका अध्यक्ष र सदस्यलाई दिईने पारिश्रमिक र सुविधाका रकम, (ग) प्रदेश सरकारको दायित्वको ऋण सम्बन्धी व्ययभार, (घ) प्रदेश सरकारको विरुद्ध अदालतबाट भएको फैसला वा आदेश अनुसार तिर्नु पर्ने रकम, र (ङ) प्रदेश कानूनले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने भनी निर्धारण गरेको रकम।
- संविधानको धारा २०७ मा राजस्व र व्ययको अनुमान : (१) प्रदेशको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रदेश सभा समक्ष देहायका कुरा समेत खुलाई वार्षिक अनुमान पेश गर्न सक्नेछ : (क) राजस्वको अनुमान, (ख) प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू, र (ग) प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकमहरू। (२) उपधारा (१) बमोजिम वार्षिक अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नु पर्नेछ।
- संविधानको धारा २०८ मा प्रदेश विनियोजन ऐन : प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने रकम शीर्षकमा उल्लेख गरी विनियोजन विधेयकमा राखिनेछन्।
- संविधानको धारा २०९ मा पूरक अनुमान : (१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा प्रदेशकोअर्थमन्त्रीले प्रदेश सभा समक्ष पूरक अनुमान पेश गर्न सक्नेछ : (क) चालू आर्थिक वर्षका लागि प्रदेश विनियोजन ऐन बमोजिम कुनै सेवाका लागि खर्च गर्न अख्तियारी दिइएको रकम अपर्याप्त भएमा वा त्यस वर्षका लागि प्रदेश विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा, वा (ख) चालू आर्थिक वर्षमा प्रदेश विनियोजन ऐन बमोजिम अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा। (२) पूरक अनुमानमा राखिएको रकम सम्बन्धित शीर्षकमा उल्लेख गरी पूरक विनियोजन विधेयकमा राखिनेछ।
- संविधानको धारा २१० मा पेश्की खर्च : (१) यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षका लागि अनुमान गरिएको व्ययको कुनै अंश पेश्कीका रूपमा प्रदेश ऐन बमोजिम खर्च गर्न सकिनेछ। (२) धारा २०७ बमोजिम राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेश्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेश्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको एक तिहाइ भन्दा बढी हुने छैन। (३) प्रदेश पेश्की खर्च ऐन बमोजिम खर्च भएको रकम प्रदेश विनियोजन विधेयकमा समावेश गरिनेछ।
- संविधानको धारा २११ मा उधारो खर्च : यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा अन्य कारणले गर्दा प्रदेशमा संकटको अवस्था परी धारा २०७ को उपधारा (१) बमोजिम चाहिने विवरण खुलाउन अव्यावहारिक वा प्रदेशको सुरक्षा वा हितको दृष्टिले अवाञ्छनीय देखिएमा प्रदेशको अर्थमन्त्रीले व्ययको विवरण मात्र भएको उधारो खर्च विधेयक प्रदेश सभा समक्ष पेश गर्न सक्नेछ।

- संविधानको धारा २१२ मा प्रदेश आकस्मिक कोष : (१) प्रदेश ऐन बमोजिम प्रदेश आकस्मिक कोषको नामले एउटा कोष स्थापना गर्न सकिनेछ र त्यस्तो कोषमा समय समयमा प्रदेश ऐन बमोजिम निर्धारण भएको रकम जम्मा गरिनेछ। (२) उपधारा (१) बमोजिमको कोष प्रदेश सरकारको नियन्त्रणमा रहनेछ। प्रदेश सरकारले त्यस्तो कोषबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ। (३) उपधारा (२) बमोजिमको खर्चको रकम प्रदेश ऐन बमोजिम यथाशीघ्र सोधभर्ना गरिनेछ।
- संविधानको धारा २१३ मा आर्थिक कार्यविधि सम्बन्धी ऐन : प्रदेश ऐन बमोजिम विनियोजित रकम एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्ने र आर्थिक कार्यविधि सम्बन्धी अन्य व्यवस्था प्रदेश ऐन बमोजिम हुनेछ भन्ने उल्लेख गरिएको छ।
- तीनै तहका सरकारले संघ, प्रदेश र स्थानीय तह बिच अन्तरसम्बन्धका बारे ध्यान दिई आ-आफ्नो कार्यक्षेत्रमा रहेर काम गर्न सक्नुपर्छ।

## **संघ, प्रदेश र स्थानीय तह बिच अन्तरसम्बन्ध** (Interrelationships Among Federal, Provincial and Local Levels)

संविधानको भाग २० मा धारा २३१ देखि धारा २३७ सम्म संघ, प्रदेश र स्थानीय तह बिच अन्तरसम्बन्ध सम्बन्धमा उल्लेख गरिएको छ।

- संविधानको धारा २३१ मा संघ र प्रदेश बिचको व्यवस्थापिकीय अन्तरसम्बन्ध : (१) संघीय कानून नेपालभर वा आवश्यकता अनुसार नेपालको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सकिनेछ। (२) प्रदेश कानून प्रदेशभर वा आवश्यकता अनुसार प्रदेशको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सकिनेछ। (३) दुई वा दुईभन्दा बढी प्रदेशले अनुसूची-६ मा उल्लिखित कुनै विषयमा कानून बनाउन नेपाल सरकार समक्ष अनुरोध गरेमा संघीय संसदले आवश्यक कानून बनाउन सक्नेछ। त्यस्तो कानून सम्बन्धित प्रदेशको हकमा मात्र लागू हुनेछ।
- संविधानको धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह बिचको सम्बन्ध : (१) संघ, प्रदेश र स्थानीय तह बिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ। (२) नेपाल सरकारले राष्ट्रिय महत्वका विषयमा र प्रदेशहरू बिच समन्वय गर्नुपर्ने विषयमा प्रदेश मन्त्रिपरिषदलाई यो संविधान र संघीय कानून बमोजिम आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धित प्रदेश मन्त्रिपरिषदको कर्तव्य हुनेछ। (३) कुनै प्रदेशमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधीनतामा गम्भीर असर पर्ने किसिमको कार्य भएमा राष्ट्रपतिले त्यस्तो प्रदेश मन्त्रिपरिषदलाई आवश्यकता अनुसार सचेत गराउन, प्रदेश मन्त्रिपरिषद र प्रदेश सभालाई बढीमा छ महीनासम्म निलम्बन गर्न वा विघटन गर्न सक्नेछ। (४) उपधारा (३) बमोजिम कुनै प्रदेश मन्त्रिपरिषद र प्रदेश सभा निलम्बन वा विघटन गरेकोमा त्यस्तो कार्य पैंतीस दिन भित्र संघीय संसदको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन गराउनु पर्नेछ। (५) उपधारा (३) बमोजिम गरिएको विघटन सम्बन्धी कार्य संघीय संसदबाट अनुमोदन भएमा त्यस्तो प्रदेशमा छ महीनाभित्र प्रदेश सभाको निर्वाचन हुनेछ। तर संघीय संसदबाट अनुमोदन नभएमा त्यस्तो निलम्बन वा विघटन सम्बन्धी कार्य स्वतः निष्क्रिय हुनेछ। (६) उपधारा (३) बमोजिम गरिएको निलम्बन उपधारा (४) बमोजिम अनुमोदन भएमा त्यस्तो निलम्बनको अवधिभर र उपधारा (५) बमोजिम प्रदेश सभाको निर्वाचन नभएसम्मका लागि त्यस्तो प्रदेशमा संघीय शासन कायम रहनेछ। (७) संघीय शासन कायम रहेको अवस्थामा संघीय संसदले अनुसूची-६ बमोजिमको सूचीमा परेको विषयमा कानून बनाउन सक्नेछ। त्यस्तो कानून सम्बन्धित प्रदेश सभाले अर्को कानून बनाई खारेज नगरेसम्म बहाल रहनेछ। (८) नेपाल सरकारले आफै वा प्रदेश सरकार मार्फत गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई यो संविधान र संघीय कानून बमोजिम आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशनको पालन गर्नु गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्तव्य हुनेछ।
- संविधानको धारा २३३ मा प्रदेश-प्रदेश बिचको सम्बन्ध : (१) एक प्रदेशले अर्को प्रदेशको कानूनी व्यवस्था वा न्यायिक एवं प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नु पर्नेछ। (२) एक प्रदेशले अर्को प्रदेशसँग साझा चासो, सरोकार र हितको विषयमा सूचना आदान प्रदान गर्न, परामर्श गर्न, आफ्नो कार्य र विधायनका बारेमा आपसमा समन्वय

गर्न र आपसी सहयोग विस्तार गर्न सक्नेछ। (३) एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई आफ्नो प्रदेशको कानून बमोजिम समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनु पर्नेछ।

- संविधानको धारा २३४ मा अन्तर प्रदेश परिषद : (१) संघ र प्रदेश बिच तथा प्रदेश-प्रदेश बिच उत्पन्न राजनीतिक विवाद समाधान गर्न देहाय बमोजिमको एक अन्तर प्रदेश परिषद रहनेछ : (क) प्रधानमन्त्री - अध्यक्ष (ख) नेपाल सरकारका गृहमन्त्री - सदस्य (ग) नेपाल सरकारका अर्थमन्त्री - सदस्य (घ) सम्बन्धित प्रदेशका मुख्यमन्त्री - सदस्य (२) अन्तर प्रदेश परिषदको बैठक आवश्यकता अनुसार बस्नेछ। (३) अन्तर प्रदेश परिषदले आफ्नो वैठकमा विवादको विषयसँग सम्बन्धित नेपाल सरकारको मन्त्री र सम्बन्धित प्रदेशको मन्त्री तथा विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ। (४) अन्तर प्रदेश परिषदको बैठक सम्बन्धी कार्यविधि सो परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ।
- संविधानको धारा २३५ मा संघ, प्रदेश र स्थानीय तह बिचको समन्वय : (१) संघ, प्रदेश र स्थानीय तह बिच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानून बनाउनेछ। (२) प्रदेश, गाउँपालिका वा नगरपालिका बिच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्नेछ। (३) उपधारा (२) बमोजिम विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधि प्रदेश कानून बमोजिम हुनेछ।
- संविधानको धारा २३६ मा अन्तर प्रदेश व्यापार : यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसूल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन।
- संविधानको धारा २३७ मा सर्वोच्च अदालतको संवैधानिक इजलासको अधिकार क्षेत्रमा असर नपर्ने : यस भागमा लेखिएको कुनै कुराले धारा १३७ बमोजिमको सर्वोच्च अदालतको संवैधानिक इजलासको अधिकार क्षेत्रमा कुनै असर पर्ने छैन।
- संविधानले दिएको अधिकार क्षेत्रभित्र रहेर प्रदेशले आफ्नो भूमिका बलियो बनाई प्रदेशको सामाजिक तथा आर्थिक रुपान्तरणको अभियानलाई निरन्तरता दिनुपर्छ। संवैधानिक रुपमा दिइएको अधिकारलाई तीनै तहका सरकारले सहज र समन्वयात्मक रुपमा सहकार्य गरेर कार्यान्वयनमा ल्याउँदै मुलुकको आर्थिक विकास र समृद्धिमा दृढताका साथ लाग्नुपर्छ। संघीयतालाई बलियो बनाउन रचानात्मक सुधार गरेर प्रादेशिक अधिकारलाई मजबुत पार्नुपर्छ।

## २. संघीयता कार्यान्वयनमामा लिनुपर्ने रणनीति (Strategy to be Taken in the Implementation of Federalism)

संघीयता कार्यान्वयनमा उठेका जनगुनासालाई सम्वोधन गर्न संघ, प्रदेश र स्थानीय तहले संवैधानिक रुपमा पाएको अधिकारको सही प्रयोग गर्ने, विवादित विषयलाई चाँडोभन्दा चाँडो समाधान गर्दै, आ-आफ्नो अधिकार क्षेत्रभित्र रहेर जिम्मेवारीका साथ काम गर्न सक्नुपर्छ। नेपालको संविधानको भाग २० धारा २३२(१) ले संघ, प्रदेश र स्थानीय तहबिचको सम्बन्धमा निर्धारण गरिएका सहकारिता, सहअस्तित्व र समन्वय सिद्धान्तमा आधारित भई तीनै तह जिम्मेवार र उत्तरदायी बनेर काम गर्न संवैधानिक व्यवस्था गरिएको छ।

**अ. सहकारिता** : तीन तहका सरकारबिच कानुन निर्माण, साधन स्रोतको बाँडफाँटलगायतका विषयमा आपसी सहमतिका साथ सहकार्य गर्ने गरी सहकारिताको सिद्धान्त अगाडि सारिएको छ।

**आ. सहअस्तित्व** : तीन तहका सरकारमध्ये कुनै एक तहको सरकार अर्को तहको सरकार मातहत नहुने, सबै सरकार स्वतन्त्र एवम् स्वायत्त हुने, एक तहको सरकारले अर्को तहको सरकारको अस्तित्व आत्मसात् गरी सम्बन्ध बढाउने कार्यलाई सहअस्तित्वको सिद्धान्तको रुपमा लिइएको छ।

**इ. समन्वय** : तीन तहका सरकारबिच कुनै विवाद तथा समस्या देखिएमा आपसी संवाद एवम् समझदारीमा समस्या समाधान गरी काम गर्न समन्वयको सिद्धान्त अगाडि सारिएको छ। संघीयता बलियो बनाउन राजनीतिक, वित्तीय तथा प्रशासनिकमा क्षेत्रमा स्पष्टता साथै तीनै तहका सरकार आफ्नो अधिकार क्षेत्रभित्र रहेर क्रियाशील भई काम गर्नुपर्छ।

## क. राजनीतिक क्षेत्र (Political Sector)

संघीयताको मूल सिद्धान्त भनेको केन्द्रीकृत राज्यको शक्ति र जिम्मेवारीलाई प्रदेश वा स्थानीय स्तरमा बाँढ्ने पद्धति, अर्थात् राज्यसत्ताका हक र दायित्वहरू केन्द्रमा नथुपारी प्रदेश र स्थानीय तहमा बाढेर संघीय शासन व्यवस्थालाई पिरामिड शैलीमा विकास गर्न सक्नुपर्छ, अन्यथा संघीयता कमजोर बन्दछ। प्रत्येक तहका सरकारको अधिकार संविधानमै किटान गरिएको र आ-आफ्नो अधिकार क्षेत्रभित्रका विषयहरूमा प्रत्येक तहका सरकारहरू स्वशासित र स्वायत्त रहेर शक्तिको बाँडफाँट, नियन्त्रण र सन्तुलनको व्यवस्था मिलाउन सक्नुपर्छ। संघीयता बलियो बनाउन केही विषयवस्तुलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ।

- राष्ट्रिय एकता, अखण्डता र विभिन्न जाति, समुदाय बिचको सुसम्बन्धमा खलल पर्ने क्रियाकलापलाई निरुत्साही गर्दै आर्थिक तथा सामाजिक लगायत अन्य क्षेत्रमा पछाडि परेको स्थानीय तह र प्रदेशको विकासलाई अन्य सम्पन्न स्थानीय तह र प्रदेशको हाराहारीमा पुऱ्याउन विशेष कानुन, योजना, बजेट, नीति तथा कार्यक्रमका साथ विशेष अभियान थाल्नुपर्छ।
- जातिगत, भाषिक वा धार्मिक सहिष्णुताको आधारसँगै, भौगोलिक, जनसंख्या, ऐतिहासिकता, आर्थिक, राजनीतिक, प्रशासनिक, भौगोलिक अनुकूलता तथा विशिष्टतालाई आधार बनाई प्रादेशिक शासन बलियो बनाउनुपर्छ।
- संघीयता बलियो बनाउन प्रदेशको भूमिका बढाएर प्रदेशको आर्थिक विकास र समृद्धिको लागि नेतृत्वदायी जिम्मेवारीको अधिकार प्रत्यायोजन गर्नुपर्छ। संघीय सरकारलाई प्रदेश सरकारसँग र प्रदेश सरकारलाई स्थानीय सरकारसँग जोडेर संघीयतालाई बलियो बनाउनुपर्छ।
- संविधानमा प्रदेश र स्थानीय तहबिचका साझा अधिकारको सूची समावेश गरी प्रदेश र स्थानीय तहलाई आपसमा जोड्नुपर्छ। प्रदेशको समन्वयकारी भूमिका बढाउन संघीय सरकारले स्थानीय तहमा सोझै सम्पर्क स्थापित नगरी प्रदेशमार्फत गर्नुपर्छ। संघीय सरकार सिधैँ स्थानीय तहमा जोडिने परिपाटीले संघीयतालाई कमजोर बनाउने काम भएको छ।
- प्रदेश सरकारले प्रदेशका गौरवका आयोजना बाहेकका अन्य प्रदेशका आयोजनाहरु सम्बन्धित स्थानीय तहलाई कार्यान्वयनको लागि जिम्मेवारी दिनुपर्छ। प्रदेशको आफ्नै कार्यान्वयन संयन्त्र र छुट्टै कार्यान्वयन क्षेत्र नभएको कारण स्थानीय तहमार्फत अगाडि बढाउँदा आयोजना कार्यान्वयन बढी प्रभावकारी हुनुको साथै प्रदेश र स्थानीय तहको अन्तर सम्बन्ध बलियो हुन्छ। साथै प्रदेश र स्थानीय तहबिचका गुनासाहरु समाधान गर्न पनि महत्वपूर्ण भूमिका निभाउनेछ।
- संघीयतालाई बलियो बनाउने हो भने प्रदेश र स्थानीय तहको अधिकारलाई स्थापित गर्न र प्रदेश र स्थानीय तहको सरकारलाई मजबुत बनाउन संघीय सरकारले अभिभावकको रुपमा महत्वपूर्ण भूमिका निभाउनुपर्छ।
- संघीय सरकारले प्रदेशको क्षेत्राधिकारमा निरन्तर हस्तक्षेप गरिरहेको गुनासाहरुको निराकरण गर्न संघले संघीयता कार्यान्वयनको लागि आवश्यक कानुन बनाई प्रदेश र स्थानीय तहलाई कानुन बनाउन बाटो खुल्ला गरी संघीयता बलियो बनाउन पहिलो प्राथमिकता दिनुपर्छ, अन्यथा जनमानसमा संघीयताप्रति वितृष्णा पैदा गराउनेछ।
- संघीय इकाईहरु विचको सम्बन्धलाई व्यवस्थित गर्न बनेका अन्तर प्रदेश परिषद, राष्ट्रिय समन्वय परिषद, प्रदेश समन्वय परिषद र राष्ट्रिय वित्त परिषद आदि समन्वयकारी संरचनाहरुले सक्रियताका साथ संघीयता बलियो बनाउन कार्य योजना अगाडि सारेर कार्यान्वयनमा अगाडि बढ्नुपर्छ।
- मुलुक संघीयतामा आएपछि पनि संरचना पुरानै ढाँचाका गई संघ बलियो बनाउने र प्रदेश तथा स्थानीय तहलाई कमजोर बनाउने कार्यशैलीमा परिवर्तन गरी प्रदेश र स्थानीय तहलाई बलियो बनाउन अधिकार हस्तान्तरण गरी संघीयताको जग मजबुत बनाउनुपर्छ। संवैधानिक रुपमा व्यवस्था गरिएको तहगत सरकारका अधिकारलाई संघीय सरकारले इमानदारिताका साथ हस्तान्तरण गर्नुपर्छ।
- प्रदेश र स्थानीय तहले पनि आवश्यकता र खर्चको क्षमताको आधारमा मात्र आवश्यक संरचनाहरु थप्नुपर्छ, अनावश्यक संरचना थपेर आर्थिक भार मात्र थप्ने कामलाई निरुत्साहित गर्नुपर्छ।
- संघीय सरकारले जनता र राष्ट्रको पक्षमा आवश्यक कानुन तथा नियमावली बनाउनुको साथै छिटो छरितो रूपले स्थानीय र प्रादेशिक सरकारलाई दिएका अधिकारहरू कार्यान्वयन गर्नका लागि कानुन तथा नियमावलीहरू बनाएर सहज वातावरण बनाई दिनुपर्छ।

- संघीय सरकारले प्रदेश सरकारलाई बलियो बनाउने र प्रदेश सरकारले स्थानीय सरकारलाई बलियो बनाउने गरी अधिकार बाँडफाँट गरेर संघीयतालाई देश र जनताको हितमा कार्यान्वयन गर्नुपर्छ। संघीय सरकारले अधिकार केन्द्रिकृत गर्ने सोचले नै संघीयतामाथि प्रश्नचिन्ह खडा भइरहेको छ।
- सरकारसँग जनताको मुख्य अपेक्षा भनेको विकास, सुसाशन, आर्थिक समुन्नति, भ्रष्टाचाररहित सभ्य समाज, शान्ति सुरक्षा र अमनचयन होस् भन्ने रहेको हुँदा सरकारले जनताका यी अपेक्षा पूरा गर्न सक्नुपर्छ।
- संघीय सरकारले प्रादेशिक र स्थानीय सरकारलाई आत्मनिर्भर, प्रतिस्पर्धी र विशिष्ट पहिचानयुक्त बनाउन विशेष योजनाहरु कार्यान्वयनमा ल्याउँदै, विकास निर्माणमा सक्रिय गराएर अर्थतन्त्रलाई मजबुत र चलयमान बनाउन महत्वपूर्ण भूमिका निभाउनुपर्छ।
- संविधानमा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको मात्र परिकल्पना गरेको तर संघ र स्थानीय तह तथा प्रदेश र स्थानीय तहका साझा अधिकारको परिकल्पना नगरेको अवस्थामा संविधानले दिएको तीनै तहको साझा अधिकारको परिधीमा रहेर तीनै तहका सरकारले संघीयता बलियो बनाउन आपसमा सहयोग, समन्वय, सहकार्य गर्दै राष्ट्र निर्माणको अभियानमा एकताबद्ध भई अगाडि बढ्नुपर्छ।
- राजनीतिक स्थिरताको लागि संविधानमा परिवर्तन गरी प्रतिनिधि सभाका प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिले मात्र प्रधानमन्त्री तथा प्रदेश सभाका प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिले मात्र मुख्यमन्त्री निर्वाचित गर्न पाउने व्यवस्था गरी राजनीतिक स्थिरता बलियो बनाउन सकिन्छ। सरकार निर्माण बाहेक समानुपातिक सभासदलाई प्रत्यक्ष सभासद सरहको अधिकारको व्यवस्था गर्न सकिन्छ। अन्यथा राजनीतिक स्थिरताको लागि प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री तथा मुख्यमन्त्रीको प्रणालीको व्यवस्था गरी राजनीतिक स्थिरता कायम गर्न सक्नुपर्छ।
- जनताको जनगुनासो नआउने गरी संघीय निर्वाचन क्षेत्र परिमार्जन गरी न्युनतम जिल्लामा एक निर्वाचन क्षेत्र कायम गरे जस्तै अधिकतम जिल्लामा दुई निर्वाचन क्षेत्र मात्र कायम गर्नुपर्छ। त्यसले संघीय संसद तथा प्रदेश सभा सानो बन्ने र संसदको महत्व पनि बढ्नेछ।
- प्रत्यक्ष निर्वाचनमा महिला निर्वाचित गराउन कुनै पनि राजनीतिक पार्टीले संघीय संसदमा निश्चित प्रतिशत महिला प्रत्यक्षमा उठाउनु पर्ने व्यवस्था गर्नुपर्छ। अन्यथा एक आवधिक निर्वाचनमा ३३ प्रतिशत निर्वाचन क्षेत्रमा महिला मात्र उम्मेरदार उठ्न पाउने गरी निर्वाचन पद्धतिमा सुधार गर्नुपर्छ, त्यसको लागि प्रत्येक प्रदेशलाई तीन वटा कलस्टरमा विभाजन गर्ने र गोलाप्रथाद्वारा महिला निर्वाचित गराउने तीन आवधिक निर्वाचनको कलस्टर निर्धारण गरी क्रमशः प्रत्येक आवधिक निर्वाचनमा ३३ प्रतिशत महिला निर्वाचित गर्ने प्रणालीको विकास गर्न सक्नुपर्छ।
- प्रदेश सभामा प्रत्यक्ष निर्वाचित महिलाको संख्या पुरुषसरह बनाउन संघीय संसदको निर्वाचन क्षेत्रलाई प्रदेशको पनि एक निर्वाचन क्षेत्र कायम गरी एक महिला र एक पुरुष उमेदवार निर्वाचन गराउने प्रणालीको विकास गर्न सकिन्छ। पचास प्रतिशत महिला प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुने र समानुपातिकबाट पनि पचास प्रतिशत महिला निर्वाचित हुने निर्वाचन प्रणालीको विकासले पूर्ण रुपमा महिला पुरुष समावेशी भएको विश्वको नमुना प्रदेश सभाको अवधारणा ल्याउन सकिन्छ।

### **ख. वित्तीय क्षेत्र** (Financial Sector)

अधिकार क्षेत्र तथा स्रोत साधनको बाँडफाँटमा विभिन्न तहका सरकारहरूबिच विवाद देखिन थालेको हुँदा संवैधानिक रुपमा गरिएको व्यवस्थालाई आधार बनाएर तीनै तहका सरकारले आपसमा समन्वय र सहकार्य गरी समृद्धिको अभियानमा अगाडि बढ्न सक्नुपर्छ। साथै अन्तर प्रदेश परिषद्, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग जस्ता संवैधानिक संरचना र निकायहरूलाई निरन्तर क्रियाशील बनाउन सक्नुपर्छ। वित्तीय संघीयता, आर्थिक अनुशासन, वित्तीय सुशासन सबै पक्षमा पर्याप्त ध्यान दिई अत्यन्त कुशलताका साथ सेवाप्रवाह गर्न सक्नुपर्छ। साथै संघीयता कार्यान्वयनमा सबै तहका सरकार जिम्मेवार बन्दै पारदर्शिता र जवाफदेहिताका साथ जनताका इच्छा आकांक्षालाई सम्बोधन गर्न सक्नुपर्छ। संघीयता बलियो बनाउन केही वित्तीय क्षेत्रमा सुझावहरु प्रस्तुत गरिएको छ।

- संघीयता एक जटिल पद्धति भएकोले यसको समुचित व्यवस्थापन गर्दै वित्तीय संघीयताको कार्यान्वयन एवं प्रशासनिक खर्च घटाई आर्थिक अनुशासन कायम राख्नुपर्छ। साथै प्रदेश तथा स्थानीयतहहरूको प्रभावकारिताको लागि क्षमता विकास गर्नुपर्छ।

- आर्थिक तथा वित्त व्यवस्थापनका लागि माथिल्लो तहको सरकारको भूमिका आदेश एवं नियन्त्रणमुखी नभई आर्थिक सुशासन कायम गर्न सहयोगी र सहजीकरणको रुपमा काम गर्ने आधार निर्माण गर्नुपर्छ।
- प्राकृतिक श्रोत साधन एवं राजस्व सङ्कलन, बाँडफाँट र उपयोग, अनुदान वितरण, सुशासन, वित्तीय र सार्वजनिक उत्तरदायित्वका विषयहरूमा पनि तीनवटै तहका सरकारहरुबिच सामन्जस्यता रहनुपर्छ।
- प्रदेश र स्थानीय तहको मागलाई ध्यानमा राखी वैदेशिक सहायता जुटाई दिने, वैदेशिक लगानी भित्राई दिने, अन्तर्राष्ट्रिय बजारमा सहज र भरपर्दो निकासीको व्यवस्था गरिदिने, विकास र समृद्धिमा बल पुग्ने गरी पारस्पारिक हितको आधारमा दुई राष्ट्र अथवा बहुराष्ट्रिय सम्बन्ध निर्माण गर्ने तथा सन्धी सम्झौता गर्ने कामलाई संघीय सरकारले प्राथमिकतामा राख्नुपर्छ।
- संघीय सरकारले प्रादेशिक र स्थानीय सरकारलाई आत्मनिर्भर, प्रतिस्पर्धी र विशिष्ट पहिचानयुक्त बनाउन विशेष योजनाहरु कार्यान्वयनमा ल्याउँदै, विकास निर्माणमा सक्रिय गराएर अर्थतन्त्रलाई मजबुत र चलयमान बनाउन महत्वपूर्ण भूमिका निभाउनुपर्छ।
- संघीय सरकारले स्थानीय तहमा प्रदान गर्ने बजेट सम्बन्धित प्रदेशमार्फत पठाउने र प्रदेश सरकारले आफ्नो प्रदेश अन्तर्गतका स्थानीय तहमा सुशासन कायम गराउन तथा विकास निर्माणको अनुगमन तथा मूल्यांकन गर्ने अधिकार प्रदान गरी प्रादेशिक विकासको लागि प्रदेश र स्थानीयतहबिचको अन्तर सम्बन्धको विकास गर्नुपर्छ। संघले प्रदेश, प्रदेशले स्थानीय तहको ठाडो अनुगमन तथा मूल्यांकन र आ-आफ्नो सरकारका कार्यक्षेत्रभित्र रहेर तेस्रो अनुगमन तथा मूल्यांकन गर्ने व्यवस्थालाई वैज्ञानिक बनाउनुपर्छ।
- वित्त नीतिले कर, सरकारी खर्च तथा ऋणलाई समेट्ने हुँदा समयानुकूल देशको आवश्यकता र जनताको चाहना अनुसार ती क्षेत्रमा सुधार गरी प्रभावकारी वित्त नीति ल्याउनुपर्छ। वित्त नीतिले आर्थिक, सामाजिक विकास, क्षेत्रिय सन्तुलन, मानव विकास, पूर्वाधार विकास, रोजगारी सिर्जना गर्ने उत्पादनमूलक क्षेत्रमा सरकारी खर्चलाई केन्द्रित गर्नुपर्छ।
- वित्तीय सुशासन कायम गर्न राज्यका सबै अंगहरु पारदर्शी, जवाफदेही, मितव्ययी हुनु अनिवार्य छ, वित्तीय सुशासनलाई राज्यको मेरुदण्डको रुपमा लिएर सबैले आ-आफ्नो क्षेत्रबाट सुशासन कायम गर्न इमानदारिताको साथ काम गर्नुपर्छ। वित्तीय सुशासन कायम गर्न सबै तहका सरकारले कडाइका साथ काम गर्नुपर्छ।
- आर्थिक समृद्धिको लागि राज्यले वित्तीय क्षेत्रको विकास, विस्तार एवं स्थायित्वमा जोड दिँदै सबै क्षेत्र तथा वर्गमा वित्तीय सेवाको पहुँच पुऱ्याउनुपर्छ।
- सम्पूर्ण वित्तीय संस्थाहरुलाई उत्पादन तथा जनताको जीवनस्तर उठाउने दीर्घकालीन लगानीको क्षेत्रमा केन्द्रित गर्दै, आर्थिक दिगोपनलाई सबै तहका सरकारले उच्च प्राथमिकतामा राखी वित्तीय नीति कार्यान्वयन गराउन सक्नुपर्छ।
- आर्थिक समृद्धिका प्रमुख आधार भनेको वित्तीय अनुशासन हो, त्यसैले वित्तीय अनुशासनमा राज्य तथा निजी क्षेत्र दुबै गम्भीर भएर काम गरी सुशासनको अनुभूति सर्वसाधारणले महसुस गर्न सक्ने गरी कायम गर्न सक्नुपर्छ।
- जनतालाई अनावश्यक रूपमा कर लगाउने कार्य कुनै पनि सरकारले गर्नुहुँदैन, यसले संघीयताप्रति असन्तुष्टि बढ्छ र विकासको गतिलाई अवरोध गर्दछ। त्यसैले जनताको क्षमताले धान्ने, सबैलाई मान्य हुने, सहज र सरल विधिबाट कर लगाउने र उठाउने गर्नुपर्छ, साथै जनगुनासो नआउने गरी करको दायरा फराकिलो बनाउनुपर्छ।
- वित्तीय कारोवारलाई क्रमिक रुपमा डिजिटल प्रणालीमार्फत् गर्ने नीति अगाडि बढाई निश्चित अवधि निर्धारण गरी पूर्ण डिजिटल प्रणालीको विकास गर्नुपर्छ। अशक्त, अनपढलाई राज्यले सहयोग गर्ने पद्धतिको विकास गर्नुपर्छ।
- वित्तीय सुधार नहुँदा वित्तीय अपराध र आतङ्कवादले प्रसय पाउने हुँदा सम्पत्ति शुद्धीकरणमा स्थानीय तहदेखि नै योजनाबद्ध ढङ्गले छानविन गरी वित्तीय सुशासन कायम गर्ने अभियान चलाउनुपर्छ।
- वित्त आयोगले वित्तीय क्षेत्रमा देखापरेका समस्या समाधान गर्दै सबै तहका सरकारलाई वित्तीय क्षेत्रमा नीतिगत निर्णय लिन सहयोग पुऱ्याई समृद्ध नेपाल बनाउने अभियानमा सहयोग गर्नुपर्छ।
- वित्तीय स्थायित्वको दिगोपनामा जोड दिँदै विप्रेषणको निर्भरताबाट सुरक्षित हुन वित्तीय क्षेत्रको स्रोत परिचालनमा जोखिमरहीत क्षेत्रमा लगानी विस्तार गर्नुपर्छ।
- वित्तीय कारोवार गर्ने सहकारीहरुमा नियमनको व्यवस्था व्यवस्थित गरी सदस्यहरुलाई वित्तीय जोखिमबाट बचाउनुपर्छ।

### ग. प्रशासनिक क्षेत्र (Administrative Sector)

संघीयतामा प्रशासनलाई कसरी प्रधावकारी बनाउने भन्नेबारे स्पष्ट धारणा र संरचनागत आधार तयार नगरिकन संघीयता लागू गर्दा शासकीय प्रणालीमा केन्द्रीकृत सोच हाबी हुन पुगेको देखिन्छ। संघीयता बलियो बनाउन प्रदेशको संरचना बलियो बनाउनुपर्नेमा त्यसो गर्न अझै सकिएको छैन। त्यस्तो परिपाटीले समग्र दिगो विकासमा नै समस्या निम्त्याइरहेको छ। दिगो विकास नहुँदा सरकार, सार्वजनिक संस्थान र प्रशासनतन्त्रप्रति सर्वसाधरणको विश्वास गुम्दै जान्छ। कर्मचारी समायोजन गर्दा संघको प्रशासनिक संयन्त्र छरितो बनाउँदै पालिका र प्रदेशलाई आवश्यक जनशक्ति उपलब्ध गर्ने परिपाटीको विकास गर्न सकेको भए संघीयता मजबुत बनाउन सकिन्थ्यो तर त्यसो नगरी संघलाई नै प्राथमिकता दिएको कारण समस्या सिर्जना भइरहेको छ। संघीयताको मुख्य चालक संघीय सरकार हो, त्यसैले राजनीतिक अस्थिरता र असफलताको भारी प्रदेशलाई नबोकाई संघीय सरकार आफैले बोक्न सक्नुपर्छ। संघीयता बलियो बनाउन प्रशासनिक संयन्त्रमा गर्नुपर्ने सुधारबारे केही सुझावहरु प्रस्तुत गरिएको छ।

- राजनीतिक क्षेत्र नसुध्रेसम्म प्रशासनिक क्षेत्र सुधार्न कठिन हुन्छ, त्यसैले राजनीतिज्ञहरु सक्षम र इमानदार भएर असल थिति बसाल्दै संघीयतालाई बलियो बनाउन सक्नुपर्छ।
- संघीयताको कार्यान्वयनका समस्या एवं चुनौतीहरूको निराकरणका लागि भविष्यमा कुनै विवाद नआउने गरी दिगो र वैज्ञानिक ढंगले कर्मचारी समायोजन एवं व्यवस्थापन कार्य गर्नुपर्छ। तिनै तहका प्रशासनिक संरचना र प्रबन्धहरूकाबिच समन्वयको व्यवस्था हुनुपर्छ।
- सरकार प्रमुखले विषयगत मन्त्रालयको कामलाई बढी प्रभावकारी र नतिजामूलक बनाउन मन्त्रीहरुसँग मन्त्रालयको कार्य विवरणसँग सम्बन्धित वर्षभरि गर्न सकिने कामहरुको कार्यसम्पादन गरी कार्ययोजना बनाएर विभागीय मन्त्रीले छिटो छरितो ढङ्गले कार्यान्वयन गर्ने परिपाटीको थालनी गर्न सक्नुपर्छ।
- संघीय सरकारले प्रादेशिक प्रशासनमा प्रमुख सचिव र सचिवहरुको व्यवस्थापन गर्ने प्रणाली अवलम्बन गर्ने हो भने स्थानीय तहमा प्रदेश सरकारले प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था गर्ने प्रणालीको विकास गर्नुपर्छ। प्रशासनिक स्थायित्वको लागि सरुवा गर्दा निश्चित समय अवधिको व्यवस्था गर्नुपर्छ।
- प्रादेशिक लोकसेवाले स्थानीय तहमा नियुक्ति दिएका र समायोजन गरिएका स्थानीय तहका कर्माचारीलाई आवश्यकता र औचित्यको आधारमा प्रदेशभित्र सरुवा तथा परिचालन गर्न सक्ने अधिकार प्रदेशलाई दिनुपर्छ।
- प्रदेशलाई प्रहरी प्रशासनको जिम्मेवारी दिनुको साथै जिल्ला प्रशासन कार्यालयलाई प्रदेश मातहतमा ल्याई जिल्लागत संरचना हटाएर प्रदेश र स्थानीय तह अन्तर्गत राख्नुपर्छ।
- संघीय निजामती सेवा ऐन लगायतका कानुनहरू निर्माण गर्ने तथा निर्माण गरिएका कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। संघीयताको मर्मअनुसार प्रदेश र स्थानीय तहका कर्माचारीहरुको वृत्ति विकासलाई सहज बनाउनुपर्छ।

## ३. दीर्घकालीन सोच तथा लक्ष्य (Long-Term Thinking and Goals)

दीर्घकालीन राष्ट्रिय सोच "समृद्ध नेपाल, सुखी नेपाली" रहेको छ भने प्रादेशिक दीर्घकालीन सोच "स्वच्छ, सुखी र समुन्नत प्रदेश" र दीर्घकालीन लक्ष्य "सामाजिक न्यायसहितको समृद्ध प्रदेश निर्माण हुने" सोच अगाडि सारिएको छ।

- दीर्घकालीन राष्ट्रिय सोच समृद्ध नेपाल, सुखी नेपाली अन्तर्गत १० वटा दीर्घकालीन राष्ट्रिय लक्ष्य अन्तर्गत समृद्धिमा (१) सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता, (२) मानवपुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, (३) उच्च र दिगो उत्पादन तथा उत्पादकत्व र (४) उच्च समतामूलक राष्ट्रिय आय रहेका छन् भने सुख अन्तर्गत (१) परिष्कृत तथा मर्यादित जीवन, (२) सुरक्षित, सभ्य र न्यायपूर्ण समाज, (३) स्वस्थ्य र सन्तुलित पर्यावरण, (४) सुशासन, (५) सबल लोकतन्त्र र (६) राष्ट्रिय एकता, सुरक्षा र सम्मान रहेका छन्।
- दीर्घकालीन राष्ट्रिय लक्ष्य प्राप्तिको लागि आठ वटा दीर्घकालीन राष्ट्रिय रणनीतिहरु तय गरिएको छ। दीर्घकालीन राष्ट्रिय रणनीतिहरुमा (१) तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने, (२) सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने, (३) आन्तरिक तथा अन्तरप्रदेशीय अन्तर आबद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने, (४) उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, (५) पूर्ण, दिगो उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने, (६) गरिबी निवारण र आर्थिक

सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण, (७) प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलता विकास गर्ने, (८) सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता प्रवर्द्धन गर्ने रहेका छन् ।

- प्रादेशिक दीर्घकालीन सोचका तीन स्तम्भका चार चार वटा आधार स्तम्भमा वर्गीकरण गरी १२ वटा आधार स्तम्भमा समेटिएको छ भने ६६ वटा सूचक पनि निर्धारण गरिएको छ ।
- (क) स्वच्छ अन्तर्गत (१) स्वस्थ्य र सन्तुलित पर्यावरण, (२) आधारभूत सरसफाइ सुविधा, (३) नवीकरणीय ऊर्जा र (४) जैविक कृषि गरी चार आधार स्तम्भ रहेका छन् ।
- (ख) सुखी अन्तर्गत (१) परिष्कृत तथा मर्यादित जीवन, (२) सभ्य र न्यायपूर्ण समाज, (३) सुशासन र (४) जीवनस्तर गरी चार आधार स्तम्भको रुपमा वर्गीकृत गरिएको छ ।
- (ग) समन्नत अन्तर्गत (१) उच्च र समानतामूलक आय, (२) मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग (३) सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवं सघन अन्तर आबद्धता र (४) उच्च र दिगो उत्पादन र उत्पादकत्व गरी चार आधार स्तम्भ रहेका छन् ।
- सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको देशमा पुऱ्याउने लक्ष्य लिएकाले प्रदेश सरकारले पनि त्यसलाई आधार मानेर लक्ष्यमा पुग्न रणनीतिक योजना अगाडि सार्दै कार्यान्वयनमा जानुपर्छ ।
- स्वच्छ, खुसी र समुन्नत आधारस्तम्भका आधारमा प्रादेशिक भावी योजना तथा प्रक्षेपण गर्न ६६ वटा सूचकहरु पनि तय गरिएका छन् । स्वच्छमा १० वटा, सुखीमा २५ वटा र समुन्नतमा ३१ वटा सूचकहरु रहेका छन् ।

## ४. दिगो विकास लक्ष्य (Sustainable Development Goals)

- संयुक्त राष्ट्र संघको ७० औं महासभाले २५ सेप्टेम्बर २०१५ मा स्वीकृत गरिएको विश्व विकासको साझा प्रतिबद्धता स्वरुप विकासको दिगोपनाको निम्ति (सन् २०१६ देखि २०३० सम्म) निर्धारण गरिएको दिगो विकास लक्ष्यका १७ वटा लक्ष्य, १६९ वटा गन्तब्य र २३९ वटा सूचकहरुको आधारमा लक्ष्य हासिल गर्न योजनाबद्ध कार्यक्रम तयार गरी कार्यान्वयनमा अगाडि बढन सक्नुपर्छ । दिगो विकास लक्ष्य सम्बन्धी केही तथ्यहरु यस प्रकार छन् ।
- दिगो विकास लक्ष्यको दस्तावेजमा पाँचवटा विषयवस्तुहरु प्रस्तावना, घोषणापत्र, लक्ष्य तथा निर्दिष्ट लक्ष्यहरु, कार्यान्वयनको श्रोत साधनहरु र विश्व साझेदारी र अनुगमन (प्रगतिको लेखाजोखा) र समीक्षा (सबल र कमजोरी पक्षहरुको लेखाजोखा) लाई समावेश गरिएको छ ।
- दिगो विकास हासिल गर्न सबै खाले गरिबी र त्यसका सबै पक्षहरु अन्त्य गर्नु अहिलेको विश्वको मुख्य साझा चुनौतीको रुपमा रहेको हुँदा सबै खाले र सबै तहको गरिबीको अन्त्य गर्नु नै दिगो विकास एजेण्डाको मुख्य उद्देश्य रहेको छ ।
- दिगो विकास एजेण्डाले विश्वलाई गरिबी, भोक, रोग र तृष्णाबाट मुक्त गराई सबैको जीवन सुखमय बनाउने दीर्घकालीन दृष्टिकोण अगाडि सारेको छ । विश्वको सबै जसो देशहरुका राष्ट्र प्रमुख, सरकार प्रमुख वा प्रतिनिधिहरु स्वयंले सर्वसम्मतिमा निर्णय गरी यो एजेण्डा जारी गरिएको छ । सबैले यो एजेण्डालाई निरन्तर रुपमा कार्यान्वयन गर्ने प्रतिबद्धता गरेका छन् ।
- साथै यो एजेण्डालाई सबैले संयुक्त रुपमा अगाडि बढाउने र कसैलाई पनि पछाडि नछाड्ने (Leave no one behind) बाँचा पनि गरेको छ ।
- त्यस्तै दिगो विकास लक्ष्य प्राप्तिका लागि पृथ्वी (Planet), मानिस (People), समृद्धि (Prosperity), शान्ति (Peace) र साझेदारी (Partnership) गरी पाँच वटा क्षेत्रहरुलाई प्राथमिक महत्वका क्षेत्रहरु मानेको छ ।
- संयुक्त राष्ट्र संघले सन् २००० मा आयोजना गरेको सहश्राब्दी शिखर सम्मेलनले सहश्राब्दी घोषणापत्र मार्फत् सन् २०१५ सम्ममा उपलब्धी हासिल गर्ने गरी आठवटा अन्तर्राष्ट्रिय सहश्राब्दी विकास लक्ष्यहरु अगाडि सारेकोमा उक्त लक्ष्यले समेट्न नसकेका विषयलाई समेट्दै दिगो विकास लक्ष्यले १७ वटा लक्ष्यहरु निर्धारण गरेर कार्यान्वयन गरिरहेको छ ।
- दिगो विकासका १७ लक्ष्यहरुमा, (१) सबै ठाउँमा सबै प्रकारका गरिबीको अन्त्य गर्ने (२) भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा, पोषण स्तरमा सुधार र दिगो कृषी विकासको प्रवर्द्धन, (३) सबैका लागि स्वस्थ जीवनको सुनिश्चितता, (४) सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता एवं जीवन पर्यन्त सिकाइको अवसर, (५)

लैंगिक समानता र महिला तथा बालिकाको सशक्तिकरण, (६) सबैका लागि खानेपानी तथा सरसफाइको दिगो उपलब्धताको सुनिश्चितता, (७) सबैका लागि भरपर्दो र धानिन सक्ने आधुनिक उर्जाको पहुँचको सुनिश्चितता, (८) भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि एवं सबैका लागि उत्पादनशील रोजगारी, (९) प्रतिरोधी पूर्वाधार निर्माण, दिगो र समावेशी औद्योगिकीकरणको प्रवर्द्धन र नवप्रवर्तन, (१०) देशभित्र र देशहरुबिचको असमानताको न्यूनीकरण, (११) सहर तथा मानव वस्तीलाई समावेशी, सुरक्षित, प्रतिरोधी र दिगो तुल्याउने, (१२) दिगो उत्पादन र उपभोगको सुनिश्चितता, (१३) जलवायु परिवर्तन र यसका असरहरुको न्यूनीकरणका लागि तत्काल पहल गर्ने, (१४) दिगो विकासका लागि समुद्र, समुद्री किनार र समुद्री स्रोतको संरक्षण र दिगो उपयोग, (१५) दिगो वन व्यवस्थापन र जैविक विविधताको संरक्षण, (१६) शान्त र समावेशी समाजको प्रवर्द्धन, न्यायमा सबैको पहुँच र सबै तहमा समावेशी संस्थाको निर्माण र (१७) दिगो विकासको कार्यान्वयन संयन्त्रको सबलीकरण र विश्व साझेदारी निर्माण रहेका छन् । यी लक्ष्य प्राप्तिको लागि योजना साथ समय सीमा निर्धारण गरी गन्तव्य र सूचकलाई आधार बनाई कार्यान्वयनमा लाग्नुपर्छ ।

- दिगो विकास लक्ष्यमा मुख्यतः आर्थिक, सामाजिक र पर्यावरणीय तीन वटा आयाम समेटिएका छन्। यसमा १७ लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य र २३४ विकास सूचकहरू छन् । नेपालले १६ लक्ष्य, १५९ परिमाणात्मक लक्ष्य र विकास सूचकमा २४५ सूचक थप गरी ४७९ सूचकको कार्ययोजना बनाई दिगो विकास लक्ष्य कार्यान्वियन गरिएको छ ।
- दिगो विकास लक्ष्यले विकासको बृहत अवधारणालाई अगाडि सारेको छ । यो एक जटिल प्रणाली पनि हो, यसले आर्थिक विकास, सामाजिक विकास, वातावरण संरक्षणलाई मुख्य पक्षहरुको रुपमा लिएको छ । ती तीन पक्षहरुको विकास र संरक्षणमा शासकीय प्रणालीको पनि महत्वपूर्ण भूमिका हुने भएकोले शासन व्यवस्थालाई पनि अन्तरसम्बन्धमा समटिएको छ ।
- सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै मध्यम आयस्तर भएको मुलुकको रुपमा पुग्ने दीर्घकालीन लक्ष्य पुरा गर्न प्रदेश सरकारले आफ्नो प्रदेशलाई समय अगावै मध्यम स्तरमा पुऱ्याउन योजनाबद्ध ढंगले नीति तथा कार्यक्रमहरु अगाडि सारेर काम गर्नुपर्छ ।

# सन्दर्भ सामाग्री

(Reference Material)

**पुस्तक (Book) :**


नेपाल सरकार (२०७२) : नेपालको संविधान, नेपाल सरकार कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानुन किताब व्यवस्था समिति, आश्विन २०७२

नेपाल सरकार (२०७८) : राष्ट्रिय जनगणना २०७८ प्रारम्भिक नतिजा, राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग, थापाथली, काठमाण्डौं, माघ २०७८

प्रदेश योजना आयोग (२०७९): मध्यमकालीन खर्च संरचना (आ. व. २०७९/०८०-२०८१/०८२), प्रदेश सरकार, प्रदेश योजना आयोग, प्रदेश नं. १, विराटनगर , २०७९

राष्ट्रिय योजना आयोग (२०७६): पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१), नेपाल सरकार राष्ट्रिय योजना आयोग, काठमाण्डौं, फागुन २०७६

कार्की, डा. ज्ञानेन्द्रबहादुर (२०७७) : नेपाली विशेषतामा आधारित समाजवाद, सरस्वती कार्की, संखुवासभा, २०७७

राष्ट्रिय योजना आयोग (२०७८): स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, नेपाल सरकार राष्ट्रिय योजना आयोग, काठमाण्डौं, २०७८

राष्ट्रिय योजना आयोग (२०७८): विकास, नेपाल सरकार राष्ट्रिय योजना आयोग, काठमाण्डौं, आश्विन २०७८

प्रदेश योजना आयोग (२०७६): प्रथम आवधिक योजना (आ. व. २०७६/०७७-२०८०/०८१), प्रदेश सरकार, प्रदेश योजना आयोग, प्रदेश नं. १, विराटनगर

कार्की, डा. ज्ञानेन्द्रबहादुर (२०७२): सामाजिक तथा आर्थिक रुपान्तरण, सरस्वती कार्की, संखुवासभा, २०७२

नेपाल सरकार (२०७६) : निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन र अन्तरप्रदृश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरुको प्रोफाइल प्रदेश नं. १, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, पूल्चोक, ललितपुर,२०७६

राष्ट्रिय योजना आयोग (२०७७): दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका, नेपाल सरकार राष्ट्रिय योजना आयोग, काठमाण्डौं, पौष २०७६

प्रदेश योजना आयोग (२०७७) : दिगो विकास लक्ष्य प्रदेश १ को वस्तुस्थिति तथा मार्गचित्र सन् २०१६-२०३०, प्रदेश योजना आयोग विराटनगर, माघ २०७७

दाहाल, प्रा. डा. रमाकुमार(२०६५): सरकार, संस्था र स्थानीय शासन, दीक्षन्त प्रकाशन, कीर्तिपुर, २०६५

ने. रा. वैंक विराटनगर (२०७९): प्रदेश नं. १ मा धार्मिक पर्यटनको स्थिति, सम्भावना तथा चुनौतीहरु, विशेष अध्ययन प्रतिवेदन, २०७७/०७८

प्रदेश योजना आयोग (२०७९): वार्षिक विकास कार्यक्रम (आ. व. २०७९/०८०), प्रदेश योजना आयोग विराटनगर, भाद्र २०७९

कार्की, डा. ज्ञानेन्द्रबहादुर (२०७२): कम्युनिष्टको ऐना भाग-१ र भाग-२, सरस्वती कार्की, संखुवासभा, २०७२

प्रदेश सरकार (२०७९): प्रदेश नं. १ का महत्वपूर्ण पर्यटकीय स्थलहरु, प्रदेश सरकार पर्यटन तथा संस्कृति मन्त्रालय प्रदेश नं. १, विराटनगर ,२०७९

प्रदेश सरकार (२०७८): प्रदेश नं. १ को गरिबी न्यूनीकरणसम्बन्धी रणनीति पत्र, प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगर,२०७८

कार्की, डा. ज्ञानेन्द्रबहादुर (२०७६): आर्थिक विकास र समृद्धि, सरस्वती कार्की, संखुवासभा, २०७६

लेनिन, भ्लादीमिर इल्यीच: एक पाइलो अगाडि दुई पाइला पछाडि, प्यासिफिक पब्लिकेशन, बागबजार, काठमाण्डौं

Jinping xi (2019) : The Governance of China 1, People's Republic of China, Foreign Language Press Co., Ltd, Beijing

Jinping xi (2019) : Up and Out of Poverty, People's Republic of China, Foreign Language Press Co., Ltd, Beijing

कार्की, डा. ज्ञानेन्द्रबहादुर (२०७७): असल पार्टीको असल नेता कसरी बन्ने, सरस्वती कार्की, संखुवासभा,२०७७

**लेख रचना (Article):**

नवोदित, मीनकुमार : १७. के छैन १ नम्बर प्रदेशमा, लेख, कारोवार दैनिक, २०७४ चैत्र ०२

शेर्पा, छेटु : ८००० मिटर भन्दा अग्ला १४ हिमाल नेपालमै, लेख, अन्नपूर्ण पोष्ट, २०७४ माघ २५

शेर्पा, छेटु : हिमालले धनी प्रदेश १, लेख, अन्नपूर्ण पोष्ट, २०७५ पौष १५

थापा भरतबन्धु : विश्वका ८ अग्ला हिमाल, जुन नेपालमै छन् !, लेख, अनलाइन खबर डट कम, २०७४ भदौ ०३

समचारदाताः नेपालको विद्युत् : भारत नाघेर बंगलादेश पुऱ्याउन सम्भव छ ?, लेख, सफल खबर डटकम, २०७६ फाल्गुन १०

निअर्स : प्रदेश १ को आर्थिक विकासका लागि पहिचान गरिएका नीतिगत सवालहरु, सुझाव तथा कार्यसूची, कार्यपत्र, शहर तथा क्षेत्रीय अध्ययन प्रतिष्ठान ललितपुर, २०७९ आश्विन ०६

प्याकुरेल, डा. सुशीलनाथ : डोल्पाको गाउँमा सर्जन पुऱ्याउने घोषणापत्र कसरी पत्याउनु ?, लेख, अनलाइन खबर डट कम, २०७९ कार्तिक १८

समाचारदाता : घोषणापत्रमा जनस्वास्थ्य : जनता झुक्याउने असम्भव वाचा, लेख, अनलाइन खबर डट कम, २०७९ कार्तिक १८

थापा, डा. रिता : दलहरूले स्वास्थ्य भनेकै अस्पताल बनाउनु भन्ने बुझेका छन् , लेख, अनलाइन खबर डट कम, २०७९ कार्तिक १८

दाहाल, श्यामकृष्ण : मुन्धुम ट्रेल पदमार्ग : पूर्वी पहाडको 'भर्जिन' गन्तव्य, लेख, अनलाइन खबर डट कम, २०७६ वैशाख १२

राई, डम्बरसिं : लोभ्याउँदै मुन्धुम ट्रेल, लेख, कान्तिपुर, २०७६ पौष १७

बराल, ईश्वर : घोषणापत्रमा शिक्षा- निःशुल्क सेनेटरी प्याडदेखि विद्यावारिधिका लागि छात्रवृत्तिसम्म, लेख, नेपाल लाइभ, २०७९ वैशाख १३

समाचारदाता : घोषणापत्रमा जलवायु परिवर्तन : पहिलोपल्ट स्पष्ट प्रतिबद्धता, रिपोर्ट, अनलाइन खबर डट कम, २०७९ कार्तिक २१

रौनियार, रूबी : दलका घोषणापत्रमा शिक्षालाई प्राथमिकता, लेख, नागरिक दैनिक, २०७९ वैशाख १७

समाचारदाता : प्रदेश नं. १ मा जलस्रोत उपयोगिताले समृद्धि आउने, लेख, नोटबजार, २५आश्विन, २०७६,

घिमिरे, कल्पना : कुन दलको घोषणापत्रमा कस्तो छ शैक्षिक अजेन्डा?, लेख, नेपाल लाइभ, २०९७ कार्तिक १५

शाम, राम बी : आमाबुवाको बोली र व्यवहार नै बालबच्चाको पाठशाला, लेख, अनलाइन खबर डट कम, २०७९कार्तिक १८

समाचारदाता : औद्योगिक जनशक्ति उत्पादनको थालनी, लेख, गोरखापत्र अनलाइन, २०७९ कार्तिक १८

समाचारदाता : राजनीतिक दलको घोषणापत्रमा पुँजी बजार : कसले के कुरा समेटे ?, लेख, अर्थ संसार, २०७९ कार्तिक १६

अधिकारी, आर सि : सुशासन र भ्रष्टाचार नियन्त्रण, लेख, सुशासन नेपाल, २०७९ आषाढ १७

राई, गणेशकुमार : खुवालुङ : मिथक र इतिहासको गलत कालखण्ड, लेख, अनलाइन खबर ठट कम, २०७९ भाद्र ०७

समाचारदाता : गुराँस फुल्ने बेला भयो, जाने होइन तीनजुरे-मिल्के-जलजले ?, लेख, हिमाल दर्पन, २०७८ फाल्गुन ०७

पाण्डेय, रमेश : सुशासन : सैद्धान्तिक अवधारणा र नेपालमा यसको थालनी, लेख, चक्रजव्लोग, २०७५ वैशाख १०

समाचारदाता : अरुणबाट मात्र तीन हजार मेगावाट भन्दा बढी विद्युत्, लेख, रिपोर्टर्स नेपाल, २०७६ असोज २५

सुवेदी, डा. सोमलाल : संविधानमा संघीयता आए पनि नीतिमा आएन, लेख, नेपालवाच डटकम, २०७९ पौष १६

**छलफल तथा सभा गोष्टी** (Discussion and Meeting Issues)

१. आ. व. २०७९/०८० को बजेट कार्यान्वयन सम्बन्धी छलफल, आर्थिक ममिला तथा योजना मन्त्रालय, प्रदेश नं. १, विराटनगर, २०७९ आषाढ २९
२. बहुक्षेत्रीय पोषण योजना सम्बन्धी प्रदेश स्तरीय अभिमुखीकरण कार्यक्रम, प्रदेश नं. १, विराटनगर, २०७९ आषाढ १५
३. नेपाल लघुवित्त बैंकर्स संघ तथा Habitat for Humanity Nepal द्वारा आयोजित विचार गोष्ठी, प्रदेश नं. १, विराटनगर, २०७९ ज्येष्ठ ०२
४. प्रदेश कृषि मन्त्रालयद्वारा आयोजित कृषि सरोकार निकायहरुसँगको छलफल कार्यक्रम, प्रदेश नं. १, विराटनगर, २०७९ ज्येष्ठ १०
५. केन्द्रीय चिया सहकारी संघद्वारा आयोजित चिया क्षेत्रको समसाममयिक विषयमा अन्तरक्रिया कार्यक्रम, प्रदेश नं. १, विराटनगर, २०७९ आषाढ ०८
६. प्रदेश कृषि मन्त्रालयको आयोजनामा कृषिको विभिन्न क्षेत्रमा काम गरिरहेका अगुवा किसानहरुबिच अन्तरक्रिया कार्यक्रम, प्रदेश नं. १, विराटनगर, २०७९ ज्येष्ठ १०
७. आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. १ को आयोजनामा आयोजित बजेट तर्जुमा तथा अन्तरक्रिया कार्यक्रम, खाँदवारी, संखुवासभा, २०७९ ज्येष्ठ १३
८. किल्लिन कुकिङ्ग एलियान्सद्वारा आयोजित स्वच्छ विद्युतीय ऊर्जाको प्रवर्द्धन विषयक छलफल तथा अन्तरक्रिया कार्यक्रम, प्रदेश नं. १, विराटनगर, २०७९ भाद्र २६
९. योजना तथा बजेट तर्जमा सम्बन्धमा प्रदेश कर्माचारीहरुको लागि क्षमता विकास तालिम तथा छलफल कार्यक्रम, भेडेटार, धनकुटा, २०७९ ज्येष्ठ १८
१०. कृषिलाई बजारसँग जोड्ने बारेमा प्रदेश सरकार र नीति निर्मातासँग पैचो पसल प्रा. लि. सँग छलफल अन्तरक्रिया कार्यक्रम, मुख्यमन्त्रीको कार्यालय, विराटनगर, २०७९ ज्येष्ठ १९
११. उद्योग तथा व्यवसायीसँग योजना तथा बजेट सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम, विराटनगर, २०७९ ज्येष्ठ २०
१२. बहुक्षेत्रीय पोषण कार्यक्रमको बैठक तथा छलफल कार्यक्रम, प्रदेश योजना आयोग विराटनगर, २०७९ ज्येष्ठ २६
१३. केन्द्रीय चिया सहकारी संघ लि. नेपालद्वारा आयोजित अन्तरक्रिया कार्यक्रम, विराटनगर, २०७९ आषाढ ०८
१४. नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रलयद्वारा आयोजित प्रादेशिक कृषि विकास रणनीति तथा राष्ट्रिय कृषि नीति तथा नेपाल कृषि प्रसार रणनीति सम्बन्धी प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम, २०७९ आषाढ १७
१५. प्रदेश सभा सुशासन तथा योजना समितिद्वारा आयोजित गत आर्थिक वर्षको प्रगति विवरण र चालू वर्षको कार्यक्रम सम्बन्धी छलफल कार्यक्रम, विराटनगर, २०७९ आषाढ १७
१६. पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय प्रदेश नं. १ द्वारा आयोजित वार्षिक समीक्षा गोष्टी, विराटनगर, २०७९ श्रावण १३

१७. प्रदेश स्तरीय पनरुत्थानशीलता तथा जीविकोपार्जन नतिजा विश्लेषण सम्बन्धी अन्तरक्रिया गोष्टी कार्यक्रम, २०७९ श्रावण ०४
१८. मानव विकास प्रतिवेदन २०२१-२०२२ सार्वजनिकरण कार्यक्रम तथा अनिश्चित समय, अस्थिर जीवन परिवर्तित विश्वमा हाम्रो दायित्व विषयक छलफल कार्यक्रम, विराटनगर, २०७९ भाद्र २७
१९. श्रम तथा वैदेशिक रोजगार सम्बन्धी विचारगोष्टी तथा छलफल कार्यक्रम, विराटनगर, २०७९ आश्विन ०६
२०. राष्ट्रिय योजना आयोगद्वारा आयोजित प्रदेश नं. १ को आर्थिक विकासका लागि पहिचान गरिएका नीतिगत सवालहरु, सुझाव तथा कार्यसूचीबारे छलफल कार्यक्रम, विराटनगर, २०७९ आश्विन ०६
२१. कृषि मन्त्रालय विराटनगरद्वारा आयोजित सल्लाहकार समितिको बैठक, विराटनगर, २०७९ आश्विन ०७
२२. Tourism for Inclusive Growth सम्बन्धी छलफल कार्यक्रम, विराटनगर,२०७९ आश्विन ११
२३. कृषि मन्त्रालय विराटनगरद्वारा आयोजित प्रादेशिक कृषि विकास रणनीति विचार गोष्टी तथा छलफल कार्यक्रम, विराटनगर, २०७९ आश्विन ०६
२४. राष्ट्रिय योजना आयोगद्वारा आयोजित प्रदेश तहको विकास सम्बन्धी नीति, योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरणसम्बन्धी छलफल कार्यक्रम, काठमाण्डौँ, २०७९ भाद्र ०८
२५. नेपाल सहरी तथा क्षेत्रीय अध्ययन प्रतिष्ठानले आयोजना गरेको प्रदेश नं. १को आर्थिक विकासका लागि पहिचान गरिएका नीतिगत सवालहरु, सुझाव तथा कार्यसूचीसम्बन्धी छलफल कार्यक्रम, विराटनगर, २०७९ आश्विन ०६
२६. IRDC को संयोजन तथा प्रदेश योजना आयोगको आयोजनामा दलित सशक्तिकरण छलफल कार्यक्रम, विराटनगर, २०७९ भाद्र २८
२७. कृषि मन्त्रालयद्वारा आयोजित प्रदेशस्तरीय पशुपंक्षी सम्बन्धी कार्यशाला गोष्टी, विराटनगर, २०७९ आषाढ ०३
२८. गाउँपालिका राष्ट्रिय महासंघ नेपालद्वारा आयोजित संघ, प्रदेश र स्थानीय तहबिच समन्वय तथा अन्तरसम्बन्धका लागि गरिएका संस्थागत संयन्त्रहरुको त्रिलयाशीलताको अवस्था विषयक प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम, विराटनगर, २०७९ आषाढ २७
२९. संघीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा आयोजित राष्ट्रिय आपूर्ति नीति २०४९ को मस्यौदामाथि छलफल तथा अन्तरक्रिया कार्यक्रम, विराटनगर, २०७९ आषाढ ०३
३०. उद्योग संगठन मोरङद्वारा आयोजित विराट एक्स्पो-२०७९ मा प्रदेश १ का आर्थिक वृद्धि सम्भाव्य क्षेत्रहरु विषयक छलफल कार्यक्रम, विराटनगर, २०७९ पौष ०१
३१. कृषि मन्त्रालयद्वारा आयोजित प्रादेशिक खाद्य प्रणाली समीक्षा तथा योजना तर्जुमा गोष्ठी प्रदेश नं. १, विराटनगर, २०७९ मंसिर २९

**वेबसाइट, बुलेटिन तथा फुटकर नोट** (Website, Bulletin and Retail Notes)

१. https://dnpwc.gov.np : नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
२. प्रदेश नं. १ को पर्यटकीय पदमार्ग, नेपाल सरकारद्वारा पर्यटन प्रवर्द्धन र विकासका लागि पहिचान गरिएका गन्तव्यहरुमध्ये प्रदेश नं. १ मा रहेका गन्तव्यहरु, फुटकर नोट
३. विदुषी योगमाया आयुर्वेद विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति, अनामनगर, काठमाण्डौँको योगमाया आयुर्वेद विश्वविद्यालय संक्षिप्त परिचय, ब्रुसर (www.yau.edu.np)
४. विकिपिडिया, त्येअङ्सी सिरिजङ्गा